


# आजको दिशाबोध

वर्ष २०, अङ्क १५, २०८१ असार १४

**प्रधान सम्पादक**
डा. महेन्द्र विष्ट

**सम्पादक मण्डल**
डा. टङ्क उप्रेती
माधव नेपाल
नितु पण्डित
लोकेन्द्र के.सी.

**प्रबन्ध सम्पादक**
मिना भण्डारी

**प्रकाशक**
**मदन भण्डारी फाउण्डेशन**
केन्द्रीय कार्यालय
विनायक नगर, काठमाडौँ, नेपाल
फोन नं.: ०१ ५९१३६१५
इमेलः mbfnepal@gmail.com
वेबसाइटः www.mbf.org.np

मूल्य : रु. १९९/-

सर्वाधिकार : मदन भण्डारी फाउण्डेशन

प्रकाशन मिति : २०८१ असार १४

ISBN: 978-9937-8460-2-8

**कभर/लेआउट**
महेन्द्र श्रेष्ठ
किरण माली

**मुद्रण व्यवस्थापन**
एम्ज माउस
बागबजार

सम्पादकीय

# जबज: राजनीतिक विकास र स्थायित्व

जननेता मदन भण्डारीले जनताको बहुदलीय जनवाद (जबज) मा संविधानका आधारमा राज्य र कानूनका आधारमा शासन सञ्चालन गरिने बताउनु भएको छ। बहुदलीय प्रतिस्पर्धाको राजनीतिक प्रणाली, स्वतन्त्र निर्वाचन, बहुमतको सरकार र अल्पमतको बिपक्षलाई संवैधानिकरूपमा संस्थागत गर्नु नयाँ जनवादको प्रयोगमा नयाँ विषय हो, जुन जबजले बोकेको छ। जबजका थप चौध विशेषताका रुपमा समेत बुझिने यी विशेषताहरू नेपालको वस्तुगत स्थिति, मार्क्सवाद–लेनिनवादका सैद्धान्तिक मान्यताहरू, विश्व कम्युनिस्ट आन्दोलनका अनुभव र मुलुकको आवश्यकताका आधारमा तय गरिएका हुन्। मदन भण्डारी स्वयंले नयाँ युग र परिस्थितिका विशेषताहरूका साथमा कायम गरिने नयाँ जनवाद नै जनताको बहुदलीय जनवाद हो भन्नुभएको छ। तर, दुनियाँका अनेकौं ठाउँमा प्रयोग गरिएको नयाँ जनवादभन्दा कतिपय भिन्न रूप, तरिका र नीतिहरू यसमा समावेश गरिएको उहाँले बताउनुभएको छ। जनताको जनवादी व्यवस्थामा जनतालाई लेख्ने, छाप्ने, बोल्ने, सभा–सङ्गठन गर्ने राजनीतिक पार्टी खोल्ने, राजकीय निकायमा चुन्ने–चुनिनेजस्ता मौलिक अधिकारहरूको ग्यारेन्टी नगर्ने हो भने आफ्नो नैसर्गिक अधिकार गुमाउनका निम्ति जनता जनवादको पक्षमा नलाग्ने भएकोले क्रान्ति सम्पन्न भएपछि पनि आम जनताले राजनीति गर्ने स्वतन्त्र अधिकार पाउनुपर्छ भन्ने उहाँको मान्यता छ। विचार, कार्यक्रम र नीतिका आधारमा प्रतिस्पर्धा हुन दिनुपर्छ र कम्युनिस्ट पार्टीले पनि आफ्नो इच्छाअनुसार होइन, बहुमत जनताको इच्छाअनुसार सरकार चलाउनुपर्छ भन्ने जनताको बहुदलीय जनवादको अन्तर्य हो। मदन भण्डारीले भन्नुभएको छ– बारम्बार जनताको विश्वास र जनादेश लिएर नै कम्युनिस्ट पार्टीले पनि सरकार चलाउनुपर्छ।

जननेता मदन भण्डारीले नेपाली क्रान्तिको मौलिक कार्यक्रमको रुपमा अघि सार्नुभएको जनताको बहुदलीय जनवाद अहिले नेकपा (एमाले) को मार्गदर्शक सिद्धान्तको रुपमा रहेको छ। जनताको बहुदलीय जनवादले विभिन्न चरणको कुरा गरेको छ। यसलाई आजको सन्दर्भमा थप व्याख्या गर्दै अध्यक्ष केपी शर्मा ओलीले यसका चार चरण हुने उल्लेख गर्नुभएको छ। उहाँका अनुसार ती चार चरणमा पहिलो– आन्दोलन र परिवर्तनका उपलब्धिहरूलाई संस्थागत र सुदृढ गर्ने चरण। दोस्रो– राष्ट्रिय शक्तिलाई निर्णायक तहमा पुऱ्याउने चरण। तेस्रो– त्यो राष्ट्रिय शक्तिको सामर्थ्यमा सुशासन र विकासको एउटा नमूना देशको रुपमा नेपाललाई अगाडि बढाउने चरण। र, चौथो– समृद्ध नेपाल, सुखी नेपालीको अवस्था हासिल भएको चरण। हामीले भनेको मिसन ८४ यही उद्देश्य प्राप्तिका लागि हो र यस कुरामा पार्टी कृत संकल्पित छ भनेर अध्यक्ष ओलीले स्पष्ट पार्नुभएको छ।

वास्तवमा जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको समग्र नीति, सिद्धान्त र मार्गदर्शन हो। यसले राजनीतिक क्रान्ति वा प्रणाली मात्र होइन, आर्थिक–सामाजिक रुपान्तरण एवं जनताका मौलिक अधिकार, नागरिक तथा मानवअधिकारको ग्यारेन्टी र रक्षा गर्ने कुरा गर्दछ। जबजमा सामन्तवाद र साम्राज्यवादको प्रभावलाई समाप्त पार्ने र राष्ट्रिय जनवादी संस्कृतिको निर्माण गर्ने तथा जाति, भाषा धर्म र सँस्कृतिहरूबीच साँस्कृतिक समानता कायम गर्ने नीति अपनाइने मदन भण्डारी स्वयंले स्पष्ट गर्नुभएको छ। राष्ट्रिय स्वाधीनता कायम राख्न असमान सन्धि–सम्झौताको खारेजी र पञ्चशीलका आधारमा सबै देशसँग सम्बन्धको पुनःसंरचना गरिने विषय पनि जबजमा समेटिएका छन्।

यी समग्र विषयको कार्यान्वयन नै आजको आवश्यकता र चुनौती हो। मदन भण्डारी फाउण्डेशनले जबजले अंगीकार गरेका यी विषयहरूको राष्ट्रिय–अन्तर्राष्ट्रिय तहमा प्रचार, प्रवर्द्धनका साथै यस आलोकमा शैक्षिक, सांस्कृतिक, विज्ञान तथा प्रविधि, खेलकूदलगायत सामाजिक क्षेत्रबाट विविध कार्यक्रम सञ्चालन गर्दै

आएको छ। फाउण्डेशनका पूर्व अध्यक्षसमेत रहनुभएका पूर्व राष्ट्रपति विद्या भण्डारीले फाउण्डेशन स्थापनाकालका कठिन दिनहरूको स्मरण गर्दै देशभित्र सञ्चालन भइरहेका यी कार्यक्रमहरूको अतिरिक्त अव मदनका विचारलाई अन्तर्राष्ट्रिय तहमा समेत पुऱ्याउन विभिन्न प्रकाशन–प्रसारणका साथै मदनको विचार अन्तर्राष्ट्रिय स्तरमा छलफलको विषय बन्न आवश्यक रहेको औंल्याउनुभएको छ, जुन समयको माग पनि हो।

नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको ७५ वर्ष पूरा भएको छ भने फाउण्डेशन स्थापनाको पनि २५ वर्ष पुरा हुँदैछ। यो वर्ष पार्टी स्थापनाको हिरक महोत्सव मनाइएको छ भने फाउण्डेशन स्थापनाको रजत वर्ष मनाउने तयारी भइरहेको छ। यो अवधिको राजनीतिक विकास र कम्युनिष्ट आन्दोलनका अनेक उतारचढावको गम्भीर समीक्षा हुन आवश्यक छ। अनेक टुटफूट र संघर्षबाट अघि बढेको नेपालको कम्युनिष्ट आन्दोलनलाई सुरक्षित र समृद्ध गर्न जननेता मदन भण्डारी र उहाँबाट प्रतिपादिन जनताको बहुदलीय जनवादको महत्वपूर्ण स्थान रहेकोमा सन्देह छैन। आज मुलुकले चाहेको समृद्धि, विकास र स्थायित्व पनि यही मार्गदर्शनमा संभव छ। यही कुरालाई मनन गरी मदन भण्डारी फाउण्डेशनको वार्षिक प्रकाशन आजको दिशाबोधको यो अंक मूलतः जनताको बहुदलीय जनवादः राजनीतिक विकास र स्थायित्वमा केन्द्रित छ।

यस प्रकाशनमा हामीले जननेता मदन भण्डारी स्वयंले २०४८ सालमा चितवनमा आयोजित एक कार्यक्रममा पेश गर्नुभएको बहुदलीय जनवाद सम्बन्धी कार्यपत्रलाई दस्तावेजका रुपमा प्रस्तुत गरेका छौं। यसले उहाँबाट पार्टीको पाँचौं महाधिवेशनमा नेपाली क्रान्तिको मौलिक कार्यक्रमको रुपमा प्रस्तुत र महाधिवेशनबाट पारित जनताको बहुदलीय जनवादको सम्बन्धमा उहाँकै शब्दमा बुझ्न अवसर दिनेछ। सम्माननीय पूर्व राष्ट्रपति एवं फाउण्डेशनका पूर्व अध्यक्ष विद्यादेवी भण्डारीको विशेष अन्तर्वार्ता पनि हामीले यस अंकमा समेटेका छौं, जसले फाउण्डेशन र जबजका थुप्रै अन्तर्यलाई उद्घाटित गर्नेछ। नेकपा (एमाले) का अध्यक्ष एवं फाउण्डेशनका संरक्षक पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले यो अंकमा मदन जयन्तीको सन्दर्भलाई टेकेर मदन भण्डारीको व्यक्तित्व, जबजको मार्गदर्शन र समकालीन राजनीतिक सन्दर्भलाई गहनरुपमा विश्लेषण गर्नुभएको छ। महासचिव शंकर पोखरेलले जबजको सैद्धान्तिक पक्षसँगै यसका उतारचढावलाई सटिकरुपमा विश्लेषण गर्नुभएको छ।


आजको सन्दर्भमा जबजको दिशाबोध, समृद्धिका लागि जबजको मार्गदर्शन, एमाले सरकारका नीति तथा कार्यक्रममा जबजको कार्यान्वयन, जबजप्रतिको आलोचना र वास्तविकतासम्बन्धी अन्य नेतृत्वपंक्तिमा रहेका लेखकका महत्वपूर्ण लेखहरू पनि यसमा समावेश गरिएका छन्। मदन भण्डारीको विचार र व्यवहार, उहाँसँगको अन्तर्वार्ताको संस्मरण एवं उहाँको साहित्यिक सिर्जना र तिनको सैद्धान्तिक–दार्शनिक पक्ष समेटिएका चाखलाग्दा सामग्री पनि यसमा छन्। यस्तै, यही प्रकाशनका लागि मदन भण्डारी, जबज र महिला सवालमा विभिन्न क्षेत्रका छ जना महिला व्यक्तित्वहरूसँग गरिएको परिसंवाद र स्थानीय तहमा जनप्रतिनिधिका रुपमा कार्यरत युवा नेतृत्वको मदन भण्डारीका प्रतिको बुझाइलगायतका विषयहरू पनि यसमा समेटिएको छ। यी सामग्री र यिनले बोकेको सन्देश मदन भण्डारी र उहाँबाट प्रतिपादित जनताको बहुदलीय जनवादका अनुयायी मात्र नभई यसमा चासो राख्ने र यस सम्बन्धी अध्ययन–अनुसन्धान गर्न चाहने हरेकका लागि महत्वपूर्ण रहने हाम्रो विश्वास छ।

समकालीन नेपाली राजनीतिका सर्वाधिक लोकप्रिय, अत्यन्तै सम्मानित र प्रिय नेता मदन भण्डारीको स्मृतिमा स्थापित मदन भण्डारी फाउण्डेशन र त्यसको प्रकाशन आजको दिशाबोधमा सरिक हुन र आफूले सकेको योगदान गर्न पाएकोमा गौरव महसुस गर्दै यो कार्यमा सहयोग र समन्वय गर्ने फाउण्डेशन परिवार, लेखकहरू एवं सम्पादकीय टीमका साथीहरूप्रति विशेष आभारसहित धन्यवाद ज्ञापन गर्दछु। यसमा प्रत्यक्ष वा परोक्षरुपमा सहयोग गर्ने सबैप्रति सम्मानभाव छ। प्रवुद्ध पाठकहरूको स्वस्थ आलोचना र प्रतिक्रियाको व्यग्र प्रतिक्षा रहने छ।

**डा. महेन्द्र विष्ट**
प्रधान सम्पादक

# विषयसूची


| | | |
|---|---|---|
| **दस्तावेज** | बहुदलीय जनवादका सम्बन्धमा<br>*– मदन भण्डारी* | ७ |
| **अन्तर्वार्ता** | मदनको विचार अन्तर्राष्ट्रिय स्तरमा छलफलको विषय बन्नुपर्दछ<br>*– विद्यादेवी भण्डारी* | १८ |
| **अग्रलेख** | मदन भण्डारीलाई सम्झनुको अर्थ<br>*– केपी शर्मा ओली* | २४ |
| **विचार** | जनताको बहुदलीय जनवादको राजनीतिक विकास<br>*– शंकर पोखरेल* | २८ |
| **विचार** | आजको सन्दर्भमा जबजको दिशाबोध<br>*– प्रदीप ज्ञवाली* | ३४ |
| **समीक्षा** | समृद्धिका लागि जबजको मार्गदर्शन<br>*– प्रा.डा.पुष्पराज कँडेल* | ४२ |
| **समीक्षा** | एमाले सरकारको नीति तथा कार्यक्रममा जबजको कार्यान्वयन<br>*– डा.युवराज खतिवडा* | ५१ |
| **अभिमत** | मदन भण्डारी, जबज र आलोचकहरू<br>*– सूर्य थापा* | ६० |
| **संस्मरण** | मदन भण्डारी: विचार र व्यवहार<br>*– शार्दूल भट्टराई* | ६८ |
| **संस्मरण** | प्रश्न अंग्रेजीमा छ हो ?<br>*– अजयभद्र खनाल* | ८० |
| **परिसंवाद** | मदन भण्डारी, जबज र महिला सवाल | ८६ |
| **युवा दृष्टि** | मदन भण्डारी, जबज र जनप्रतिनिधि | ९५ |
| **साहित्य समीक्षा** | मदन भण्डारीका कवितामा अनुभूतिको संरचना<br>*– सोमप्रसाद गतौंला* | १०० |



*२०४७ साल वैशाख १६ गते पार्टी प्रवक्ताको रूपमा सार्वजनिक भएपछि*
*काठमाडौँको खुल्लामञ्चमा विशाल जनसभालाई सम्बोधन गर्नुहुँदै मदन भण्डारी*

दस्तावेज

# बहुदलीय जनवादका सम्बन्धमा

– मदन भण्डारी



बहुदलीय जनवाद भनेपछि त्यहाँ अधिनायकत्व नरहने भयो भन्ने भ्रम र चिन्ता कतिपय व्यक्तिहरूमा पैदा भएको वा बहुदलीय जनवादमा अधिनायकत्व नहुने भएको ठीक भयो भन्ने पनि लागेको हुनसक्छ । बहुदलीय जनवाद कुनै राज्यसत्ताबिहीन कल्पना होइन । त्यो जनताको जनवादी सत्ता हो । एकदलीय भए अधिनायकत्व हुने र बहुदलीय हुँदैमा नरहने होइन । हामी हिजो पनि एउटा राजनीतिक दलको अधिनायकत्वको पक्षमा थिएनौं र आज पनि छैनौं । हामीले आफ्नो पार्टीको मात्र राज्यसत्ता बनाउन खोजेको होइन, हामीले त जनताको जनवादी राज्य बनाउन खोजेको हो ।

## १. विषय प्रवेश

अहिले देशको क्रान्तिकारी वामपन्थी राजनीतिमा ‘बहुदलीय जनवाद’ विशेष चर्चा, जिज्ञासा र छलफलको विषय बनेको छ। सामन्तवाद, दलाल–नोकरशाही पूँजीवाद र साम्राज्यवादको शासन, शोषणलाई समाप्त पारेर स्थापित गरिने जनताको जनवादी व्यवस्थामा पनि संविधानअनुरूपको राज्य हुनुपर्छ, नियम कानुनअनुरूपको शासन हुनुपर्छ। बहुदलीय राजनीतिक प्रतिस्पर्धाको राजनीतिक प्रणाली हुनुपर्छ। आवधिकरूपमा आमनिर्वाचन हुनुपर्छ। बहुमत ल्याउनेले सरकार बनाउन पाउनुपर्छ र अल्पमतले विपक्षमा बस्नुपर्छ। जनताको मानवअधिकार, नागरिक अधिकारहरूको रक्षा गर्ने जनवादी कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्नुपर्छ। नेकपा (एमाले) ले यी कुराहरूप्रति आफ्नो सैद्धान्तिक तथा

राजनीतिक प्रतिबद्धता जाहेर गरेको छ। यस प्रकारको जनताको जनवादी व्यवस्थालाई 'बहुदलीय जनवाद'को रूपमा प्रस्तुत गरेपछि यो विषय राजनीतिक क्षेत्रमा बहस विवादको केन्द्रबिन्दु बनेको छ। दक्षिणपन्थी र वामपन्थी दुवैखाले शक्तिले यस बहसमा भाग लिइरहेका छन्। उग्र दक्षिणपन्थी र उग्रवामपन्थी दुबै कोणबाट अतिवादी ढङ्गले बहुदलीय जनवादको विरोध भइरहेको छ।

बहुदलीय राजनीतिक पद्धतिमा कम्युनिस्टहरूको विश्वासै हुँदैन, तिनीहरू यसलाई अपनाउनै सक्दैनन्। कम्युनिस्टहरू एकदलीय अधिनायकत्वको पक्षमा हुन्छन्। एमालेले जनतालाई धोका दिएर सत्ता हात पार्नको निम्ति मात्र यो दाउपेच खेलिरहेको छ भन्ने प्रचार उग्र दक्षिणपन्थी तत्वहरूले गरिरहेका छन् भने बहुदलीय प्रतिस्पर्धाको राजनीतिक पद्धति मार्क्सवाद–लेनिनवादसम्मत् हुनैसक्दैन, कम्युनिस्टहरूले त्यस्तो पद्धति अपनाउनु हुँदैन, यो त संशोधनवाद हो, पूँजीवादपन्थी विचार हो भनेर उग्रवामपन्थी तत्वहरू विरोध गर्दैछन्। बहुदलीय जनवाद सामन्यतया परम्परागत विश्व कम्युनिस्ट आन्दोलनको परिपे्रक्ष्यमा कतिपय महत्वपूर्ण सन्दर्भबाट नयाँ र विकसित अवधारणा पनि हो। सैद्धान्तिक तहबाट अहिले यसको पर्याप्त व्याख्या विश्लेषण नभइसकेको हुनाले कतिपय इमान्दार क्रान्तिकारी वामपन्थीहरूलाई पनि अहिले यस सवालमा केही भ्रम रहेको हुनसक्छ। अवसरवादी तत्वहरूले त भ्रम फैलाउनको निम्ति यथासम्भव कोशिस गरिरहेकै पनि छन्।

सामन्ती निरङ्कुशतावादी निर्दलीय पद्धतिलाई समाप्त गरेर अहिले देशमा बहुदलीय राजनीतिक पद्धति स्थापित भएको छ। त्यसकारण वर्तमान राजनीतिक व्यवस्था र बहुदलीय जनवादमा कुनै भिन्नता छैन भन्ने चिन्तनबाट समेत भ्रमहरू उत्पन्न भएका हुनसक्छन्। बहुदलीय जनवाद आर्थिक–सामाजिक पद्धति होइन, राजनीतिक पद्धतिमात्र हो र नयाँ जनवादचाहिँ आर्थिक–सामाजिक पद्धति हो भन्ने सोचाइका आधारमा पनि भ्रमहरू उत्पन्न भएका हुनसक्छन्। बहुदलीय जनवाद राजनीतिक पद्धतिमात्र भएको हुनाले र अहिले पनि छ भन्ने निष्कर्ष कसैले बनाएको हुनसक्छ। त्यसकारण बहुदलीय राजनीतिक पद्धतिलाई केन्द्रित गरेर जनवादको व्याख्या गर्नु तथा बहुदलीय जनवादका सम्बन्धमा उत्पन्न केही भ्रम र विरोधहरूलाई खण्डन गर्नु जरुरी पनि भएको छ। यद्यपि बहुदलीय जनवादका प्रसंगमा अहिले क्रान्तिको बाटो, सङ्घर्षको रूप र तरिकाहरूको प्रश्न पनि उठाइएको छ। त्यसरी नै अधिनायकत्वको प्रश्न र समाजवादमा संक्रमण गर्ने प्रश्न पनि उठाइएको छ। यी विषयहरू स्वाभाविकरूपमा सम्बन्धित भए पनि यिनीहरूको आवश्यक चर्चा अरू कुनै बेला गरौंला। यहाँ हामीले अघि सारेको बहुदलीय जनवाद आफैंमा कस्तो व्यवस्था हो भन्ने सम्बन्धमा मात्र विचार प्रस्तुत गर्न सकिन्छ।

मार्क्सवाद–लेनिनवादलाई जडसूत्रको रूपमा ग्रहण गर्ने र गतिशील रचनात्मक विचार विज्ञानको रूपमा ग्रहण गर्ने दुईवटा फरक–फरक शैली र दृष्टिकोणहरू छन्। इमान्दार क्रान्तिकारी कम्युनिस्टहरूले अपनाउने दृष्टिकोण पहिलो होइन, दोस्रो हो। प्रस्तुत विषयको विश्लेषण गर्न र बुझ्न पनि हामीले यही सही दृष्टिकोण अपनाउनुपर्छ।

**२. जनवाद**

जनवाद भनेको मूलतः आर्थिक–सामाजिक पद्धतिको नाम हो कि राजनीतिक पद्धतिको नाम हो ? जनवादलाई प्रमुखरूपमा आर्थिक–सामाजिक कोणबाट व्याख्या गर्ने कि राजनीतिक कोणबाट ? यस विषयलाई सम्भवतः यसरी पहिले कहिल्यै पनि प्रस्तुत नगरिएको हुनसक्छ, तर पनि यो आवश्यक छ कि जनवाद मूलतः कुन पद्धति हो ? ऐतिहासिक भौतिकवादले अर्थतन्त्र र राजनीतिको घनिष्टतम् अन्तर्सम्बन्धबारे पर्याप्त व्याख्या गरेको छ र त्यसको सत्यता प्रमाणित पनि भइसकेको छ। राजनीति अर्थतन्त्रकै केन्द्रित अभिव्यक्ति हो र त्यो आर्थिक पद्धतिमै आधारित पनि हुन्छ, तर त्यसले अर्थतन्त्रको विकासमा ठोस प्रभाव पनि पार्छ। यसरी राजनीति र अर्थतन्त्रको बीचमा पारस्परिक अन्तक्रिया हुन्छ। कुनै पनि समाज व्यवस्थाको निम्ति आर्थिक पद्धति अर्थात् उत्पादन पद्धतिले आधारको काम गर्छ भने राजनीतिमा

त्यो केन्द्रित भएर अभिव्यक्त हुन्छ। यसका आधारमा जनवादको राजनीति र अर्थतन्त्र दुवै पक्षसँग घनिष्ट अन्तर्सम्बन्ध रहेको हुन्छ भन्ने कुरा स्पष्ट छ। यो राजनीति र अर्थतन्त्रको एकताको पक्ष हो, तर यसमा भिन्नताको पक्ष पनि छ। जब हामी सम्पूर्णतालाई ख्याल गर्दै भिन्नताको पक्षबाट पनि चर्चा चलाउन चाहन्छौं भने जनवाद मूलरूपमा आर्थिक पद्धतिको नाम होइन, राजनीतिक पद्धतिको नाम हो भन्ने कुरा छर्लङ्ग हुन्छ। जनवाद मूलतः राजनीतिको नाम हो, समाजको माथिल्लो ढाँचा हो। त्यसको आधार होइन, अधिरचना हो। समाजमा राजनीति गर्ने स्वतन्त्रता कसलाई उपलब्ध छ, राज्यको संचालन कसको हातमा छ र राजकीय मामिलाहरूको अन्तिम फैसला कसले गर्छ भन्ने राजनीतिक पद्धतिसँग सम्बन्धित विषय हो।

**आमरूपमा राजनीतिमा दुईवटा पद्धति ज्ञात छन्:** एउटा निरङ्कुशतावादी र अर्को जनवादी। यद्यपि विशेष स्थितिमा यी दुबैवटाका अनेक रूप र अभिव्यक्तिहरू हुनसक्छन्। व्यक्ति, वंश वा गुटको तानाशाही भएको राजतन्त्र, सैनिक तानाशाही वा एकदलीय तानाशाहीजस्ता निरङ्कुशतावादी पद्धतिका अनेक रूप हुन सक्छन् भने जनवादी राजनीतिक पद्धतिको पनि ऐतिहासिक विकासक्रमसहित स्वरूपमा विविधता रहेको हुनसक्छ। एकदलीय, द्वीदलीय वा बहुदलीय जनवादी पद्धति हुनसक्छन्। राज्यसत्ता राजनीतिको केन्द्रबिन्दु हो र आफैं त्यो अधिनायकत्व पनि हो। इतिहासमा उत्पत्तिदेखि नै राज्य एउटा वर्गद्वारा अरू वर्गलाई अधीनमा राख्ने र उत्पीडन गर्ने साधनको रूपमा रहँदै आएको छ। व्यक्ति, वंश वा अल्पमतको गुट तथा वर्गको उत्पीडनकारी शासन, शोषणका विरुद्ध त्यसबेलादेखि नै जनताले जीवनको अधिकारका निम्ति सङ्घर्ष पनि गर्दै आएका छन्। एउटा व्यक्ति, वंश वा अल्पमत गुटले गरेका दमनका विरुद्ध बहुमतको अधिकारका निम्ति इतिहासमा गरिएका पुराना सङ्घर्षहरू जनवादका पूर्वरूप हुन् र त्यसका अतीत पनि हुन्। दास स्वामित्वको युगदेखि सामन्ती युगसम्म व्यक्ति, वंश वा गुटको निरङ्कुशतावादी एकाधिकारवादका विरुद्ध इतिहासमा अनेकौं ठूलठूला सङ्घर्षहरू भएका छन्। समाज वर्गमा विभाजित भएर शोषक र शोषित वर्गको उदय भएपछि र अझ शोषक वर्गभित्रै पनि अभिजात्य तत्वहरूको अधिकारका निम्ति पनि सङ्घर्षहरू भएका छन्। जनवादको ऐतिहासिक विकासक्रमलाई सङ्केत गर्दै लेनिनले सामन्ती अभिजात्य जनवाद, पूँजीवादी जनवादबारे विश्लेषण गर्नुभएको छ। समाजवादी जनवादका बारेमा पनि राजनीतिक साहित्यमा आजसम्म पर्याप्त प्रकाश पुगिसकेको छ। जनवादसम्बन्धी अवधारणा र प्रयोगमा लगातार विकास, परिमार्जन र प्रगति भइरहेको छ। यो कुनै गति र परिवर्तनबिनाको जड विषय होइन। अन्तिम निष्कर्षमा जनवाद भनेको कुनै पनि किसिमको निरङ्कुशतावादी एकाधिकारवादका विरुद्ध आम जनताको पूर्ण अधिकारको स्थापना गर्ने, राजनीति र सत्तामा जनवादलाई अन्तिम रूपमा निर्णायक तत्व बनाउने र जनतालाई नै देशको सार्वभौमिकताको एकमात्र वास्तविक मालिक बनाउने व्यवस्थाको कुरा हो। उत्पादन पद्धतिको विकास र समाजको भौतिक उत्पादनका आर्थिक क्रियाकलापहरूको विकासका साथसाथै जनताको परिभाषा र भूमिका पनि विकसित हुन्छ। जनवादको स्वरूप र अन्तर्वस्तुमा पनि विकास हुन्छ। यसले के जाहेर गर्छ भने जनवाद मूलरूपमा राजनीतिक पद्धतिको विषय हो, तर जनतालाई आर्थिक–सामाजिक शोषणबाट पूर्ण मुक्तिको अधिकारबिना जनवाद निरर्थक विषय हुन्छ। वर्गीय सारतत्वबिनाको जनवाद खोक्रो शब्दावली मात्र हो। खोक्रो शब्दावलीको निरर्थक प्रयोग जनतालाई छलछाम गर्ने र राजनीतिक ठगी गर्ने विषय बन्नसक्छ। जनतालाई अधिकारसम्पन्न र निर्णायक बनाउने हुनसक्दैन। यसबाट के स्पष्ट हुन्छ भने जनताको मुक्तिको आर्थिक अधिकारबिना जनवाद सार्थक, सही र वास्तविक हुनसक्दैन, तर पनि जनवादलाई जुनसुकै युगमा पनि मूलरूपमा राजनीतिक पद्धति र विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ। यो कुनै निश्चित आर्थिक–सामाजिक पद्धति होइन। सामन्ती पद्धतिलाई समाप्त पारेर पूँजीवादी पद्धतिको स्थापना गर्नेक्रममा नै जनवादले ठोस

लक्षणहरूसहित आकार ग्रहण गरेको हो। अहिले त्यसमा धेरै विकास भइसकेको छ।

### ३. पुरानो जनवाद

साम्राज्यवाद र सर्वहारा क्रान्तिको नयाँ युगमा आएर जनवादलाई विश्वव्यापीरूपमा नयाँ र पुरानो भन्ने विभाजन गर्नुपर्ने आवश्यकता र स्थिति उत्पन्न भयो। जसलाई पुरानो जनवाद भनिन्छ– त्यो पनि जनताका आर्थिक अधिकारसहितको जनवाद थियो र एक अर्थमा त्यो वास्तविक जनवाद नै थियो। त्यो पुरानो पूँजीवादी विश्वक्रान्तिको जमानाको जनवाद थियो। राजतन्त्र, एकतन्त्र र समाजवादलाई उन्मूलन गर्ने क्रममा स्थापित भएको जनवाद थियो। त्यसले सामन्ती उत्पादन पद्धतिलाई नष्ट गरेर पूँजीवादी उत्पादन पद्धतिको स्थापना गऱ्यो। सामन्ती निरङ्कुशतावादको स्थानमा पूँजीवादी जनवादको स्थापना गऱ्यो। त्यसले आधुनिक राष्ट्रहरूको निर्माण गऱ्यो। त्यो पुरानो जमाना थियो। जतिबेला पूँजीपतिवर्गले प्रगतिशील भूमिका खेलिरहेको थियो, त्यसबेला राजतन्त्र, सामन्तवादी तत्वहरू र सबैखाले निरङ्कुशतावादी तत्वहरू एकातिर र पूँजीपतिवर्ग र अन्य सम्पूर्ण श्रमजीवी जनताहरू संश्रयकारी शक्तिका रूपमा अर्कातिर पंक्तिबद्ध भएर वर्गीय तथा राजनीतिक शक्ति सन्तुलन तयार भएको थियो। पूँजीपतिवर्गले परिवर्तनको नेताका रूपमा भूमिका खेलिरहेको थियो भने श्रमजीवी जनताहरूले सहकर्मी सहयोगीका रूपमा भूमिका खेलिरहेका थिए। सामन्ती शोषणबाट किसानहरूलाई मुक्त गर्न जमिन खोसेको नारा दिइएको थियो। सामन्ती भू–स्वामित्वलाई अन्त्य गरी भूमिमा क्रान्तिकारी सुधार र परिवर्तन गर्ने लक्ष्य लिइएको थियो। राजतन्त्र र सामन्तवादका विरुद्ध जनवादको निम्ति सङ्घर्ष गर्दा त्यसबेला एकहदसम्म वास्तविक जनवादलाई नै अघि सारिएको थियो र त्यो पूँजीवादी जनवाद थियो। त्यो जमाना प्रतियोगी पूँजीवादको जमाना थियो। किसानहरू र आमजनताको क्रयशक्ति बढाएर नै पूँजीपति वर्गको विकास हुनसक्थ्यो र उसले बढी मुनाफा पनि जम्मा गर्नसक्थ्यो। त्यसकारण पुरानो जनवाद पनि एकहदसम्म आर्थिक अधिकारसहितको जनवाद थियो। तर त्यो जनवादी क्रान्तिका सकारात्मक शक्तिहरूमा पूँजीपतिवर्ग नेता थियो र त्यसले आफ्नो नेतृत्वमा पूँजीवादी राज्य र पूँजीवादी अधिनायकत्वको स्थापना गऱ्यो।

राज्यसत्ता एकलौटीरूपमा आफ्नो हातमा कब्जा गरेर पूँजीपतिवर्गले आर्थिक, राजनीतिक, सामाजिक र साँस्कृतिक सबै क्षेत्रमा अझ बढी प्रभावशालीरूपमा सुसङ्गठित हुने र विकास गर्ने मौका पायो। स्वतन्त्र होडबाजीकै क्रमबाट एकाधिकार पूँजीवादको जन्म भयो। एकाधिकारवादी ठूला पूँजीपतिहरूको गुटले स–साना पूँजीपतिहरूलाई नियन्त्रण गर्न र निल्न थाल्यो। राज्यसत्तामा पनि तिनीहरूकै एकाधिकारवादी कब्जा बढ्दै गयो। मजदुरवर्ग र आम श्रमजीवी जनसमुदायमाथि पूँजीपतिवर्ग र पूँजीवादी राज्यको शोषण–उत्पीडन निर्मम हुँदै गयो। फलस्वरूप त्यसका विरुद्ध मजदूरवर्गको एकाधिकारवादी शासनमा आम जनताका निम्ति जनवाद केवल औपचारिकता पूरा गर्ने खोक्रो शब्दावलीमा परिणत हुँदै गयो। यसरी पुरानो जनवाद पूँजीपतिवर्गको नेतृत्व र अधिनायकत्वमा आमजनताको निम्ति जनता स्वयम् अघि सरेर सङ्घर्षद्वारा विजय प्राप्त गर्नु अनिवार्य भयो।

पुरानो जनवाद स्वयम् नै एकाधिकार पूँजीवाद, साम्राज्यवाद र फासीवाद होइन, जनवाद नै फासीवादमा परिणत भएको पनि होइन। क्रान्तिका फलहरूमाथि पूँजीपतिवर्गले एकलौटी कब्जा गऱ्यो, क्रमशः पूँजीपतिवर्ग एकाधिकारवादी, साम्राज्यवादी र फासीवादी बन्यो। पुरानो जनवादमा सकारात्मक भूमिका खेल्ने वर्ग र राजनीतिक शक्तिहरूको चरित्र र भूमिकामा परिवर्तन आयो। पुरानो जनवादको राजनीतिक बनावट ९ऋयmउयकष्तष्यल० बदलियो। पूँजीपति वर्ग जनताको मित्रबाट बदलिएर शत्रु बन्यो। जनवादी क्रान्तिद्वारा स्थापित पूँजीवादी राज्यले आम जनतामाथि घोर दमन र उत्पीडन गर्न थाल्यो। त्यसकारण पुरानो जनवाद फासीवादमा बदलिएको होइन, पूँजीपतिवर्गले जनवाद छोडेर औपचारिकतावादी हुँदै फासीवाद अवलम्बन गरेको हो। जनताको संश्रयकारी शक्तिको रूपमा रहेको पूँजीपतिवर्गले पछि फर्किएर

सामन्त वर्गसँग संश्रय कायम गर्न थाल्यो। र, जनताको जनवादको शत्रुका रूपमा परिणत भयो। यसरी पूँजीपति वर्गको प्रगतिशीलता समाप्त भयो, भूमिका फेरियो र वर्गीय तथा राजनीतिक शक्तिहरूको सन्तुलनमा हेरफेर भयो। यसरी पुरानो जनवाद पुरानो पूँजीवादी विश्व क्रान्तिकालको, पूँजीपतिवर्ग जनताको मित्रशक्ति र नेता भएको बेलाको, त्यसले प्रगतिशील भूमिका खेलिरहेको बेलाको जनवाद हो। अहिले सर्वहारा समाजवादी विश्वक्रान्तिको बेला पूँजीपतिवर्ग प्रतिगामी र जनताको शत्रु भएको बेलामा जनवादका शत्रु–मित्रहरू र वर्ग तथा राजनीतिक शक्तिहरूको भूमिकामा हेरफेर भएको छ। जनवादी क्रान्तिको परिवेश र स्थिति नयाँ बनेको छ। अब विश्वपूँजीवाद जनताको वास्तविक जनवादको पक्षमा रहेको छैन।

मजदूर वर्गले आफ्नो मुक्ति र समृद्धि आफ्नै हातले निर्माण गर्नुपर्छ। आम जनताले आफ्नो निम्ति जनवाद आफ्नै हातले स्थापना गर्नुपर्छ। आम जनताको निम्ति वास्तविक जनवादबिना मजदुर सर्वहारा श्रमजीवी जनताको निम्ति मुक्ति र समृद्धिको परिस्थिति तयार गर्ने पनि अर्को कुनै बाटो छैन। त्यसकारण आम जनताको जनवादको निम्ति मजदुर वर्गले अग्रिम मोर्चामा उभिएर दृढतापूर्वक सङ्घर्ष गर्नु अनिवार्य भयो। मजदुर वर्गको नेतृत्वमा आम जनताको सङ्घर्षमार्फत् जनताको संयुक्त जनवादी राज्य स्थापना गरी वास्तविक जनवादको स्थिति तयार गर्नुबाहेक अर्को विकल्प रहेन। त्यसकारण जनवादलाई पनि नयाँ र पुरानोमा वर्गीकरण गर्नुपर्ने आवश्यकता उत्पन्न भएको हो।

### ४. नयाँ जनवाद

एकाधिकार पूँजीवादको उदय भएदेखि नै पूँजीपतिवर्ग आम जनताको शत्रु बनिसकेको थियो। त्यसका विरुद्ध सर्वहारावादी स्वतन्त्र राजनीतिक शक्तिको निर्माण गरी वर्गसङ्घर्ष पनि तीव्र बनिरहेको थियो। सोभियत समाजवादी क्रान्तिको सफलतासँगै विश्वव्यापीरूपमा साम्राज्यवाद र सर्वहारा क्रान्तिको नयाँ युगको सुरुवात भयो। त्यसले विश्वव्यापीरूपमा वर्ग, राजनीतिक शक्ति र राष्ट्रहरूलाई धु्रवीकरण गर्ने काम गर्‍यो। विश्वव्यापीरूपमा न्यायका शक्तिहरू समाजवादको पक्षमा र अन्यायका शक्तिहरू साम्राज्यवादको पक्षमा उभिए। सामन्तवाद र एकतन्त्रलाई उन्मूलन गर्ने र पूँजीवादी जनवादको स्थापना गर्ने सामाजिक क्रान्तिको कार्यभार पूरा गरिरहेको पछौटे मुलुकका न्याय र क्रान्तिका शक्तिहरूले पनि साम्राज्यवादका विरुद्ध समाजवादको पक्षमा उभिनु अनिवार्य भयो। त्यस्ता देशका सामन्ती निरङ्कुशतावादी तत्वहरू र वैदेशिक पूँजीवादका दलालहरू समाजवादका विरुद्ध साम्राज्यवादको सेवा र तावेदारीमा हाजिर भए। यसरी आजको नयाँ युगको जनवाद पहिलेको जस्तो सामन्तवादविरोधी मात्र होइन, साम्राज्यवादको समेत विरोधी जनवाद हो। सामन्ती निरङ्कुशतावाद र एकतन्त्रलाई समाप्त पार्ने ऐतिहासिक कार्यभार साम्राज्यवादको शोषण–उत्पीडनलाई समाप्त पारी राष्ट्रको स्वाधीनता हासिल गर्ने कार्यभारसँग घनिष्टरूपले गाँसिएको छ। त्यसकारण यस्तो क्रान्तिको नेतृत्व मजदुर सर्वहारा श्रमजीवी वर्गबाट हुनु अनिवार्य भएको छ र यसैको नेतृत्वमा आम जनताले जनवादको निम्ति सङ्घर्षमा अघि बढ्नु अनिवार्य भएको छ। विश्व पूँजीवाद सामन्तवादको संश्रयकारी भएको छ। अब त्यसले सामन्ती भू–स्वामित्वका विरुद्ध जोत्नेलाई जमिनको नारा दिएर क्रिान्तकारी भूमिसुधारको पक्षपोषण गर्न सक्दैन। अहिले पूँजीपतिवर्ग बढी उदार भएको खण्डमा त्यसले औपचारिक जनवादसम्मलाई समर्थन गर्नसक्छ, तर जनताका आर्थिक अधिकारसहित वास्तविक जनवादलाई समर्थन गर्दैन। सामन्तवाद र साम्राज्यवाद एकताबद्ध भएका छन्। जनता र राष्ट्रको शोषण–उत्पीडन गर्ने तथा दासत्व र पराधीनताको खाल्टोमा हाल्ने यिनीहरू नै हुन्। त्यसकारण सामन्तवाद र साम्राज्यवादको अन्त्य नगरी न त सामाजिक मुक्ति सम्भव छ, न राष्ट्रको स्वाधीनताबिना जनताको वास्तविक जनवादको कल्पनासम्म पनि गर्न सकिन्छ।

युग फेरिएको, वर्गीय राजनीतिक तथा सामाजिक शक्तिहरूको भूमिका फेरिएको, साम्राज्यवाद विश्वका जनता र साना कमजोर राष्ट्रको शत्रु र समाजवाद न्यायपे्रमी विश्व जनता र राष्ट्रको मित्र भएको यही पृष्ठभूमिमा जनवादलाई पनि पुरानो र नयाँ परिपे्रक्ष्यमा व्याख्या गरिएको छ। यही सन्दर्भमा जनवादलाई नयाँ जनवादको रूपमा व्याख्या गरिएको छ। वास्तवमा पुरानो जनवाद र नयाँ जनवादको बीचका भिन्नताहरू के के हुन् ? यी दुईबीचका समानता र भिन्नताबारे ठोसरूपमा ध्यान नदिएर पनि कतिपय व्यक्तिहरूमा भ्रम परेको हुनसक्छ। नयाँ जनवाद भिन्नै उत्पादन पद्धति र सामाजिक–आर्थिक ढाँचा भएको नयाँ विषय हो भन्ने परेको हुनसक्छ। यसलाई ख्याल गर्दै यहाँ केही समानता र भिन्नताबारे चर्चा गर्नु राम्रो हुनेछ। सामन्तवादलाई उन्मूलन गर्ने, राजतन्त्र वा कुनै पनि प्रकारको एकतन्त्र र अनिर्वाचित सत्तालाई अन्त्य गर्ने तथा सामन्ती भू–स्वामित्वको अन्त्य गरी जोत्ने किसानलाई जमिनको मालिक बनाउने लक्ष्य र कार्यभारहरू पहिले र अहिले समान छन्। भिन्नताको पक्षलाई हेर्ने हो भने पहिले पूँजीवादी विश्व क्रान्तिको युग थियो। अहिले सर्वहारा समाजवादी क्रान्तिको युग छ। पहिले पूँजीपति वर्ग जनताको पक्षमा थियो र क्रान्तिको नेता थियो। अहिले विपक्षमा छ र शत्रु बनेको छ। पहिले मजदुर सर्वहारावर्ग सहयोगीका रूपमा थियो, अहिले नेताको स्थितिमा छ। पहिले साम्राज्यवादको उदय भएको थिएन, बरु पूँजीवादी क्रान्तिले आधुनिक राष्ट्रहरूको निर्माण गरिरहेको थियो, अहिले साम्राज्यवाद छ र साना, पछौटे र कमजोर राष्ट्रहरूलाई प्रत्यक्ष वा परोक्षरूपमा कब्जा गरिरहेको छ। पहिले पूँजीपतिवर्ग र जनतामा एकता थियो, सामन्तवर्गसँग शत्रुता थियो। अहिले पूँजीपति र सामन्तवर्गबीच एकता छ। पहिले समाजवाद अस्तित्वमा थिएन, अहिले अस्तित्वमा छ र जनवादी आन्दोलनको अन्तर्राष्ट्रिय मित्रका रूपमा छ। पहिले दलाल पूँजीवाद थिएन, अहिले छ र त्यसले राष्ट्रिय पूँजीवादको विकासमा बाधा दिइरहेको छ। यसरी पहिले र अहिले युगमा, वर्गीय, राजनीतिक, सामाजिक शक्तिको भूमिकामा, क्रान्तिका शत्रु र मित्रहरूमा भिन्नता छ, तर कतिपय सवालमा समानता पनि छ। समानताको पक्षले क्रान्तिको आधारभूत चरित्र पूँजीवादी जनवाद नै हो भन्ने कुरालाई स्पष्ट पार्छ भने भिन्नताको पक्षले नयाँ युग र नयाँ परिवेशमा त्यो क्रान्ति सम्पन्न गर्नुपर्छ भन्ने कुरालाई जाहेर गर्छ। पुरानो जनवाद पूँजीपतिवर्गको नेतृत्व भएको पूँजीवादी राज्यअन्तर्गत थियो भने नयाँ जनवाद मजदुर सर्वहारा श्रमजीवी जनताको नेतृत्व भएको आम जनताको संयुक्त राज्यअन्तर्गत रहनेछ। पहिलेको जनवाद सामाजिक चरित्रका हिसाबले मात्र परिचित थियो भने अहिलेको जनवाद राष्ट्रिय चरित्रका हिसाबले पनि परिचित छ। पुरानो जनवाद साम्राज्यवादविरोधी र समाजवाद समर्थक थिएन, अहिलेको जनवाद साम्राज्यवादविरोधी र समाजवादमा समर्थन मात्र होइन, समाजवादमा संक्रमण गर्ने लक्ष्य लिएको छ। यस्ता अनेकौं समानता र भिन्नताका पक्षहरूको विश्लेषणबाट के निष्कर्ष देखिन्छ भने नयाँ र पुरानो जनवादबीचको भिन्नता राजनीतिक विषयसँग सम्बन्धित छ। आर्थिक–सामाजिक पद्धति उत्पादन पद्धतिकै हिसाबले भिन्न होइन। यद्यपि साम्राज्यवाद, वैदेशिक एकाधिकार पूँजीवाद र दलाल पूँजीवादका शोषण–उत्पीडन र एकाधिकारवादी कारोबारलाई समाप्त पारेर खास महत्वपूर्ण क्षेत्रमा राजकीय स्वामित्वको स्थापना गरिन्छ, तर त्यसले क्रान्तिको आधारभूत उत्पादन पद्धतिलाई नै हेरफेर गर्ने काम गर्दैन। नयाँ जनवादी समाज व्यवस्थाको आधारभूत उत्पादन पद्धति पनि राष्ट्रिय तर पूँजीवादी उत्पादन पद्धति नै हो, जुन उत्पादन पद्धतिमा पुरानो जनवाद खडा भएको थियो। नयाँ जनवादको आधारभूत पद्धति पनि त्यही नै हो। तर त्यो समाजलाई सञ्चालन, नियन्त्रण र नेतृत्व गर्ने वर्ग, राजनीतिक शक्ति र राज्य भने निश्चितरूपमा फरक हुनेछन्। यो भिन्नता मूलरूपले राजनीतिक भिन्नता नै हो। जनताले देशको राजनीति, राज्यसत्ता र सार्वजनिक तथा राजकीय मामिलाहरूमा अन्तिम एवम् निर्णायक फैसला गर्न पाउनुपर्छ। देशको सार्वभौमिकताको वास्तविक मालिकका रूपमा जनताले भूमिका खेल्न पाउनुपर्छ। जनतालाई यो भूमिकामा पूर्ण क्षमताका साथ उतार्नका

निम्ति सामन्तवाद, दलाल, नोकरशाही पूँजीवाद र साम्राज्यवादको शोषण उत्पीडनलाई समाप्त पार्नुपर्छ। युग, समय र परिस्थितिको आधारमा बदलिएका राजनीतिक विषयहरूलाई ठीकढङ्गले बुझेर मात्र जनताको जनवादी क्रान्तिलाई ठीकढङ्गले निर्देशित गर्न र त्यसमा भाग लिन सकिन्छ।

### ५. बहुदलीय जनवाद

हामी जनताको जनवादलाई बहुदलीय जनवाद भनिरहेका छौं। हामीले अघि सारेको जनवाद नयाँ युग र परिस्थितिका विशेषताहरूका साथमा कायम गरिने नयाँ जनवाद नै हो, तर यसमा केही नयाँ विषयहरू, कामका नयाँ नीति र तरिकाहरू पनि समाविष्ट छन्। दुनियाँका अनेकौं ठाउँमा प्रयोग गरिएको नयाँ जनवादभन्दा कतिपय भिन्न रूप, तरिका र नीतिहरू हामीले समावेश गरेका छौं। तर त्यसको सैद्धान्तिक र वस्तुगत आधार भने उही नै छ। सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद र साम्राज्यवादको शासन, शोषणलाई समाप्त पारेर पनि जनवादी समाजमा वर्गहरू रहन्छन्। प्रतिगामी पुनरुत्थानवादी तत्वहरूलाई प्रतिबन्धित गरेर पनि समाजमा विद्यमान अरू विचार विविधताहरू कायम नै रहन्छन्। विभिन्न ठाउँमा प्रयोग भएको नयाँ जनवादमा विभिन्न राजनीतिक पार्टीहरू र विचारका विविधताहरूलाई कम्युनिस्ट पार्टी र सरकारको सहयोगीका रूपमा त स्वीकार गरियो, तर वैधानिकरूपमा बिपक्षको अवसर दिइएन। एकता र सहयोग बल प्रयोग गरेर वा अन्य बाटाहरू थुनेर अथवा निषेध गरेर करकापले होइन, स्वेच्छा जगाएर र मन जितेर गरिनुपर्छ। विरोध गर्ने अधिकार दिएर मात्र साँचो समर्थन प्राप्त गर्न सकिन्छ, फुट्ने छुट दिएर मात्र साँचो एकता प्राप्त गर्न सकिन्छ। हामी जनवादी व्यवस्थामा बिपक्षको वैधानिक अस्तित्व कायम गर्न चाहन्छौं। यसका निम्ति बहुदलीय प्रतिस्पर्धाको राजनीतिक प्रणाली, स्वतन्त्र निर्वाचन, बहुमतको सरकार र अल्पमतको बिपक्षलाई संवैधानिकरूपमा संस्थागत गर्न चाहन्छौं। निश्चितरूपमा आजसम्मको नयाँ जनवादको प्रयोगमा यो नयाँ विषय हो।

हाम्रो यही कुरालाई लिएर विभिन्न शङ्का, विरोध र आरोपहरू उरालिएका छन्। उग्र दक्षिणपन्थीहरूले लगाएको आरोपको सारतत्व हाम्रो वर्गीय दृष्टिकोण, अडान र चिन्तनमाथिको प्रहार हो। वर्गसङ्घर्ष, वर्गीय राज्य र वर्गीय नेतृत्वसम्बन्धी हाम्रो अडान नरहोस् र बुर्जुवाहरूको जस्तै जनतालाई ढाँट्नका निम्ति अवर्गीय राज्य वा शोषक र शोषित सबैको साझा र पवित्र राज्यको समर्थनमा आउन् भन्ने चाहन्छन्। यसकै आधारमा तिनीहरू कम्युनिस्टहरू बहुदलीय पद्धतिमा विश्वास गर्दैनन्, एकदलीय अधिनायकत्व कायम गर्छन् भनेर प्रचार गरिरहेका छन्। जब जनवादी समाजमा अनेक वर्गहरूको अस्तित्वप्रति कम्युनिस्टहरू स्पष्ट छन् र त्यसलाई समर्थन गर्छन् भने भिन्नाभिन्नै वर्ग र समूहहरूका विचारहरू अलग–अलग हुन सक्छन् भन्ने कुराप्रति अविश्वास गर्ने प्रश्नै उठ्दैन। त्यस्ता विचारहरूको बीचमा सङ्गठितढङ्गले स्वस्थ प्रतिस्पर्धा हुन दिनुपर्छ भन्ने कुराप्रति बुर्जुवाहरूभन्दा कम्युनिस्टहरू नै बढी प्रतिबद्ध छन्, तर यसको नाममा प्रतिगामी पुनरुत्थानवादी तत्वहरूलाई मनपरी गर्न छुट दिनुपर्छ भन्ने मान्यता हुनसक्दैन र त्यो जनवाद पनि होइन। उग्र वामपन्थीहरू बहुदलीय प्रतिस्पर्धाको पद्धति कम्युनिस्टको होइन, पूँजीवादपन्थीहरूको हो भन्ने प्रचार गर्दैछन्। यसो भनेर साँच्चै उनीहरू एकदलीय अधिनायकवादका पक्षमा उभिएका छन् र मार्क्सवादको झण्डा उठाएर त्यसको विरोध गरिरहेका छन्। तिनीहरू अनुभवबाट कुनै शिक्षा लिन चाहँदैनन्। नयाँ समस्या र आवश्यकताहरू पूरा गर्न रचनात्मकढङ्गले अघि बढ्न चाहँदैनन्। देश, काल र परिस्थितिको सीमाभित्र प्रयोग भएका सापेक्ष कुराहरूलाई निरपेक्ष, शाश्वत र सार्वभौम बनाउन चाहन्छन्। मार्क्सवादले न त कहीँ एकदलीयताको सिफारिस गरेको छ, न समर्थन गरेकोछ। उग्रवामपन्थी जडसूत्रवाद मार्क्सवादको नाममा त्यसलाई बिकृत र कमजोर बनाउने सबभन्दा निन्दनीय तरिका हो। जनवादलाई यदि त्यसको वास्तविक अर्थमा लिने हो भने त्यो जनतालाई सर्वोपरि तत्व बनाउने राजनीतिको अन्तर्वस्तु हो। त्यो जनवादमा बहुदल, दुईदल वा एकदल

के छ भन्ने कुरा त्यसको स्वरूपको पक्ष हो। एकदल हुँदा त्यहाँ जनवाद हुँदैन र बहुदल हुनासाथ जनवाद भइहाल्छ भन्ने ठान्नु गलत सोचाईं हो। जनताले वास्तविकरूपमा र निर्बाधढङ्गले राजनीतिमा, राज्यसत्तामा र राजकीय मामिलाहरूमा निर्णायक भूमिका खेल्न पाएका छन् कि छैनन्, देशको सार्वभौमिकताको वास्तविक मालिक हुन पाएका छन् कि छैनन् भन्ने कुरा नै जनवादको निर्णायक तत्व हो। आर्थिक–सामाजिक शोषणबाट पूर्ण मुक्तिको अधिकारबिना जनताले त्यस्तो भूमिका खेल्न सक्दैनन्। राजनीतिक दलहरू जनतालाई निर्णायक राजनीतिक भूमिकामा उतार्ने माध्यम र महत्वपूर्ण तत्व हुन्, तर जनवादका सबैथोक भने होइनन्। एकदलीयता भए पनि यदि जनताले त्यस्तो भूमिका खेल्न पाएका छन् भने त्यहाँ जनवाद छैन भन्नु गलत हुन्छ। के ७४ वर्षसम्म सोभियत सङ्घमा जनवाद थिएन ? के चीन, कोरिया, भियतनाम र क्यूबामा अहिलेसम्म पनि जनवाद छैन ? यथार्थलाई सम्मान गर्नेले यसको नकारात्मक जवाफ दिन सक्दैनन्। एक दलीयता हुँदा वा बहुदलीय प्रतिस्पर्धा नहुँदा पनि जनवाद हुनसक्छ भन्ने कुराको यो राम्रो उदाहरण हो। अर्कातिर के भारतमा साँचो अर्थमा जनवाद छ ? भारतीय जनताले त्यहाँको राजनीतिमा वास्तविकरूपमा र निर्णायकढङ्गले भाग लिन पाएका छन् ? भारतको वास्तविक मालिकका रूपमा त्यहाँका आम जनताले भूमिका खेल्न पाएका छन् ? यथार्थलाई सम्मान गर्नेले यसको सकारात्मक जवाफ दिन सक्दैनन्। तर भारतमा बहुदलीय प्रतिस्पर्धाको प्रणाली छ। आम निर्वाचन हुन्छ, बहुमतले सरकार बनाउने र अल्पमतले बिपक्षमा बस्ने संवैधानिक व्यवस्था छ। त्यसकारण बहुदलीय प्रतिस्पर्धा भए पनि वास्तविक जनवाद नहुन सक्छ भन्ने कुराको यो आँखा अगाडिको उदाहरण हो। त्यसकारण जनवादको निर्णायक तत्व बहुदलीय वा एकदलीयता होइन। जनताको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारको कुरा हो, त्यसलाई प्रयोग गर्ने क्षमता र परिस्थितिको कुरा हो। प्रतिगामी धरातलमा उभिएको औपचारिक कथित जनवाद जनवादको नाममा जनता ठग्ने नाटकमात्र हुन्छ। पद, पैसा र शक्तिको प्रयोग गरेर जनताको नाममा शोषकवर्गले जनतामाथि शोषण र उत्पीडनको शासन गर्ने कुरा हो। त्यसकारण जनवादलाई सबभन्दा पहिले स्वतन्त्ररूपमा त्यसका अन्तर्वस्तुको साथमा बुझेर पद्धतिको हिसाबले बहुदलीय वा एकदलीय कुन पद्धति अपनाउने हो भन्ने कुराको फैसला गर्नुपर्छ। हामी जनवादमा बहुदलीय पद्धति अपनाउने पक्षमा छौं। हामी आफ्नो देशको वस्तुगत स्थिति, मार्क्सवाद– लेनिनवादका सैद्धान्तिक मान्यताहरू, विश्व कम्युनिस्ट आन्दोलनका अनुभव र मुलुकको आवश्यकताका आधारमा यो पक्षमा उभिएका छौं। हामीले जनताको जनवादी व्यवस्थामा किन यो पद्धति राज्यौं ? यसबारेमा थोरै चर्चा गरौं।

क्रान्तिद्वारा स्थापित हुने हाम्रो देशको जनवादी समाज वर्गीय हुनेछ र वर्गीय समाजमा प्रत्येक वर्गका आ–आफ्नै वर्गीय स्वार्थ, आस्था र दृष्टिकोणहरू हुनसक्छन् र तिनीहरूलाई चल्न, खेल्न दिनुपर्छ भन्ने मार्क्सवादको मान्यता छ, विरोधी पक्षको संवैधानिक मान्यतालाई संस्थागत नगरेर पनि विश्व कम्युनिस्ट आन्दोलनमा केही क्षति उठाउनुपरेको छ र योग्यता, क्षमता र जनविश्वासको प्रतिस्पर्धात्मक राजनीतिबाट नै हामी क्रान्ति र निर्माणलाई बढी जनसहभागिताका साथ अघि बढाउन सक्छौं तथा हामी जनताको विश्वासको बहुमत लिएर नै अगाडि जान चाहन्छौं भन्ने कुरा जाहेर गर्न हामी बहुदलीयतामा आवश्यक जोड दिइरहेका छौं। जनताले स्वतन्त्ररूपमा राजनीतिमा कसरी भाग लिन्छन् ? जनताले राजनीतिक पार्टी, नेता, कार्यक्रम र सरकारको आलोचना गर्न पाउँछन् कि पाउँदैनन् ? उनीहरूले कुनै पनि पदाधिकारीका कामको गुण–दोषको आधारमा टिका–टिप्पणी, आलोचना र विरोध गर्न पाउँछन् कि पाउँदैनन् ? यदि नपाउने हो भने राजनीतिमा जनताको नियन्त्रणकारी भूमिका कसरी स्थापित गर्ने ? यदि आलोचना र विरोध गर्न दिने हो भने विकल्प प्रस्तुत गर्न दिने कि नदिने ? बिना विकल्पको आलोचना र विरोध रचनात्मक हुनसक्दैन। एकदलीय व्यवस्थामा भन्दा बहुदलीय व्यवस्थामा जनतालाई विकल्प रोज्ने र राजनीतिक पार्टी तथा सरकारलाई

नियन्त्रण गर्ने बढी अवसर हुन्छ । जनताले हरेक पार्टी, नेता, सरकार र विचार तथा कार्यक्रमहरूको मूल्याङ्कन गर्न र जनमतको आधारमा स्वेच्छाले स्वतन्त्रतापूर्वक फैसला गर्न पाउनुपर्छ, तबमात्र नियन्त्रण र सन्तुलनको स्थिति कायम हुनसक्छ र जनता राजनीतिमा बढी निर्णायक बन्न सक्दछन् ।

जनताको जनवादी व्यवस्थामा जनतालाई लेख्ने, छाप्ने, बोल्ने, सभा–सङ्गठन गर्ने राजनीतिक पार्टी खोल्ने, राजकीय निकायमा चुन्ने–चुनिनेजस्ता मौलिक अधिकारहरूको ग्यारेन्टी गर्ने कि नगर्ने ? नगर्ने हो भने आफ्नो नैसर्गिक अधिकार गुमाउनका निम्ति जनता जनवादको पक्षमा किन लाग्छन् ? क्रान्ति सम्पन्न भएपछि राजनीति गर्ने र राज्य चलाउने जिम्माचाहिँ कम्युनिस्टहरूको मात्रै हो र अरूले चाहिँ व्यवसायहरूमा मात्रै लाग्ने भन्ने कुरा सम्भव छ ? त्यसकारण आम जनताले राजनीति गर्ने स्वतन्त्र अधिकार पाउनुपर्छ । राजनीति गर्नका निमित्त राजनीतिक पार्टीहरू गठन हुन्छन् र यदि अनेक राजनीतिक पार्टीहरू अस्तित्वमा छन् भने तिनीहरूको बीचमा स्वस्थ प्रतिस्पर्धा हुन दिनुपर्छ । विचार, कार्यक्रम र नीतिका आधारमा प्रतिस्पर्धा हुन दिनुपर्छ । कम्युनिस्ट पार्टी मजदुर र पूँजीपति सबैको, कृषि मजदुर र धनी किसान सबैको पार्टी हुनसक्दैन । कम्युनिस्ट पार्टी श्रमजीवी जनताको पार्टी हो र यसले श्रमजीवी जनताको हितलाई प्राथमिकता दिँदै अन्य वर्ग र तहका जनताको हित रक्षा पनि गर्छ । तर यसले अरू वर्ग वा विचारका पार्टीहरू बनाउने कुरामा बन्देज लगाउनु हुँदैन । कम्युनिस्ट पार्टीले पनि आफ्नो इच्छाअनुसार होइन, बहुमत जनताको इच्छाअनुसार सरकार चलाउनुपर्छ । त्यसकारण कम्युनिस्ट पार्टीले चाहिँ जनताको इच्छा र विश्वासको बहुमत बुझिरहनु आवश्यक पर्दैन भन्ने विचार जनवादी होइन ।

जनताको इच्छा र मतलाई स्वतन्त्रढङ्गले कसरी बुझ्ने ? अहिलेसम्मको जनमत बुझ्ने सबभन्दा लोकप्रिय विधि निर्वाचन हो । जनमत बुझ्न र जनादेश लिनका निम्ति आम निर्वाचन गर्ने प्रणाली अपनाउने कि नअपनाउने ? नअपनाउने हो भने त्यो जतिसुकै राम्रो शासन भए पनि त्यसमा जनताको समर्थन छ भन्ने कुरा जाहेर हुन पाउँदैन । अपनाउने हो भने नीति, विचार र कार्यक्रमबिना केवल व्यक्तिको मात्र चुनाव गर्नु जनताप्रति अविश्वास हो । पञ्चायतले त्यस्तै चुनाव गर्ने गरेको थियो । त्यो प्रतिक्रियावादी व्यवस्था भएको कारणले मात्र खराब थिएन । बरु विकल्प प्रस्तुत गर्नै नदिने कारणले समेत त्यो खराब थियो । त्यसरी नै क्रान्तिकारी जनवादकै आधारमा भए पनि विकल्प र मतभेदबिनाको केवल व्यक्ति छान्ने चुनाव जनताप्रति र स्वयम् आफ्नै बारेमा पनि अविश्वास हो । अनेकौं विचार र विकल्पहरूका साथमा चुनाव गर्ने हो भने जनताले स्वेच्छाले आफ्नो मत व्यक्त गर्न पाउँछन् । यस्तो गर्ने हो भने स्वाभाविकरूपमा जनादेशको आधारमा पक्ष र विपक्ष रहने परिपाटीलाई संस्थागत गर्नैपर्छ । बहुदलीय प्रतिस्पर्धाको प्रणाली प्रमुखरूपमा बिपक्षको अस्तित्वलाई वैज्ञानिकरूपमा संस्थागत गर्ने र सम्मान गर्ने प्रणाली हो ।

कम्युनिस्ट पार्टीको विचारदर्शन द्वन्दात्मक भौतिकवाद हो । अन्तरविरोधहरूको सार्वभौमिकता र द्वन्द्वलाई कम्युनिस्ट पार्टीले विकासको सार्वभौम नियम मान्दछ तर स्वयम् त्यस पार्टीले निर्विरोध स्थितिमा काम गर्न चाहनु र अन्तर्विरोधलाई, भिन्नतालाई प्रकट हुन नदिएर एकलौटी कायम गर्न खोज्नु किमार्थ मिल्ने कुरा होइन । वैचारिक विरोधलाई वैचारिकरूपले परास्त गरेर बल प्रयोगको विरोध र बिपक्षलाई वैधानिकरूपमा स्थापित गरी संस्थागत गर्नुपर्छ । बारम्बार जनताको विश्वास र जनादेश लिएर नै कम्युनिस्ट पार्टीले पनि सरकार चलाउनुपर्छ ।

बहुदलीय जनवाद मजदुर र सर्वहारा श्रमजीवी जनताको नेतृत्वमा आम जनताको संयुक्त जनवादी राज्यअन्तर्गत स्थापित हुने जनवाद हो । यसमा अनिर्वाचित सत्ता र अनिर्वाचित शासनको परम्परालाई सम्पूर्णरूपमा अन्त्य गरिनेछ । संविधानका आधारमा राज्य र कानूनका आधारमा शासन सञ्चालन गरिनेछ । क्रान्तिलाई उल्टाउन चाहने प्रतिगामी पुनरुत्थानवादी तत्वहरूलाई नियन्त्रण र दमन गर्ने कानुनी व्यवस्था

गरिनेछ। संविधानको परिधिभित्रका सबै राजनीतिक शक्ति र विचारहरूले स्वतन्त्रतापूर्वक राजनीतिक निकायहरूमा निर्वाचित हुन र समाजमा राजनीति गर्न प्रतिस्पर्धा गर्न पाउने व्यवस्था संस्थागत गरिनेछ। आम निर्वाचन र जनादेशका आधारमा सरकार बिपक्ष रहने कुरा संस्थागत गरिनेछ। जनताका मौलिक अधिकारहरू, नागरिक तथा मानवअधिकारको ग्यारेन्टी र रक्षा गरिनेछ। जाति, भाषा, धर्म, संस्कृतिका सवालमा सबै प्रकारका एकाधिकार विशेषाधिकारहरूको अन्त्य गरी पूर्ण स्वतन्त्रता र समानता कायम गरिनेछ। सामन्तवादलाई पूर्णरूपमा उन्मूलन गर्ने, साम्राज्यवादको शोषण, नियन्त्रण र उत्पीडनलाई सम्पूर्णरूपले समाप्त पार्ने, दलाल नोकरशाही पूँजीवादका शोषण, उत्पीडन समाप्त पार्ने, संविधान र नियम कानुनको परिधिभित्र राष्ट्रिय निजी पूँजीलाई सुरक्षित, नियन्त्रित र प्रोत्साहित गर्ने तथा प्राथमिकताका आधारमा वैदेशिक पूँजी लगानीलाई ठाउँ दिने तथा खास–खास क्षेत्रमा राज्यको स्वामित्व र नियन्त्रण निर्देशन कायम राख्ने क्रान्तिकारी भूमिसुधार, ग्रामीण क्षेत्रको विकास, क्षेत्रीय विकासमा सन्तुलन तथा योजनाबद्धरूपमा राष्ट्रिय अर्थतन्त्रको विकास गर्नेजस्ता जनवादी आर्थिक नीतिहरू अपनाइनेछ। सामन्तवाद र साम्राज्यवादको प्रभावलाई समाप्त पार्ने र राष्ट्रिय जनवादी संस्कृतिको निर्माण गर्ने तथा जाति, भाषा धर्म र सँस्कृतिहरूबीच साँस्कृतिक समानता कायम गर्ने नीति अपनाइनेछ। राष्ट्रिय स्वाधीनता कायम राख्न असमान सन्धि–सम्झौताको खारेजी र पञ्चशीलका आधारमा सबै देशसँग सम्बन्धको पुनःसंरचना गरिनेछ। सामान्यतया हामीले भनेको बहुदलीय जनवाद यही हो। आर्थिक, सामाजिक, साँस्कृतिक नीतिहरू बहुप्रचारित छन्। बहुदलीय जनवाद भनेको प्रमुखरूपमा अल्पमत वा बिपक्षलाई वैधानिकरूपमा संस्थागत गर्ने र अनुमति दिने जनवाद हो। बलपूर्वक एकरूपता कायम गरेर मात्र एकता गर्ने होइन, विविधतालाई अनुमति दिएर एकता गर्ने जनवाद हो। पार्टी, विचार–दर्शन र व्यवस्था सबैभन्दा माथि जनतालाई सर्वोपरी तत्व मानेर स्थापित गर्ने जनवाद हो। राजनीति र व्यवस्थामा जनताको नियन्त्रण र सन्तुलन कायम राख्ने जनवाद हो। हामी एकदलीयता र कुनै एउटा दल विशेषको राजनीतिक एकाधिकारवादको बिपक्षमा छौं। जनताको अधिकार र मतको सम्मान नगरी जनताको नाममा शासन चलाउनु निरङ्कुशतावादी तरिका हो र हामी त्यसको बिपक्षमा छौं।

### ६. अधिनायकत्व

कम्युनिस्टहरूले अधिनायकत्वको प्रश्नलाई सुस्पष्टरूपमा अघि सारेको हुनाले पूँजीवादपन्थी तत्वहरू सुरुदेखि नै यसका बिरुद्ध खनिएका छन्। तिनीहरू आफूलाई अधिनायकत्वको बिपक्षमा प्रस्तुत गर्न चाहन्छन् र प्रजातन्त्रवादी देखाउन चाहन्छन्। तिनीहरूको यस्तो प्रचारले केही कम्युनिस्टहरूको मन पनि दोधार भएको हुनसक्छ। अधिनायकत्व भन्नु हुँदैन, जनवाद भने पुगिहाल्छ भन्ने खालका विचारहरू पनि उत्पन्न भएका हुनसक्छन्। पूँजीवादपन्थी तत्वहरू सामन्तवर्गविरोधी सङ्घर्षमा लागेको बेला वर्गसङ्घर्षको पक्षमा थिए तर अहिले तिनीहरू वर्गसम्झौताको पक्षपाती भएका छन् र कथित सर्वकल्याणवादी भएका छन्। तिनीहरू वर्गीय दृष्टिकोण, वर्गीय नेतृत्व र वर्गीय राज्यको यथार्थतालाई ढाकछोप गरेर पूँजीवादी दृष्टिकोण, नेतृत्व र राज्यको स्वरूपलाई लुकाउन चाहन्छन्। मार्क्सवादले आफ्नो वर्गीय प्रतिबद्धता सार्वजनिकरूपमा सुस्पष्ट पारेको छ। राज्य अवर्गीय र सबै वर्गहरूभन्दा माथि सबैको समानरूपमा साझा राज्य हुनसक्दैन। राज्यसत्ता वर्गीय हुन्छ र आफैं नै त्यो अधिनायकत्व पनि हो। यसरी पूँजीवादी राज्यले पूँजीवादी अधिनायकत्व लागू गरिरहेको हुन्छ र सामन्तवर्ग र दलाल नोकरशाही पूँजीपति वर्गको राज्यले तिनीहरूकै अधिनायकत्व लागू गरिरहेको हुन्छ। हामी जनताको जनवादी राज्यको पक्षमा छौं, यसको मतलव जनताको जनवादी अधिनायकत्वको पक्षमा छौं। राज्य वैधानिकरूपमा सङ्गठित सशस्त्र शक्ति र अधिकार भएको निकाय हो। त्यो कुनै शक्तिहीन तटस्थदर्शी निकाय होइन। संविधान, नियम, कानुन र सामाजिक व्यवस्था तथा मर्यादा उल्लङ्घन भएको खण्डमा बल प्रयोग गरी नियन्त्रण

कायम गर्ने अङ्ग हो। त्यसले जनताको राज्यले जनताको जनवादी संविधान, नियम, कानुन र व्यवस्थाको उल्लङ्घन गर्ने, जनता र राष्ट्रका बिरुद्ध हानी पुऱ्याउने तत्वहरूलाई नियन्त्रण र दमन गर्ने काम गर्छ। अर्थात् संविधान र नियम कानुनका आधारमा बल प्रयोग गर्छ। त्यसकारण अधिनायकत्व भन्नेबित्तिकै पूँजीवादपन्थीहरूले विरोध गर्नुको न त कुनै महत्व छ, न त्यो सुनेर कम्युनिस्टहरूले झस्किनु जरुरी छ। अधिनायकत्व भनेको अन्तिम निष्कर्षमा वैधानिक सशस्त्र सत्ता हो। यदि जनताको राज्य स्थापना गर्ने लक्ष्य नलिने हो भने क्रान्तिकारी राजनीति र पार्टीको कुनै महत्व बाँकी रहँदैन। हामी जनताको जनवादी राज्यका पक्षमा छौं, जनताको जनवादी अधिनायकत्वका पक्षमा छौं। पूँजीवादपन्थीहरूको तर्कमा ध्यान दिने हो भने तिनीहरू साझा राज्यको कुरा गर्छन् र त्यसरी नै अवर्गीय अधिनायकत्वलाई स्वीकार गर्न सक्छन्, जसले सबैमाथि समान ढङ्गको व्यवहार गर्छ, तर राज्यको त्यस्तो चरित्र इतिहास, वर्तमान र भविष्य कुनै बेला पनि छैन र हुनसक्दैन। स्वयम् पूँजीपति वर्गको राज्यले जनतामाथि उत्पीडनकारी पूँजीवादी अधिनायकत्व लागू गरिरहेको छ।

अधिनायकत्व राज्यको प्रश्न हो र वर्गीय राज्यको प्रश्न हो। तर विश्व कम्युनिस्ट आन्दोलनमा वर्गको अधिनायकत्वलाई, पार्टी र अझ व्यक्तिको अधिनायकत्वका तहमा प्रयोग गर्ने केही अनुचित कुराहरू भएका छन्। एउटा वर्गको राज्य हुनसक्छ, तर एउटा पार्टीको राज्य र अझ व्यक्तिको राज्य कुनै हालतमा स्वीकार्य विषय होइन, तर राज्यको संचालनमा भएका विगत कमजोरीहरूले जनताको हातमा राज्यसत्ता लिने क्रान्तिकारी लक्ष्यप्रति कुनै बैराग उत्पन्न गर्न सक्दैन। जनताको सत्ता संविधानसम्मत हुनुपर्छ र त्यसको रक्षाको निम्ति वैधानिकरूपमा राज्यको बल प्रयोग गर्नुपर्छ। जनताको क्रान्तिकारी राज्यका बिरुद्ध घातक काम गर्ने तत्वहरूलाई दमन र नियन्त्रण गर्नुपर्छ।

बहुदलीय जनवाद भनेपछि त्यहाँ अधिनायकत्व नरहने भयो भन्ने भ्रम र चिन्ता कतिपय व्यक्तिहरूमा पैदा भएको वा बहुदलीय जनवादमा अधिनायकत्व नहुने भएको ठीक भयो भन्ने पनि लागेको हुनसक्छ। बहुदलीय जनवाद कुनै राज्यसत्ताबिहीन कल्पना होइन। त्यो जनताको जनवादी सत्ता हो। एकदलीय भए अधिनायकत्व हुने र बहुदलीय हुँदैमा नरहने होइन। हामी हिजो पनि एउटा राजनीतिक दलको अधिनायकत्वको पक्षमा थिएनौं र आज पनि छैनौं। हामीले आफ्नो पार्टीको मात्र राज्यसत्ता बनाउन खोजेको होइन, हामीले त जनताको जनवादी राज्य बनाउन खोजेको हो। राज्यको सम्पूर्ण शक्तिलाई एउटा पार्टीको हितमा उपयोग गर्ने र एकदलीय राजनीतिक एकाधिकारवाद एकदलीय अधिनायकत्व कायम गर्न खोज्नु हो। जनवादी राज्यको सशस्त्र शक्ति जनताको सत्ताको रक्षा गर्ने शक्ति हो। त्यसलाई दृढतापूर्वक खुला र वैधानिक ढङ्गले क्रान्ति, जनता र जनवादको रक्षामा प्रयोग गर्नुपर्छ।

वैधानिक सशस्त्र सत्ताबाहेक अधिनायकत्वको अर्को सामयिक, आंशिक र तात्कालिक अर्थ पनि हुनसक्छ। क्रान्ति सम्पन्न गरेर नयाँ सत्ता वैधानिकरूपमा स्थापित, स्थिर र सुदृढ नहुन्जेलको संक्रमणकालमा जहाँ विधान, नियम र कानुन बनेका, स्थापित भइसकेका हुँदैनन्, त्यसबेला क्रान्तिबाट भर्खर सत्ताच्यूत गरिएका तत्वहरूले फेरि प्रतिक्रान्तिको शिर नउठाउन् भनी क्रान्तिकारी शक्तिले बल प्रयोग गरेर त्यस्ता तत्वहरूलाई नियन्त्रण, दमन गर्ने र परिवर्तनको रक्षा गर्नुपर्ने हुन्छ। तर यो स्थिति लामो समयसम्म यसरी नै विधान र नियमबिहीन ढङ्गले गरिनुहुन्न। संक्रमणकालीन स्थितिमा स्वाभाविकरूपमा आन्दोलन या क्रान्तिको अधिनायकत्व लागू हुन्छ।

*नेपाल बुद्धिजीवी परिषद्, प्रथम राष्ट्रिय अधिवेशन*
*(८–१० फागुन, २०४८) मा प्रस्तुत कार्यपत्र*
*नारायणगढ, चितवन*

अन्तर्वार्ता

# मदनको विचार अन्तर्राष्ट्रिय स्तरमा छलफलको विषय बन्नुपर्दछ

**विद्यादेवी भण्डारी**
पूर्व राष्ट्रपति



२०४६ सालको जनआन्दोलनद्वारा पुनर्स्थापित प्रजातन्त्रपछि सार्वजनिक राजनीतिक जीवन सुरु गर्नुभएको छोटो समयमै जनताको मनमा बस्न सफल मदन भण्डारी समकालीन नेपाली राजनीतिका सर्वाधिक लोकप्रिय नेता हुनुहुन्थ्यो। ४१ वर्षको युवा अवस्थामै २०५० जेठ ३ गते दासढुङ्गामा भएको रहस्यमय जीप दुर्घटनामा उहाँको निधन भयो। यो दुर्घटना सामान्य थिएन, सुनियोजित र षडयन्त्रमूलक हत्या थियो भन्ने बुझाइ अहिले पनि आम नेपालीमा रहेको छ। नेकपा (एमाले) का महासचिव जननेता मदन भण्डारीको निधनले उहाँको परिवार, पार्टी पङ्क्ति र सिङ्गो नेपाली समाजमा भयानक रिक्तता सिर्जना गरिरहेको अवस्थामा उहाँले प्रतिपादन गर्नुभएको विचार 'जनताको बहुदलीय जनवाद'लाई प्रवर्द्धन गर्न, दलगत वैचारिक–राजनीतिक सीमाभन्दा फराकिलो दायरामा उहाँको योगदानबारे विचार विमर्श गर्न, सामाजिक रूपान्तरणमा योगदान गर्न एवं उहाँको बारेमा थप अध्ययन अनुसन्धान गर्न २०५६ सालमा स्थापना गरिएको 'मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्र' २०६१ सालदेखि 'मदन भण्डारी फाउन्डेशन'को रूपमा क्रियाशील छ। यो पटक हामीले फाउन्डेशनको अवधारणा, संस्था स्थापना र विकासका चरण, यसको संघर्षगाथा, योगदान, भावी योजना र जनताको बहुदलीय जनवादको सन्दर्भ लगायतका विषयमा उहाँकी अर्धाङ्गिनी, फाउन्डेशनका पूर्व अध्यक्ष एवं पूर्व राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसँग विशेष अन्तर्वार्ता गरेका छौं। प्रस्तुत छ, फाउन्डेशनको प्रकाशन 'आजको दिशाबोध'का लागि डा. महेन्द्र विष्ट र माधव नेपाललाई दि`नुभएको विशेष अन्तर्वार्ताका मुख्य मुख्य अंशहरू।

**मदन भण्डारी फाउन्डेशनको स्थापना कसरी भयो ? स्थापनाको समयमा यसको अवधारणा के थियो ?**

नेपाली जनताका लोकप्रिय नेता, नेकपा (एमाले) का महासचिव र विचारक मदन भण्डारीको चितवनको दासढुङ्गामा रहस्यमय जीप दुर्घटनामा परी भएको अस्वाभाविक र अकल्पनीय निधनले हामी परिवारका सदस्यमा मात्र होइन, सिङ्गो पार्टी पङ्क्ति र देशमै एउटा ठूलो शोकको स्थिति सिर्जना भयो। हामीलाई यो पीडादायी अवस्थाबाट बाहिर निस्कन निकै कठिन थियो। पार्टीले यो शोकलाई शक्तिमा बदल्ने अठोट लियो। जनताको अपार मायाले हामी सबैलाई अघि बढ्न प्रेरणा दियो। मदनका योगदान सहजै भुल्न सकिने वा भुलिने किसिमका थिएनन्, छैनन्। उहाँले तत्कालीन राष्ट्रिय–अन्तर्राष्ट्रिय परिस्थितिको सही विश्लेषण गरेर नेपालमा कम्युनिष्ट पार्टीहरूलाई एकीकृत र विकास गर्दै नेपाली क्रान्तिलाई अघि बढाउन जुन विचार दिनुभयो, जसरी योगदान गर्नुभयो, पार्टी संगठनलाई जुन उचाइमा लैजानुभयो, पार्टी कार्यकर्तालाई जसरी प्रशिक्षित गर्नुभयो, ती सबै कुरा तत्कालको लागि मात्र होइन, दूरगामी महत्वका छन्। खासमा उहाँ पार्टीको प्रमुख नेता हो। न्यायपूर्ण समाज निर्माण गर्ने उहाँको विचारलाई कार्यान्वन गर्ने वा उहाँलाई कुन स्थान दिने, कसरी दिने यी सबै सोच्ने जिम्मेवारी मूलतः पार्टीकै हो। पार्टीले त्यो गर्दै आएको पनि छ। पार्टीको दायराभन्दा अझ फराकिलो रूपमा उहाँको स्मृतिलाई सँधै ताजा बनाइराख्ने, उहाँको विचार जनताको बहुदलीय जनवादलाई प्रवर्द्धन गर्ने र यसलाई युवा पुस्तासम्म पुऱ्याउने, शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रमा सेवामूलक कार्य गर्ने, पछाडि पारिएका समुदायको उत्थानमा सहयोग गर्ने, राष्ट्रियताको पक्षमा योगदान गर्ने जस्ता अवधारणा यसको स्थापनामा अन्तर्निहित थिए।

उहाँ पार्टीको अगुवा नेता भएका कारण चौथोदेखि पाँचौ महाधिवेशनमा सक्रिय सहभागिता जनाउनु भयो। पार्टीको नेतृत्व गर्नुभयो। उहाँ पार्टीकै प्रमुख नेता हो। यद्यपि पार्टी खास सदस्यहरूको मातहतमा हुन्छ। तर, यस्ता फाउन्डेशनहरू अलि बृहत मानिसहरूसँग पुग्छ भन्ने अवधारणाका साथ सरकारलाई सहयोग गर्दै र सहयोग पनि लिँदै आर्थिक, सामाजिक क्षेत्रमा काम गर्ने उद्देश्य पनि फाउन्डेशनको हो। पार्टी र संस्थाको फरक कार्यक्षेत्र हुन्छ। पार्टीको कार्यक्रम सरकारमा गएर गर्न सकिन्छ। फाउन्डेशन जस्ता संस्थाले सरकारसँग मिलेर नयाँ कार्यक्रम गर्न सक्छ, गरिरहेको पनि छ।

**मदन भण्डारी फाउन्डेशन एउटा गैरसरकारी संस्थाको रूपमा रहेको देखिन्छ। यसको सुरुवाती दिन कस्तो थियो ? कामको सुरुवात कसरी भयो ? यसको दायरा कस्तो होस् भन्ने स्थापनाकालको सोचाइ थियो ?**

गैरसरकारी संस्था भनेर अरुले बनाएको जस्तो गैरसरकारी संस्था यो होइन। संस्था भन्ने बित्तिकै बाहिरबाट पैसा ल्याउने भन्ने बुझाइ हुन्छ। तर, यो त्यस्तो होइन। आत्मनिर्भर हुँदै राज्यको निकायसँग मिलेर काम गर्ने योजना हो। सबै तहका सरकारसँग मिलेर काम गर्ने उद्देश्य हो। नेपाल सरकारलाई धेरै जिम्मेवार बनाएर हामीले काम गरिरहेका छौं।

असार १४ गते मदनको जन्मदिन हो। २०५० असार १४ गतेबाट वृक्षारोपण गरी उहाँको जन्म जयन्ती मनाउन सुरु गरियो। तीनचार वर्षसम्म यसरी नै सामान्य भेटघाट कार्यक्रम आयोजना गरी जन्म जयन्ती मनाइयो। पछि २०५६ सालमा ‘मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्र’ स्थापना भएपछि संस्थागत रूपमै काम सुरु गरियो। संस्थाको स्थापना हुँदा मदन भण्डारी विराटनगरमा रहँदा निकट रहनुभएका साथीहरू नै यसमा आवद्ध रहनु भएको थियो। संस्थागत हुँदै जाँदा परामर्श भने अलि धेरै केपी ओलीज्यूसँग हुन्थ्यो। उहाँले धेरै समर्थन पनि गर्नुभयो। सल्लाह सुझाव दिनुभयो। अहिले पनि उहाँ फाउन्डेशनको संरक्षक नै हुनुहुन्छ।

सुरुमा शिक्षा र वैचारिक क्षेत्रमा काम गर्ने योजना थियो। अध्ययन अनुसन्धानको काम गर्ने योजना बनाइयो। अनि व्यापकता दिन अध्ययन अनुसन्धान केन्द्रपछि मदन

भण्डारी फाउन्डेशनको नामबाट अघि बढियो। पार्टीभित्र जिम्मेवारी कम भएका नेताहरू यहाँ सामेल हुनुभयो। त्यतिखेर माओवादी द्वन्द्व धेरै थियो। पार्टीमा जिम्मेवारी नहुने स्थितिमा समेत पार्टीबाट पलायन हुनबाट रोक्नका लागि पनि फाउन्डेशनमा समावेश गर्ने काम बढेको थियो। एमाले फुटेपछि पनि माओवादीमा जाने खतरा बढेको थियो। पार्टीका साथीहरूलाई मदनकै विचारमा रहेर राष्ट्र निर्माणको काममा लाग्ने उत्प्रेरणा दिनको लागि पनि फाउण्डेशनमा नेता तथा कार्यकर्तालाई समावेश गर्ने काम हुँदै गएको हो। त्यसकारण जिल्लादेखि गाउँ तहमा पनि संस्था बनाउन सहमति दिइएको हो। तर, आर्थिक रूपमा भने सहयोग गरेको होइन। जहाँबाट पनि पैसा माग्न ढोका खोलिएन। सदस्यहरूमा विचारको स्पष्टता खोजियो, तर सहभागिताको दायरा पार्टी र विचारमा सीमित गरिएन। नेपाली काङ्ग्रेस, नेकपा माओवादीका नेतालाई पनि कार्यक्रममा आमन्त्रण गरेर विचार बहस गर्न थालियो। शिक्षा, खेलकुद, कला, संस्कृति, साहित्यको क्षेत्रमा काम विस्तार गरियो। बौद्धिक बहसका लागि बौद्धिक मञ्च नै गठन गरेर फराकिलो दायरामा फाउन्डेशन लगियो। स्वयंसेवी काम भएको कारण अन्य कामबाट समय निकालेर मदनको नाममा काम गर्ने अवस्था सिर्जना गरिएको हो।

**वैचारिक रूपमा चाहीँ यसलाई कसरी अघि बढाइयो ?**

नेकपा (एमाले) ले मदनको विचार जनताको बहुदलीय जनवादलाई पहिले 'कार्यक्रम' र पछि 'मार्गदर्शक सिद्धान्त'को रूपमा अङ्गीकार गर्‍यो। सबैले माने। अहिले पनि त्यसलाई अघि बढाइरहेकै छ। यद्यपि पार्टी हो, पार्टीमा भिन्न भिन्न विचारहरू आउन पनि सक्छन्। नेतृत्व फरक हुन सक्छ। मदनको विचार पार्टीले अङ्गीकार नगर्ने अवस्था पनि आउन सक्ला। त्यसो होला भन्ने विश्वास त होइन, तर पनि पार्टीमा जस्तोसुकै अवस्था आउँदा पनि जननेता मदन भण्डारीको विचारलाई मर्न दिने कुरा हुँदैन। जनताको बहुदलीय जनवादलाई मान्ने र मदन भण्डारीलाई आदर्श व्यक्तित्व मान्नेहरू फाउन्डेशनमा अटाउन सक्छन् भन्ने अवधारणा हो। राष्ट्रिय एजेण्डामा छलफल गर्ने निकाय बनाउन खोजिएको हो। आर्थिक विषयमा पनि राष्ट्रिय एजेण्डाका रूपमा छलफल कम भएको छ। सामाजिक विषयभित्र शिक्षा, स्वास्थ्य छन्। राष्ट्रिय स्वाभिमानका विषयमा पनि छलफल गर्न आवश्यक छ। राष्ट्रिय अर्थतन्त्र आत्मनिर्भर हुनुपर्छ। देशको आर्थिक स्वाभिमान उँचो राख्नका लागि पनि मदनका विचारले मद्दत गर्दछ। मदनका विचारले राजनीतिक क्रान्तिसँगै आर्थिक–सामाजिक रूपान्तरणका विषय पनि समेटेका थिए। ती निकै बृहत र व्यापक थिए। यी सबै काम गर्न मदनको नाममा फाउन्डेशन स्थापना गरेर अघि बढाउनुपर्ने आवश्यकता थियो।

**फाउन्डेशनको कार्यक्षेत्र बढ्दै गएको छ। संस्थाका काममा यहाँ प्रत्यक्ष लागिरहनु भएको छ। सन्तुष्टी कतिको भइरहेको छ ? आगामी मार्गचित्रको सन्दर्भमा यहाँको धारणा कस्तो छ ?**

अहिलेसम्मको काम सन्तोषजनक छ। स्वयंसेवी संस्थामा जति साथीहरू आवद्ध हुनुहुन्छ, त्यस हिसाबले काम सन्तोजनक नै छ। जनशक्ति र अन्य स्रोतको हिसाबमा असन्तुष्ट हुने ठाउँ छैन। शैक्षिक संस्थाहरू राम्रोसँग चलिरहेका छन्। विभिन्न राष्ट्रिय पुरस्कार वर्षेनी वितरण भइरहेका छन्। पछिल्लो पटक 'रूपान्तरण पुरस्कार' पनि समावेश गरिएको छ। विभिन्न बौद्धिक तथा अन्य प्रकाशनहरू छन्। मदनको दस्तावेज पुनः प्रकाशन गर्ने र सङ्ग्रह गर्ने काम भएका छन्। मदन भण्डारीसँग सहकार्य गर्नेहरूको अनुभवलाई पनि अभिलेख गर्ने काम भइरहेको छ। नयाँ पुस्ता पनि लागेका छन्। जबजका बारेमा वैचारिक बहस भइरहेको छ। वार्षिक 'जर्नल' प्रकाशन गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा छलफलमा लैजाने काम भएको छ। हरेक काम सहकार्यमा भइरहेका छन्। प्रत्यक्ष रूपमा काम गर्नेदेखि पर बसेर शुभेच्छा राख्ने पनि धेरै हुनुहुन्छ।

अब जनताको बहुदलीय जनवाद र यसका विविध पक्षका बारेमा अन्तर्राष्ट्रिय स्तरमा समेत छलफल होस् भन्ने चाहना छ। विश्व कम्युनिष्ट आन्दोलनलाई नै नयाँ मार्ग दिएको जबज एवं यसभित्रका राजनीतिक, सामाजिक र आर्थिक पक्षका बारेमा अन्तर्राष्ट्रिय स्तरमा बहस हुने हो भने नेपालको पहिचान नयाँ ढङ्गले विश्वका जनताले थाहा पाउने छन्। विभिन्न विश्वविद्यालयहरूमा जबजका बारेमा अध्ययन र मन्थन गर्ने योजना निर्माण गर्ने चाहना छ।

नयाँ पुस्तालाई पनि जबजमा रहेको समृद्ध राष्ट्र निर्माणका अवधारणाका बारेमा जानकारी दिन अब लाग्नु पर्नेछ। मदनको सिद्धान्तलाई मार्गदर्शन मान्ने र आलोचना गर्ने दुवै पक्षमा अझै छलफल आवश्यक छ। कम्युनिष्ट पार्टी नमान्नेले पनि मदनले प्रतिपादन गरेको आर्थिक तथा वैचारिक धारणाका बारेमा छलफल गरेर ग्रहण गर्न सक्दछन्। फाउन्डेशनले यो काम गर्नुपर्छ र त्यता लागिएको छ। विचार मञ्चको रूपमा काम गर्न अब अघि बढ्नु पर्छ।

**जनताको बहुदलीय जनवाद, जो मदन भण्डारीले प्रतिपादन गर्नुभयो। यहाँ मदनको धर्मपत्नी अनि राजनीतिक सहकर्मी पनि भएको नाताले यो विचारको प्रारूप र यसको विकासका बारेमा यहाँको बुझाइ कस्तो रहेको छ ?**

जतिबेला राष्ट्रिय परिस्थिति निरङ्कुश थियो, फरक राजनीतिक विचार राख्न पाइँदैन थियो। राजनीतिक स्वतन्त्रता थिएन। राजनीतिमा पञ्चायत समर्थक मात्र सक्रिय थिए। विश्वको कम्युनिष्ट आन्दोलन पनि संघर्षको अवस्थामा थियो। समाजवादी चिन्तनधारालाई बोक्नेहरू पछि पारिएका थिए। प्रजातन्त्र भएका देशमा पनि पूँजीवादी पार्टी सक्रिय थिए। कम्युनिष्टमाथि एकदलीय तानाशाहीको भाष्य खडा गरिएको थियो। नेपालको सन्दर्भमा, पूँजीवादको वकालत गर्ने नै सर्वसत्तावादी तानाशाही थिए, तर पनि उनीहरूलाई प्रजातान्त्रिक र कम्युनिष्टलाई तानाशाहीको विम्ब प्रयोग गर्ने गरिन्थ्यो। कम्युनिष्ट पार्टीमा पनि समस्या थिए। वैचारिक स्पष्टता थिएन। कम्युनिष्टले पढ्न हुँदैन, बुर्जुवा शिक्षा बहिष्कार गर्नुपर्दछ भन्ने लाइन पनि थियो। नयाँ शिक्षामा आकर्षण नहुँदा सामाजिक विकासलाई अवरोध गर्ने अवस्था थियो। त्यो बेला कम्युनिष्ट पार्टीहरू फुटमा पनि थिए। त्यस्तो अवस्थामा कम्युनिष्ट सत्ता स्थापना गर्न कठिन हुने आँकलन मदनले गर्नुभएको होला भन्ने लाग्छ। पूर्वी युरोपमा कम्युनिष्ट पार्टीको स्थिति पनि देखिएको थियो। विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक स्थितिमा पुग्नुको कारण पनि उहाँले ठोस रूपमा विश्लेषण गर्नुभएको थियो भन्ने लाग्दछ।

सामाजिकदेखि राजनीतिक कुरामा राष्ट्रवादी शक्तिको बिचमा प्रतिस्पर्धा गरेर श्रेष्ठता हासिल गर्नुपर्ने मदनको विचार सुनिन्थ्यो। त्यसलाई विचार गरेर मदनले नयाँ सोच राख्नु भएको हो। कम्युनिष्टहरू निरङ्कुश हुन्छन् भन्ने भाष्यलाई खारेज गर्न पनि मदनले नयाँ पहल खोज्नु भएको पक्कै हो। त्यसको जगमा मदनले नयाँ विचारको सुरुवात गर्नुभएको हो। त्यसपछि नेपालको कम्युनिष्ट आन्दोलन जनताको बहुदलीय जनवादको वरिपरी गोलबन्द भयो।

जबजको विकल्प छैन, नेकपा (एमाले) को लागि जबज वैचारिक शक्ति हो। सत्ता सञ्चालन र राष्ट्रिय मुद्दाका हरेक ठाउँमा जबज सफल भएको देखिन्छ। सशस्त्र युद्धमा लागेकाहरू पनि जबजकै मार्ग पछ्याइरहेका छन्। सत्ताको संचालनमा जबजको आदर्श कायम हुनुपर्छ । जबज नेपाली क्रान्तिको मौलिक कार्यक्रमको रूपमा मदनबाट आएको हो। मार्गदर्शक सिद्धान्तको रूपमा पार्टीले अङ्गीकार गर्‍यो। नेकपा (एमाले) को आठौं महाधिवेशनले मार्गदर्शक सिद्धान्तको रूपमा पारित गरेको हो।

**जतिबेला नेकपा (एमाले) र माओवादी एकता भयो, त्यो बेला जबजका बारेमा मौन बस्ने स्थिति बनेको थियो। अहिले त मार्गदर्शक सिद्धान्त नै छ। नेपाली समाजको रूपान्तरण र समृद्धिको निम्ति**

**जबजको सान्दर्भिकताका बारेमा यहाँका धारणा के हो ?**

नेकपा (एमाले) र माओवादी एकता हुँदा यो विचार स्थगित भएको मैले पनि सुनेँ। त्यसपछि मैले सामान्य चासो राखेको पनि हो। किनभने मदनको विचारबाटै पछि हटेर देशको बिकास हुन सक्दैन भन्ने मेरो भनाइ हो। त्यसलाई महाधिवेशनमा छलफल गरेर टुङ्गो लगाउने सहमति भएको जानकारी मैले पाएको थिएँ। माओवादी पक्षलाई मनाउन केही समय स्थगित गरेको भन्ने तत्कालीन एमाले पक्षका नेताहरूको भनाइ थियो। मदनको विचार मान्ने समूह ठूलो छ, मदनको विचारलाई महाधिवेशनले पक्कै अनुमोदन गर्छ भन्ने बुझाइमा एमालेका नेताहरू हुनुहुन्थ्यो। अहिले नेकपा (एमाले) पार्टी जबजको मार्गदर्शक सिद्धान्तमै छ। यसको कार्यान्वयन र समाजवादी यात्राको सन्दर्भमा पार्टीमा महत्वपूर्ण छलफल आवश्यक छ।

संविधानमा समाजवादउन्मुख भनिएको छ। अब समाजवादको चरणमा कसरी जाने भन्ने स्पष्ट व्याख्या छैन। संविधानमा समाजवाद लेखे पनि नेकपा (एमाले), नेपाली काङ्ग्रेस र माओवादीले कसरी कार्यान्वयन गर्छन् भन्ने हो। पार्टीहरूको धारणा फरक हुन सक्छ। समाजवादको बारेमा पार्टीहरूका आ–आफ्नै बुझाइ रहेका छन्। यो एजेण्डामा बृहत छलफल गरेर साझा परिभाषा गर्न सकिने हो कि होइन ? यसमा समान धारणा हुनु पर्छ भनेर म पहिलो पटक राष्ट्रपति भएको बेला चासो राखेकी थिएँ। मैले तत्कालीन नेकपाका नेताहरूलाई बोलाएर हाम्रो समाजवादउन्मुख अर्थव्यवस्था कस्तो हुनुपर्छ ? भन्ने जिज्ञासा पनि राखेको थिएँ। उहाँहरूको ध्यानकर्षण पनि भयो। अब छलफल गर्छौं भन्नुभएको थियो। नेपाली काङ्ग्रेसका केही नेताहरूलाई पनि यही प्रश्न मैले राखेकी थिएँ। उहाँहरूले पक्कै छलफल गर्नुहोला भन्ने मेरो विश्वास छ। तर, यस्तै छलफल गर्दा विद्याले दलीय राजनीतिमा चासो राखिन् भन्ने प्रचार गरियो। मैले राष्ट्रिय अर्थतन्त्र सुदृढ बनाउन चासो राखेको हो।

नेकपा (एमाले) को नेतृत्वमा बनेको सरकारले अगाडि सारेको 'समृद्ध नेपाल सुखी नेपाली'को लक्ष्य सही भएको मेरो विश्लेषण थियो। समाजवादको आधारमा यो प्राप्त हुन्छ भन्ने सबैको बुझाइ हुनुपर्ने मेरो तर्क थियो। यसलाई सर्वग्राह्य तुल्याउन आवश्यक हुन्छ भनेको थिएँ। यसलाई सर्वग्राह्य तुल्याउन हाम्रो पूर्वीय दर्शन र शास्त्रहरूको पनि सहयोग हुनेछ भनेको थिएँ। किनभने नेपाली काङ्ग्रेसले 'समृद्ध नेपाल सुखी नेपाली' यो एमालेको मात्र विषय हो भनेर पन्छिन खोज्नु हुँदैन भनेर वैदिक शास्त्रको साथ लिन अनुरोध गरेकी थिएँ। 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः' को प्रसङ्ग खोजेर 'समृद्ध नेपाल सुखी नेपाली'को प्रसङ्ग मिलेको यथार्थ हेर्न अनुरोध गरेको थिएँ। कर प्रणाली, वैदेशिक लगानी, ऋण, व्याजको विषय समस्याका रूपमा आएका छन्। आर्थिक विकासको मोडल कस्तो हुने भन्ने कुरा जबजमा नै उल्लेख छ नि। नयाँ विषयको बहस नै अहिले आवश्यक छैन भन्ने हो। यसको विकल्प खोज्न आवश्यकै छैन। भएको विचारलाई कार्यान्वयन गर्न लाग्ने हो भने हामी सम्पन्न हुन्छौं। समग्र राष्ट्रलाई केन्द्रित गरेर समाजवादको परिकल्पना गरेको छ। जबजले समाजवादमा जान कहाँ रोकेको छ र ? अध्ययन गरेर अघि बढौं न सबै कुरा यहीँ छ नि ! राष्ट्रिय उत्पादनलाई बजारीकरण गर्न नदिने अनि बाहिरका सामान आयातको बाटो खोल्ने, अनि कसरी हुन्छ देश विकास ? जबजले भनेको होइन, राष्ट्रिय पूँजीको संरक्षण गरौं भनेर ? राष्ट्रिय पूँजीको संरक्षण गर्न पर्‍यो नि ! नेपाली समाजको रुपान्तरण र समृद्धिको यो आधारलाई छोड्नु हुँदैन भन्ने मेरो धारणा हो।

**अहिलेको अवस्थामा राजनीतिक स्थिरता र विकासमा जबजको आवश्यकता कत्तिको देख्नुहुन्छ ?**

राजनीतिक स्थायित्व र विकासको निम्ति जबजको अन्तर्य बुझ्न आवश्यक छ। त्यहाँ सबै विषय छन्। जबजले परिकल्पना गरेअनुसार काम नगरेपछि समस्या हुने नै भयो। सरकार निर्माण र सञ्चालनमा समस्या

आउनुमा निर्वाचन प्रणाली दोषी छ भनेर धेरै प्रतिक्रिया सुनिन्छ। त्यसो त निर्वाचन प्रणालीमा खोट हो भने संविधान निर्माणमा पनि समस्या भएको होला। जबजको सिद्धान्तलाई बाहिर राखेर संविधान निर्माणको काम भएको कारण यो समस्या आएको हो भन्ने कोणबाट पनि विचार विमर्श गर्न आवश्यक देखियो।

जबजका मार्गदर्शनलाई पल्टाएर काम गर्न सकिएको भए राजनीतिक स्थायित्व पक्कै हुन्थ्यो। तर, सो अनुरूप भएन। नेकपा (एमाले) ले मार्गदर्शक सिद्धान्त मानेको जबज पूर्ण रूपमा लागू गर्न नदिइएको कारण समस्या आएको हो। त्यसको उदाहरण त हाम्रो सामु छर्लङ्ग छ नि ! जबजका प्रणेतामाथि नै प्रहार भयो। मदनको हत्या भयो। यसको प्रमुख अभियानकर्ता भएका कारण उहाँमाथि प्रहार भयो। त्यो क्षति भयो। नेकपा (एमाले) सिध्याउने योजनामा त्यो हत्या भएको हो। त्यसपछि नेकपा (एमाले) माथि पनि पटक पटक प्रहार भएको छ।

**अन्त्यमा, यहाँलाई केही व्यक्तिगत, केही सार्वजनिक चर्चाको सन्दर्भमा जिज्ञासा राख्न चाहन्छौं। यहाँ विगतमा नेकपा (एमाले) को नेतृत्वमा रहनुभयो। दुईपटक राष्ट्र प्रमुखको भूमिकामा रहेर महत्वपूर्ण योगदान गर्नुभयो। पहिलो महिला राष्ट्रपतिको इतिहासको रचना पनि गर्नुभयो। अहिले अवकाशपछिको दैनिक दिनचर्या कस्तो छ ? अनि यहाँको भावी योजना के छ ?**

अहिले म सामान्य नागरिकको भूमिकामा नै छु। दिनचर्या पनि सामान्य प्रकारले चलिरहेको छ। कहिलेकाहीँ साथीहरूले कार्यक्रममा बोलाउनु हुन्छ। कार्यक्रमको प्रकृति हेरेर भाग लिन्छु। दलगत सक्रियताको बारेमा अहिले खासै धारणा बनाएको छैन। तर मलाई नेकपा (एमाले) को नेताकै रूपमा सबैले हेर्छन्। हिजो पनि र आज पनि एमालेकै रूपमा मेरो विश्लेषण भइरहेको छ। म पदीय जिम्मेवारीमा रहँदा मैले पदीय मर्यादा अनुरुप नै भूमिका निर्वाह गरेँ। सुरुमा वातावरण मन्त्री भएँ, त्यही रूपमा मेरो काम भयो। त्यसपछि रक्षामन्त्री हुँदा पनि देश र जनतालाई शीरमा राखेर काम गरेँ। राष्ट्रपति हुँदा पनि सोहीअनुरूप भूमिका निर्वाह गरेँ।

मदन भण्डारीसँगको वैवाहिक सम्बन्धदेखि एमालेको उपाध्यक्षसम्म भएका कारण पनि सो पार्टीसँग जोडेर हेर्नु खासै नौलो कुरा होइन भन्ने लाग्छ। नेकपा (एमाले) भित्र पनि धेरैले अभिभावककै रूपमा लिनुहुन्छ। बेलाबेला दुःखसुखका कुरा गर्न आउनुहुन्छ। सकेको समाधानको उपाय पनि खोज्ने गरेको छु। देश तथा विदेशमा सबैले एमाले भनेर चिन्छन्। यसरी चिनेकोमा पनि रमाइलै लाग्छ। आफूले सकेको योगदान गर्दै जाने हो। कुनै पद वा जिम्मेवारी विशेषका लागि योजना बनाएर हिड्ने मेरो स्वभाव पनि होइन, विगत पनि त्यस्तो छैन। राष्ट्रिय हित, राष्ट्रको सुरक्षा र समग्र विकासमा नै सम्पूर्ण समय लगाउने मेरो विचार हो।



अग्रलेख

# मदन भण्डारीलाई सम्झनुको अर्थ



**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा (एमाले)

आज उहाँलाई सम्झनुको सार्थकता बलियो राष्ट्रिय शक्ति निर्माण र राष्ट्रका अभिभाराको पूर्णतासँग गाँसिएको छ। ४१ वर्षको उमेरमा उहाँको षडयन्त्रपूर्ण हत्या भयो। अहिलेसम्म बाँचेको भए उहाँको उमेर ७२ हुन्थ्यो। हामीसँग उहाँ जीवित नहुँदा पनि उहाँको दूरदृष्टिको सहायता हामीसँग छ। अन्तर्राष्ट्रिय रुपमा संकट आउँदा पनि मदन भण्डारीजस्ता नेताको अगुवाइमा निर्मित वैचारिक दृष्टिकोणका कारण हाम्रो पार्टीले घुँडा टेकेन। नाकाबन्दी हुँदा हामीले औषधिको अभाव, खानाको अभाव, पेट्रोलियम पदार्थको अभाव खेप्यौं। भोकले तड्पिनु पर्दा पनि नेपालले घुँडा टेक्न मानेन। त्यसबेला म प्रधानमन्त्री थिएँ। मदनको त्यही वैचारिक आलोकमा हामीले राष्ट्रिय स्वाधीनताको मूल्यलाई बचाएका थियौं।

आज असार १४ गते जननेता मदन भण्डारीको जन्मदिन। उहाँजस्ता युगद्रष्टा नेताको सम्झना, एउटा तिथि विशेषको औपचारिक क्रियाकलाप होइन। उहाँको नेतृत्वमा प्रतिपादित जनताको बहुदलीय जनवादले हामीलाई, हाम्रो पार्टीलाई र हाम्रा समग्र क्रियाकलापलाई मार्गनिर्देश गर्ने भएकाले मदनको सम्झना एउटा तिथि विशेषको सम्झना होइन। अझ राजनीतिमा जटिल निर्णय गर्नु पर्दा उहाँको अझ धेरै सम्झना आउँछ। उहाँको सम्झनाका लागि जन्मजयन्ती मात्रै कुर्नु पर्दैन। हामीले गरेका र गर्ने हरेक निर्णयमा मदन भण्डारी र उहाँको सिद्धान्त आउँछ। तसर्थ नेपाली क्रान्तिको मौलिक सिद्धान्त जनताको बहुदलीय जनवादका प्रणेता जननेता मदन भण्डारी एउटा तिथि विशेषको मात्रै स्मृतिपात्र हुनुहुन्न। उहाँ हाम्रा, सिद्धान्त, नीति र व्यवहारमा अनुशरण गर्नु पर्ने आदर्शपात्र हुनुहुन्छ।

रहस्यमय दुर्घटनामा उहाँको निधनपछि हामी शोकमा डुब्यौं। आन्दोलनको भविष्यमाथि अनिश्चय र विस्मयका बादलहरू मडारिन थाले। उहाँको निधनबाट उत्पन्न शोकलाई हामीले शक्तिमा बदलेर अगाडि बढ्नु पर्ने स्थिति थियो। उहाँको अनुपस्थितिमा पनि हामीले हाम्रा युगीन उद्देश्यहरूलाई सार्थक बनाउनु पर्ने थियो, सफल बनाउनु पर्ने थियो र तिनीहरूलाई हासिल गर्नु पर्ने थियो। हामी

आँशु पुछ्दै आन्दोलनलाई अझ सुदृढ, अझ सक्रिय र अझ गतिशील बनाउने काममा लाग्यौं ।

२०५० साल जेठ ३ गतेको त्यस त्रासद्, रहस्यमय र षडयन्त्रपूर्ण दुर्घटनापछि मदन भण्डारी हामीसँग भौतिक रुपमा हुनुहुन्थेन । हामीसँग उहाँले प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद थियो । हामीलाई मार्गदर्शन गर्ने मार्क्सवादी दर्शन, मार्क्सवादी–लेनिनवादी संगठनात्मक सिद्धान्त थियो । जननेता मदन भण्डारीको अनुपस्थितिमा जनताको बहुदलीय जनवादले हाम्रो आन्दोलनलाई निर्देशित गऱ्यो । आज, मदन भण्डारीलाई सम्झनुको अर्थ हाम्रो त्यही मार्गदर्शनलाई चिन्नु हो र त्यस सिद्धान्तले गरेका अठोटहरूलाई पूरा गर्नु हो ।

आज पनि हामी वर्ग संघर्षको मैदानमा छौं । यो भिन्नभिन्न गन्तव्यहरू र विचारहरूका बीचको लडाइँ हो । यो कस्तो समाज सिर्जना गर्नेभन्ने चिन्तनहरूका बीचको लडाइँ हो । समतामूलक समृद्ध समाज कि आंशिक रुपमा सम्पन्न समाज ! हामी त्यस लडाइँमा छौं ।

हरेक राजनीतिक विचारले सम्पन्नतालाई स्वीकार गर्छ । तर, आंशिक सम्पन्नता कि समग्र सम्पन्नता भन्ने कुराले हामी र हाम्रा प्रतिस्पर्धी बीचको भेद देखाउँछ । पूँजीवादले आंशिक सम्पन्नताको कुरा गर्छ, देशको आम्दानी धेरै हुनुपऱ्यो भन्छ । तर, त्यो अधिकांश आम्दानी सानो हिस्साको हातमा राख्न खोज्छ । समाजवादले राष्ट्रको समृद्धि भन्छ । मानव समाजको समृद्धि भन्छ र त्यो समृद्धि सबैको सुखका लागि, सबैको उपभोगका लागि भन्छ । सामाजिक न्याय र समानता सैद्धान्तिक तवरमा होइन, व्यावहारिक तवरमा प्राप्त हुनुपर्छ भन्छ । मानव समाजमा अधिकार, अवसर, सुरक्षा, सम्मान र समानतामा समान पहुँच आवश्यक छ । यो समाजवादको ध्येय हो ।

पूँजीवादले आफ्नो ध्यान पूँजीमा केन्द्रित गर्छ । समाजवादले मान्छे वा समाजलाई ध्यान दिन्छ । समाज मान्छेबाट बन्छ । सर्वोच्च मानवतावाद नै समाजवाद हो । समाजवादमा वास्तविक मानवता हुन्छ । एउटा निश्चित वर्गमा सीमित सुख होइन, सबैका लागि सुख समाजवादको वैचारिक प्राण हो । आज हामीले गरिरहेको लडाइँ यसैका लागि हो । मदन भण्डारीले त्यही लडाइँको मार्गदर्शन गर्नु भएको हो र हाम्रो राजनीतिक यात्रा त्यही बाटोमा छ ।

नेपालमा दुई प्रकारका शक्ति छन् । एउटा– देशको हितको पक्षमा उभिएर लड्ने राष्ट्रिय शक्ति । अर्को– आफ्नो शासन र स्वार्थमा केन्द्रित भएर निजी स्वार्थ प्राप्त गर्ने शक्ति । आफ्नो स्वार्थ पूरा गर्ने त्यस्तो शक्तिले राष्ट्रिय हित र व्यापक जनहितलाई ध्यान दिंदैन । अहिले पनि यस्ता प्रवृत्तिहरू कायम छन् । नेकपाले सदैव राष्ट्रिय शक्तिको रुपमा भूमिका खेल्दै आयो । नेकपाको स्थापनादेखि नै यसले राष्ट्रिय शक्तिलाई सुदृढ गर्दै जनहितलाई अगाडि लैजाने नीति लियो । यस उद्देश्यलाई प्राप्त गर्न पार्टीले अझ व्यवस्थित संगठन बनाउन र ती विचारमा आमजनतालाई संगठित गर्दै आयो । यही संघर्षको क्रममा २०५० साल जेठ ३ गते त्यो भयानक दुर्घटना आइलाग्यो । संघर्षको जुन मैदानमा हामीले जननेता मदन भण्डारीलाई गुमायौं, आज पनि हामी त्यही संघर्षको मैदानमै छौं, गन्तव्य यथावत छ– देशको समृद्धि, जनताको सुख ।

नेपालको समृद्धि र नेपालीको सुखको लागि हामी मिसन तोकेर काम गरिरहेका छौं । अहिले हामीले मिसन ८४ भनेका छौं र २०८४ मा हुने निर्वाचनलाई केन्द्रमा राखेर काम गरिरहेका छौं । नेपालको राजनीतिमा त्यस मितिले एउटा टर्निङ प्वाइन्टको रुपमा, इतिहासको एउटा मोडको रुपमा अर्थ राख्नु पर्ने छ । नेपालको राजनीतिले एउटा नयाँ मोड लिनु पर्ने छ । त्यो मोड प्रतिगामी मोड होइन, अग्रगामी मोड हुनेछ । त्यो मोड राष्ट्रिय शक्तिलाई निर्णायक तहमा विकास गर्ने मोड हुने छ । त्यस निर्णायक शक्तिले देशको राष्ट्रियता, स्वाधीनता, भौगोलिक अखण्डता र राष्ट्रिय हितहरूको रक्षा र सम्वर्द्धन गर्ने छ । त्यसले देशमा सुशासन कायम गर्ने छ र विकासको एउटा नयाँ तीव्र अभियान सञ्चालन गर्ने छ । त्यसले सामाजिक न्याय र समानताका क्षेत्रमा असाधारण र उल्लेखनीय काम गर्ने छ । समाज कल्याण, मानवतावाद, लोककल्याणकारी राज्य निर्माणको काम गर्ने छ । नेपालबाट गरिवी अन्त्य गर्ने छ । हाम्रो लडाइँ यसमा केन्द्रित छ, र हामीलाई यो बाटो जनताको बहुदलीय जनवादले देखाएको हो ।

हाम्रो देश यस्तो जीवनमय देश छ, यहाँ सही ढंगले सामाजिक व्यवस्थापन गर्ने हो भने मानवोचित जीवन बाँच्नका लागि कसैले कठीनाइ बेहोर्नु पर्दैन। तर, यहाँ शासकीय स्वार्थ र अव्यवस्थाका कारण जनताले कठीनाइ बेहोर्नु परेको छ। विकासको सही योजना र कार्यान्वयनको सही प्रतिबद्धता हुन नसक्दा यो देश गरिब भएको हो। यस कुराको अन्त्य गर्न र विकास अभियानलाई अघि बढाउन सुदृढ राष्ट्रिय शक्ति आवश्यक पर्छ। हामी त्यस्तो राष्ट्रिय शक्ति निर्माणको ऐतिहासिक मोडका रुपमा २०८४ साललाई दर्ज गर्न चाहन्छौं। त्यस्तो राष्ट्रिय शक्ति, जसका निर्णयहरू, कदमहरू र अभियानहरूलाई कसैले व्यवधान पुऱ्याउन नसकोस्। हामीले समृद्ध नेपाल, सुखी नेपालीको यात्रालाई सफलतापूर्वक अगाडि बढाउन सकौं।

मदन भण्डारीलाई सम्झनुको अर्थ, हाम्रा गुरुहरू र हाम्रा शहीदहरूलाई सम्झनुको सार्थकता हामीले जनताको बहुदलीय जनवादमा पाउने छौं। जनताको बहुदलीय जनवादलाई सबैभन्दा सरल भाषामा बुझाउँदा हामी भन्छौं– समृद्ध नेपाल, सुखी नेपाली। जनताको बहुदलीय जनवादले विभिन्न चरणको कुरा गरेको छ। हामीले त्यसको पछिल्लो चरणलाई समृद्ध नेपाल, सुखी नेपाली भनेका छौं। पहिलो– आन्दोलन र परिवर्तनका उपलब्धिहरूलाई संस्थागत र सुदृढ गर्ने चरण। दोस्रो– राष्ट्रिय शक्तिलाई निर्णायक तहमा पुऱ्याउने चरण। तेस्रो– त्यो राष्ट्रिय शक्तिको सामर्थ्यमा सुशासन र विकासको एउटा नमूना देशको रुपमा नेपाललाई अगाडि बढाउने चरण। र, चौथो– समृद्ध नेपाल, सुखी नेपालीको अवस्था हासिल भएको चरण। हामी त्यस कुराका लागि संघर्ष गरिरहेका छौं। हामीले भनेको मिसन ८४ यही उद्देश्य प्राप्तिका लागि हो। यस कुरामा पार्टी कृत संकल्पित छ।

यस उद्देश्यमा सफलता पाउनका लागि अब हामीसँग खेर फाल्ने समय छैन। हामी सन् २०२४ मा पुगिसक्यौं। यो एक्काइसौं शताब्दी हो। दुनियाँ कहाँ कहाँ पुगिसक्यो, हाम्रोमा गरिवी अहिले पनि छ। निकै ठूलो जनसंख्या निरपेक्ष गरिवीको रेखामुनी छ, खानलगाउन नपाउने अवस्थमा छ। सारा विकासका कामहरू फिक्का छन् र मान्छे अझै भोकमरीको शिकार भएका छन्। मान्छेले जायज आकाङ्क्षा पूरा गर्न सकेका छैनन् र तड्पिनु परेको छ। आजको २१ औं शताब्दीको सभ्य र विकसित समाजका लागि यी अत्यन्तै अशोभनीय र कलंकित कुराहरू हुन्। आज पनि दुनियाँमा आफ्ना स्वार्थ, जिद्दी र अहंकारका लागि युद्ध थोपर्ने, मानव जातिको नृशंस हत्या हुने, निर्दोष बालबालिकाको हत्या हुने, बिरामी र घाइतेहरूको हत्या हुने अवस्था छ। बमले, गोलीले, रकेट र मिसाइलले बिरामी छुट्याउँदैन, उमेर छुट्याउँदैन। त्यसले आम निर्दोष मानिसहरूको हत्या गर्छ।

आजको विश्वमा जहाँ 'मास डिस्ट्रक्सन'का हतियारहरू अत्यन्त ठूलो संख्यामा छन् र तिनको सजिलो पहुँच र प्रयोग भइरहेको छ। त्यसले निर्दोष मानिसहरूको ज्यान लिएको छ। जस्तो हामी इजरायल–हमास, इजरायल–प्यालेस्टाइन देखिराखेका छौं। प्यालेसटाइनले आज जे भोगिरहेको छ, त्यहाँ युद्धका निम्ति तयार भएका सेनाको होइन, कोक्रामा खेलिरहेका निर्दोष बालबालिकाको ज्यान गएको छ। यस्तो हिंसाका कारणहरू अन्त्य गर्नका लागि पनि हाम्रो तर्फबाट हामीले यथासक्य कोसिस गर्छौं, गर्नु पर्छ।

हामी हाम्रा छिमेक सम्बन्धहरूलाई यथार्थमा आधारित छिमेक सम्बन्धका रुपमा विकास गर्न चाहन्छौं। पारस्परिक, लाभ, सम्मान, समानता, एकअर्काप्रति विश्वासको वातावरण भएको सम्बन्ध बनाउन चाहन्छौं। एउटाले अन्याय र थिचोमिचो सहिरहनु पर्ने, तर बोल्न चाहिँ नहुने खालको सम्बन्ध होइन। अन्याय गर्न नपाइने, अन्याय भोग्नु नपर्ने, न्यायप्रति आस्वस्त हुन सकिने, छिमेकीले छिमेकीको सम्बन्धमा कुभलो नचिताउने, भलो चिताउने सम्बन्ध हामी चाहन्छौं। हामी हाम्रोतर्फबाट त्यसैगरी चल्छौं, त्यसैगरी योगदान गर्न तयार छौं।

हामी छिमेकीहरूको सन्दर्भमा असल छिमेक सम्बन्धको पक्षमा छौं। अन्तर्राष्ट्रिय सम्बन्धमा असल, न्यायपूर्ण, सहअस्तित्व, सहविकास र उपलब्धिहरूमा साझेदारीको न्यायोचित विश्वको पक्षमा हामी छौं। हामी न्यायोचित, समतामूलक र शान्तिपूर्ण विश्व व्यवस्थाको पक्षमा छौं। समृद्ध विश्व र सुखी मानव जातिको पक्षमा छांै। यी कुरा हामीले आज मात्रै आविष्कार गरेका होइन, हाम्रो संस्कृतिले अपनाएका कुराहरू हुन्। विश्व शान्ति,

आकाश शान्ति, जल शान्ति, पृथ्वी शान्ति, वायु शान्ति हाम्रा पुर्खाहरूले भने। सर्वेभवन्तु सुखिनः हाम्रा पूर्खाहरूले भने। हामी यी कुराहरूलाई हाम्रो देश र यस विश्वमा स्थापित गर्न चाहन्छौं। जननेता मदन भण्डारीले यस्तै सपनाहरू देख्नु भएको थियो।

आम मानिसको कल्याण र देशको हित गर्ने हाम्रो यस आन्दोलनलाई सिध्याउने अनेक प्रयास भए। यसका वावजुद हामी सर्वाधिक लोकप्रिय राष्ट्रिय शक्तिका रुपमा खडा छौं। एमालेलाई सिध्याउने, राष्ट्रिय शक्तिलाई ध्वस्त बनाउने सबै खेल, प्रयास र प्रपञ्चलाई हामीले असफल बनाएका छौं। आन्दोलनलाई फेरि उठाएका छौं र सबैभन्दा लोकप्रिय स्थितिमा पुऱ्याएका छौं। अब एउटा अवस्था बनिसकेको छ र प्रमाणित भइसकेको छ– बाहिर र भित्रबाट हामीलाई हमला गर्ने विभिन्न प्रकारका विरोधीहरू छन्। तिनीहरू लगभग दुई तिहाइको स्थितिमा पुगेको हाम्रो शक्ति र सामर्थ्यलाई कसरी सिध्याउन सकिन्छ भनेर लागे। यस आन्दोलनलाई नै समाप्त पार्ने दुष्प्रयासमा लागे। कम्युनिष्ट पार्टीको दुई तिहाईको सरकार ढालेर, दक्षिणपन्थीको साथ लिएर र उसका विभिन्न अवयवहरूलाई सञ्चालन गरेर सत्ता स्वार्थमा केन्द्रित दक्षिणपन्थी शक्तिहरूको सरकार बनाइदिने यस काममा सबै आवरणका मुखुण्डाहरू देखा परे। यस क्रममा उनीहरूको मुखुण्डोभित्र लुकाएको चेहरा देखियो। हामी उनीहरूको चक्रब्यूहलाई तोडेर हाम्रो आन्दोलनको रक्षा गर्न सफल भयौं।

हामीलाई सिध्याउन बनाइएको चक्रब्यूह तोडेर हामी अगाडि आएका हौं। हाम्रा विरुद्ध एकपछि अर्को पासो थापियो। हाम्रा विरुद्ध एकपछि अर्को हमला गरियो। एकपछि अर्को मोर्चाबन्दी गरियो। तर ती सबै मोर्चाबन्दीहरूलाई हामीले पराजित गरेका छौं। अब हामी दिगो र सुदृढ विजयको दिशामा अगाडि बढ्नु पर्छ। अहिले पार्टी यही सुदृढ विजयको तयारीमा अगाडि बढिरहेको छ।


यस देशलाई हाम्रा पूर्खाले बनाए, हाम्रो राष्ट्रियता बचाए। उनीहरूले लडेर देश बनाए, लडेर देश बचाए। यसका लागि हामीले हाम्रा पूर्खालाई धन्यवाद दिनु पर्छ। आज देश बचाउन हामीले लड्नु पर्दैन, अडिए पुग्छ। हामी राष्ट्रियताको पक्षमा, राष्ट्रको अस्तित्वको पक्षमा, देशको भौगोलिक अखण्डताको पक्षमा, देशको सार्वभौमसत्ताको पक्षमा, यसका हितहरूको पक्षमा अडिन्छौं र स्वाभिमानको गीत गाउँछौ। यस देशमा नेकपा (एमाले) छ। नेकपा (एमाले) को काँधमा ती अभिभारा छन्। ती अभिभाराको साथमा नेकपा (एमाले) अगाडि बढिरहेको छ। नेकपा (एमाले) ले जनताको बहुदलीय जनवादको मार्गदर्शनमा यी अभिभाराहरू पूरा गर्छ।

जननेता मदन भण्डारीका योगदानको चर्चा गर्दा उहाँको नेतृत्वमा प्रतिपादित सिद्धान्त र त्यसले हामीलाई गरेको मार्गदर्शनबारे मैले संक्षिप्तमा उल्लेख गरें। आज उहाँलाई सम्झनुको सार्थकता बलियो राष्ट्रिय शक्ति निर्माण र राष्ट्रका अभिभाराको पूर्णतासँग गाँसिएको छ। ४१ वर्षको उमेरमा उहाँको षडयन्त्रपूर्ण हत्या भयो। अहिलेसम्म बाँचेको भए उहाँको उमेर ७२ हुन्थ्यो। हामीसँग उहाँ जीवित नहुँदा पनि उहाँको दूरदृष्टिको सहायता हामीसँग छ। अन्तर्राष्ट्रिय रुपमा संकट आउँदा पनि मदन भण्डारीजस्ता नेताको अगुवाइमा निर्मित वैचारिक दृष्टिकोणका कारण हाम्रो पार्टीले घुँडा टेकेन। नाकाबन्दी हुँदा हामीले औषधिको अभाव, खानाको अभाव, पेट्रोलियम पदार्थको अभाव खेप्यौं। भोकले तड्पिनु पर्दा पनि नेपालले घुँडा टेक्न मानेन। त्यसबेला म प्रधानमन्त्री थिएँ। मदनको त्यही वैचारिक आलोकमा हामीले राष्ट्रिय स्वाधीनताको मूल्यलाई बचाएका थियौं।

हामी हाम्रा महान् पूर्खाहरूका आर्दशबाट, शहीदका बलिदानबाट निर्देशित, प्रेरित छौं। मदन भण्डारीजस्ता अग्रजहरूका स्पष्ट भिजिनरी स्ट्याण्डबाट प्रशिक्षित छौं। यसै कारण हामी सुदृढ ढंगले अगाडि बढिरहेका छौं। आज उहाँको जन्मजयन्तीमा म संकल्पको श्रद्धासुमन र प्रतिबद्धताको श्रद्धासुमन अर्पण गर्दछु। हामीले अब सानातिना कुरामा नअल्झिई मिसन ०८४ सफल बनाउनु छ। हामी त्यसलाई सफल बनाएर छोड्ने छौं। पार्टीले लिएका सही विचारहरू र पार्टीले लिएको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्यलाई हामी सबैले आफ्नो गन्तव्य बनाउने अठोट गर्नु पर्ने छ। मदन भण्डारीलाई सम्झनुको सार्थकता हाम्रो त्यही सामूहिक अठोटको सफलतासँग गाँसिएको छ।

**विचार**

# जनताको बहुदलीय जनवादको राजनीतिक विकास





**शंकर पोखरेल**
महासचिव, नेकपा (एमाले)

समाजवाद उन्मुख शासन व्यवस्थालाई संविधानले अवलम्बन गर्‍यो। यस्तो तरिकाबाट पनि समाजवादमा जान सकिन्छ भन्ने विषय संविधानको प्रस्तावनामै समाजवादको विषय उल्लेख भएबाट देखिन आयो। तर, हामीले अवलम्बन गरिने हाम्रो राजनीतिक कार्यदिशा समाजवादी हो कि समाजवाद उन्मुख हो भन्ने कुराका सन्दर्भमा स्पष्ट हुनुपर्छ। अहिले हामीले अवलम्बन गर्ने राजनीतिक कार्यदिशा समाजवाद हैन समाजवाद उन्मुख हो। लक्ष्य समाजवाद हो। राजनीतिक कार्यदिशा चाहीँ समाजवाद उन्मुख हो। त्यो समाजवाद उन्मुख क्रान्ति कार्यदिशालाई हामीले जनवादी व्यवस्थाको सुदृढिकरण भनेका छौं। जुन कुरा जननेता मदन भण्डारीले तीन चरणमा जबजमा चित्रण गर्नुभएको छ। नेकपाकालमा जनताको जनवाद भनिरहँदा जनताको बहुदलीय जनवादले क्रान्ति पछाडि तीन तहको जे कुराको विवेचना गरेको छ, त्यसलाई नै सूत्रबद्ध गर्ने काम गरिएको हो भन्न सकिन्छ।

तत्कालीन महासचिव मदन भण्डारीले पार्टीको पाँचौं महाधिवेशनमा जनताको बहुदलीय जनवाद (जबज) को कार्यक्रम प्रस्तुत गर्नुभयो। यो महाधिवेशनवाट अत्यधिक बहुमतले पारित भयो। पार्टीले सुरुमा नेपाली क्रान्तिको मौलिक कार्यक्रमको रुपमा यसलाई आत्मसात गर्‍यो। यो कार्यक्रमको पृष्ठभूमि, यसले आत्मसात गरेका नीति तथा कार्यक्रम, विचार र मार्गदर्शक सिद्धान्तको रुपमा यसको विकासका विविध चरण छन्। यसमाथि थुप्रै जिज्ञासा र प्रश्नहरू पनि छन्। पार्टीको नवौँ राष्ट्रिय महाधिवेशनको दस्तावेजमा जबजको दुई दशकको अनुभव र अभ्यासका आधारमा ती प्रश्नहरूको उत्तर दिने प्रयास गरिएको छ। यो सिलसिला दशौं महाधिवेशन र तत्पश्चात पनि जारी छ। अहिले पार्टीको मार्गदर्शक सिद्धान्त रहेको जबज सैद्धान्तिक–वैचारिक मात्र होइन, पार्टी जीवनमा पनि अनेक संक्रमणका चरणहरू पार गर्दै यहाँसम्म आइपुगेको हो।

राजनीतिक सन्दर्भमा सिद्धान्त र कार्यक्रम अन्तरनिहित हुन्छन् । त्यस अर्थमा जननेता मदन भण्डारीले कार्यक्रम दिनुभयो, अब अर्को कुनै नेताले सिद्धान्त बनाउन बाँकी छ भन्ने जे व्याख्या विवेचना हुने गर्छ, त्यो गलत कुरा हो। कुनै पनि विचारसँग स्वाभाविक रुपमा सैद्धान्तिक महत्वका अवधारणाहरू व्यवहारमा लागू गर्ने क्रममा स्वतः स्थापित हुन्छन्। जनताको बहुदलीय जनवादलाई सिद्धान्तका रुपमा स्थापित गर्ने प्रकृयाको सन्दर्भमा पार्टीभित्रको बहसको कुरा गर्दा सबैभन्दा पहिलो पटक म आफैँले २०५० सालमा यो कार्यक्रम मात्र होइन, यो सिद्धान्त हो भनेर कार्यपत्र प्रस्तुत गरेको थिएँ। तर त्यतिबेला धेरै नेताहरूले आलोचना गर्नुभयो। यो गलत प्रस्तावलाई अगाडि सार्ने काम भयो भन्ने भयो। अन्तरसंघर्षद्वारा पनि कहिलेकाहीँ मान्यता स्थापित गर्न सजिलो हुँदोरहेछ भन्ने कुरा पार्टीको छैठौँ महाधिवेशनमा आइपुग्दा स्थापित भयो।

छैठौँ महाधिवेशनको तयारी गर्ने क्रममा हात्तीवनमा हामी आवासीय छलफलमा थियौं। माधव नेपाल, केपी ओली, विद्या भण्डारी प्रदीप ज्ञावली, म सहित बसेर छलफल गर्‍यौं। जनताको बहुदलीय जनवादलाई कसरी स्थापित गर्ने भनेर छलफल भयो। जनताको बहुदलीय जनवादलाई सिद्धान्तको रुपमा प्रस्तुत गर्नुपर्छ भन्ने विषयमा बहस गर्‍यौं। तर, माधव नेपाल तयार हुनुभएन। माधव त्यतिबेला पार्टी महासचिव हुनुहुन्थ्यो। महासचिवले नै विचारको नेतृत्व गर्नुपर्छ भन्ने पार्टीको मान्यता थियो तर उहाँ तयार हुनुभएन। पार्टीभित्र अन्तरसंघर्ष चलिरहेको थियो। वामदेव गौतमले अलग दस्तावेज तयार गर्ने काम गरिराख्नु भएको थियो। पछि वामदेव गौतमले कतैबाट हाम्रो बहसको बारे थाहा पाउनु भएछ। त्यसपछि उहाँले दस्तावेजमा जनताको बहुदलीय जनवादलाई सिद्धान्तको रुपमा प्रस्तुत गर्ने जमर्को गर्नुभएछ। त्यसपछि माधव नेपालले थाहा पाउनु भएछ। वामदेवहरूले त सिद्धान्तका रुपमा प्रस्तुत गर्न थालिसकेछन्, हामी पछाडि पर्छौं भनेर त्यसपछि उहाँले सिद्धान्तको प्रस्ताव ल्याउनु भयो। जबकि त्यो सिद्धान्तको प्रस्ताव हामीले पहिले नै राखेका थियौं। त्यसपछि छैठौँ महाधिवेशनले जनताको बहुदलीय जनवादलाई नेतृत्वकारी विचारको रुपमा प्रस्तुत गर्‍यो। त्यस अर्थमा संस्थागत रुपमा कार्यक्रमको तहबाट विचारको तहमा जबजलाई प्रस्तुत गर्ने काम पहिलो पटक पार्टीको छैठौं महाधिवेशनबाट भयो। जनताको बहुदलीय जनवादलाई पार्टीको मार्गदर्शक सिद्धान्तको रुपमा स्थापित गर्न बुटवलमा सम्पन्न पार्टीको आठौँ राष्ट्रिय महाधिवेशनमा बहस भयो। जनताको बहुदलीय जनवादले अब नेपाली क्रान्तिलाई मार्गदर्शन गर्ने सामर्थ्य राख्छ भन्ने निष्कर्षका साथ आठौं महाधिवेशनले यसलाई पार्टीको मार्गदर्शक सिद्धान्तको रुपमा आत्मसात गर्‍यो। त्यस अर्थमा यो सामान्य कार्यक्रम वा सामान्य सिद्धान्त मात्र होइन, यसले हाम्रो क्रान्तिलाई मार्गदर्शन गर्न सक्छ भन्ने निष्कर्षसहित हामीले पार्टीको आठौँ राष्ट्रिय महाधिवेशनमा यसलाई यो रुपमा स्थापित गरेका छौँ।

जनताको बहुदलीय जनवादले आफ्नो मौलिकतालाई स्थापित गर्ने क्रममा चौध विशेषताको चित्रण गरेको छ। चलनचल्तीको भाषामा यसलाई हामी चौध विशेषता भन्ने गर्छौं। तर त्यो थप १४ विशेषता हो। त्यसको अर्थ जबज भनेको नै यही चौध विशेषता होइन कि निश्चित मान्यतामाथिको थप विशेषता हो। पूँजीवाद साम्राज्यवादमा रुपान्तरण भएपछि कम्युनिष्टहरूले तेस्रो विश्वका लागि क्रान्तिको नयाँ अबधारणा निर्माण गरे। यो अबधारणालाई खासगरी चिनियाँ क्रान्तिका क्रममा प्रयोगमा ल्याइयो, जसलाई नयाँ जनवादी क्रान्ति भनिन्छ। हामीले नेपालमा कम्युनिष्ट पार्टीको स्थापनादेखि नै क्रान्तिको त्यो नयाँ सिद्धान्तलाई अवलम्वन गरिराखेका थियौं। त्यही क्रान्तिका नयाँ सिद्धान्तमाथिको थप चौध विशेषता हो यो। क्रान्तिका नयाँ सिद्धान्तलाई नयाँ जनवाद भनेर बुझिन्छ। त्यो नयाँ जनवादमाथिका थप चौध विशेषताका रुपमा जनताको बहुदलीय जनवादलाई बुझ्नुपर्छ। अर्थात् जनताको बहुदलीय जनवाद भन्नु क्रान्तिको नयाँ सिद्धान्त र थप चौध विशेषता हो। यी दुई वटालाई जोडेर हेर्‍यौं भने बल्ल जनताको बहुदलीय जनवादलाई सही रुपमा बुझ्न सकिन्छ।

हामीले जबजलाई कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिकरणको नयाँ मान्यता पनि भन्ने गर्छौं। यसलाई आलोचकहरूले पूँजीवादी, बुर्जुवा प्रजातन्त्रमा प्रयोगमा आइसकेकै कुराहरूलाई जबजले प्रस्तुत गर्ने बित्तिकै त्यो कसरी मौलिक हुन सक्छ पनि भन्ने गरेका छन्। तर यसलाई बुझ्न दुई वटा गुणलाई विवेचना गर्नुपर्छ र स्पष्ट हुनुपर्छ। पहिलो गुण भनेको जबजले आत्मसात् गरेका विशेषताभित्रका लोकतान्त्रिक मूल्य मान्यता पूँजीवादी प्रजातन्त्रका विशेषता नभएर मानवजातिले आफ्नो सभ्यताको विकासका क्रममा आर्जन गरेका उपलब्धिहरूलाई नै आफ्नो वर्गको सेवामा प्रयोग गरेको मात्र हो। अर्थात् ती विशेषताहरू पूँजीवाद जन्मनु भन्दा पहिले नै समाजमा कुनै न कुनै रुपमा अभ्यासमा थिए। पूँजीवादले आफ्नो वर्गको संरक्षणका लागि यी विशेषताहरूलाई संगठित रुपमा प्रयोगमा ल्याएको हो भन्ने मान्यता जबजको छ। त्यस अर्थमा ती विशेषताहरू बुर्जुवा प्रजातन्त्रका विशेषता होइन। मानवजातिले विकास गरेका जीवन्त र मूल्यावन उपलब्धीका विषयहरू जुन समाज विकासका क्रममा लामो अभ्यासमा रहन सक्छन् भन्ने मान्यता हो।

कार्ल मार्क्स आफैले हेगेलको द्वन्द्वात्मकवाद र फायरबाखको भौतिकवादलाई आधार बनाएर द्वन्द्वात्मक भौतिकवाद दर्शानिक सिद्धान्तलाई प्रतिपादन गर्नु भयो। त्यस क्रममा हेगेलले द्वन्द्ववादलाई र फायरबाखले भौतिकवादलाई खुट्टाले टेकाएर राख्नु पर्थ्यो, टाउकाले टेकाएका कारण मैले त खुट्टले टेकाउने काम गरेको हो भनेर मार्क्स स्वयंले ब्याख्या गरेको पाइन्छ। अर्थात् दर्शनका आधारभूत चीजहरूलाई उनीहरूले आदर्शवादसँग जोड्ने काम गरेका थिए। मार्क्सले त्यसलाई नयाँ रुपमा बाहिर ल्याएका हुन्। र, आज हामी मार्क्सवादी दर्शनलाई दुनियाँको सबैभन्दा वैज्ञानिक दर्शन र मौलिक दर्शनका रुपमा बुझ्छौं। जब कि त्यसका आधारभूत विशेषताहरू त्यो भन्दा पहिले कुनै न कुनै रुपमा अस्तित्वमा थिए।

मदन भण्डारीले जनताको बहुदलीय जनवादको थप चौध विशेषतामा जे कुरा अगाडि सार्नु भएको छ, त्यो विशेषता पहिले नै मानवजातिका उपलब्धिहरू थिए। पूँजीपति वर्गले आफ्नो स्वार्थ र सेवाकोलागि त्यसलाई प्रयोग गरेको थियो। मदन भण्डारीले ती विशेषताहरूलाई श्रमजीवी वर्गको सेवामा प्रयोग गर्ने मान्यता अगाडि सार्नु भयो। त्यो आफैमा मौलिक दृष्टिकोण हो। जसरी आदर्शवादबाट भौतिकवादतर्फ फर्काउने कुरामा हेगलको द्वन्द्ववाद र फायरबाखको भौतिकवादलाई वैज्ञानिक दर्शनमा रुपान्तरण गर्न कार्ल मार्क्स सफल हुनुभयो, त्यसैगरी मानवजातिका उपलब्धीहरूलाई पूँजीपति वर्गले पूँजीपति वर्गको सेवामा लगाएका थिए, श्रमजीवी वर्गको मुक्तिको हतियार बनाउन मदन भण्डारीले नयाँ दृष्टिकोण प्रस्तुत गर्नुभयो। यी मान्यताहरू मौलिक र जिवन्त मान्यता हुन्। त्यस अर्थमा हामीले जनताको बहुदलीय जनवाद मौलिक कार्यक्रम र सिद्धान्तका रुपमा विवेचना गर्ने गर्दछौं।

अर्को विषय छ, जुन हामीलाई बढी आरोप लाग्ने गर्दछ, मदन भण्डारीले जनताको बहुदलीय जनवाद प्रतिपादन गरेर त जानुभयो तर त्यसपछिका नेताहरूले जबजलाई संकुचित गरेर राखे, त्यसको सिर्जनात्मक विकासको पक्ष ओझेलमा पऱ्यो भन्ने छ। यसको सिर्जनात्मक रुपमा विकास गर्ने काम भएको छैन भन्ने आरोप छ। मदन भण्डारीले जनताको बहुदलीय जनवादको कार्यक्रम प्रस्तुत गर्नुभयो। कार्यक्रमभित्र थुप्रै महत्वपूर्ण सैद्धान्तिक अवधारणाहरू अन्तरनिहित थिए। जनताको बहुदलीय जनवादले परिकल्पना गरेको पार्टी निर्माण सम्बन्धी दृष्टिकोण एउटा महत्वपूर्ण पक्ष हो। राजनीतिक प्रतिवेदनमा दुई पेजको भएपनि आजसम्म पार्टी निर्माणको काम त्यही दृष्टिकोणका आधारमा भएको छ। मदन भण्डारीको पार्टी निर्माण सम्बन्धी दृष्टिकोणलाई वर्तमान अध्यक्ष केपी ओलीको नेतृत्वमा पार्टीको सातौँ राष्ट्रिय महाधिवेशनमा दस्तावेजका रुपमा प्रस्तुत गर्ने प्रयास गऱ्यौं। तर, त्यो विचारलाई त्यतिवेला अस्वीकृत गरियो। महाधिवेशनको हलले अस्वीकृत गरेपछि उहाँले त्यो विचारलाई आफूसँग सुरक्षित राख्ने तर पछि फेरि यसलाई प्रस्ताव गर्ने गरी फिर्ता लिनुभयो। आठौँ राष्ट्रिय

महाधिवेशनमा आइपुग्दा हामीले त्यही प्रस्तावलाई पार्टी जीवनको लोकतान्त्रिकरणको रुपमा प्रस्तुत गर्‍यौं। र, औपचारिक दस्तावेजमा रहेका कमी कमजोरीलाई सच्याउँदै प्रस्तावको रुपमा पुनः थप परिमार्जित गर्‍यौं। आठौँ राष्ट्रिय महाधिवेशनबाट व्यवस्थित पार्टी निर्माण सम्बन्धी दृष्टिकोणका रुपमा पार्टी जीवनको लोकतान्त्रिककरण भन्ने दस्तावेज पारित गर्‍यौं।

त्यस अघि नेपालमा पार्टी निर्माणको सन्दर्भमा दुई प्रकारको पार्टी अभ्यास थियो। पहिलो अभ्यास नेपाली काङ्ग्रेस लगायतका बुर्जुवा पार्टीहरूले प्रचलनमा ल्याएको अभ्यास, जसमा उनीहरूले अधिवेशनका माध्यमबाट नेता चयन गर्थे। सभापति मुख्य नेता हुने प्रणाली, यसलाई हामी सभापतीय प्रणाली भन्न सक्छौँ। कमिटीका सदस्यहरूको मनोनयन त्यही नेताले गर्दथ्यो। अर्थात् कमिटीहरू सभापतिको सहयोगीका रुपमा रहन्थ्यो। त्यो नेपाली काङ्ग्रेसले अभ्यासमा ल्यायो। त्यसपछि कम्युनिष्ट पार्टीको ढाँचा अधिवेशनबाट कमिटीका सदस्यहरू चुन्ने थियो। सदस्यहरूले नेता चुन्थे। जसलाई हामी महासचिवीय प्रणालीका रुपमा बुझ्छौँ। सातौँ राष्ट्रिय महाधिवेशनसम्म हामी त्यही ढाँचामा थियौं। केन्द्रदेखि जिल्ला र त्यस मातहतका सबै कमिटीका सदस्यहरू अधिवेशनबाट चुनिन्थे। सदस्यहरूले पार्टी कमिटीको नेता चुन्ने गर्दथे। आठाँै अधिवेशनमा आएपछि कमिटीले नेता पनि चुन्ने, कमिटी पनि चुन्ने भयो। जनताको बहुदलीय जनवादले पार्टी निर्माणको सन्दर्भमा अवलम्वन गरेको नीतिका आधारमा प्रतिस्पर्धाका आधारमा श्रेष्ठता हासिल गर्ने प्रणालीको स्थापना भयो। नेता र कार्यकर्ता अलौकिक कथाका पात्र जस्तो होइन, वर्गसंघर्षबाट खारिएका नेता र कार्यकर्ताका रुपमा प्रस्तुत हुनुपर्दछ। र, जनता, पार्टीसँग पनि अनुमोदित हुनुपर्छ भन्ने महत्वका साथ उहाँले अगाडि सार्नुभयो। लोकतन्त्रलाई फराकिलो पार्ने काम जबजको विश्लेषणको आधारमा आठौं राष्ट्रिय महाधिवेशनमा भयो। त्यसपछि एमालेको संगठन संरचनाको ढाँचा मात्र बदलिएन, अरु पार्टीहरूलाई पनि यसले प्रभाव पार्‍यो। एउटा मात्रै पदाधिकारी हुन्छ भन्ने मान्यताबाट बहुपदाधिकारीको अभ्यासमा अन्य कम्युनिष्ट पार्टीहरू पनि प्रवेश गरे। यो जनताको बहुदलीय जनवादको पार्टी जीवनको लोकतान्त्रिककरण सम्बन्धी मान्यताको आधारमा विकसित भएको हो।

जननेता मदन भण्डारीले २०४६ सालको परिर्वतन पछाडि शान्तिपूर्ण प्रतिस्पर्धाको बाटोबाट क्रान्तिपूर्व पनि कम्युनिष्टहरूले सरकारको नेतृत्व गर्न सक्छन् भन्ने मान्यता स्थापित गरिदिनुभयो। त्यही दृष्टिकोणबाट २०५१ सालमा मनमोहन अधिकारीको नेतृत्वमा सरकार बनाउन सफल भयौँ। नौं महिना मात्र सत्तामा रहेपनि सरकार अत्यन्त लोकप्रिय बन्यो। हामीले पनि पार्टीभित्र सरकारको कामलाई समीक्षा गर्‍यौं। त्यसलाई हामी कार्यनीतिक बहस भन्छौं। हाम्रा लागि पनि मार्क्सवादी कम्युनिष्ट आन्दोलनको दृष्टिकोणबाट यो नयाँ कुरा थियो। भविष्यमा यस्तो क्रान्तिपूर्व सरकारमा कसरी सामेल हुने र सरकारले कसरी काम गर्ने भन्ने विषयमा बहस चल्यो। हामीले यिनै दुईवटा कार्यनीतिमा बहस गर्‍यौं। निष्कर्ष थियो– क्रान्तिपूर्व सरकारको काम सुधारात्मक हुन्छ।

पार्टीको मूल पक्ष जनताको बहुदलीय जनवादको दृष्टिमा क्रान्तिपूर्वको सरकारलाई क्रान्तिपूर्व औजारको रुपमा लिएको कारणले त्यस्तो सरकारले गर्ने काम शक्ति सञ्चयको उद्देश्यमा आधारित हुन्छ। त्यसलाई हामीले शक्ति सञ्चयको कार्यनीति भनेर प्रस्तुत गर्‍यौँ। छैठौँ महाधिवेशनमा जनताको बहुदलीय जनवादको तात्कालीन कार्यनीतिमाथि एउटा नयाँ विकास गर्‍यौं, जसलाई शक्ति सञ्चयको कार्यनीतिका रुपमा स्थापित गर्ने काम भयो। आठौँ राष्ट्रिय महाधिवेशन जबजमाथिको विकास सन्दर्भमा दुईवटा प्रश्नको आधारमा आठौँ राष्ट्रिय महाधिवेशन विशेष रह्यो। सातौँ राष्ट्रिय महाधिवेशन सबैभन्दा असफल महाधिवेशन भन्दा पनि हुन्छ। किनभने त्यो महाधिवेशनमा दुईवटै प्रश्नमा बहस भयो, दुईवटै विषय महाधिवेशनले अस्वीकार गर्‍यो, जुन कुरा अहिले नेपालको राजनीतिमा स्थापित भयो।

हाम्रो आन्दोलनभित्र के थियो भने मदन भण्डारीले २७ बुँदे असहमति राखेर संविधानमाथि आलोचनात्मक

समर्थन गर्नुभयो। ०५४ सालदेखि माधव नेपालले संविधानको रक्षा पार्टीको उद्देश्य बनाउनुभयो। बिचलन कहाँ हुँदो रहेछ भनेर हेर्ने हो भने मदन भण्डारीले यो संविधान अधुरो, अपूर्ण छ। त्यस अर्थमा यो संविधामा हाम्रो असहमति छ। ती असहमतिहरू २७ बुँदाहरूमा छन्। यी असहमतिहरू भविष्यमा स्थापित गर्दै जाने हो भन्नुभयो। तर ०५४ साल पछाडि पार्टीमा संविधानको रक्षालाई प्रधान विषय बनाइयो। मैले सातौँ राष्ट्रिय महाधिवेशनमा एउटा विचार प्रस्तुत गरेको थिएँ, राज्यको पुनर्संरचना र संविधान सभाको प्रश्न। माओवादी द्वन्द्वको अन्त्यका लागि पनि यी दुईवटा विषय अपरिहार्य बनेका छन् भनेर फरक मतका रुपमा प्रस्तुत गरेको थिएँ। त्यसलाई महाधिवेशनले अस्वीकार गऱ्यो। तर महाधिवेशनबाट बनेको नवौं केन्द्रीय कमिटीको बैठकले ती दुवै मान्यताहरूलाई स्वीकार गऱ्यो। महाधिवेशनबाट अस्वीकार गरियो, केन्द्रीय कमिटीबाट स्वीकार गरियो। हामीले फेरि राज्यको पुनर्संरचना सम्बन्धी नेकपा (एमाले) को दृष्टिकोण तयार गर्ने काम गऱ्यौं। आज नेपालमा जुन प्रकारको राजनीतिक स्थिति निर्माण भएको छ, त्यसमा राज्यको पुनर्संरचना सम्बन्धी त्यही दस्तावेजमा अन्तर्निहित दृष्टिकोणहरूको महत्वपूर्ण भूमिका छ भन्ने कुरा बुझ्नु जरुरी छ।

हिजोको राजनीतिक परिवेशलाई विश्लेषण गर्ने क्रममा हामीले तत्कालका लागि जनताको जनवाद कार्यक्रम नामाकरण गरेको सन्दर्भ पनि छ। यसमा नेता–कार्यकर्ता तहबाट यो उपयुक्त भएन भन्ने पनि भयो। यो विषयलाई पनि हल गऱ्यौं। फेरि अब अर्को क्रान्ति कार्यकाल चाहियो भन्ने पनि कुनै कालखण्डमा आयो। भोलिको हाम्रो क्रान्ति बुर्जुवा क्रान्ति हो भने त्यसको केही शक्ति बुर्जुवाकै हातमा हुन्छ भन्ने पनि रह्यो। र, त्यसका विरुद्ध लड्नैपर्छ भन्ने पनि भयो। समाजवाद उन्मुख शासन व्यवस्थालाई संविधानले अवलम्वन गऱ्यो। यस्तो तरिकाबाट पनि समाजवादमा जान सकिन्छ भन्ने विषय संविधानको प्रस्तावनामै समाजवादको विषय उल्लेख भएबाट देखिन आयो। तर, हामीले अवलम्बन गर्ने हाम्रो राजनीतिक कार्यदिशा समाजवादी हो कि समाजवाद उन्मुख हो भन्ने कुराका सन्दर्भमा स्पष्ट हुनुपर्छ। अहिले हामीले अवलम्बन गर्ने राजनीतिक कार्यदिशा समाजवाद हैन समाजवाद उन्मुख हो। लक्ष्य समाजवाद हो। राजनीतिक कार्यदिशा चाहीँ समाजवाद उन्मुख हो। त्यो समाजवाद उन्मुख क्रान्ति कार्यदिशालाई हामीले जनवादी व्यवस्थाको सुदृढिकरण भनेका छौं। जुन कुरा जननेता मदन भण्डारीले तीन चरणमा जबजमा चित्रण गर्नुभएको छ। नेकपाकालमा जनताको जनवाद भनिरहँदा जनताको बहुदलीय जनवादले क्रान्ति पछाडि तीन तहको जे कुराको विवेचना गरेको छ, त्यसलाई नै सूत्रबद्ध गर्ने काम गरिएको हो भन्न सकिन्छ।

अर्को एउटा विषयमा पनि हामीकहाँ भ्रम छ। अहिलेको अवस्थामा हामीले राष्ट्रिय चरित्रको पूँजीवाद निर्माण गर्ने। हामीले राष्ट्रिय पूँजी निर्माण गर्ने हो, राष्ट्रिय पूँजीवाद होइन। राष्ट्रिय शब्द बोक्दैमा पूँजीवाद समाजवादको आधार स्वतः हुँदैन। त्यसलाई समाजवाद निर्माणको आधारका रुपमा प्रयोग गर्नसक्नु पर्दछ। अबको राजनीति के हो ? अबको वर्ग संघर्ष के हो ? यस्ता प्रश्न पनि छन्। हाम्रो राजनीति, हाम्रो वर्ग संघर्ष के मा प्रकट भइराखेको छ भने योजनाबद्ध विकासमा। यसको निम्ति हामीले कस्तो आर्थिक प्रणाली अपनाउने भन्ने मूल सवाल हो। सामान्यतया चार प्रकारका आर्थिक प्रणालीहरूको चर्चा गर्ने गरिन्छ। पहिलो वस्तु र सेवा प्रदान गर्ने काममा निजी क्षेत्रको बर्चस्व भएको खुला आर्थिक प्रणाली, जुन पूँजीवादी मान्यता हो। राज्य त्यसका लागि सहजकर्ता मात्रै हो। दोस्रो वस्तु र सेवा प्रदान गर्ने मुख्य जिम्मेवारी राज्यको हो भन्ने मान्यतामा आधारित समाजवादी प्रणाली हो। र, दुई प्रणालीका बीचमा अर्को अवधारणा आयो– सरकारी र निजीको साझेदारी अर्थात् पब्लिक प्राइभेट पार्टनरसीप (पीपीपी) को। जनताको बहुदलीय जनवाद भनौं या मदन भण्डारीले भन्ने गरेको लोकतान्त्रिक प्रणालीसँग यो अवधारणाले संगती राख्छ कि राख्दैन त ? मेरो विचारमा अर्थतन्त्र विकासका समग्र कुराकानी गर्दाखेरी न त पूँजीवादको नियमलाई यसले गुणत्वमा चलायमान

हुनदिन्छ न त यसले समाजवादका नियमहरूलाई पूर्णरूपमा चलायमान हुनदिन्छ। एक प्रकारले भन्दा त्यो वस्तु वा सेवा उत्पादनको प्रभावकारी माध्यम हुँदो रहेनछ। यो समाजवाद निर्माणको जग हुन सक्दैन। वस्तु र सेवा सम्बन्धमा पनि निजी क्षेत्रमा सोच्ने पाटोबाट समाजवाद शान्तिपूर्ण ढंगले आउँदैन। यद्यपि निश्चित समयसम्म पूँजीवादी प्रणाली र समाजवादी प्रणाली बीचमा एउटा स्वस्थ्य प्रतिस्पर्धा हुन दिने कुरा उपयुक्त नै हुन्छ भन्ने मलाई लाग्दछ। आर्थिक विकासको सन्दर्भमा राज्य र निजी क्षेत्रको भूमिकालाई सन्तुलनका आधारमा अगाडि बढाएर क्रमशः राज्यको भूमिका बढाउँदै लाने नीतिबाट हामी समाजवादको आधार तयार गर्न सक्छौं। त्यसो भयो भने लोकतन्त्रको बाटोबाट समृद्धिको हाम्रो यात्रा सुनिश्चित हुन्छ। जनताको बहुदलीय जनवादले हामीलाई यसमा मार्गदर्शन गर्दछ।

पछिल्लो समय नेपालमा संघीयता आए पछि नेपाल संकटमा पर्‍यो, जनताको ढाड सेकिने भयो आदि इत्यादि सुनिराखिएको छ। मोटामोटी रूपमा हेर्दा संघीयताले हाम्रो प्रशासनिक खर्चमा १५ प्रतिशतको वृद्धि गर्छ भन्ने कुरा सत्य हो। प्रशासनिक खर्च १५ प्रतिशत बढ्छ तर जनताको राज्यसँगको सेवा शुल्क प्राप्त गर्ने खर्च बढेको छैन। एउटा सामाजिक व्यवस्थालाई अध्ययन गर्दा राज्यको प्रशासनिक असर जनताले सेवा प्राप्त गर्नका लागि गरिरहेको खर्चसँग तुलना गरेर हेर्नुपर्छ। नेपालमा कुनै अर्थशास्त्रीले यसरी विवेचना गरेका छैनन्। सदरमुकाममा प्राप्त हुने सेवा पालिकामा प्राप्त हुन थालेको छ। काठमाडौं आउनुपर्ने कुरा आफ्नै प्रदेशस्तरमा हुन थालेको छ। यो कारणले जनताको खर्च कम भएको छ। एउटा आर्थिक समाजिक व्यवस्थाको समग्रताको विश्लेषण गर्नेहरूले यो कुरालाई हेरेर खर्चहरूमा के प्रभाव परेको छ भनेर विश्लेषण गर्नु पर्छ। प्रशासनिक खर्च बढ्दा जनताले सेवा सुविधा प्राप्त गर्नका लागि हुने गरेको परोक्ष खर्च गुणत्मक रूपमा कटौती भएको छ भने संघीयता महंगो हो कि सस्तो हो ? यस्तो विश्लेषण सुन्न पाइँदैन। संविधान जारी गर्नुपूर्व एक दशकको नेपालको जीडीपी बृद्धिदर ३ प्रतिशतको हाराहारीमा थियो। संविधान जारी भएपछि ६ प्रतिशतको हाराहारीमा पुग्यो। तरपनि केही भएकै छैन भनेर कोकोहोलो गर्दै कुदिराखेका छौं। हाम्रो पार्टीको सरकार हुँदा हामी सही ठाउँमा थियौं।

संविधान जारीभएपछि बनेको एमाले नेतृत्वको सरकारलाई सरकार मात्रै फेरिएको अवस्थाबाट बुझ्न हुँदैन। एउटा पुरानो प्रणालीलाई विस्थापित गरेर नयाँ प्रणालीलाई संस्थागत गर्ने समय पनि थियो। कर्मचारी समायोजन, कानुनहरू निर्माण, संघीयतालाई स्थापित गर्दै योजनावद्ध विकासको प्रकृया पनि थालनी गर्ने जिम्मेवारी सरकारको काँधमा थियो। हामी लोकतान्त्रिक बाटोबाटै समाजवादको निर्माण सम्भव छ भनेर लागिरह्यौं। समाजवाद निर्माण गर्नका लागि सेना नभइकन हुदैन भन्ने कुराको मान्यता उचित होइन। अर्थतन्त्रको निर्माण गर्ने सेनाले हैन, अर्थतन्त्रको निर्माण गर्ने जनताले हो। जनताले साथ दिए भने अन्तर्राष्ट्रिय अर्थतन्त्रको निर्माण हुने हो। त्यो मान्यता नेकपा (एमाले) को मान्यता हो। त्यस अर्थमा कस्तो प्रकारको अर्थ राजनीति भन्ने सन्दर्भमा हामीले अवलम्बन गर्ने अर्थतन्त्रले राजनीतिक लोकतान्त्रिकरणको दिशालाई आत्मसात गरेको हुनुपर्छ। त्यो भनेको हामी निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने गरी राज्यलाई बलियो बनाएर जान्छौँ। यो बाटोबाट नै हामी समाजवादको आधार तयार गर्छौं। जननेता मदन भण्डारीले प्रतिपादन गर्नुभएको जनताको बहुदलीय जनवादको विकास र त्यसको कार्यान्वयनको चरण पनि यही हो।

**विचार**

# आजको सन्दर्भमा जबजको दिशाबोध





**प्रदीप ज्ञवाली**
उपमहासचिव, नेकपा (एमाले)

जबजको सहीपना नै मुख्य कारण हो, जसले समाजवाद प्रतिरक्षात्मक अवस्थामा रहेको प्रतिकूल विश्व परिस्थितिमाझ पनि नेपालमा वामपन्थी आन्दोलनको प्रबल संभावनालाई जीवन्त राखेको छ। राष्ट्रिय राजनीतिमा कम्युनिष्ट पार्टीको प्रभाव र भूमिका फराकिलो बन्दै गइरहेको छ र आज नेकपा (एमाले) कम्युनिष्ट आन्दोलन र लोकतन्त्र आन्दोलनको मात्र होइन, मुलुककै मुख्य शक्तिका रुपमा स्थापित भएको छ। यसमा जबजको मार्गदर्शन प्रमुख आधार रहेको छ।

*'घोषणापत्रमा निरुपित आम सिद्धान्त आज पनि उत्तिकै सान्दर्भिक छन्.......तर यिनको कार्यान्वयन भने घोषणापत्रमा भनिए झैं जहिले पनि र जहाँ पनि विद्यमान ऐतिहासिक परिस्थितिमाथि भर पर्छ।'*

*मार्क्स–एङ्गेल्स (कम्युनिष्ट पार्टीको घोषणापत्रको १८७२ को जर्मन संस्करणको भूमिका)*

**मार्क्सवादको सान्दर्भिकता**

कार्ल मार्क्स हाम्रो युगका सर्वाधिक प्रभावशाली र लोकप्रिय मनीषी हुन्। श्रमजीवी वर्गको मुक्तिका लागि उनले प्रतिपादन गरेको वैज्ञानिक समाजवादको सिद्धान्तले उन्नाइसौं र बीसौं शताब्दीमा विश्व राजनीतिलाई व्यापक रुपमा प्रभावित र रुपान्तरित गरेको छ। आर्थिक बिषमता अझ फराकिलो र विश्व पूँजीवादी सङ्कट अझ गहिरिंदै गरेको एक्काइसौं शताब्दीमा मार्क्सका सिद्धान्त अझ बढी सान्दर्भिक बनिरहेका छन्। ऐतिहासिक भौतिकवादी दर्शनको आलोकमा समाजको वैज्ञानिक विश्लेषण गर्दै समाजवादको अपरिहार्यता सम्बन्धी मार्क्सले निकालेको निष्कर्ष व्यवहारको कसीमा सही प्रमाणित भएको छ। मार्क्सको मुख्य योगदान दर्शन, अर्थशास्त्र र राजनीतिका विभिन्न आयाममा छ, तर मार्क्सवादले प्रभाव नपारेको आधुनिक समाज विज्ञानको कुनै पनि विधा छैन। मार्क्सवाद एउटा प्रभावशाली बौद्धिक प्रवृत्ति मात्र होइन,

विश्वका विभिन्न भूभागका जनताको न्याय, समानता र स्वतन्त्रता आन्दोलनलाई दिशा निर्देशित गर्ने वैचारिक हतियारका रुपमा स्थापित भएको छ।

अक्टोबर समाजवादी क्रान्ति मानव जातिको इतिहासको यस्तो मोड हो, जहाँबाट नयाँ युग आरम्भ भएको थियो। मानव जातिले युगौंदेखि सँगालेको समाजवादी सपनालाई मूर्त रुप दिने अक्टोबर क्रान्तिपछि नै विश्वको राजनीतिक शक्ति सन्तुलनमा गुणात्मक परिवर्तन आयो र श्रमजीवी वर्गले पहिलोपल्ट राज्यसत्ताको नेतृत्व गर्ने अवसर पायो। शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन, मानव गरिमा र अधिकारका क्षेत्रमा समाजवादले दिएको उपलब्धि अविस्मरणीय छन्। समाजवादले स्थापना गरेका यिनै मानवमूल्यहरू हुन्, जसले नाफा बाहेक केही नसोच्ने पूँजीवादलाई पनि सुधारका देखावटी कदम चाल्न र मानवीय चेहरा भिर्न वाध्य पार्‍यो। अक्टोबर क्रान्तिले अजेय जस्तो देखिने विश्व पूँजीवादमाथि विजय र श्रमजीवी वर्गको पक्षमा नयाँ संसार निर्माण संभव छ भन्ने स्थापित गर्‍यो। केही आन्तरिक र केही वाह्य कारणले संसारको पहिलो समाजवादी सत्ता ढल्न पुगे पनि अक्टोबर क्रान्तिले रेखाङ्कन गरेको नयाँ समाजवादी भविष्य र त्यसले छाडेका दूरगामी छापहरू अहिले पनि उत्तिकै जीवन्त छन्।

सोभियत सङ्घको विघटनसँगै केही समय पूँजीवादी विश्व निकै हौसियो र पश्चिमा थिङ्कट्याङ्कहरूले 'विचारधाराको मृत्यु' र 'इतिहासको अन्त्य' जस्ता कथित न्यारेटिभहरू निर्माण गर्दै मार्क्सवाद र समाजवाद असान्दर्भिक भएको घोषणा गर्न भ्याए। तर यो तामझाम धेरै टिकेन। सन् २००८ बाट सुरु भएको विश्व वित्तीय पूँजीवादी सङ्कटले अनियन्त्रित बजार अर्थतन्त्र र नवउदारवादको जग नै हल्लाइदियो। आज डेढ दशक वितिसक्दा समेत विश्व पूँजीवाद उक्त धक्काबाट व्युँझिन सकेको छैन। बैङ्कर, रियलस्टेट व्यवसायी र सीमित धनीहरूको सङ्कट मोचनका लागि राज्यको ढुकुटीबाट अरबौं डलर खर्चिंदा र त्यसको मूल्य मितव्ययिताका नाममा सर्वसाधारणले पेन्सन लगायत सामाजिक सुरक्षा कटौतीबाट चुक्ता गर्नु पर्दा समाजमा असन्तुष्टि झनै बढेको छ। एक प्रतिशतका हातमा ९९ प्रतिशत सम्पत्तिको केन्द्रिकरण, चरम आर्थिक विषमता, करोडौं श्रमजीवीहरू 'प्रिकाटेरियट' वर्गमा धकेलिनु पर्ने वाध्यता तथा विचारधाराको द्वन्द्व समाप्त भएर सभ्यताको द्वन्द्व सुरु भयो भन्ने पूँजीवादी भाष्यकै हाराहारी सिर्जित विश्वव्यापी अतिवाद, आतङ्कवाद र सामाजिक विभाजन यसबीचका मुख्य प्रवृत्ति रहेका छन्। यसले खुला (खासमा अनियन्त्रित) बजार अर्थतन्त्र र नवउदारवादको अन्तिम विजय भयो भनेर गरिएको पूँजीवादी हल्लिखल्ली व्यर्थको रहेछ भन्ने पुष्टि गर्दै समाजवादको सान्दर्भिकतालाई झनै पुष्टि गरेको छ।

आज समाजवाद विविध धाराका रुपमा चुनौतीहरूसँग जुझिरहेको छ। चीन लगायत मुलुकहरू आफ्नै विशेषतासहितको समाजवाद निर्माण गरिरहेका छन्। नेपाल लगायतका मुलुकहरूमा कम्युनिष्ट पार्टी कहिले सरकारमा र कहिले प्रतिपक्षमा रहेर समाजवाद–उन्मुख संविधान र कानुनहरू निर्माण गर्दै समाजवादको आधार तयार गरिरहेका छन्। ट्रेड युनियन आन्दोलन विश्वव्यापी सङ्कटका बीचमा श्रमजीवी वर्गको हित रक्षा र सम्मानजनक कामका लागि सङ्घर्षरत छ भने मार्क्सवादबाट प्रभावित विभिन्न सामाजिक आन्दोलनहरू सामाजिक न्याय, शान्ति, वातावरण रक्षा र अधिकार प्राप्तिका लागि जुझिरहेका छन्। रक्षात्मक अवस्थामा भए पनि समाजवादी आन्दोलनको प्रभाव विश्वव्यापी छ। अर्थात्, मार्क्सका विचार र अक्टोबर क्रान्तिका मूल्यहरूको सान्दर्भिकता आज पनि उत्तिकै छ।

**मार्क्सवादका सार्वभौम सिद्धान्त र सिर्जनात्मक प्रयोग**

उन्नाइसौं शताव्दीको मध्यमा आविर्भाव भएको मार्क्सवादी सिद्धान्त मार्क्स र एङ्गेल्सका मेधावी मस्तिष्कको मनोगत उपज थिएन। पूँजीवादी उत्पादन सम्बन्धले सिर्जना गरेका जटिल अन्तरविरोधहरूको समाधान र श्रमजीवी वर्गको मुक्तिको ऐतिहासिक आवश्यकताको पृष्ठभूमिमा यसको जन्म भएको

थियो। त्यतिबेलासम्म मानव जातिले आर्जन गरेका उपलव्धिहरूलाई उत्तराधिकारका रुपमा ग्रहण गर्दै मार्क्सले द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त र वैज्ञानिक समाजवादलाई समष्टिगत रुपमा समेट्दै श्रमजीवी वर्गका लागि वैचारिक अस्त्र अगाडि सारे।

मार्क्सले द्वन्द्वात्मक भौतिकवादलाई नयाँ उचाइमा विकसित गर्दै यसलाई इतिहासको अध्ययनमा कुशल ढङ्गले प्रयोग गरे। ऐतिहासिक भौतिकवादका रुपमा निरुपित यो सिद्धान्त मार्क्सको सर्वाधिक महत्वपूर्ण योगदान पनि हो, जसले त्यतिबेलासम्म विशृङ्खलित, अनुमान गर्न असंभव र कुनै अदृश्य शक्तिबाट परिचालित जस्तो लाग्ने सामाजिक घटनाक्रमलाई कार्यकारण सम्बन्धमा वेष्ठित र वस्तुगत नियमहरूद्वारा सञ्चालित सिलसिलाका रुपमा बुझ्न संभव तुल्यायो। यसैका आधारमा श्रमजीवी वर्गले आफ्ना दुःखका कारण थाहा पायो, दुःख निवारण संभव छ भन्ने जान्यो र त्यसको बाटो पनि पहिल्याउन सक्ने बन्यो। मार्क्सवादी वैचारिक अस्त्र प्राप्त गरेको श्रमजीवी वर्ग 'आफैमा' बाट 'आफ्ना लागि' मा रुपान्तरित भयो।

मार्क्सवाद श्रमजीवी वर्गको मुक्तिको वैचारिक हतियार हो। तर यसले श्रमजीवी वर्गलाई मात्रै होइन, सबै उत्पीडित समुदाय र राष्ट्रको मुक्तिका लागि समेत बाटो देखाउँछ। समतामूलक, न्यायपूर्ण र समृद्ध समाज निर्माणका लागि प्रेरणा प्रदान गर्छ। त्यसो भएर संसारका सबै मुलुकमा कम्युनिष्ट/श्रमिक पार्टीहरू मार्क्सवादलाई आफ्नो मार्गदर्शकका रुपमा सम्मान गर्छन्। मार्क्सवाद प्रत्येक समस्याको बनिबनाऊ समाधानको सूत्र होइन, समाजलाई बुझ्ने, व्याख्या गर्ने र परिवर्तन गर्ने पद्धति हो। ऐतिहासिक विकासक्रम, सामाजिक–आर्थिक संरचना, वर्ग सङ्घर्षको स्तर र खास सांस्कृतिक परम्परा आदि कारणले गर्दा हरेक राष्ट्र या समाजको चारित्रिक विशेषता मौलिक र विशेष ढङ्गको बनेको हुन्छ। यस मौलिकता र वैशिष्ट्यका कारण सम्बन्धित मुलुकको क्रान्ति र समाजवाद निर्माणको बाटो मौलिक र विशिष्ट हुनु अनिवार्य हुन्छ।

हरेक सिद्धान्तकार/चिन्तकले आफू बाँचिरहेको समय र परिस्थितिको सीमाभित्र रहेर नै आफ्ना मान्यताहरूको विकास गर्छ। त्यसैले उसका चिन्तनमा स्थानिक र सर्वव्यापी, अस्थायी र दीर्घकालीन, परिवर्तनशील र शाश्वत पक्षहरू हुन्छन्। मार्क्सका लेखनीमा पनि यी आयामहरू छन्। मार्क्सवादी शास्त्रीय रचनामा कुन चाहिँ शाश्वत, सार्वभौम र सर्वकालिक सिद्धान्त हुन् र कुन चाहिँ तात्कालिक र समय–सन्दर्भका विषय हुन् भन्ने छुट्याउनु कठिनतम् काम हो। त्यसरी नै, मार्क्सवादको आलोकमा आफ्नो मुलुकको क्रान्तिका मौलिक सिद्धान्तहरूको निर्माण र विशिष्ट बाटो पहिल्याउने विषय पनि चुनौतीपूर्ण छ। यिनमा चुक्दा कतिपय पार्टीहरू या त जडसूत्रवाद र यान्त्रिक नक्कलको दलदलमा फँसेका छन्, या मौलिकताको खोजीका नाममा मार्क्सवादका आधारभूत मान्यताबाटै विचलित भएका छन्।

एक अवस्था थियो– जतिबेला विश्वमा एउटै कम्युनिष्ट केन्द्र भएको मानिन्थ्यो र रुसी ढाँचालाई समाजवादको आदर्शका रुपमा बुझिन्थ्यो। 'एउटै केन्द्र' को निर्देशन पालना गर्ने हुँदा र क्रान्ति र समाजवाद निर्माणको एउटै ढाँचा पछ्याउने हुँदा विश्व कम्युनिष्ट आन्दोलनले ठूलो धक्का खाएको छ। केही समय अगाडि हामीहरू चीनको येनान गएका थियौं। क्रान्तिको त्यस ’तीर्थस्थल’ मा हामीले चिनियाँ कम्युनिष्ट पार्टीको सातौं महाधिवेशन भएको हल हेर्‍यौं, छैटौं केन्द्रीय कमिटीको प्लेनम भएको कार्यकक्ष पनि हेर्‍यौं र भित्तामा कम्युनिष्ट पार्टी र कोमिन्ताङका बीचमा जापानी साम्राज्यवादविरुद्ध भएको संयुक्त मोर्चालाई भत्काउन निर्देशन दिने तत्कालीन कोमिन्टर्नका प्रतिनिधि वाङ मिङको तस्बिर पनि हेर्‍यौं। त्यस्तो केन्द्रसँग असहमति राखेर तथा क्रान्तिको आफ्नै मौलिक बाटो पहिल्याउन सकेकाले नै चिनियाँ क्रान्ति सफल भएको हो। यही भएर होला, माओले अरु देशका कम्युनिष्टहरूलाई चिनियाँ अनुभवहरूबाट सिक्न, तर यसको नक्कल नगर्न र त्यसो गरिए जुत्ताको नापमा खुट्टा काट्ने जस्तो गल्ती हुने सल्लाह दिनुभएको।

मार्क्सवादको मौलिक विकासका दुईवटा आयाम छन्– पहिलो, समय–क्रममा उत्पन्न नयाँ प्रश्न, चुनौती र परिस्थितिको सिर्जनात्मक उत्तर खोज्नु, र दोस्रो, आफू बाँचिरहेका समाजको ठोस स्थितिको ठोस विश्लेषण गर्नु। कम्युनिष्ट घोषणापत्र प्रकाशन भएको आज १७० बर्ष हुन लागेको छ। यस अवधिमा संसारमा निकै ठूला परिवर्तनहरू आएका छन्– श्रमको स्वरुप, श्रम सम्बन्ध, शोषणका ढाँचा, पूँजीवादको चरित्र, राष्ट्रहरूका सम्बन्ध, विज्ञान–प्रविधि र उत्पादन ढाँचा, व्यापार र उपभोग एवं विश्व राजनीति अकल्पनीय ढङ्गले बदलिएको छ। क्रान्तिको खाँचो र समाजवादको अपरिहार्यता झनै बढेको छ, तर आन्दोलनका सामु नयाँ प्रश्नहरू खडा भएका छन्। एउटा विज्ञान हुनुको नाताले मार्क्सवादले यी नयाँ प्रश्नको ठोस उत्तर दिने सामर्थ्य राख्छ। यसका लागि सिर्जनात्मक चिन्तनको आवश्यकता छ।

पूँजीको अत्यधिक केन्द्रीकरण र विज्ञान–प्रविधिका लाभहरूको असमान वितरणका कारण विश्वव्यापीकरणको चर्को गफका बाबजुद विश्वको बनौट झनै विषम बनेको छ। असमान विकासका कारण देश–देशमा क्रान्ति र समाजवाद निर्माणको बाटो झनै विविधतायुक्त र स्थानीयकरण सहितको हुनु अनिवार्य छ। प्रत्येक देशका कम्युनिष्टहरू जति बढी आफ्नो समाजको विकासक्रम, त्यसको मौलिकता र विशेषताका बारेमा जानकार र संवेदनशील बन्न सक्छन् र आन्दोलनको आफ्नै मौलिकता अन्वेषण गर्न सक्छन्, समाजवाद त्यति नै नजिक हुन्छ। मार्क्सवादको प्रयोग र विकासमा एकरुपता होइन, विविधताभित्र एकता खोजिनुपर्छ। बोटलमा छ कि गिलासमा, मनतातो छ कि चिसो, रङ्ग मिसिएको छ कि सफा/पारदर्शी, बगिरहेको छ कि स्थिर– यो महत्वपूर्ण होइन। महत्वपूर्ण हो– यो पानी अर्थात् ज्द्द को मूल विशेषतासहितको छ कि छैन ?

**नेपालमा मार्क्सवादको सिर्जनात्मक विकास**

सामन्तवादको एकछत्र वर्चस्वका बीचमा सन् १९३० को दशकबाट नेपालमा पूँजीवादी उत्पादन सुरु भयो र यससँगै समाजमा दुई वर्ग– श्रमजीवी र पूँजीपति वर्ग एवं दुई राजनीतिक विचारधारा– क्रान्तिकारी जनवाद र उदार प्रजातन्त्र देखा परे। नेपाली श्रमजीवी वर्गको प्रतिनिधि तथा क्रान्तिकारी जनवादको संवाहकका रुपमा सन् १९४९ मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो।

पूँजीवादी प्रजातन्त्रसँग सम्बन्ध विच्छेद गर्दै नेपाल कम्युनिष्ट पार्टी स्थापना गर्दा संस्थापक महासचिव पुष्पलाल लगायत अग्रजहरूले स्पष्ट लक्ष्य निर्धारण गरेका थिए– मार्क्सवाद–लेनिनवादको मार्गदर्शनमा सामन्तवादको अन्त्य र जनवादी क्रान्ति सम्पन्न गर्ने, साम्राज्यवादी–प्रभुत्ववादी हस्तक्षेपको विरोध गर्दै राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने तथा समतामूलक, न्यायपूर्ण तथा समृद्ध समाजवादी समाज निर्माण गर्ने। नेपाली कम्युनिष्ट आन्दोलनको मुख्य विशेषता के रह्यो भने यसले आरम्भदेखि नै लोकतन्त्रको झण्डा माथि उठायो र नेपालको लोकतान्त्रिक आन्दोलनको अगुवाइ गऱ्यो।

कम्युनिष्ट आन्दोलनको ७० बर्ष लामो इतिहासमा हामीले धेरै आरोह–अवरोहहरू व्यहोरेका छौं। आन्दोलनमा उत्पन्न दक्षिणपन्थी र वामपन्थी विचलनका कारण धक्का, विभाजन र विखण्डनको कहालीलाग्दो शृङ्खला पार गरेका छौं। अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा उत्पन्न विवाद र विभाजनमा अनावश्यक ढङ्गले धुरवीकृत भएका छौं र यसको परिणामस्वरुप एकीकृत पार्टी खण्ड–खण्डमा टुक्रिएको कटु यथार्थ भोगेका छौं। सायद कम्युनिष्ट आन्दोलनलाई आफ्नै खुट्टामा उभिन सक्ने बनाउन तथा नेपाली क्रान्तिको मौलिक बाटो र सिद्धान्त अन्वेषण गर्न यति मूल्य चुकाउनै पर्थ्यो कि !

सन् १९७० को दशकमा प्रसिद्ध झापा आन्दोलन भयो। यसले राजतन्त्र विरुद्ध साहसिक विद्रोहको थालनी गऱ्यो। यसले विभाजित तथा विशृङ्खलित कम्युनिष्ट समूहहरूको एकीकरण आधारभूत तहबाट सुरु गऱ्यो, एकीकृत तथा क्रान्तिकारी पार्टी पुनर्गठनको आधार निर्माण गऱ्यो। साथै युवा पुस्तामा क्रान्तिकारी विचारधाराप्रति अभूतपूर्व जागरण ल्याउँदै आन्दोलनमा

त्याग, बलिदान तथा उत्सर्गका नयाँ मूल्यहरू स्थापित गऱ्यो। चिनियाँ सांस्कृतिक क्रान्ति तथा भारतको नक्सलबाडी आन्दोलनको प्रभावका कारण आन्दोलनमा उग्रवामपन्थी गल्तीहरू पनि भए, तर इमान्दारिता तथा निष्ठाका पर्याय युवा क्रान्तिकारीहरूले गंभीर आत्मसमिक्षा गर्दै त्यसलाई छिटै सच्याए। सन् १९८० को दशकबाट हामीले पार्टीभित्र गंभीर वैचारिक बहसहरू सञ्चालन गऱ्यौं– नेपाली इतिहासको नयाँ व्याख्या, समाजको चरित्र निरुपण, क्रान्तिको मौलिक कार्यक्रम तर्जुमा, प्रधान अन्तरविरोधको निक्र्यौल तथा नेपाली क्रान्तिको आफ्नै विशिष्ट बाटोको पहिचानका सम्बन्धमा। यस सघन बहसका क्रममा कमरेड मदन भण्डारीको नेतृत्वमा हामीले नेपाली क्रान्तिको आफ्नै विशिष्ट र मौलिक बाटोको प्रतिपादन गऱ्यौं, जसलाई हामीले जनताको बहुदलीय जनवाद (जबज) नामाकरण गरेका छौं।

यो सिद्धान्त प्रतिपादन गरिरहँदा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन ठूलो सङ्कटबाट गुज्रिदै थियो। एकातिर संसारको पहिलो समाजवादी सत्ता–सोभियत सङ्घ विघटन हुँदै थियो भने पूर्वी युरोपका समाजवादी सरकारहरू विस्थापित हुँदै थिए भने अर्कोतिर सशस्त्र विद्रोहको बाटो हिंडिरहेका विभिन्न मुलुकका कम्युनिष्ट पार्टीहरूले पनि ठूलो धक्का खाँदै थिए। अक्टोबर क्रान्तिपछि सुरु भएको युगकै अन्त्य भएको जस्तो लाग्ने ती दिनमा समाजवादको भविष्यमाथि गंभीर प्रश्नचिह्न खडा गरिँदै थियो। विसर्जनवादको हावा चलिरहेको थियो र चरम नैराश्य फैलिँदै थियो। आन्दोलनका सामु नयाँ प्रश्न र नयाँ चुनौती खडा भएका थिए।

ती प्रश्नको जवाफ न त मार्क्सवादबाट पलायन र विसर्जनवादले दिन सक्थ्यो, न शास्त्रीय रचनाहरूको जडसूत्रीय रटानले। यसका लागि सिर्जनात्मक सोचको खाँचो थियो। त्यसैले हामीले नारा अगाडि साऱ्यौं– विसर्जनवाद र जडसूत्रवादको विरोध गरौं, मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास गरौं। जनताको बहुदलीय जनवाद (जबज) यही वैचारिक मान्यतामाथि आधारित छ। यो मार्क्सवादलाई नेपालको विशिष्ट परिस्थितिमा लागू गर्ने क्रममा विकसित नेपाली क्रान्तिको सिद्धान्त हो, यो मार्क्सवादको नेपाली संस्करण हो।

जबजले कम्युनिष्ट आन्दोलनमा उत्पन्न सङ्कटलाई मार्क्सवादको कमजोरी होइन, यसको प्रयोगका निश्चित ढाँचा र अभ्यासको कमजोरीका रुपमा विश्लेषण गरेको छ। श्रमजीवी वर्गको मुक्ति र उत्पीडित राष्ट्रहरूको स्वतन्त्रताका लागि मार्क्सवादको सान्दर्भिकता उत्तिकै सशक्त रहेको पुनर्पुष्टि गर्दै जबजले आज उत्पन्न सङ्कटको समाधानका लागि मार्क्सवादको सिर्जनात्मक विकासमा जोड दिएको छ। मार्क्सवादको सार्वभौम सच्चाइहरू संसारका सबै मुलुकमा उत्तिकै सान्दर्भिक भएतापनि तिनको प्रयोग भने आफ्नो देशको विशिष्ट परिस्थिति अनुरुप मौलिक र विशिष्ट ढङ्गले हुने कुरामा विशेष जोड दिंदै जबजले नेपाली समाजका विशिष्टताहरूमाथि ध्यान केन्द्रित गरेको छ।

झण्डै पाँच हजार बर्ष लामो गौरवपूर्ण इतिहास बोकेको नेपाली समाज संसारका प्राचीनतम सभ्यताहरू बोकेको समाजमध्ये एक हो। आर्य, मङ्गोल, अस्ट्रिक र द्रबिड लगायत मानवजातिका प्रायः सबै हाँगाहरूको मिश्रित बसोबास रहेको, हिन्दु, वौद्ध, जैन, इस्लाम, बोन, प्राकृत, किराँत लगायत विविध धर्मलाई आत्मसात गरेको तथा बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक संरचनामा आवद्ध नेपाली समाजमा विविधता र बहुलता चारित्रिक विशेषताको रुपमा रहेको छ। नेपाली चिन्तनको निर्माणमा यी विशेषताले ठूलो प्रभाव पारेका छन्।

### जबजमा समेटिएका समाजका मुख्य विशेषताहरू

झण्डै तीन हजार बर्ष अगाडिका मिथिला, शाक्य, खस, किराँत र वागमती लगायतका सभ्यताले नेपाली चिन्तन परम्परालाई आफ्नै मौलिक स्वरुप दिएका छन्। समाजमा शान्ति, सहिष्णुता, फरक विचारको सम्मान जस्ता विशेषताहरू विद्यमान छन्। जबजले यी विशेषतालाई आत्मसात गरेको छ।

नेपाली जनताको सङ्घर्षका विभिन्न परम्परा छन्। देशभक्तिको परम्परा– जुन अङ्ग्रेज उपनिवेशवाद विरुद्ध

युद्ध तथा राष्ट्रको एकीकरणको क्रममा विकसित भयो। समाज सुधार र मानवतावादको परम्परा– जुन कम्युनिष्ट आन्दोलनको आविर्भाव हुनुभन्दा अगाडि सशक्त ढङ्गले देखा पर्‍यो। नेपालको कम्युनिष्ट आन्दोलन नेपालको लोकतान्त्रिक आन्दोलनको अभिन्न अङ्गको रुपमा जन्मियो। जहानियाँ राणाशासन, निर्दलीय पञ्चायती व्यवस्था र निरङ्कुश राजतन्त्र विरोधी आन्दोलनका क्रममा गएको ७० बर्षको अवधिमा यो लोकतान्त्रिक आन्दोलनको अग्रणी शक्तिका रुपमा स्थापित भएको छ। अग्रजहरूले आफ्नो समयमा अगाडि बढाएका यी ऐतिहासिक परम्पराको विरासतलाई जबजले आफूमा आत्मसात गरेको छ र यिनलाई समाजवादी अन्तरवस्तु प्रदान गरेको छ।

विधिको शासन, आवधिक निर्वाचन, मानव अधिकार र संविधानको सर्वोच्चता जस्ता विषयहरू पूँजीवादी क्रान्तिका दौरान विकसित भएको भए पनि यिनीहरू आफैमा पूँजीवादी होइनन्, यी मानव जातिले आर्जन गरेका उपलब्धिहरू हुन्। पूँजीपति वर्गले आजसम्म आफ्नो सत्तालाई वैधानिक र जनताको पक्षधर देखाउन यिनीहरूलाई दुरुपयोग गरिरहेको छ। राज्यसत्ताको सार (चरित्र)लाई निर्धारण गर्ने मुख्य विषय त्यसले कुन वर्गलाई प्रतिनिधित्व गर्छ र राज्यसंयन्त्र तथा अर्थतन्त्र कसको नियन्त्रणमा छ भन्ने हो। त्यसले अवलम्बन गर्ने शासन प्रणाली त्यसको रुप पक्ष मात्रै हो। त्यसैले जबजले श्रमजीवी वर्ग पक्षधर राज्य तथा लोकतान्त्रिक प्रतिष्पर्धात्मक शासन प्रणालीलाई अवलम्बन गर्ने नीति अख्तियार गरेको हो। यसले सार र रुप, अन्तरवस्तु र आकृति सम्बन्धी मार्क्सवादी दर्शनको आधारभूत पक्षलाई अभिव्यक्त गरेको छ।

जनवादी व्यवस्थामा मात्रै होइन, समाजवादको प्रारम्भिक चरणमा पनि समाज वर्गीय नै रहिरहन्छ। समाजमा वर्ग भइसकेपछि तिनलाई प्रतिनिधित्व गर्ने भिन्नभिन्न विचारहरू अभिव्यक्त हुनु र तिनीहरू सङ्गठित हुनु स्वाभाविकै हो। त्यसैले समाजको वर्गीय चरित्रसँग तादात्म्य कायम हुने गरी जबजले बहुदलीय प्रतिष्पर्धाको बाटोलाई स्वीकार गरेको छ।

समाजलाई पछि फर्काउन, विभाजन र विखण्डन गर्न तथा परिवर्तनलाई उल्ट्याउन खोज्नेहरूलाई संवैधानिक ढङ्गले नै नियन्त्रित गर्नु पर्ने भए पनि अन्य वर्ग या विचारलाई निषेध गर्नु उपयुक्त हुँदैन। यस्तो निषेधात्मक समाज व्यवस्थाले कम्युनिष्ट पार्टीमा जनताबाट अलगाव, नोकरशाही र भ्रष्टता जन्माउने खतरा हुन्छ। अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका नकारात्मक अनुभवहरूले पनि यही भन्छ। ७० बर्ष लामो, नाजीहरूको आक्रमणलाई परास्त गर्न सफल, जनताको हितमा त्यति राम्रा काम गरेको र सैन्य हिसाबले पनि शक्तिशाली सोभियत ढाँचाको समाजवाद किन ढल्यो ? त्यो पनि, पूँजीपति वर्गले एउटै गोली खर्च नगरीकन। यसका पछाडि विभिन्न कारण हुन सक्लान्, तर एउटा महत्वपूर्ण कारण हो– खुल्लापनको अभावमा कम्युनिष्ट पार्टी जनताबाट अलगिदै जानु र श्रममा उत्प्रेरणाको अभावमा अर्थतन्त्रमा जडता सिर्जना हुनु। हामी ती गल्तीहरूबाट जोगिन चाहन्छौं। जबजले यो विशेषतालाई स्पष्टताका साथ आत्मसात गरेको छ।

जनताको बहुदलीय जनवादले सीमित प्रतिक्रियावादी शक्तिबाहेक अन्य वर्ग, विचार र दलहरूका बीचमा प्रतिष्पर्धालाई स्वीकार गर्ने तथा कम्युनिष्ट पार्टीले यही प्रतिष्पर्धाकै बीचबाट आफूलाई श्रेष्ठ साबित गर्ने बाटो अख्तियार गरेका छौं। कम्युनिष्ट पार्टीले बहुसङ्ख्यक जनताको प्रतिनिधित्व गर्छ भने र उसले सही बाटो अवलम्बन गरेको छ भने प्रतिष्पर्धाबाट किन तर्सिने ?

हरेक राज्य वर्गीय हुन्छ र राज्यसत्ता आफैमा एक खालको अधिनायकत्व हो। फरक यत्ति हो– पूँजीवादी राज्यसत्ता अल्पमतको अधिनायकत्व हो भने समाजवादी सत्ता बहुसङ्ख्यक जनताको। तर राज्यसत्ताको काम अधिनायकत्व अर्थात् नियन्त्रण मात्रै होइन। समाजवादी सत्ताको मुख्य विशेषता बहुसङ्ख्यक जनतालाई लोकतन्त्रको प्रत्याभूति गराउनु हो, जुन समाजवादी लोकतन्त्र पूँजीवादी लोकतन्त्र भन्दा गुणात्मक रुपमै अग्रगामी हुन्छ। जनवादी या समाजवादी सत्ताको मुख्य

काम जनतालाई लोकतन्त्र उपलब्ध गराउनु हो र नियन्त्रण दोस्रो प्राथमिकताको बिषय हो भने किन आफैले आफैलाई अधिनायकवाद भनेर प्रस्तुत गर्ने ? त्यसैले जबजले 'जनताको जनवादी सत्ता' भन्ने शव्दावली प्रयोग गर्छ।

पूँजीवादी सत्ता हिंसात्मक दमनमा उत्रिएका कारण संसारका विभिन्न देशमा कम्युनिष्ट पार्टीले हिंसात्मक प्रतिरोधको बाटो लिनु पर्‍यो, तर हिंसा क्रान्तिको अपरिहार्य साधन या सिद्धान्तको बिषय होइन। हिंसालाई क्रान्तिको पर्यायवाची जस्तो गरेर प्रस्तुत गर्दा थुप्रै ठाउँमा कम्युनिष्ट पार्टीले अनावश्यक क्षति र दमन व्यहोरेको छ, जनताबाट अलग्गिएको छ र बदनाम पनि भएको छ। त्यसैले जबजको मान्यता छ– सङ्घर्षको स्वरुप र बाटो परिस्थितिजन्य हुन्छन्। विपक्षी कसरी प्रस्तुत हुन्छ, त्यसले तपाईले लिने बाटो तय हुन्छ– चेस खेल्दा जस्तै। सशस्त्र सङ्घर्षलाई निरपेक्ष ढङ्गले अस्वीकार गर्न सकिंदैन, तर एक्काइसौं शताव्दीमा आइपुग्दा नयाँ विश्व सन्दर्भले समाजको शान्तिपूर्ण तथा लोकतान्त्रिक रुपान्तरणको बाटोलाई पनि संभव तुल्याइदिएको छ। हाम्रो आफ्नै अनुभव छ– ३० बर्ष लामो पञ्चायती तानाशाहीलाई हामीले १९९० मा शान्तिपूर्ण जनआन्दोलनबाट परास्त गर्‍यौं र २४० बर्ष लामो शाही राजतन्त्र पनि २००६ मा शान्तिपूर्ण संयुक्त आन्दोलनबाटै समाप्त भयो। यसका अलावामा बदलिएको विश्व सन्दर्भ, हाम्रो संवेदनशील भूराजनीतिक अवस्था र अन्य विशेषतालाई पनि ध्यानमा राखेर हामीले नेपाली क्रान्तिको सिद्धान्तको रुपमा जबजलाई निर्माण र विकास गरेका छौं।

## समग्र सिद्धान्तका रुपमा जबजको विकास

समयक्रममा आज जबज सामाजिक जीवनका विविध आयामहरूलाई समेटेको समग्र सिद्धान्तका रुपमा विकसित भएको छ। 'समृद्ध नेपाली र सुखी नेपाली' को उद्देश्य प्राप्तिका लागि यसले इतिहासका सान्दर्भिक र सकारात्मक मूल्यहरूलाई ग्रहण गरेको छ र गलत विषयहरूलाई परित्याग गरेको छ। श्रमजीवी जनताको अधिकतम हितलाई केन्द्रबिन्दुमा राख्दै यसले आम जनताको भावनाको प्रतिनिधित्व गरिरहेको छ। यसले खालि राजनीतिक प्रबन्धमा मात्रै ध्यान दिंदैन, बरु उच्च नैतिक र सांस्कृतिक मूल्ययुक्त समाज निर्माणमा जोड दिन्छ। यसले सार्वभौमसत्ता, भौगोलिक अखण्डता, अहस्तक्षेप र पारस्परिक लाभमाथि आधारित भएर सबै छिमेकी र मित्र राष्ट्रहरूसँग घनिष्ट सम्बन्ध कायम गर्ने नीतिको अवलम्बन गर्छ।

भूगोल, जनसङ्ख्या या आर्थिक सामर्थ्यका दृष्टिले राष्ट्रहरूको आकार भिन्नभिन्न हुन सक्छ, तर सबैको सार्वभौमसत्ता र राष्ट्रिय आत्मसम्मान बराबरी हुन्छ। त्यसैले हस्तक्षेप, हेपाइ र अरुको अवमूल्यन गर्ने, विशेष गरेर साना राष्ट्रलाई अपमान गर्ने कुरा स्वीकार्य हुन सक्दैन। हामी विवादहरूको शान्तिपूर्ण समाधानको पक्षमा छौं र साना राष्ट्र एवं जनताको हितलाई प्राथमिकतामा राखिनु पर्छ भन्ने मान्यता राख्छौं। वर्तमान विश्व आर्थिक– राजनीतिक व्यवस्थालाई श्रमजीवी वर्गको पक्षमा नयाँ आकार दिन चाहन्छौं। जबजले परिवर्तित विश्व सन्दर्भ र भूराजनीतिक संवेदनशीलतालाई निकै हेक्का राखेको छ।

## जबजका ३२ बर्ष

गएको ३२ बर्षको नेपाली राजनीतिले जबजको सच्चाइलाई पुष्टि र प्रमाणित गरेको छ। यस अवधिमा, राजतन्त्रले प्रतिनिधित्व गरेको सामन्तवादलाई परास्त गर्न यसले निर्णायक भूमिका खेलेको छ। नवउदारवादसँगको वैचारिक प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्दै यसले सामाजिक न्यायलाई स्थापित गर्न निर्णायक भूमिका खेलेको छ। उग्रवामपन्थविरुद्धको वैचारिक सङ्घर्षमा यसले विजय हासिल गरेको छ र हतियार बोकेकाहरूलाई शान्तिपूर्ण र प्रतिष्पर्धात्मक बाटोमा आउन उत्प्रेरित गरेको छ। आज जबजले अवलम्बन गरेको सामाजिक न्यायसहितको लोकतन्त्र सिङ्गो राष्ट्रकै मान्यता बन्न पुगेको छ। तीन दशक यताका परिवर्तनमा जबजका विचारहरूको जबर्जस्त प्रभाव छ। प्रतिगामी, यथास्थितिवादी र क्षेत्रीय/ जातीय सङ्कीर्णतावादी चिन्तनहरू कमजोर बनेका छन्।

सन् २०१५ मा नेपालको संविधान निर्माण भएर जारी भएको छ। संविधानले लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय, सङ्घीयता र समावेशी शासन प्रणाली एवं धर्मनिरपेक्षता जस्ता आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गरेको छ र समाजवाद–उन्मुख दिशा निर्दिष्ट गरेको छ। प्रतिकूल शक्ति सन्तुलन र भिन्नभिन्न विचार भएका पार्टीहरूको बीचबाट समाजवादी विशेषतासहितको संविधान निर्माण ऐतिहासिक उपलब्धि हो। यसका लागि जबजले विचाराधारात्मक पहल गरेको छ।

नेकपा (एमाले) ले अल्पावधिका लागि सरकारको अगुवाइ गरेको छ। प्रतिकूलताका बीचमा हामीले चलाएका सरकारहरूले समाजमा गहिरो छाप छाडेका छन्। लोककल्याणकारी राज्यको झल्को दिएका छन् र समृद्धिको आधारशीला खडा गरेका छन्। राज्यसञ्चालनका केही यस्ता राजमार्ग र मानकहरू निर्माण गरिएका छन्, जसलाई जुनसुकै सरकार आए पनि पछयाउन वाध्य हुन्छन्।

जबजको सहीपना नै मुख्य कारण हो, जसले समाजवाद प्रतिरक्षात्मक अवस्थामा रहेको प्रतिकूल विश्व परिस्थितिमाझ पनि नेपालमा वामपन्थी आन्दोलनको प्रबल संभावनालाई जीवन्त राखेको छ। राष्ट्रिय राजनीतिमा कम्युनिष्ट पार्टीको प्रभाव र भूमिका फराकिलो बन्दै गइरहेको छ र आज नेकपा (एमाले) कम्युनिष्ट आन्दोलन र लोकतन्त्र आन्दोलनको मात्र होइन, मुलुककै मुख्य शक्तिका रुपमा स्थापित भएको छ। यसमा जबजको मार्गदर्शन प्रमुख आधार रहेको छ।

निश्चय नै, चुनौतीहरू छन्। प्रतिकूल विश्व शक्ति सन्तुलनका चुनौती छन्। जटिल भूराजनीतिक चुनौती छन्। शान्तिपूर्ण र प्रतिष्पर्धात्मक बाटोबाट अगाडि बढ्दा निर्वाचनलाई गलत ढङ्गले प्रभावित गरेर पूँजीपतिहरूले लाभ लिन सक्ने जोखिमहरू छन्। खुल्ला समाजमा वाहिरी अवाञ्छित प्रभावका कारण कम्युनिष्ट पार्टीमा सिर्जना हुन सक्ने विकृतिका जोखिम पनि छन्। तर चुनौती जुनसुकै बाटोमा पनि हुन्छन्। कम्युनिष्ट पार्टी निरन्तर जनताको हृदयमा बसिरहन सक्यो भने, उनीहरूसँग निरन्तर सान्निध्य र निगरानीमा रहिरहन सक्यो तथा आफ्ना विचारहरूलाई निरन्तर जनताबाट अनुमोदित गराइरहन सक्यो भने प्रतिकूलता, प्रतिगमन तथा प्रतिक्रान्तिका संभावनालाई परास्त गर्न सकिन्छ।


सन् १९९४ मा कोलकतामा आयोजित विश्वका कम्युनिष्ट तथा श्रमिक पार्टीहरूको विशेष कार्यक्रममा जननेता मदन भण्डारीले भन्नुभएको थियो– "मार्क्सवादमा अस्थायी धक्का लाग्दैमा पूँजीवादीहरूले आशा गरेजस्तो पूँजीवादी व्यवस्था समाजवादको विकल्प हुन सक्दैन।...... विभिन्न मुलुकहरूमा गरिएको मार्क्सवादी सिद्धान्तको प्रयोगको अनुभवले मार्क्सवादको पुनर्व्याख्या र पुनर्परिभाषा गर्नु जरुरी छ, जसले मानव जातिको स्वाधीनता, मुक्ति र प्रगतिका निम्ति, सामाजिक शोषणको समाप्तिका निम्ति, उत्पादक शक्तिको विकासका निम्ति मार्क्सवादको कुनै विकल्प छैन भन्ने कुरा प्रमाणित गरोस् र यसको शाश्वत जीवनको प्रत्याभूति गरोस्।....समकालीन विश्वमा यसलाई सफलताका साथ उपयुक्त ढङ्गले लागू गर्नाका लागि नयाँ चिन्तनको आवश्यकता छ।"

जबज यही चिन्तनको एउटा महत्वपूर्ण अभिव्यक्ति हो।



**समीक्षा**

# समृद्धिका लागि जबजको मार्गदर्शन



– प्रा.डा.पुष्पराज कँडेल
पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

सबैभन्दा ठूलो कुरा देशको समृद्धिका लागि बलियो पार्टी, स्वअनुशासित तथा सिर्जनशील कार्यकर्ता निर्माण आवश्यक छ। जनताको बहुदलीय जनवादले भन्छ, नेपाली समाजलाई अग्रगति अर्थात् समृद्धितर्फ लैजान सर्वहारा श्रमजीवी वर्गको एउटा शक्तिशाली क्रान्तिकारी पार्टीको अनिवार्यता छ। क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तले युक्त एउटा जनव्यापी, राष्ट्रव्यापी, अनुशासित र शक्तिशाली पार्टी नै नेपाली समाजको समृद्धिको शक्तिशाली हतियार हो र त्यो पार्टी नेकपा (एमाले) नै हो भन्ने यसको मान्यता छ।

**१. समृद्धिको अर्थ र जबजमा समृद्धि शव्दको प्रयोग**

समृद्धि शव्दलाई दुई हिसाबले लिन सकिन्छ। संकुचित अर्थ र बृहत अर्थमा। संकुचित अर्थमा समृद्धि भन्नाले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षाअन्तर्गत पन्ध्रौं योजनाले परिभाषित गरेको पाटो पर्दछ, जसमा सञ्चार र यातायात आवद्धतामा विकास, मानव संसाधनको विकास, उत्पादन र उत्पादकत्व बृद्धि तथा राष्ट्रिय आयमा वृद्धि र असमानतामा कमीसहित ४ वटा उपलव्धी पर्दछन्। यस अर्थमा समृद्धिभित्र मूलतः भौतिक, आर्थिक र मानवीय विकासका कुराहरू छन्। पन्ध्रैं योजनाले समृद्ध नेपाल, सुखी नेपालीअन्तर्गतको सुखलाई अलग्गै हिसाबले परिभाषित गरेको छ जसभित्र मर्यादित जीवन, सभ्य र न्यायपूर्ण समाज, पर्यावरणमा शुद्धता, सुशासन, लोकतन्त्र र राष्ट्रिय हित तथा एकता पर्दछन्।

धेरै व्यक्ति र संस्थाहरूले समृद्धिलाई संकुचित अर्थमा नभएर बृहत् अर्थमा लिएको पाइन्छ। उनीहरूको समृद्धिभित्र हाम्रो अर्थको समृद्धि र सुख दुबैका सूचकहरू पर्दछन्। नेपालको संविधानले पनि समृद्धिभित्र पन्ध्रौं योजनाले भनेका समृद्धि र सुखका सबै सूचकहरूलाई समेटेको छ। बृहत् अर्थमा समृद्धिभित्र पहिलो, जीवनस्तर बढाउने, दोस्रो, राजनीतिक, आर्थिक र संस्थागत हिसाबले मानिसको स्वाभिमान बढाउने र परनिर्भरता कम गर्ने तथा तेस्रो, विविध किसिमका सुविधा र सेवाहरू

बढाएर मानिसको छनोटको स्वतन्त्रता बढाउने कुराहरू पर्दछन्। जनतको बहुदलीय जनवादले समृद्धिलाई यही अर्थात् वृहत् अर्थमा लिएको देखिन्छ। हामीले भन्ने गरेको विकास, आर्थिक विकास, आर्थिक–सामाजिक रुपान्तरण, उपभोगमा बृद्धि आदिलाई पनि यसले समेट्छ।

नेकपा (एमाले) को पाँचौं महाधिवेशनबाट पारित नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवादको दस्तावेजमा केही ठाउँमा समृद्धि भन्ने शब्द र एक ठाउँमा सुखी भन्ने शब्द परेको देखिन्छ। दस्तावेजको दोस्रो खण्ड, नेपाली समाजको चरित्र र अन्तरिविरोधअन्तर्गत २.१ अनुच्छेदको बीचतिर समृद्धि र सुखसम्बन्धमा निम्न वाक्यांश राखिएको छ: "सामन्ती तथा साम्राज्यवादी शोषणलाई समाप्त पार्ने, जनताको श्रम, शीप र प्रतिभालाई विकास निर्माणमा संचालन गर्ने तथा प्राकृतिक स्रोत र सम्पदालाई राष्ट्रिय हितमा उपयोग गर्ने हो भने नेपाल एउटा सुन्दर, समृद्ध र सुखी देश बन्ने कुरामा कुनै शंका गर्नु पर्दैन।"

त्यसैगरी दस्तावेजको तेस्रो खण्ड नेपाली क्रान्तिको वर्तमान कार्यक्रमअन्तर्गत अनुच्छेद ३.१ मा नेकपा (एमाले) नेपालमा गरीवी, अभाव तथा सबै प्रकारका शोषण र असमानताहरूलाई अन्त्य गरी प्रगतिशील, विकसित, सम्पन्न र समृद्ध समाजको निर्माण गर्न चाहन्छ भनिएको छ। सोही खण्डको ३.६ मा योजनावद्धरुपमा जनताको जनवादी व्यवस्थालाई विकसित, समृद्ध र सुदृढ बनाउने बिषयमा केन्द्रित हुने कुरा गरिएको छ। त्यस खण्डको ३.९ मा पनि यही वाक्यलाई दोहोर्‍याइएको छ।

तेस्रो खण्ड अर्थात् नेपाली क्रान्तिको वर्तमान कार्यक्रमअन्तर्गत ३.१० मा जनवादी अर्थव्यवस्थाको निर्माण गर्ने, सुदृढीकरण गर्ने र समाजवादमा संक्रमणको भौतिक तयारी गर्ने, ...जनता र देशको जीवनस्तर माथि उठाउने, उत्पादकत्व वृद्धि र विकास निर्माणका ठोस कदम चाल्दै ...जनताको जनवादी व्यवस्थालाई सुदृढ बनाउने र प्रगतिशील नयाँ सामाजिक व्यवस्थाको बलियो जगमा उभिएर समाजवादमा संक्रमण गर्ने भनेको छ।

जबजका विभिन्न पक्षहरू, सिद्धान्त, कार्यक्रम, कार्यनीतिक कार्यदिशा, रणनीति र कार्यनीतिहरूमध्ये कार्यक्रमिक पक्षले नै मूलतः नेपाली समाजलाई समृद्धितर्फ निर्देशित गर्दछ।

## २. समृद्धि र समग्र अर्थतन्त्रका सन्दर्भमा जबजको मूल आर्थिक नीतिहरू

जनताको बहुदलीय जनवादले देशलाई समृद्ध बनाउने नीतिहरूलाई ९ वटा खण्डमा विभाजन गरेको पाइन्छ भने आर्थिक व्यवस्थाको कुरा उपखण्ड ३.१० अन्तर्गत कृषि, उद्योग, व्यापार, ऊर्जा तथा जलस्रोत, यातायार र सञ्चार, पर्यटन, स्थानीय र क्षेत्रीय विकास तथा विविधअन्तर्गत राखेको छ। बृहतरूपमा हेर्दा कार्यक्रमले मूलभूतरुपमा निम्न विषयहरूलाई समेटेको देखिन्छ, जुन समृद्धिसँग सम्बन्धित छन्:

- सामन्ती शोषणको अन्त्य गर्ने
- मानवीय विकासको प्रवर्द्धन र उत्पादक शक्तिको विकासमा जोड दिने
- मिश्रित अर्थतन्त्रको अवधारणाअन्तर्गत सबै प्रकारका उत्पादन प्रणालीको भरपूर प्रयोग गर्ने
- आर्थिक क्षेत्रसँग सम्बन्धित विद्यमान असमान सन्धिहरूलाई राष्ट्रिय हित अनुरुप बनाउन विशेष पहल गर्ने
- योजनावद्ध विकास प्रक्रियाको सुदृढीकरण गर्ने
- ग्रामीण पूर्वाधार र स्थानीय विकासमा जनसहभागिता र स्थानीय निकायहरूको प्रभावकारी भूमिका सुनिश्चित गरी विकासमा विकेन्द्रीकरणको नीति लागू गर्ने
- तस्करी, भ्रष्टाचार, कमिशनतन्त्र र अन्य आर्थिक अनियमितताको उन्मूलन गर्ने र सुशासनको व्यवस्था गर्ने
- देशको भौगोलिक, सामाजिक, सांस्कृतिक विशेषतालाई मध्यनजर राखी विकासको प्राथमिकता निर्धारण गर्ने
- महिला, उत्पीडित जाति, जनजातिको विकास र सशक्तिकरण गर्ने

- आधारभूत उद्योगहरूको संरक्षण गर्दै व्यापक रुपमा औद्यौगिकरण गर्ने
- प्रविधि भित्र्याउने र आधुनिक प्रविधिको अधिकतम उपयोग गर्ने
- स्थानीय स्रोतको अधिकतम उपयोग र रोजगारउन्मुख घरेलु तथा साना उद्योगको विकासमा प्राथमिकता दिने
- राष्ट्रिय हित अनुरुप विदेशी लगानीको उपयोग गर्ने
- कर संरचनामा व्यापक सुधार गरी प्रगतिशील कर प्रणालीको सुदृढीकरण गर्ने
- जीवन निर्वाहको लागि पुग्ने ज्यालाको ग्यारेण्टी गरी श्रमिक वर्गमाथिको शोषणको अन्त्य गर्ने
- आधारभूत वस्तु र सेवाको भरपर्दो र सुलभ आपूर्ति गराउने तथा मूल्य नियन्त्रण गर्ने र यसलाई प्रभावकारी बनाउने,
- सहकारी आन्दोलनलाई जोड दिने
- आर्थिक समृद्धिको प्रतिफल आम जनसमुदायले पाउने गरी सामाजिक सुरक्षाको दायरा फराकिलो पार्दै लग्ने र
- समाजवादमा जान हतारो नगर्ने, तीन चरण लिने। पहिलो, पुरानो व्यवस्थाको शोषण समाप्त गर्ने, दोस्रो, नयाँ उत्पादन सम्बन्धको आधारमा भौतिक र साँस्कृतिक विकास गर्ने, तेस्रो, समाजवादमा संक्रमणको लागि भौतिक र सांस्कृतिक तयारी गर्ने।

### ३. समृद्धिका सन्दर्भमा पाँचौं महाधिवेशनपछि भएका नीतिगत विकासहरू

जनताको बहुदलीय जनवादको कार्यक्रम प्रतिपादन भएको समय र अहिलेको बीचमा झण्डै ३२ वर्ष बितिसकेको छ। खासगरी पछिल्ला दिनहरू अर्थात् महाधिवेशन र प्रतिनिधि परिषदका बैठकहरू यी बिषयहरूमा बढी केन्द्रित हुनुपर्ने थियो तर पार्टी र देशभित्रका तमाम उतारचढावहरूको कारणले त्यति ध्यान पुग्न नसकेको अवस्था रह्यो। २०४९ सालमा जबजले समग्र कार्यक्रम र थप १४ वटा विशेषताहरू अघिसारेको थियो। हामीले थप १४ वटा विशेषताहरूको पक्षमा धेरै बहस गर्‍यौं तर जबजको मूल अन्तर्य समग्र कार्यक्रमको पक्ष ओझेलमा पर्‍यो जबकि हुनुपर्ने उल्टो थियो। तर पनि केही काम नभएको भने होइन।

छैठौं महाधिवेशनले पारित गरेको जबजको कार्यनीतिले आर्थिक क्षेत्रमा पाँचौं महाधिवेशनका नीतिहरूको विस्तारपूर्वक व्याख्या गरेको छ। सातौं महाधिवेशनले यसमा थप काम गर्न सक्थ्यो तर त्यो महाधिवेशन औपचारिकतामात्र भयो। पाँचौं महाधिवेशनपछिको नेकपाको इतिहासमा सबैभन्दा कमजोर महाधिवेशन सातौं देखिन्छ, जसमा आर्थिक क्षेत्रका कुनै नीति र भावी कार्यक्रमहरू छैनन्। लक्ष्य विहीन, नियमित परम्परा मात्र निर्वाह गर्ने त्यो महाधिवेशन त्यस्तो समयमा भएको थियो जुन बेला प्रतिगमन आधा सच्चिएको व्याख्या गरेर पार्टीलाई सरकारमा पठाइएको थियो र नेकपा (एमाले) को पहिचान न पोथी न भालेको रुपमा चित्रित थियो। यही कारणले संविधान सभाको निर्वाचनमा पनि पार्टी तेस्रो हुनपुग्यो। त्यसैताका धेरै वरिष्ठ बुद्धिजीवीहरूलाई प्रयोग गरेर पार्टीले समृद्धिको लागि २० वर्षे भिजन बनाएको थियो, जुन अन्त्यमा पार्टीको दस्तावेजको रुपमा आउन नपाएर एउटा प्रकाशन घरको सम्पत्ति बन्नपुग्यो।

आठौं महाधिवेशन र नवौं महाधिवेशनबाट भने केही कामहरू भएको पाइन्छ, जसको निर्देशमा रहेर वर्तमान संविधान बनेको थियो। यो संविधानले जबज अर्थतन्त्रका मूलभूत मान्यताहरूलाई आत्मसात् गरेको छ। नवौं महाधिवेशनले सुखी नेपाली, समृद्ध नेपालको कार्यक्रम पनि पारित गरेको छ। यसमा जबजले उल्लेख गरेका धेरै बिषयहरू समेटिएका छन्। जनताको बहुदलीय जनवादको आलोकमा तयार भई संविधान सभाबाट पारित देशको संविधानले राज्य र सरकारको दायित्वभित्र देशलाई समाजवादउन्मुख, समृद्ध र समुन्नत बनाउने कुरा गरेको छ। निर्देशक सिद्धान्तले मिश्रित अर्थतन्त्र, तीन खम्बे अर्थनीति र कल्याणकारी राज्यको व्यवस्था गरेको छ भने संविधानमा उल्लेखित १३ वटा नीतिहरूले कृषि तथा उद्योगधन्दाको विकास, सूचना प्रविधिको विकास, राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने आदि

कुरालाई समेटेको छ। संविधानले देखाएको बाटो र जबजको आर्थिक निर्देशका बीचमा धेरै समानताहरू छन् किनभने यो संविधान निर्माणमा नेकपा (एमाले) महत्वपूर्ण भूमिकामा रहेको थियो।

संविधानको भावना र नेपाल कम्युनिष्ट पार्टीको साझा घोषणापत्रलाई आधार बनाएर बि.सं. २०७४ मा बनेको केपी शर्मा ओली नेतृत्वको सरकारले देशको समृद्धिको २५ वर्षे मार्गचित्र तयार गरेको थियो। घोषणापत्रसहित नेकपाकालीन दस्तावेजले समेत समेटेको र नेकपा (एमाले) ले तात्कालीन लक्ष्यको रुपमा राखेको समृद्ध नेपाल, सुखी नेपालीको परिभाषा पन्ध्रौं योजनाले गरेको छ। दस्तावेज अनुसार समृद्ध नेपाल, सुखी नेपालीको परिभाषा यस प्रकार छ "समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रसहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक"। समृद्ध नेपाल, सुखी नेपालीको यस खाकामा १० वटा राष्ट्रिय आकांक्षाहरू समेटिएका छन् जसमा समृद्धि तर्फका ४ र सुखतर्फका ६ वटा विषयहरू पर्दछन्।

नेपाल सरकारको पन्ध्रौं योजनाले तयार गरेको समृद्ध नेपाल, सुखी नेपालीको यो खाका देशले २५ वर्षभित्रमा प्राप्त गर्न चाहेको रुपान्तरणको सामान्य मार्गचित्र थियो। यसको विषयक्षेत्रगत खाका बनाउन भने बाँकी नै थियो। राष्ट्रियरुपमा तयार भएको त्यस दीर्घकालीन योजनाको आधारमा प्रदेशहरूले पनि आआफ्ना दीर्घकालीन योजनाहरू बनाएका थिए। यसअन्तर्गत कोशी प्रदेशको स्वच्छ सुखी र समुन्नत प्रदेश, मधेशप्रदेशको उच्च मानव विकास र पहिचानः समृद्ध मधेश समाज, वागमती प्रदेशको सुसंस्कृत र सुखी जनता समाजवाद उन्मुख समृद्ध प्रदेश, गण्डकी प्रदेशको समृद्ध प्रदेश सुखी नागरिक, लुम्बिनी प्रदेशको समृद्ध प्रदेश र खुशी जनता, कर्णाली प्रदेशको समृद्ध कर्णाली सुखारी कर्णालीवासी र सुदुरपश्चिम प्रदेशको आत्मनिर्भरता उन्मुख समृद्ध सुदुरपश्चिम आदि थिए। निजी क्षेत्रको पनि मेक इन नेपाल र मेड इन नेपालजस्ता दीर्घकालीन भिजन बनेको थियो।

**४. बिगतमा प्राप्त समृद्धिसम्बन्धी केही उपलव्धीहरू**

सशस्त्र द्वन्द्व, महाभूकम्प, भारतीय नाकावन्दी तथा कोविड महामारीले पारेको नोक्सानलाई अलग गरेर समग्र विकास प्रक्रियालाई हेर्ने हो भने जबजको प्रकाशमा यस अवधिमा राजनीतिक परिवर्तनको साथै थुप्रै रुपान्तरणकारी आर्थिक र सामाजिक कामहरू भएका छन्। कतिपय अवस्थामा हिंसाको बाबजुद जबजले कम्युनिष्ट आन्दोलनलाई लोकप्रिय आन्दोलन र देशको अग्रगतिमा पथ प्रदर्शकको रुपमा विकास गरेको छ भने सामन्ती निरंकुश राजतन्त्रको समाप्ती, गणतन्त्र प्राप्ती र त्यसलाई संस्थागत गर्ने काम गरेको छ। देश समान्तवादको पकडबाट उम्केर पूँजीवादको प्रारम्भिक चरणमा प्रवेश गरेको छ। देशभित्रका अन्तर्विरोधहरूको अवस्थामा परिवर्तन आएको छ। सामन्तशाही समाप्त भएर जनताका प्रतितिनिधि देशको राष्ट्रपति बनिसकेको अवस्था छ। हुकुम प्रमांगीबाट शासन चल्ने व्यवस्थाको सट्टामा जनताले बनाएको संविधानले काम गरिरहेको छ।

नवउदारवादी मार्गमा चलेको देशलाई जबजले लोककल्याणकारी नीतिमा चल्नुपर्ने वाध्यतामा पुऱ्याएको छ। २०४९ सालको तुलनामा बाटाघाटाहरू अत्यधिक बनेका छन् जसको मूल अगुवाई आफ्नो गाउँ आफै बनाउँ कार्यक्रमले गरेको थियो। यही कार्यक्रमले स्थानीय तहलाई आज यति धेरै बलियो र साधनस्रोत सम्पन्न बनाएको छ। राजनीति तथा प्रशासनमा समावेशी प्रणाली स्थापित भएको छ। महिलाहरूले देशको संसदीय काममा एकतिहाइभन्दा बढी हिस्सा ओगट्ने स्थिति बनेको छ र सम्पत्तिको स्वामित्वमा पनि करिब २५ प्रतिशत महिलाहरूको हातमा पुगेको स्थिति छ। करिब १२ प्रतिशतभन्दा बढी मानिसहरू सामाजिक सुरक्षाको घेरामा आएका छन् जसले जेष्ठ नागरिक, एकल महिला, लापोन्मुख जाति आदिलाई सम्मानित बनाएको छ। गरिवी करिब ७० (जबजको कार्यक्रमले उल्लेख गरेको) प्रतिशतभन्दा माथिको स्थितिबाट २० प्रतिशतमा झरेको छ भने निरक्षरता धेरै हदमा उन्मूलन भएको छ र नेपालीहरूको औसत आयु झण्डै ७१ वर्ष पुगेको छ।

देशले जलऊर्जाको विकासमा महत्वपूर्ण फड्को मार्दैछ। झण्डै ३००० मेगावाट विद्युत ऊर्जा उत्पादन हुन थालेको छ भने त्यसको भारततर्फ निकासी पनि हुनथालेको छ।

यो अवधिमा मानव विकास सूचकांकमा पनि धैरै सुधार आएको अवस्था छ। अर्थतन्त्रको आकार बढेको छ र पर्यटन उद्योग, उर्जा उद्योग, सिमेन्ट उद्योग आदि नेपालको आफ्नै विशेषतामा आधारित उद्योगहरू विकास भएका र हुँदैछन्। धार्मिक र सांस्कृतिक स्वतन्त्रता प्राप्त भएको छ। विभिन्न पेशागत हक हित, सामाजिक सुरक्षा, न्यूनतम पारिश्रमिक आदिका विषयहरू संवोधन भएका छन्। यिनै प्रगति सूचकांकहरूको आधारमा नेपालको अल्पविकसित देशहरूको समूहबाट विकासशील देशहरूको समूहमा जाने योग्यता पुगेको कुरा पनि महत्वपूर्ण छ।

### ५. जबजले तोकेका तर पूरा हुन बाँकी आर्थिक अभिभाराहरू

जबजले निर्देशित गरेका विषयहरूमा थुप्रै नीतिगत र व्यावहारिक कामहरू भएको देखिए पनि समृद्धि प्राप्ती, समाजवादको आधार तयार गर्ने र समाजवादमा जानेसम्बन्धी धैरै विषयहरूमा प्रष्टता हुन र नीतिगतरुपमा प्रष्ट भएका बिषयहरूको पनि कार्यान्वयन गर्न बाँकी छ। जबजको नीतिमा पहल कदमी र प्रतिष्पर्धाको आधारमा उत्कृष्टता हासिल गर्ने भनिए तापनि जबजको आर्थिक क्षेत्रको बहस र नीति निर्र्माणमा हामी पछाडि परेका छौं र उत्कृष्टता पनि हासिल हुनसकेको छैन। अर्थतन्त्र र विकासको मामिलामा हामी पनि यथास्थितिवादी भएका छौं। जबजले उल्लेख गरेका धैरै नीति र कार्यक्रमहरू अहिले पनि लागू हुनसकेका छैनन्। लागू भएकाहरूमा पनि अपेक्षाअनुरुप परिणाम आउन सकेका छैनन्। उदाहरणको लागि केही बिषयहरूलाई उठाउन सकिन्छः

• जनताको बहुदलीय जनवादले देशको आधारभूत स्थितिको निर्णायक तत्व उत्पादन पद्धति हो भनेको छ। अर्धसामन्ती, अर्धउपनिवेश, एकाधिकार र दलाल नोकरशाही पूँजीपति उन्मूलन नगरेसम्म जनताको जनवादी अर्थव्यवस्था स्थापना हुननसक्ने कुरा यसले गरेको छ। हाम्रा हकमा सामन्तवादको प्रतिनिधिलाई समाप्त गरे पनि त्यसका अवशेषहरू अझै बाँकी छन्। विदेशी थिचोमिचो अझै कायम छ र दलाल नोकरशाही पूँजी अझै प्रमुख दुस्मनको रुपमा रहेको छ। अर्थतन्त्रभित्र दलाल चरित्र अझ बढ्दै गएको स्थिति छ।

• देशमा २० प्रतिशत गरिवी अझ बाँकी छ। हाम्रो नेतृत्वको सरकार भएको समयमा यो १७ प्रतिशतमा झरेको थियो तर अहिले बढेर २० प्रतिशत पुगेको छ।

• जनताको बहुदलीय जनवादले औद्यौगिकरण बिना देशको प्रगति सम्भव हुँदैन र राष्ट्रिय पूँजीको विकास नगरी आत्मनिर्भर औद्यौगिक राष्ट्रिय अर्थतन्त्र निर्माण हुनसक्तैन भन्ने कुरा प्रष्ट गरेको छ तर हाम्रो स्थिति त्योअनुसार हुनसकेको छैन। अर्थतन्त्रमा उद्योगको योगदान क्रमशः तल जाँदैछ भने उत्पादनमूलक उद्योगको योगदान झन् कमजोर छ। उद्योगमा गरिने दीर्घकालीन लगानी कम हुँदैछ भने स्थापित उद्योगहरू पनि पूर्ण क्षमतामा चल्न पाएका छैनन्। फलतः रोजगारी सिर्जना हुन सकेको छैन र त्यही कारणले युवाहरूको विदेश पलायन भयावह छ। देशको अर्थतन्त्र नै एकहिसाबले विप्रेषणमा आधारित हुनपुगेको छ।

• देशको अर्थतन्त्र मिश्रित रहने र राज्यले समानता एवम् सामाजिक न्यायमा आधारित भएर श्रमजीवीहरू, निम्न आय भएका गरिवहरू तथा पिछडिएका जाति, समुदाय र क्षेत्रको उत्थानमा अग्रणी भूमिका खेल्ने भनेर जबजले भनेको छ। देशलाई आत्मनिर्भर बन्न सहयोग गर्ने, तुलनात्मकरुपमा बढी लाभ दिने आयात प्रतिस्थापन उद्योगको विकासमा प्राथमिकता दिने र त्यसमा सरकारी क्षेत्रको मुख्य संलग्नता रहनेछ भनेर जबजले प्रष्ट पारेको छ। ऊर्जाको विकासको लागि सरकारले प्रवर्तकको भूमिका निर्वाह गर्नेछ, रक्षालगायतका उद्योगहरू, कृषि उत्पादनमा प्रयोग हुने बिऊ, मल, सिमेण्ट, खाद्यान्न, लत्ताकपडा, दैनिक आवश्यकताका वस्तु र सार्वजनिक सेवासँग सम्बन्धित बिजुली, पानी, टेलिफोन, सञ्चार, यातायात, हुलाकजस्ता उद्योगहरू सरकारको स्वामित्वमा सञ्चालन हुने कुरा जनताको बहुदलीय जनवादको

आर्थिक कार्यक्रममा गरिएको छ। तर हामीले सरकारी क्षेत्रलाई सोअनुसार विस्तार गर्न सकेका छैनौं। बरु सरकारसँग भएका उद्योगहरूमध्ये पनि नेपाली काङ्ग्रेसले नवउदारवादी नीतिका आधारमा कतिपय वन्द गराएको छ भने कतिपय व्यक्तिलाई हस्तान्तरण गरेको छ। अर्थतन्त्रका सरकारी क्षेत्रको भूमिका पूँजीवादी देशहरूको जति पनि छैन।

• जनताको बहुदलीय जनवादले असमान एवं अपमानपूर्ण र नेपालको राष्ट्रिय हित र स्वाधीनतामाथि आघात पार्ने सन्धी सम्झौता रहेसम्म देश स्वाधीन र राष्ट्रिय अर्थतन्त्रको विकास हुनसक्तैन भनेको छ। हामीमाथि थोपरिएका त्यस्ता असमान सन्धि सम्झौताहरू अहिले पनि जस्ताको त्यस्तै र कतिपय क्षेत्रमा अझ थपिएका छन्।

• जबजले भनेको छ, देशको अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका खेल्न निजी क्षेत्रलाई उत्साहित गरिनेछ। निजी क्षेत्रलाई संरक्षण दिई आयात प्रतिस्थापन उद्योगको प्रवर्द्धन र आर्थिक वृद्धिदर, रोजगारी र विदेशी मुद्रा आर्जन गर्ने र अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धात्मकरुपबाट माथि आउने खालका निर्यातमूलक उद्योगको स्थापना, विकास र विस्तारमा लगाइनेछ भन्ने जबजको मान्यता छ। तर यो क्षेत्रको विकास पनि अपेक्षाअनुरुप हुनसकेको छैन। अर्थतन्त्रमा निजी क्षेत्रको हिस्सा ठूलै छ तर त्यसले हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सकेको छैन। निर्यात, रोजगारी सिर्जना र आर्थिक बृद्धि कमजोर हुनुको मूल कारण यही हो।

• देशको विकासमा सन्तुलित क्षेत्रीय विकासलाई सुनिश्चित गर्ने नीति छ तर अहिले पनि हाम्रो प्रादेशिक आर्थिक स्थिति सन्तुलित छैन। कुल गार्हस्थ्य उत्पादनको हिसाबमा बागमती प्रदेश एक्लैले ३७ प्रतिशत भार ओगट्छ भने भूभागको हिसाबले सबैभन्दा ठूलो प्रदेश कर्णालीले ४ प्रतिशत मात्र ओगट्छ। विकासमा पछाडि परेको अर्को सुदूरपश्चिम प्र्रदेशको पनि कुल गार्हस्थ्य उत्पादनमा हिस्सा ७ प्रतिशत मात्र छ। विकासका अरु सूचकहरूमा पनि धेरै प्रादेशिक असमानताहरू छन्। आर्थिक वृद्धि दरमा पनि प्रदेशहरूको बीचमा असमानता देखिन्छ।

• जबजले सरकारी संस्थानहरूको विकास र सम्वर्द्धन गर्ने तथा संस्थानहरूको उद्देश्यअनुरुप सञ्चालन गर्ने भनेको छ तर अहिले पनि सरकारी संस्थानहरू प्रभावकारीरुपमा चल्न सकेका छैनन्। सञ्चालनमा रहेका ४४ वटा संस्थानहरूमध्ये १५ वटा घाटामा छन् भने ३ वटाको कुनै कारोबार छैन। नवउदारवादको नीति अवलम्वनपछि थुप्रै राम्रा संस्थानहरू कौडीको मूल्यमा विक्री गरिए। सरकारले लगानी गरेको गर्‍यै छ, तर त्यसबाट सरकारलाई आउने लाभांश न्यून छ।

• जबजले मुनाफाखोर प्रवृत्तिलाई निरुत्साहित गर्ने, आर्थिक असमानता कम गर्ने, विकास कार्यमा पूर्ण सहयोग गर्ने प्रगतिशील, पारदर्शक र विकृतिमुक्त राजस्व नीति लिने, प्रत्यक्ष करलाई व्यापक एवं प्रभावकारी ढंगले परिचालन गर्ने तथा अप्रत्यक्ष करलाई निम्न र स्थिर आय भएका जनतालाई प्रतिकूल असर नपर्ने गरी लगाउने भनेको छ। तर देश अहिले पनि अप्रत्यक्ष करमा निर्भर छ, अप्रत्यक्ष करमध्ये पनि मूल्य अभिवृद्धि कर र भन्सारमा आधारित छ। मूल्य अभिवृद्धि कर पनि न प्रभावकारी छ न न्याय दिने खालको छ। आयकरको राजस्व बढ्दै छ तर कर छली अत्यधिक रहेकै स्थिति छ। करनीतिउपरको उद्योगी व्यवसायीहरूको गुनासो अहिले पनि कम भएको छैन। राजस्व उठती कमजोर छ जसले गर्दा कर्मचारीको तलव भुक्तानको लागि पनि सरकारले ऋण लिनुपर्ने भएको छ।

• जनताको बहुदलीय जनवादले स्थानीय निकायहरूले नै आफ्नो क्षेत्रको विकास निर्माण र प्रशासनको नेतृत्व संचालन गर्ने र विकासको आधारशीला स्थानीय तहमै निर्माण गर्ने तथा स्थानीय विकासको माध्यमलाई देशको समग्र विकासको नमूनाको रुपमा अगाडि बढाउने भनेको छ। तर अहिले स्थानीय सरकारहरू संवैधानिकरुपमा बलिया भए पनि व्यावहारिकरुपमा सक्षम हुन सकिरहेका छैनन्। कतिपय अवस्थामा माथिल्ला हस्तक्षेपका कारण र कतिपय आफ्नै अकुशलताको कारणले स्थानीय आर्थिक विकास सोचअनुसार जानसकेको छैन। समृद्धिको लागि स्थानीय सरकारले

जुन हिसाबको योगदान गर्लान् भन्ने सोच राखिएको थियो सोअनुसार काम हुनसकेको छैन। काम अप्रभावी भएको कारणले एमालेले अघिल्लो स्थानीय तहमा जितेका कतिपय पालिकाहरू पनि ०७९ को निर्वाचनमा गुमाउनु परेको छ। जितेका पालिकाहरूको संख्या घटेको छ।

- जनताको बहुदलीय जनवादको आर्थिक नीतिमा विकास प्रशासनलाई चुस्तदुरुस्त, प्रभावकारी र जनमुखी बनाउने तथा कमिसनतन्त्र र भ्रष्टाचारलाई निर्मूल पार्ने भनिए तापनि पूँजीगत खर्च झन् कमजोर भएको छ, कर्मचारीतन्त्र जनमुखी हुननसकेको गुनासो अहिले पनि व्यापक छ र कमिसनतन्त्र तथा भ्रष्टाचार अहिले पनि व्यापक मात्रामा नै छ। पार्टीका र त्यसमा पनि एमालेकै प्रतिनिधि समेत भ्रष्टाचारको मामिलामा फस्ने गरेको देखिन्छ, जुन दुखको कुरा हो।

- जनताको बहुदलीय जनवादले योजनावद्धरुपमा जनताको जनवादी व्यवस्थालाई विकसित, समृद्ध र सदृढ बनाउनुको साथै त्यसकै माध्यमबाट सामन्तवादका अवशेषहरू अन्त्य गर्ने, क्रमशः समाजवादमा संक्रमणको लागि भौतिक तयारी गर्ने र समाजवादतर्फ जाने भनेको छ। यसको लागि स्थानीय तहदेखि नै योजना प्रणालीलाई सबल र प्रभावकारी बनाई विकेन्द्रित र प्रजातान्त्रिक तरिकाबाट विकास निर्माणको कामलाई प्रभावकारी बनाउने तथा देशको साधनस्रोत र स्थानीय श्रमसिपलाई प्रयोग गर्ने भनेको छ। स्थानीय, क्षेत्रीय र राष्ट्रिय तहमा दीर्घकालीन योजना निर्र्माण गरी त्यसैको आधारमा सरकारी खर्च र लगानी नीति अवलम्वन गर्ने, उत्पादन बढाउने, रोजगारी बढाउने तथा निश्चित समयभित्र गरिवी समाप्त गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने भनेको छ। औद्यौगिक क्रान्ति, पर्यटन, यातायात विकास, जलस्रोत विकास, सामाजिक सुधार, शिक्षा आदिको राष्ट्रियस्तरमा योजना बनाउने र त्यसको अधिनमा रही बिना प्रशासनिक हस्तक्षेप काम गर्ने भनिएको छ। यद्यपि अहिले देशमा योजना निकायहरूको संख्या त बढिरहेको छ तर तिनले दिने योगदान कमजोर भइरहेको छ। वास्तवमा योजना निकायहरू देखाउने दाँत भएका छन् भने खाने काम अरु निकायले नै गरिरहेको देखिन्छ। स्थानीय तहमा त अधिकांश सरकारहरूले योजना बिना नै हचुवाका भरमा काम गरिरहेका छन्। संघीय र प्रदेश तहमा पनि योजना एकातिर काम अर्कोतिर, बोल्ने एक थोक गर्ने अर्को थोक भएको देखिन्छ। यसले गर्दा साधन र स्रोत प्रभावकारी परिचालन हुन नसकेको अवस्था छ।

- जनताको बहुदलीय जनवादमा क्रान्तिकारी भूमिसुधार गरी वास्तविक जोताहा र किसानलाई भूमि दिने, हदवन्दीभन्दा बढी जमिन जफत गर्ने, सहकारी खेतीलाई प्रोत्साहन गर्ने, कृषि उत्पादन र उत्पादकत्व बढाउने, किसानहरूलाई मल, विऊ, बजार, सिंचाइ, प्राविधिक शिक्षा आदि दिने, भूमिमाथि प्रगतिशील कर लगाउने, कृषिलाई उद्योगसँग जोड्ने आदि भनिएको थियो। अहिले यीमध्ये कतिपय विषयहरू असान्दर्भिक भएका छन् भने कतिपय विषयहरू आंशिकरुपमा मात्र लागू हुनसकेका छन्। उदाहरणको लागि क्रान्तिकारी भूमिसुधार, वैज्ञानिक भूमिसुधार जस्ता कुराहरू हराएका छन् र विविध कारणले त्यसको संभावना र आवश्यकता पनि नरहने स्थिति देखिएको छ। सहकारी खेती बढाउन सकिएको छैन। प्रगतिशील भूमिकर पनि लागू हुन सकेको छैन। समग्रमा कृषिको उत्पादन र उत्पादकत्व दुबै बृद्धि गर्ने भनिएकोमा ती कामहरू हुनसकेका छैनन्।

- यीबाहेक पनि जबजले उद्घोष गरेका थुप्रै नीति तथा कार्यक्रमहरू व्यवहारमा आउन सकेका छैनन्। उदाहरणको लागि वासविहीन र असुरक्षित ठाउँमा रहेका नेपालीलाई सुरक्षित वासको व्यवस्था गर्ने, बेरोजगारीको अन्त्य गर्ने, व्यापारमा रहेको एकाधिकार अन्त्य गर्ने, मुद्रास्फिति नियन्त्रण गर्ने, मुद्रास्फितिको तुलनामा ज्याला बढाउने आदि।

### ६. समृद्धि प्राप्तीको लागि गर्नुपर्ने भावी तीन काम

समृद्धि देशको आजको आवश्यकता हो। समाजवादमा संक्रमणको लागि समृद्धि अत्यन्त आवश्यक हुन्छ किनभने समाजवाद भनेको गरिवी वितरणको अवस्था नभएर सम्पन्नता वितरण हो। संसारका र छिमेकमै रहेका

देशहरू पनि विकासको पथमा धेरै अगाडि गइसकेको अवस्थामा नेपाल पछाडि नै परेको छ। उदाहरणको लागि अहिले प्रतिव्यक्ति आम्दानी भारतमा २१०० डलर, चीनमा १२००० डलर छ भने नेपालमा जम्मा १४५६ डलरमात्र रहेको अवस्था छ। संसार धेरै अघि गइसक्यो, हामी धेरै पछि छौं। देशमा शान्ति स्थापना गर्नको लागि, द्वन्द्व कम गर्नको लागि, गणतन्त्रलाई संस्थागत गर्नको लागि, राष्ट्रियता र राष्ट्रिय एकतामा बृद्धि ल्याउन र समाजवादमा जानको लागि पनि समृद्धि आवश्यक छ। यदि जबजको आर्थिक मार्गदर्शनलाई अनुशरण गर्ने र थौरै प्रतिवद्धताका साथ मात्र लाग्ने हो भने पनि देशको समृद्धि संभव छ। तर, हामीले अठोटकासाथ काम गर्नुपर्दछ। जबजको मार्गनिर्देशनअनुसारको समृद्धि प्राप्तीको लागि वर्तमान सन्दर्भमा गर्नुपर्ने थुप्रै कामहरू छन्, जसमध्ये नगरिनहुने मूल कामहरूलाई तीन बुँदामा उल्लेख गर्न सकिन्छः

**पहिलो,** दक्षिणपन्थी अवसरवाद र सांगठनिक अराजकतालाई पराजित गरौं, जबजको मार्ग दर्शनमा समाजवादको आधार निर्माण गरौं भन्ने मूल नाराका साथ सम्पन्न भएको नेकपा (एमाले) को प्रथम विधान महाधिवेशनले समाजवादको आधार निर्माणको लागि आर्थिक विकास र समृद्धिको यात्रालाई निरन्तर अगाडि बढाउने भनेको छ। अब हामीले महाधिवेशनको निर्देशअनुसार पन्ध्रौं योजनाको कार्यान्वयनको अनुभवहरूबाट पाठ सिक्दै समृद्ध नेपाल, सुखी नेपालीको मार्गचित्रमा आधारित भई भावी आवधिक योजना र विषय क्षेत्रगत गुरुयोजना निर्माण गर्ने र कार्यान्वयनमा लैजाने काम गर्नुपर्दछ। स्थानीय तह, प्रदेश र संघ तीनै तहमा यसको आवश्यकता छ।

समृद्ध नेपाल, सुखी नेपालीको पन्ध्रौं योजनालाई कोभिड तथा राजनीतिक संक्रमणको कारणले विकास भएको आर्थिक अराजकताले नराम्ररी थला पारेको कुरा हामीलाई थाहा नै छ। यसले निर्धारण गरेको मूल आकांक्षा र त्यसका अवयवहरूलाई १६ औं योजनाले स्वीकार गरे पनि त्यो विदेशीहरूले नेपाली टोपी लगाएजस्तो नमिलेको देखिन्छ। यसलाई सच्याउनु पर्ने आवश्यकता छ। यस सन्दर्भमा केही विषयहरूमा समिक्षा गर्ने र नयाँ शीराबाट जानुपर्ने आवश्यकता छ। दीर्घकालीन योजनाको कार्यान्वयनको कामलाई प्रभावकारी बनाउन आवश्यक छ। पन्ध्रौं योजना निर्माणको समयमा बि.सं. २१०० सम्ममा नेपाललाई समृद्ध गर्ने भनिएकोमा अब त्यो अवधिलाई कम्युनिष्ट पार्टी स्थापनाको १०० वर्ष अर्थात् बि.सं.२१०६ लाई लक्षित गर्दै २५ वर्षको कार्यक्रम नै अगाडि बढाउनु उपयुक्त हुन्छ। यसको लागि देशको योजना निर्माण, कार्यान्वयन र अनुगमनका सन्दर्भमा संरचनात्मक परिवर्तन र प्रभावकारी कार्यान्वयन आवश्यक छ।

**दोस्रो,** जनताको बहुदलीय जनवादले धेरै बिषयहरू पछि व्याख्या र विस्तृतीकरण गर्ने गरी छोडेको देखिन्छ। साथै जनताको बहुदलीय जनवादको प्रतिपादन भएको समयको समग्र अवस्था र अहिलेको अवस्थामा धेरै परिवर्तनहरू आइसकेका छन्। विश्व रंगमञ्चको हिसाबले त्यतिबेला नवउदारवाद उदाउँदो अवस्थामा थियो भने अहिले अस्ताउँदो अवस्थामा छ। त्यतिबेला कम्युनिष्ट पार्टीहरू पूरै रक्षात्मक अवस्थामा थिए भने अहिले त्यस्तो अवस्थामा छैन। त्यतिबेला विश्व एक ध्रुवीय भएको थियो भने अहिले वहुध्रुवीय भएको छ। पाँचौं महाधिवेशनले जबजको नीति पारित गरिरहँदा छिमेकी देशहरू पनि करिब करिब हाम्रै अवस्थामा थिए भने अहिले भारत र चीन विश्व आर्थिक शक्ति बनिसकेका छन्। नेपालभित्रकै हिसाबमा पनि जबज पारित हुँदा देशमा राजतन्त्र थियो, सामन्तवाद प्रमुख दुश्मन थियो, नेपाली काङ्ग्रेस अत्यन्त जनविरोधी भएर आएको थियो। संघीयता थिएन। भौतिक र सामाजिक पूर्वाधार अत्यन्त कमजोर अवस्थामा थियो। गरिवी पनि अत्यधिक रहेको अवस्था थियो भने अहिले धेरै कुराहरूमा परिवर्तन आइसकेका छन्। अहिलेको पिँढीले माथि उल्लिखित सन्दर्भलाई ध्यानमा राखेर जबजका कतिपय नीतिगत पक्षहरूको परिमार्जन र विकास गर्नुपर्दछ। थप व्याख्या आवश्यक छ भने त्यो पनि गर्नुपर्छ र कतिपय असान्दर्भिक भएका नीतिहरूलाई हटाउने काम गर्नुपर्दछ।

**तेस्रो,** सबैभन्दा ठूलो कुरा देशको समृद्धिका लागि बलियो पार्टी, स्वअनुशासित तथा सिर्जनशील कार्यकर्ता निर्माण आवश्यक छ। जनताको बहुदलीय जनवादले भन्छ, नेपाली समाजलाई अग्रगति अर्थात् समृद्धितर्फ लैजान सर्वहारा श्रमजीवी वर्गको एउटा शक्तिशाली क्रान्तिकारी पार्टीको अनिवार्यता छ। क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तले युक्त एउटा जनव्यापी, राष्ट्रव्यापी, अनुशासित र शक्तिशाली पार्टी नै नेपाली समाजको समृद्धिको शक्तिशाली हतियार हो र त्यो पार्टी नेकपा (एमाले) नै हो भन्ने यसको मान्यता छ। त्यसमा नेकपा (एमाले) ले नेतृत्वको निम्ति दृढतापूर्वक पहलकदमी बढाउने तथा त्यसको लागि आवश्यक संगठनलाई सदृढ, शक्तिशाली र विकसित बनाउने कुरा गरेको छ। जबजले फलामे अनुशासनका साङ्लाले नबाँधिएको पार्टीले क्रान्तिको नेतृत्व गर्न सक्तैन भनेर प्रष्ट भनेको छ। लोकप्रिय मतको हिसाबले देशको सबैभन्दा ठूलो पार्टी एमाले छ। तर, पूर्ण बहुमत प्राप्त गरी सरकारमा हस्तक्षेप गर्न सक्ने स्थितिमा छैन। त्यही कारणले जबजले निर्देशित गरेको समृद्धि प्राप्तीको लागि शक्तिशाली पार्टी निर्माण आवश्यक छ। भर्खर सम्पन्न प्रथम महाधिवेशन प्रतिनिधि परिषदको बैठकले नेकपा (एमाले) लाई निर्णायक शक्तिको रुपमा विकास गर्ने भनेको छ। जसलाई हामीले दृढतापूर्वक कार्यान्वयन गर्नुपर्दछ। नेकपा (एमाले) लाई बलियो निर्णायक शक्तिको रुपमा बिकास गरेर मात्र जबजले भनेको सुन्दर, समृद्ध र सुखी नेपाल निर्माण गर्न सकिन्छ भन्ने बुझ्नु आवश्यक छ।

**मूल सन्दर्भसामग्री सूची**

नेकपा (एमाले) (२०५४), जनताको बहुदलीय जनवादको आर्थिक नीति तथा कार्यक्रमः विकासको जनवादी बाटो, केन्द्रीय योजना तथा अनुगमन विभाग, वल्खु काठमाडौं।

नेकपा (एमाले) (२०५७), जनताको बहुदलीय जनवादको कार्यनीति, केन्द्रीय कार्यालय, मदननगर, बल्खु।

नेकपा (एमाले) (२०६७), नेपाली क्रान्तिको कार्यक्रमः जनताको बहुदलीय जनवाद, केन्द्रीय कार्यालय, मदननगर, बल्खु।

नेकपा (एमाले), पाँचौं, छैटौं, सातौं, आठौं, नवौं र पहिलो विधान महाधिवेशनका प्रतिवेदनहरू।

नेकपा (एमाले) (२०८१), राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद प्रथम बैठकको प्रतिवेदन।


नेपाल सरकार (२०७२), नेपालको संविधान, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं

नेपाल सरकार (२०७६), पन्ध्रौं योजना, राष्ट्रिय योजना आयोग, सिंहदरवार, नेपाल।

नेपाल सरकार (२०७९), राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्यांक कार्यालय, सिंहदरवार, नेपाल।

नेपाल सरकार (२०८०), नेपाल जीवनस्तर सर्वेक्षण, राष्ट्रिय तथ्यांक कार्यालय, सिंहदरवार, नेपाल।

मदन आश्रित स्मृति प्रतिष्ठान (२०५७) जनताको बहुदलीय जनवादः नीतिगत कार्यपत्रहरू, मदन अश्रित स्मृति प्रतिष्ठान, काठमाडौं।



समीक्षा

# एमाले सरकारको नीति तथा कार्यक्रममा जबजको कार्यान्वयन



– डा.युवराज खतिवडा
पूर्व अर्थमन्त्री

श्रमजीवी जनताको नेतृत्व, राष्ट्रिय पूँजीको विकास, देशभक्त र राष्ट्रिय पूँजीपतिहरू समाहित सम्पूर्ण किसान, मजदूर र श्रमजीवीहरूको नेतृत्व भएको नेपाली विशेषताको समाजवाद निर्माण गर्ने नेकपा (एमाले) को कार्यभार पार्टीले पाँचौं महाधिवेशनबाट अघि सारेको नेपाली क्रान्तिको कार्यक्रमकै सेरोफेरोमा निहित छन्। सबल र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास नगरी राष्ट्रियताको रक्षा र सुदृढीकरण गर्न सकिँदैन, न त समाजवाद स्थापना नै। यसका लागि जगैबाट सबल, स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माणको शुरुवात गर्नुपर्ने हुन्छ। नेकपा (एमाले) ले सरकार सञ्चालनको क्रममा जबजको मार्गदर्शनलाई यसै कसीबाट हेर्नु पर्दछ र हेर्ने गरेको पनि छ।

## १. पृष्ठभूमि

नेकपा (एमाले) को पाँचौं महाधिवेशनमा महासचिव मदन भण्डारीद्वारा प्रस्तुत नेपाली क्रान्तिको मौलिक कार्यक्रम जनताको बहुदलीय जनवादमा नेकपा (एमाले) नेपालका सर्वहारा–श्रमजीवी वर्गको राजनीतिक पार्टी रहेको, यसले नेपालमा गरिबी, अभाव तथा सबै प्रकारका शोषण र असमानताहरूलाई अन्त्य गरी प्रगतिशील, विकसित, सम्पन्न र समृद्ध समाजको निर्माण गर्न चाहेको एवं त्यसका निम्ति वैज्ञानिक समाजवाद र साम्यवाद नै उच्चतम लक्ष्य हो भन्ने दृष्टिकोण अघि सारिएको थियो। महाधिवेशनबाट समाजवाद र साम्यवादलाई आफ्नो अधिकतम एवम् अन्तिम लक्ष्यका रूपमा स्वीकार गरेर जनताको बहुदलीय जनवादको मार्गदर्शन मार्फत त्यसको प्राप्तिका निम्ति पार्टी निरन्तर लागिरहने अठोट व्यक्त गरियो। त्यसअनुरुप २०५१ मा एमालेको अल्पमतको एकल सरकार सञ्चालन गर्दा होस् या त्यसपछि संयुक्त सरकारमा सहभागी हुँदा होस्, यही मार्गदर्शक सिद्धान्तलाई अंगीकार गरेर नेकपा (एमाले) अघि बढेको छ। २०६२/६३ को जनआन्दोलन र त्यसपछि गठन भएको संविधान सभामा नेकपा (एमाले) ले समाजवादी अर्थव्यवस्था निर्माणलाई संविधानमा नै उल्लेख गर्नुपर्ने स्पष्ट दृष्टिकोण राखेकै कारण नेपालको संविधान (२०७२)

को प्रस्तावनामा नै समाजवाद उन्मुख राज्यप्रणालीको निर्माण उल्लेखित हुन सकेको हो। संविधान निर्माण भएपछिको पहिलो सरकारको नेतृत्व गरिरहँदा र २०७४ मा एकल वहुमतको सरकार वनेको अवस्थामा एमालेको नीति, कार्यक्रम तथा बजेट यसैतर्फ केन्द्रित रहेको हामी सवैलाई विदितै छ।

नेकपा (एमाले) को पाँचौं महाधिवेशनको दस्तावेजमा नै नेपाली समाज सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद र साम्राज्यवादको शोषण–उत्पीडनमा रहँदा समाज विकासको बाटो अवरुद्ध भएको विश्लेषण गरिएको थियो भने देशको औद्योगीकरण र पर्याप्त भौतिक विकास बिना 'योग्यताअनुसार काम र कामअनुसार दाम' दिने समाजवादी समाजको निर्माण गर्न नसकिने दृष्टिकोण व्यक्त भएका थिए। राष्ट्रिय पूँजी र उद्योगको विकास सुनिश्चित गर्नु पहिलो र अनिवार्य काम भएको र त्यसका निम्ति सामन्तवाद–साम्राज्यवादको अन्त्य गर्नु जरुरी रहेको विषय पनि दस्तावेजमा समेटिएको थियो। त्यसका लागि पूँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्नु जरुरी रहेको विषय त्यही बेला महसुस गरिएको थियो। नेकपा (एमाले) ले २०५१ सालमा सरकार बनाए यता एमाले सरकारमा जाँदा आफ्ना नीति, कार्यक्रम तथा बजेट यसैर्फ केन्द्रित रहेका छन्। राष्ट्रिय पूँजी निर्माणमा सरकार, निजी क्षेत्र तथा सहकारी क्षेत्रको साझा प्रयास, विदेशी सहायता र लगानीलाई राष्ट्रिय पूँजी निर्माणमा सहयोगी बनाउने गरी परिचालन, औद्योगिक विस्तार तथा संरक्षण र उच्च आर्थिक वृद्धि मार्फत बचत तथा आन्तरिक लगानी प्रवर्द्धन गर्ने प्रयत्न पार्टीले सरकारमा रहेको वेला गरिरहेको छ। यी लक्ष्य हासिल गर्न निकै लामो समय लाग्ने सन्दर्भमा हाम्रो पार्टीले छोटो समय मात्र एकल वहुमतको सरकार सञ्चालन गर्न पाएको र त्यस वखत पनि सरकारमा सहभागी पक्षहरूबाट पर्याप्त सहयोग नपाएका कारण अपेक्षाकृत प्रगति हुन सकेन।

## २. पार्टीको तत्कालीन दृटिकोणको संविधानमार्फत सम्वोधन

नेकपा (एमाले) ले पाँचौं महाधिवेशनमा नेपालको क्रान्ति र राष्ट्र निर्माणलाई बाटो देखाउने सिद्धान्त मार्क्सवाद–लेनिनवाद रहेको, पार्टीले मार्क्सवाद–लेनिनवादको वैज्ञानिक विचार प्रणालीलाई आफ्नो मार्गदर्शक सिद्धान्त मानेको र वर्तमान युगको विकसित मार्क्सवाद औद्योगिक सर्वहारा वर्गको मात्र होइन, किसान तथा निम्नवर्गीय एवं जातीय तथा वर्गीय उत्पीडनमा परेका जनताको सामाजिक मुक्ति र राष्ट्रिय स्वाधीनताको मार्गदर्शक सिद्धान्तको रुपमा स्वीकार गरेको हो। यसलाई नेपाली सन्दर्भमा मौलिक कार्यक्रमको रुपमा कार्यान्वियन गर्न जनताको बहुदलीय जनवादको कार्यक्रम अघि सारेको हो। पार्टीले पाँचौं महाधिवेशनबाट अघि सारको यो कार्यक्रम अहिले पार्टीको मार्गदर्शक सिद्धान्तको रुपमा अंगिकार गरिआएको छ। आज मार्क्सवाद–लेनिनवाद बाहेक सामन्ती शोषणबाट किसानलाई मुक्त पार्ने र साम्राज्यवादी उत्पीडनबाट राष्ट्रलाई स्वाधीन बनाउने आन्दोलनलाई बाटो देखाउने अर्को कुनै वैज्ञानिक विचार–प्रणाली छैन। नेकपा (एमाले) मार्क्सवाद–लेनिनवादको सैद्धान्तिक मार्गदर्शनमा जबजलाई समाजवाद उन्मुख राज्य प्रणाली निर्माणतर्फ अघि बढाउन दृढ छ र सरकारमा जाँदा यसै मार्गदर्शन अनुसार सञ्चालित हुँदै आइरहेको छ।

नेपाली क्रान्तिको कार्यक्रम अन्तर्गत पाँचौं महाधिवेशनदेखि नै सामन्तवाद र साम्राज्यवादको शोषण उन्मूलन गरी जनताको जनवादी व्यवस्था कायम गर्नु तत्कालमा क्रान्तिको केन्द्रीय कार्यभार रहेको र जनताको हातमा सम्पूर्ण सत्ता केन्द्रित नगरी राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक सबै क्षेत्रमा आधारभूत जनवादी सुधार र परिवर्तन गर्न सम्भव हुँदैन भनिए अनुरुप संविधान सभाका माध्यमबाट निर्माण भएको संविधानमा यसको प्रत्याभूति गर्न सकिएको छ। नेकपा (एमाले) को सही दृष्टिकोण र दवाव नरहेको भए यस्तो प्रगतिशील संविधान वन्ने थिएन। त्यसवेला सोचिएको क्रान्तिकारी पहलद्वारा

जनवादीढङ्गले आम जनताको नेतृत्व गर्दै समाजवादमा सङ्क्रमण गर्ने कार्यक्रमलाई संविधानसम्मत कार्यान्वयन गर्ने अभिभारा एमाले सामु छ।

यी कुरा उल्लेख गरिरहँदा समाजवादतर्फको संक्रमणमा विद्यमान संविधानका सीमालाई हामीले विर्सनु हुंदैन। प्राकृतिकदेखि भौतिक र वौद्धिक सम्पत्तिमा व्यक्तिको अधिकार सुरक्षित रहेको, उत्पादनका साधनको पुनर्वितरणमा सीमा रहेको, निजी क्षेत्रको भूमिकालाई नै प्रश्रय दिइएको एवं खुला वजार प्रणालीको प्रभुत्व रहेको तथा पुराना कतिपय आर्थिक सामाजिक संरचनालाई संविधानले नै स्वीकारेको अवस्थामा हामीले समाजवादतर्फको सहज यात्रा अघि बढाउन यी संवैधानिक तथा सामाजिक, आर्थिक व्यवस्थामा परिवर्तन वारे सोच्नैपर्ने हुन्छ।

तत्कालीन अवस्थामा नै सामन्तवाद र साम्राज्यवादको सत्ता उन्मूलन गरी जनताको जनवादी सत्ता कायम गर्नु क्रान्तिको केन्द्रीय, न्यूनतम र निर्णायक कार्यभार रहेको एवं जस्तोसुकै परिस्थितिमा पनि यो कार्यभार अपरिवर्तित रहने प्रतिवद्धता जनाइएको थियो। यिनै आधारभूत उद्देश्य र कार्यभारहरूलाई हरेक बेलाको विशिष्ट स्थितिअनुरूप पार्टीले अघि बढाउँदै आइरहेको छ। यसैको फलस्वरुप विश्वको समाजवादी आन्दोलन रक्षात्मक स्थितिमा पुग्दा समेत नेपालमा नेकपा (एमाले) सवैभन्दा ठूलो पार्टी वन्न मात्र होइन, बारम्बार सरकार वनाउन वा सरकारको नेतृत्व गर्न र जनमुखी तथा लोकप्रिय कार्यक्रम मार्फत आर्थिक सामाजिक रुपान्तरणको प्रकृया अघि बढाउन सफल भएको छ।

### ३. विश्व परिवेशको सन्दर्भ र जबज

विगत एक दशकभन्दा वढी समयदेखि विश्वको राजनीतिक र आर्थिक शक्ति सन्तुलनमा ठूलो परिवर्तन आइरहेको छ। विकसित मुलुकहरूको आर्थिक वृद्धिलाई विकासोन्मुख मुलुकहरूको वृद्धिले धेरै पछाडि छोड्दै गएपछि त्यसले विश्वको सामरिक शक्ति सन्तुलन र राजनैतिक प्रभावमा समेत परिवर्तन ल्याउन थालेको छ। वेलायत यूरो क्षेत्रवाट वाहिरिनु, अमेरिकामा सुरक्षा, आप्रवासन, खुला व्यापार, वातावरण जस्ता नीतिमा परिवर्तन देखिन थाल्नु, एसियाली मुलुकहरूमध्ये चीन र भारतको द्रुत विकास हुनु र यी देश शक्ति राष्ट्रको सूचीमा माथि आउनु, अमेरिकाको इण्डोप्यासिफिक रणनीतिको घोषणा र चीनको वेल्ट एण्ड रोड रणनीतिले दक्षिणपूर्वी एसियाको राजनीतिक र सामरिक परिदृश्य तीव्र परिवर्तन भइरहेको छ।

दक्षिण एसियामा भारतको वढ्दो शक्ति बीच विश्वका धेरै मुलुकहरूको ध्यान यतै केन्द्रित हुनु, क्षेत्रीय सहयोगका नयाँ संस्थाहरूको विकास, नयाँ वित्तीय संस्थाहरूको स्थापना र विश्वका ठूला २० राष्ट्रहरूमा एसियाली मुलुकहरूको भूमिका वढ्दै जानु जस्ता कारणको भूराजनैतिक प्रभाव नेपालको राजनीतिक, आर्थिक र सामाजिक जीवनमा पनि प्रतिबिम्बित भइरहेको छ। नेपालले अव संघीयताको संस्थागत सुदृढीकरण, शान्ति, स्थायित्व, द्रुत आर्थिक विकास र समाजवादतर्फको यात्रामा अन्तर्राष्ट्रिय समुदाय र मूलतः छिमेकीहरूसँगको सम्वन्धलाई वढी महत्व दिंदै अघि वढ्नुपर्ने देखिन थालेको छ। नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त जबजले छिटो छिटो परिवर्तन भइरहेको विश्वको शक्ति सन्तुलनलाई सही ढंगले वुझेको र पार्टीले तदनुरुप नै सरकारमा रहेको समयमा २०७६ सालमा देशको नयाँ परराष्ट्र नीति तर्जुमा र कार्यान्वयन गरेको हो। यही वाटोमा हिडेका कारण कम्युनिष्ट पार्टीको सरकारलाई पनि पूँजीवादी संस्था, संगठन तथा देशहरूवाट ऋण तथा अनुदान, पूँजी लगानी, व्यापार, श्रमबजार तथा प्रविधिका क्षेत्रमा प्रशस्त सहयोग प्राप्त हुन सकेको हो।

सामाजिक न्याय सहितको दिगो विकासका लागि राज्यको भूमिकाका सन्दर्भमा तीन दशक अघिको पार्टीको सोच आज सही सावित भएको छ। विगत चार दशकदेखि तीव्र गतिमा अघि बढेको उदारीकरण र विश्व आर्थिक एकीकरणबाट विश्व अर्थतन्त्रमा केही मुलुकहरू तीव्र आर्थिक वृद्धि गर्न त सफल भए, तर ती आर्थिक वृद्धि न त टिकाउ भए न तिनले पर्याप्त मात्रामा रोजगारी सिर्जना

गर्न सके। शुरुका समयमा पूँजीले श्रमको शोषण गर्दै जाँदा र पछि प्रविधिले श्रम र पूँजी समेतको दोहन गरिरहँदा आयको असमानता बढदै गएको छ भने गरीवी केही घटे पनि आर्थिक वृद्धिकै गतिमा गरीवहरूको जीवनस्तर सुध्रन सकेको छैन।

विश्वले प्रत्येक १० वर्षमा कुनै न कुनै आर्थिक संकट वेहोर्दै जानु परेको छ। पछिल्लो समयमा जलवायु परिवर्तन तथा कोभिड १९ ले विश्व अर्थतन्त्रलाई नै धरासायी वनाए पछि भने आम नागरिकहरू असुरक्षित हुंदै गएका छन्। विश्वमा वारम्वार दोहोरिने आर्थिक संकट र महामारीको रोकथाम र समाधान गर्न तथा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न राज्यको भूमिका सशक्त रहनुपर्ने कुरा स्थापित हुंदै गएका छन्। जननेता मदन भण्डारीले जबजको आर्थिक पक्षको विश्लेषण गर्दै ३० वर्ष अघि राज्यको भूमिकाका सन्दर्भमा व्यक्त गर्नु भएका विचारलाई हामीले यसै लेन्सवाट हेर्न सकिन्छ।

### ४. राज्यव्यवस्थाको सन्दर्भ

तत्कालीन अवस्थामा राज्य व्यवस्थाका सन्दर्भमा नेकपा (एमाले) ले सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद र साम्राज्यवादको सत्ता तथा उनीहरूको शोषण उत्पीडन समाप्त पारिने एवं मजदुर, किसान तथा सामन्तवाद–साम्राज्यवादविरोधी सम्पूर्ण जनवादी, देशभक्त तथा न्यायप्रेमी जनसमुदायको संयुक्त जनवादी राज्यसत्ता कायम गरिने कार्यनीति लिएको थियो। यसको कार्यान्वयन लोकतान्त्रिक विधिबाट एमालेको वहुमतको सरकार बनाउन र प्रगतिशील सुधारका कार्यक्रम अघि बढाउनु सँगसँगै भइरहेको छ। नेपाललाई स्वतन्त्र, सार्वभौम, धर्मनिरपेक्ष जनताको जनवादी गणतन्त्र घोषित गरिने, जनताको बहुदलीय जनवादी व्यवस्थाको स्थापना गरिने र संविधानलाई सर्वोपरी राखेर राज्यका सबै अङ्गहरू सङ्गठित र सञ्चालित हुने पार्टीको त्यो बेलाको दृष्टिकोण सार्वभौम संविधान सभाबाट संविधान निर्माणसंगै धेरै हदसम्म साकार भएको छ। त्यसवेलाको सोच अनुरुप अहिले संवैधानिक सर्वोच्चता कायम भएको, राज्य धर्म निरपेक्ष भएको र संघीयता सहितको गणतन्त्र स्थापनासंगै कार्यान्वयन भएको अवस्था छ। त्यस्तै शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा संविधानले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गर्ने, निर्वाचित व्यवस्थापिका सभाले ऐन–कानुनहरूको निर्माण गर्ने, संविधानले मानवअधिकार र जनताका मौलिक प्रजातान्त्रिक अधिकारहरूको ठोस प्रत्याभूति र सुरक्षा गर्ने, संविधानतः बहुलवादी खुल्ला समाज कायम गरिने र संविधानको सर्वोच्चताको आधारमा लोककल्याणकारी संवैधानिक राज्य व्यवस्थाको स्थापना गरिने पार्टीको दृष्टिकोण अहिले संविधान निर्माण र यसको कार्यान्वयन मार्फत हासिल भएका छन् वा हुने क्रममा छन्। यसको आधार जबजको मार्गदर्शन हो भने कार्यान्वयनको जस नेकपा (एमाले) लाई जान्छ।

नेकपा (एमाले) का अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले करिव साढे तीन बर्षको अवधिमा संवैधानिक व्यवस्था अनुसार नागरिकका मौलिक हक र अधिकार सम्बन्धी मूलभूत कानूनहरू निर्माण गरी कार्यान्वयनमा ल्याएको थियो। त्यो सरकारले राज्य पुनर्संरचनाका कानूनी आधार, संगठन संरचना, संघीय वित्त प्रणाली तथा कार्य सञ्चालन आधार विधि निर्माण र कर्मचारी समायोजन गर्ने कार्य सम्पन्न गरी संघीय शासन प्रणालीको सफल कार्यान्वयन गर्‍यो। सरकारको नीति तथा कार्यक्रम र वजेट मार्फत उत्पादनका साधनमा सवैको पहुँच तथा सामूहिक स्वामित्व र उत्पादन, कामको प्रत्याभूति, न्यूनतम ज्यालाको ग्यारेन्टी, रोजगारीमा जोडिन नसक्नेलाई जीवन निर्वाह भत्ता, सवै नागरिकलाई कुनै न कुनै प्रकारको सामाजिक सुरक्षाको व्यवस्था अघि वढायो। त्यस्तै, सवैलाई निशुल्क आधारभूत शिक्षा तथा स्वास्थ्य सेवा, सुकुम्वासी समस्याको समाधान, खाद्य र ऊर्जा सुरक्षा, विपन्न परिवारका लागि आवास निर्माण, सामाजिक रुपमा पछि परेको वर्गको उत्थान गर्ने, भौतिक पूर्वाधारको द्रुत विकास तथा राष्ट्रिय पूँजी निर्माण मार्फत उच्च आर्थिक वृद्धि जस्ता कार्यहरूबाट सरकारले

समाजवाद उन्मुख राज्यप्रणालीको आधारशीला निर्माणको काम गऱ्यो ।

राज्यको शासन प्रणालीका सन्दर्भमा नेपाली क्रान्तिको तत्कालीन कार्यक्रममा संविधानको मर्यादाभित्र सबै राजनीतिक पार्टीहरूलाई राजकीय निकायहरूमा शान्तिपूर्णढङ्गले प्रतिस्पर्धा गर्ने स्वतन्त्रता रहने, निर्वाचनको विधि, तरिका र साधनहरूमा आमूल जनवादीकरण गरी निश्चित समयमा स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्णरूपमा आवधिक आम निर्वाचन गर्ने प्रणाली कायम गरिने, व्यवस्थापिका सभामा बहुमत प्राप्त राजनीतिक पार्टीले सरकार गठन गर्ने र अल्पमतले विपक्षको भूमिका खेल्ने संवैधानिक व्यवस्था कायम गरिने विषयहरू उल्लेखित थिए । संविधान निर्माणमा एमालेले हस्तक्षेपकारी भूमिका, नेतृत्व र अन्य दलहरूमा दवाव सिर्जना गरेको, देशी विदेशी तत्वहरू एवं संविधान वन्न नदिने स्वार्थ समूहरूको अवरोधलाई चिर्न सकेको कारण नै पार्टीले संविधान वन्नु भन्दा २५ वर्ष अघि राखेको शासकीय प्रणालीको सोच अहिले वास्तविकतामा रुपान्तरित भएको छ । त्यस्तै विकेन्द्रीकरणको सिद्धान्त, बहुदलीय राजनीतिक प्रणाली र स्थानीय स्वशासनको आधारमा सबै स्थानीय निकायहरूको निर्वाचन गरिने, स्थानीय निकायहरूले नै आफ्नो क्षेत्रको विकास–निर्माण र प्रशासनको नेतृत्व र सञ्चालन गर्ने सम्वैधानिक व्यवस्था गरिने तत्कालीन दृष्टिकोण अहिले संघीय शासनको संरचना मार्फत कार्यान्वयन भएको छ ।

सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद र साम्राज्यवादको शोषण–उत्पीडनका सम्पूर्ण अवशेषहरूलाई कानुनसम्मतढङ्गले निर्मूल गरिने पार्टीको त्यसवेलादेखिको अठोट हो । जनताको बहुदलीय जनवादी व्यवस्थालाई योजनाबद्धरूपमा क्रमशः विकसित, समृद्ध र सुदृढ पारिने पार्टीको तत्कालीन कार्यक्रम अव पार्टीको मार्गदर्शक सिद्धान्तकै रुपमा अघि वढिरहेको छ । अहिले संवैधानिक, कानूनी तथा प्रशासनिक प्रवन्धबाट सामन्तवादको अन्त्य गर्न सकिएपनि हालसम्म पनि दलाल नोकरशाही पूँजीवादको जकडमा राजनीतिक प्रणाली रहेको र यसलाई निर्मूल पार्न नेकपा (एमाले) ले अझ सशक्तरुपमा अघि वढ्नुपर्ने भएको छ ।

## ५. समाजवादको तयारी

नेपाली क्रान्तिको तत्कालीन कार्यक्रममा समाजवादमा सङ्क्रमण गर्ने उद्देश्यले कार्यक्रमको आधारमा ठोसरूपले भौतिक तयारी गरिने उल्लेख गरिएको थियो । यसमा अहिले पार्टीका सम्पूर्ण कार्यक्रम नै समाजवादउन्मुख राज्यप्रणाली स्थापना गर्नेतर्फ केन्द्रित रहेका छन् । पार्टीका लागि सवैप्रकारका विभेदको अन्त्य, दिगो शान्ति, समानतामा आधारित समृद्धि, बहुसंख्यक उत्पादक शक्तिको नेतृत्वमा संचालित राज्य शक्ति र उच्च स्तरीय संस्कृतियुक्त सामाजिक व्यवस्था नै समाजवाद हो । यो वैज्ञानिक नियमहरूमा सञ्चालित उत्पादन पद्धतिको पनि नाम हो भन्नेमा पार्टी स्पष्ट छ । एकाइशौं शताब्दीका विशेषताहरू पार्टीको अहिलेको सिद्धान्तले मार्गदर्शन गरेपछि समाजवाद सुदूर भविष्यको सपना नभई तात्कालिक र व्यवहारिक कार्यान्वयनको विषय बनेको छ । यो कार्यभार पुरा गर्न संघदेखि प्रदेश र स्थानीय तहमा लोकतान्त्रिक विधिबाट नेकपा (एमाले) को सरकार निर्माण गर्दै मुलुकमा अग्रगमन, विकास र समृद्धिका साथै नेपाली विशेषताको उन्नत समाजवाद निर्माण गर्नकालागि पार्टी अग्रसर हुनु पर्नेछ ।

नेपाली क्रान्तिको तत्कालीन कार्यक्रममा समाजवादी आर्थिक व्यवस्थाका वारेमा अघि वढाइएका सोच आज पनि त्यतिकै सान्दर्भिक छन् । देशमा जनताको जनवादी राजनीतिक सत्ताको स्थापनापछि जनवादी अर्थव्यवस्थाको निर्माण गर्ने, सुदृढीकरण गर्ने र समाजवादमा सङ्क्रमणको निम्ति भौतिक तयारी गर्ने कामलाई ठोस योजनाका साथ अघि बढाउने, सामन्तवाद, दलाल–नोकरशाही पूँजीवाद, वैदेशिक एकाधिकार पूँजीवाद तथा साम्राज्यवादका शोषण, उत्पीडन र प्रभुत्वका सम्पूर्ण आधार र अवशेषहरूलाई अन्त्य गर्दै जनवादी अर्थव्यवस्थाको निर्माण गर्ने र प्रगतिशील नयाँ सामाजिक व्यवस्थाको बलियो जगमा उभिएर समाजवादमा

सङ्क्रमण गर्ने ठोस भौतिक तयारीको कामलाई केन्द्रित गर्नेजस्ता आधारभूत महत्वका विषयहरू त्यही बेलाको सोच हो । त्यही सोचका आधारमा हाम्रो पार्टीले सरकारमा जाँदा समाजवाद उन्मुख राज्यप्रणाली निर्माणका कार्यक्रम अघि वढाएको हो ।

### ६. भूसम्बन्ध र कृषि सम्बन्धी सोच

पार्टीको पाँचौं महाधिवेशनबाट नै जबजकै मार्गदर्शनमा रहेर जमिनमाथि रहेको सामन्ती भू–स्वामित्वको पूर्णरूपमा उन्मूलन गरी अर्धसामन्ती शोषणका सम्पूर्ण रूपहरूलाई समाप्त पारिने, क्रान्तिकारी भूमिसुधारको कार्यक्रम कार्यान्वित गर्दै वास्तविक जोताहा तथा भूमिहीन किसानलाई भूमिको वितरण गरिने तथा भूमिमाथि निजी स्वामित्वको नयाँ हदबन्दी कायम गरिने पार्टीको तत्कालीन सोच थियो । जमिनमाथि निजी स्वामित्व कायम गरिए पनि सहकारी खेतीलाई विशेष प्रोत्साहन गरिने, वैज्ञानिक तथा उन्नत खेतीको विकास गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाइने तथा कृषिमा आश्रित जनताको जीवनस्तर माथि उठाइने विषय तत्कालीन कार्यक्रम थियो । सोही अनुरुप एमाले सरकारले राजकीय क्षेत्रमार्फत किसानहरूको लागि आवश्यक सुविधाहरू जस्तै– सस्तो ब्याजदरमा कृषि ऋण र कृषि उत्पादनको उचित मोल प्राप्त गर्न सङ्गठित कृषि बजारको व्यवस्था, सहुलियत दरमा उन्नत मल–बीऊको व्यवस्था, सिँचाइ र प्राविधिक शिक्षा आदि किसानको घरदैलोमा पुऱ्याउने र किसानहरूले ती सुविधाहरूको प्रत्यक्ष लाभ लिनसक्ने व्यवस्था गरेको छ । जमीनमा दोहोरो स्वामित्व अन्त्य भएको छ। मुक्त कमैया, हलिया, दलित तथा सुकुम्वासीहरूका लागि न्यूनतम जमीन सुनिश्चित गर्न भूमि ऐनको तर्जुमादेखि भूमि आयोग मार्फत जमीन वितरण कार्य अघि बढाइएको छ । कृषिमा सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिएको छ । साना किसान कृषि सहकारीमार्फत कृषि सामग्री आपूर्ति, बजार तथा भण्डारण व्यवस्थापन र उत्पादनको उचित मूल्य प्राप्तहुने कार्यहरू भएका छन्। तथापी यसले पूर्णता पाउन वाँकी छ ।

संविधानले जमीन माथि व्यक्तिको निजी अधिकार सुनिश्चित गरेकोले धेरै क्रान्तिकारी भुमिसुधार गर्न सकिएको छैन । तर भूमिबैंकका माध्यमबाट जमीनमा कृषकको पहुँच पुऱ्याउने प्रयत्न गरिएको छ। कृषि जमीनको सुरक्षाका लागि समेत भूउपयोग नीति र भूउपयोग ऐन एमालेले नै ल्याएको छ। कृषि क्षेत्रमा काम गर्ने कृषि मजदुरहरूको लागि जीवनयापन गर्न पुग्ने न्यूनतम ज्याला कानुनबमोजिम तोकिनेछ भन्ने तत्कालीन अठोट एमालेको सरकारले न्यूनतम ज्याला कायम गर्ने र चारवर्ष भन्दा कम अवधिमा २ पटक न्यूनतम ज्याला तोक्ने काम गरेबाट सहीरुपमा सम्वोधन भैरहेको स्पष्ट हुन्छ ।

### ७. उद्योग तथा श्रमबारे पार्टीको दृष्टिकोण

देशको समृद्धि तथा विकास एवं आमजनताको गरिबी, सामाजिक–आर्थिक पछौटेपन र असमानताको अन्त्य गर्दै समतामूलक सामाजिक–आर्थिक विकासको निम्ति औद्योगिक क्रान्तिको योजना तर्जुमा र कार्यान्वयन गरिने, औद्योगिक क्रान्ति अन्तर्गत कुटिर, मझौला तथा ठूला उद्योगको स्थापना र विकास गरिने तथा राष्ट्रिय पूँजीपति वर्गको विकास गर्ने ढङ्गले औद्योगिक नीतिको निर्माण गरिने कार्यक्रमको परिकल्पना एमालेले कमसेकम तीन दशक अघि नै गरेको थियो। नेकपा (एमाले) को सरकारका पालामा नै नेपालको वजेटको इतिहासमा संभवत पहिलो पटक श्रम र रोजगारीले सरकारको नीति तथा कार्यक्रममा पहिलो प्राथमिकताको स्थान पाएको थियो। रोजगारी प्रत्याभूति ऐनको तर्जुमादेखि यसको कार्यान्वयनसम्म, समान कामका लागि समान ज्याला र सम्मानजनक ज्यालाको व्यवस्थासम्म, व्यवसायजन्य स्वास्थ्य सुरक्षादेखि श्रम विवाद निरुपणसम्म, देशमा स्वरोजगारीका अवसर वढाउनेदेखि वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित तुल्याउनेसम्मका पहल सरकारले गरेको थियो ।

नेपालको इतिहासमा नै पहिलो पटक रोजगारीको हकलाई मौलिक हकको रुपमा कानूनी मान्यता दिई प्रधानमन्त्री रोजगार कार्यक्रमको रुपमा रोजगारी प्रत्याभूति

ऐनलाई कार्यान्वयनमा ल्याइएको थियो। तोकिएका मापदण्डका आधारमा रोजगारी नपाउने व्यक्तिलाई वेरोजगार भत्ताको व्यवस्था गरी नेपालमा पहिलो पटक श्रमजीवीका पक्षमा रोजगार कार्यक्रमलाई संस्थागत गरिएको थियो। प्रधानमन्त्री रोजगार कार्यक्रमबाट लाखौं व्यक्तिहरूले कम्तिमा १०० दिनको कामको अवसर पाउने र त्यस्तो काम नपाउनेहरूले न्यूनतम ज्यालाको आधा रकम वेरोजगार भत्ता पाउने प्रवन्ध भएको थियो। त्यस्तै स्वरोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण कर्जा कार्यक्रमको थालनी र विस्तारसँगै न्यूनवैतनिक राष्ट्रसेवकको सेवा सुविधामा वृद्धि, देशभित्र थप रोजगारी सिर्जना, अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने कार्य र वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको हित एवं सुरक्षाका लागि नीतिगत प्रवन्ध यसक्षेत्रमा गरिएका थप कार्यहरू हुन्।

क्षमता अनुसारको काम र काम अनुसारको दाममा विश्वास गर्ने नेकपाको सरकारले श्रमको सम्मान र श्रमिक हितमा धैरै काम गरेको थियो। खासगरी मर्यादित श्रमको अवधारणा अनुरुप सरकारले निजी क्षेत्रमा कार्यरत श्रमिकहरूको न्यूनतम ज्यालामा ४० प्रतिशतले वृद्धि गरेको थियो। श्रमिकको मासिक ज्याला रु १० हजारवाट वृद्धि गरी रु १४ हजार पुऱ्याइएको थियो। श्रमजीवी पत्रकारदेखि दैनिक ज्यालादारी गर्नेसम्मलाई न्यूनतम ज्याला प्राप्त हुने व्यवस्था गरिएको थियो। श्रम निरीक्षकको व्यवस्था गरी कार्यस्थल सुरक्षाको अनुगमन र सरकारले तोकेको न्यूनतम ज्याला नदिने रोजगारदातालाई कार्वाहीको दायरामा ल्याउने काम भएको थियो।

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम लागूगरी श्रमिकको सेवा सुरक्षा र सेवा निवृत्त जीवनको वित्तीय सुरक्षा गरिएको थियो। स्वीकृत सामाजिक सुरक्षा कोषमा योगदान गर्ने व्यक्तिको आयमा लाग्ने आयकर हटाइएको थियो। अहिले करिव साढे छ लाख श्रमिकहरू सामाजिक सुरक्षाको दायरामा समेटिएका छन्। कृषि, निर्माण तथा सेवाका क्षेत्रमा अनौपचारिक कामदारको रुपमा कार्यरत श्रमिकहरू पनि क्रमशः सामाजिक सुरक्षाको दायरामा आउन थालेका छन्। श्रम कानूनको कार्यान्वयन, सामाजिक सुरक्षाको दायरा विस्तार एवं ज्यालामा गरिएको वृद्धिबाट श्रमिकहरूको जीवनस्तर माथि उठ्न थालेको छ। योगदानमा आधारित अवकाश कोष सम्वन्धी ऐन कार्यान्वयन गरी राष्ट्रसेवकहरूको योगदान समेतका आधारमा दिगो पेन्सन योजना व्यवस्थित गरिएको छ।

श्रम कानूनहरूको प्रभावकारी कार्यान्वयन र सामाजिक सुरक्षाका प्रवन्धका कारण समेतले नेकपा (एमाले) को सरकार बने यता औद्योगिक श्रम सम्बन्ध सुमधुर वनेको छ। सामाजिक सुरक्षाका प्रावधानहरू लागू गरिए पश्चात श्रमिकले सेवा सुविधाका लागि हड्ताल गर्नु परेको छैन। यस बीचमा कुनै ठूलो मजदूर आन्दोलन हुनु वा गर्नु परेको छैन। श्रम सम्बन्धमा सुधार आएको कारण लगानीको वातावरणमा सुधार हुँदैछ। यसकारण औद्योगिक लगानी वढ्दै छ भने औद्योगिक क्षेत्रमा कामका अवसरहरू बढ्न थालेका छन्। कोभिडको समस्या नभएको भए यस बीचमा स्वदेशमा थप धैरै रोजगारी सिर्जना भइसकेको हुने थियो।

न्यूनवैतनिक राष्ट्रसेवकहरूका लागि तलव सुविधा बृद्धि, वीमाको रकम वृद्धि तथा कर छुटको सीमा बृद्धि गरिएको छ। करिव २० प्रतिशतको तलव बृद्धि, वीमा रकम दोब्बर, आयकरको छूट सीमा बृद्धिसँगै न्यूनतम आयकरको दरलाई १५ प्रतिशतबाट १० प्रतिशतमा र अधिकतम दरलाई २५ प्रतिशतबाट ३० प्रतिशत गरी प्रगतिशील कर प्रणालीका माध्यमबाट निम्न आयवर्गको संरक्षण गरिएको थियो। समग्रमा, योगदानमा आधारित सेवा निवृत्त वित्तीय सुविधा प्रणालीको स्थापना गरी भरपर्दो सामाजिक सुरक्षाको प्रवन्ध गरिएको छ।

### ८. व्यापार, व्यवसाय तथा विकासको पूर्वाधार

नेकपा (एमाले) को क्रान्तिको तत्कालीन कार्यक्रममा व्यापारलाई राष्ट्रिय हितअनुरूप विविधिकरण गर्ने, स्वतन्त्र विदेश व्यापार नीति अवलम्बन गर्ने, व्यापार तथा पारवहनको क्षेत्रमा रहेका असमान सन्धि–सम्झौतालाई समाप्त पारी पारस्परिक लाभको आधारमा नेपालको

व्यापार क्षेत्रका हित संरक्षण हुने नीति अवलम्बन गर्ने तथा अन्तर्राष्ट्रिय मान्यताअनुरूप भूपरिबेष्ठित देशले पाउनुपर्ने पारवहन सुविधा प्राप्त गर्नेतर्फ ठोस पाइला चालिने विषय उल्लेख गरिएको थियो। संविधान निर्माणको चरणमा भारतले आर्थिक नाकावन्दी गरेपछि केपी शर्मा ओली नेतृत्वको सरकारले चीनसँग पारवहन सम्झौता गरी वाह्य व्यापारमा भारतसँगको निर्भरताको विकल्प तयार गरेको थियो।

जलस्रोतका क्षेत्रमा नदी पठान्तरण आयोजनाहरू कार्यान्वयन गर्ने लक्ष्य राखिएकोमा भेरी बबई तथा सुनकोशी मरिण आयोजना कार्यान्वयन भइरहेका छन्। नेपालको जलस्रोतमा नेपाली जनताको अक्षुण्य सार्वभौमिक अधिकारलाई रक्षा गर्ने नीति नेकपा (एमाले) को रहिआएको छ। बासबिहीन प्रत्येक नेपालीको बासको लागि जमिन उपलव्ध गराई बास निर्माणमा सहयोग पुऱ्याउने एमालेको तत्कालीन कार्यक्रम पार्टी सरकारमा रहँदा कार्यान्वयन गरिँदै आएको छ। जनता आवास तथा सुरक्षित आवास कार्यक्रम अन्तर्गत एमालेको सरकार विपन्न परिवारका लागि करिव एक लाख आवास र भूकम्प पीडितका लागि सात लाख घर पुनर्निर्माण गर्न सफल भएको छ।

शिक्षा पाउनु प्रत्येक व्यक्तिको मौलिक अधिकार रहेकोले पूर्व प्राथमिक, प्राथमिक तथा माध्यमिक तहको शिक्षालाई क्रमिकरूपले अनिवार्य र निःशुल्क गराइने तथा माध्यमिक तहमा व्यावसायिक कार्यमूलक शिक्षालाई समावेश गरिने पार्टीको तत्कालीन शिक्षा सम्बन्धी दृष्टिकोण क्रमशः कार्यान्वयनमा आउँदै छ। साधारण शिक्षालाई प्राविधिक धारमा लैजाने, विद्यालय भर्नालाई अभियानका रुपमा अघि बढाउने तथा शिक्षा आयोग गठन गरी शिक्षा नीतिमा परिमार्जन गर्ने कार्य एमालेको सरकारले गरेको छ।

स्वास्थ्य सेवाको विद्यमान स्वरूपमा आमूल परिवर्तन गरी स्वास्थ्यलाई मानवअधिकारकै रूपमा आत्मसात गर्ने र यसलाई सुविधा होइन, अधिकारको रुपमा स्थापित गर्ने पार्टीको तत्कालीन दृष्टिकोणलाई अङ्गीकार गरी एमालेको सरकारले आधारभूत स्वास्थ्य सेवा निशुल्क गर्ने, स्वास्थ्य बीमा कार्यक्रमलाई अघि बढाउने, ७५३ वटै स्थानीय तहका प्रत्येक वडामा ५ देखि १५ शैय्याका स्वास्थ्य संस्थाहरू स्थापना गर्ने, विशेषीकृत प्रादेशिक अस्पताल निर्माण गर्ने, महामारी रोकथामका पूर्वाधार तयार गर्ने तथा निरोगी नेपालको अवधारणा ◌अनुरूप एलोपेथिक, होमियोपेथिक, आयुर्वेदिक, अक्युपञ्चर, योग र प्राकृतिकलगायत सबै उपचार पद्धतिलाई विकास गर्न थालेको थियो।

## ९. महिला सशक्तिकरणको सन्दर्भ

महिलाहरूमाथि भइरहेका सबैप्रकारका शोषण–उत्पीडनहरू, अपहरण, बेचबिखन, देहव्यापार तथा सामाजिक कुप्रथाको अन्त्य गरिने, पैत्रिक सम्पत्तिमा छोरा र छोरीको समान हक स्थापित गरिने, महिला र पुरुषबीच समान कामको समान ज्यालालाई प्रभावकारीढङ्गले लागू गरिने तथा राजनीतिक, आर्थिक, सामाजिक जीवनका हरेक क्षेत्रमा महिलाको सक्रिय सहभागितालाई बढाउँदै लगिने पार्टीको तत्कालीन नीतिको कार्यान्वयन एमालेकै पहलकदमी, दवाव तथा नेतृत्वमा संभव हुँदै आएको छ। राजनीतिक तहमा महिलाको सहभागिता न्यूनतम ३३ प्रतिशत हुनुपर्ने संकल्प प्रस्ताव संसदमा एमालेले पेश गरेपछि नै संविधान तथा कानूनमा यो व्यवस्था कायम भई आज राजनीतिक क्षेत्रमा करिव ४० प्रतिशत महिला नेतृत्वदायी भूमिकामा आउन सकेका छन्। एमालेले नै महिलाको नाममा घरजग्गा खरिद हुँदा १० प्रतिशत छुट दिने नीति अघि सारेपछि क्रमशः त्यो छुट २५ प्रतिशत हुँदा अहिले झण्डै २३ प्रतिशत महिलामा घर जग्गा सम्पत्तिको स्वामित्व छ। नेकपा (एमाले) को तत्कालीन कार्यक्रमले असहाय भएका बृद्ध तथा अपाङ्ग, अनाथ बालबालिकाको संरक्षण राज्यले गर्ने उल्लेख गरेअनुरुप एमाले सामाजिक सुरक्षाको जननीकै रुपमा अघि आएको छ। एमालेले नै सरकारमा गएपछि जेष्ठ नागरिक भत्ता शुरु गरी प्रतिदिन रु ३ बाट वृद्धि गरी हाल प्रतिदिन रु १३३ पुऱ्याएको छ भने लक्षित वर्गका बालबालिकाका

लागि प्रति दिन रु ७ भन्दा कम भत्तावाट शुरु गरेर अहिले प्रतिदिन रु १३३ प्राप्त हुने अवस्थामा पुऱ्याएको छ। जीवन चक्रमा आधारित सामाजिक सुरक्षाको अवधारणा अनुरुप भ्रूणावस्थादेखि मृत्युसम्म कुनै न कुनै सामाजिक संरक्षण प्राप्त गर्ने व्यवस्था मिलाएको छ।

**१०. उपसंहार**

विश्वको समाजवादी आन्दोलनका हरेक देशका आआफ्नै विशिष्टता रहेका छन्। वैश्वीकरण भएको, सूचना प्रविधिले नजिकिएको र विज्ञान प्रविधिले तीव्र फड्को मारिरहेको एक्काइसौं शताव्दीमा त बीसौं शताव्दीको सामान्य सैद्धान्तिक अवधारणाका आधारमा मात्र समाजवादी क्रान्ति सम्पन्न हुन सक्दैन। हामीले समाजवाद स्थापना गर्न नेपालले मौलिक प्रकारको क्रान्तिको वाटो अपनाउनु पर्ने र यसका लागि सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद र साम्राज्यवादका शोषण–उत्पीडनलाई कानून सम्मत ढंगले निर्मूल गर्नु समाजवाद निर्माणको शर्त हो। जबजको मार्गदर्शनमा रहेर समाजलाई अग्रगमन गराउने गरी मुलुकी ऐनको संसोधन र कार्यान्वयन, नागरिकका लागि खाद्य सुरक्षा, रोजगारीको ग्यारेण्टी, शिक्षा, स्वास्थ्य, सुरक्षित आवास, सरसफाई तथा स्वच्छ वातावरणको हकसँग सम्बन्धित दर्जनौं कानूनको निर्माण र कार्यान्वयन, श्रममैत्री कानून र न्यायिक ज्यालादरको व्यवस्था, सर्वव्यापी सामाजिक सुरक्षाको प्रवन्ध, सहकारी प्रणालीको विस्तार तथा सुदृढीकरण, प्रगतिशील कर प्रणालीको विकास र जनतालाई सवलीकरण गर्ने कार्यक्रमहरूको कार्यान्वयन मार्फत एमाले सरकारले समाजवादतर्फको मार्ग प्रशस्त गरेको छ।

अहिले हामी एकातिर प्रतिस्पर्धी राजनीति, खुला समाज, खुला व्यापार, निजी क्षेत्रको वाहुल्य भएको अर्थतन्त्र, वाह्य सहायतामा आधारित सार्वजनिक वित्त स्थिति, उच्च लगानीका लागि वाह्य पूँजीमाथिको निर्भरता तथा अर्थतन्त्रमा सार्वजनिक क्षेत्रको कमजोर अवस्थितिका बीचमा छौं भने अर्कोतर्फ उच्च आर्थिक वृद्धि, सामाजिक न्यायसहितको विकास र समृद्धिको वाटोबाट छिटो भन्दा छिटो समाजवादतर्फ संक्रमण गर्नुपर्ने आकांक्षामा पनि छौं। सामन्तवादको प्रतिकको रुपमा रहेको राजतन्त्र फालिएपनि कतिपय सामाजिक विभेद र शोषणका अवशेषहरू उन्मूलनको चरणमा नै छन्। मुलुकी संहिता कार्यान्वयन, संविधानमा उल्लेखित मौलिक हकको पूर्ण कार्यान्वयन, प्रतिस्पर्धी र समाजप्रति जिम्मेवार निजी क्षेत्रको विकास, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत सामाजिक सेवामा राज्यको दरिलो उपस्थिति, आर्थिक पूर्वाधारको विकास, सामाजिक संरक्षण र सुरक्षामा राज्यको उत्तरदायी भूमिका, उत्पादनका साधनमा वहुसंख्यक जनताको पहुँच, राष्ट्रिय उद्योगको विकास र राष्ट्रिय पूँजी निर्माण एवं न्यायपूर्ण उत्पादन सम्बन्धवाट समाजवादतर्फ अघि वढ्नु आजको कार्यनीति हो।

जबजको मार्गदर्शनमा मार्क्सवादको सिर्जनशील प्रयोग र आम जनताका पक्षमा समयसापेक्ष शासन र विकास कार्य अघि वढाउँदै समाजवाद उन्मुख राज्य प्रणाली विकास गर्नु नेपाली क्रान्तिको तत्कालीन कार्यभार हो, जुन नेकपा (एमाले) ले सरकार सञ्चालन गर्दाको समयमा सरकारका नीति, कार्यक्रम र वजेट मार्फत प्रतिबिम्बित भइरहेको छ। सामाजिक न्यायसहितको आर्थिक विकास र न्यायोचित वितरणसहितको आर्थिक समृद्धि नेकपा (एमाले) को विकास सम्बन्धी सिद्धान्तको सार जबजकै अङ्ग हो। श्रमजीवी जनताको नेतृत्व, राष्ट्रिय पूँजीको विकास, देशभक्त र राष्ट्रिय पूँजीपतिहरू समाहित सम्पूर्ण किसान, मजदूर र श्रमजीवीहरूको नेतृत्व भएको नेपाली विशेषताको समाजवाद निर्माण गर्ने नेकपा (एमाले) को कार्यभार पार्टीले पाँचौं महाधिवेशनबाट अघि सारेको नेपाली क्रान्तिको कार्यक्रमकै सेरोफेरोमा निहित छन्। सबल र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास नगरी राष्ट्रियताको रक्षा र सुदृढीकरण गर्न सकिंदैन, न त समाजवाद स्थापना नै। यसका लागि जगैबाट सवल, स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माणको शुरुवात गर्नुपर्ने हुन्छ। नेकपा (एमाले) ले सरकार सञ्चालनको क्रममा जबजको मार्गदर्शनलाई यसै कसीबाट हेर्नु पर्दछ र हेर्ने गरेको पनि छ।

अभिमत

# मदन भण्डारी, जबज र आलोचकहरू



– सूर्य थापा
सांसद, प्रतिनिधिसभा



जबज जननेता मदन भण्डारीको नेतृत्वमा प्रतिपादित नेपाली क्रान्तिको मौलिक कार्यक्रम हो । नेकपा (एमाले) ले जबजलाई पहिले नेपाली क्रान्तिको मौलिक कार्यक्रम, त्यसपछि सिद्धान्त र आठौं महाधिवेशनपछि मार्गदर्शक सिद्धान्त मानेको छ । जबजले पूर्वी युरोप र सोभियत सङ्घमा समाजवादको पतन हुनुका कारणहरू खोज्दै कम्युनिस्ट आन्दोलन र राज्यसत्ताको लोकतान्त्रीकरणका पक्षमा जोड दिएको छ । र, प्रतिस्पर्धामा श्रेष्ठताको माध्यमबाट राज्यसत्ता सञ्चालनको मान्यता आत्मसात् गरेको छ ।

नेपाली कम्युनिस्ट आन्दोलनले स्थापनाकालदेखि नै सामन्ती एकतन्त्रवादविरुद्ध जनताको जनतन्त्रका पक्षमा सङ्घर्षको उद्घोष गरेको थियो। त्यसयताको ७५ वर्ष लामो अवधिमा के तथ्य स्थापित भएको छ भने जहाँनिया राणाशासन, निरङ्कुश पञ्चायती तानाशाही, काङ्ग्रेसी सर्वसत्तावाद, ज्ञानेन्द्र शाहको प्रतिगमन र शाही निरङ्कुशता एवम् माओवादीको हिंसात्मक विद्रोह र त्यसअन्तर्गतको दमन–हत्या तथा सामाजिक फासीवादविरुद्धको सङ्घर्षमा निरन्तर अघि बढ्ने क्रममा नै मुलुक यहाँसम्म आइपुगेको छ। र, वैचारिक स्पष्टता हासिल गर्दै आन्दोलन अघि बढिरहेको छ।

नेपाली समाजको बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुलवादी संरचनाका कारणसमेत यहाँको सामाजिक यथार्थमा हुकुमशाही, तानाशाही र सर्वसत्तावादी वा एकाधिकारवादी चिन्तन, दृष्टिकोण र मान्यताहरूको आधारमा अघि बढ्नु सम्भव छैन। किनभने, दमनको सहारामा मात्र कुनै राजनीतिक परिपाटी र राजनीतिक दलहरू चल्न र टिक्न सक्तैनन्।

नेपालमा नेपाली काङ्ग्रेसले २००७ र २०१८ सालमा हतियारबन्द सङ्घर्ष गरेको थियो। हालको नेकपा (एमाले) मुख्यरूपमा २०२८ को झापा विद्रोहको जगबाट उठेको थियो। र, नेकपा (माओवादी) २०५२ सालदेखि १० वर्षसम्म सञ्चालित 'जनयुद्ध'का क्रममा शक्तिशाली बनेको थियो। तर, नेपाली समाज र राजनीतिको मूल प्रवृत्ति सशस्त्र सङ्घर्ष र एकदलीय वा निर्दलीय निरङ्कुश शासन हुन सकेन। बरु जनआन्दोलन, जनसङ्घर्ष, पञ्चायती

व्यवस्थाभित्र समेत आवधिक निर्वाचन, संसदीय निर्वाचन, संविधानसभाको निर्वाचन हुँदै प्रजातन्त्र, लोकतन्त्र र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापित भएको छ। यस सिलसिलामा हिंसात्मक होइन, शान्तिपूर्ण जनसङ्घर्ष नै नेपाली कम्युनिष्ट आन्दोलनको मूल स्वरुप र प्रवृत्ति रहेको तथ्य स्पष्ट भइसकेको छ।

उल्लिखित सामाजिक बनोटको यथार्थ र राजनीतिक सङ्घर्षको इतिहासमा नै २०४६ साल भदौमा सम्पन्न तत्कालीन नेकपा (माले) को चौथो राष्ट्रिय महाधिवेशनमा कम्युनिस्ट आन्दोलनभित्र बहुदलीय प्रतिस्पर्धाको अवधारणा आत्मसात गरिएको थियो। त्यसलाई सैद्धान्तीकरण गर्दै जननेता मदन भण्डारीले २०४९ को पाँचौं महाधिवेशनमा नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद (जबज) प्रस्तुत र प्रतिपादन गर्नुभयो।

वास्तवमा नेपालको वस्तुगत यथार्थमा जडसूत्रवाद र विसर्जनवादविरुद्ध मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने र नेपाली क्रान्तिलाई विजयको मञ्जिलसम्म पुऱ्याइछाड्ने अठोट र अभिप्रायका साथ जननेता मदन भण्डारीले जबजको सैद्धान्तिक विकास, संश्लेषण र प्रतिपादन गर्नुभएको थियो। तर, वैचारिक विकासको क्रममा जबजले निरन्तर सुनलाई आगोको रापमा राखेर गहना बनाउनु परेजस्तै कठोर र निर्मम वैचारिक सङ्घर्ष झेल्नुपरेको छ। पार्टीभित्र र बाहिरबाट यसविरुद्ध भएका स्वस्थ/अस्वस्थ आलोचना, हमला र प्रश्नहरू खेप्दै वस्तुगत यथार्थ र व्यवहारको कसीमा जबजले आफ्नो क्रान्तिकारी सारतत्व र सहीपना सावित गरिसकेको छ। तर, अझै पनि जबजलाई बुझेर अघि बढ्ने सम्बन्धमा यथास्थितिवादी, दक्षिणपन्थी र प्रतिगामी तथा सही मार्क्सवादी क्रान्तिकारी सारतत्वका बीच सङ्घर्ष चलिरहेको छ।

**पार्टीभित्रको बहस र वैचारिक एकता**

नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशन (२०४९) मा 'नेपाली क्रान्तिको कार्यक्रम: जनताको बहुदलीय जनवाद (जबज)' पारित गर्दा नेपाली राजनीतिमा वैचारिक बहस–विवादको नौलो अभ्यास अवलम्बन गरिएको थियो। पार्टीका नीति र दृष्टिकोण निर्माणमा सीमित नेता–कार्यकर्तामात्रै होइन, आम जनसमुदायको प्रत्यक्ष/परोक्ष संलग्नता र सरोकार रहनुपर्ने तथ्यलाई आत्मसात् गरी जननेता मदन भण्डारीको नेतृत्वमा पाँचौं महाधिवेशनमा राष्ट्रव्यापी र खुला बहस चलाइएको थियो र त्यस अभ्यासले राष्ट्रिय राजनीतिमा नयाँ तरङ्ग उत्पन्न गरेको थियो।

त्यतिखेर पार्टीभित्र बहुमतको दस्तावेजका रूपमा मदन भण्डारीले जबज प्रस्तुत गर्नुभएको थियो। त्यस्तै, सीपी मैनालीले 'परिमार्जित नौलो जनवाद', मोहनचन्द्र अधिकारीले 'नौलो जनवाद', रघुजी पन्तले 'सामाजिक जनवाद', तुलसी न्यौपानेले र बद्रीप्रसाद खतिवडाले 'वातावरणीय जनवाद'लगायतका अलग–अलग कार्यक्रम प्रस्तुत गर्नुभएको विदितै छ। यसरी उहाँले 'सयौं फूलहरू फुल्न देऊ' भन्ने माओको उक्तिअनुरूप पार्टीभित्र वैचारिक–व्यावहारिक अभ्यास गर्ने कामको अगुवाइ गर्नुभयो। मतदानका क्रममा जबजको पक्षमा ५०२ मत प्राप्त भयो र पारित भयो भने परिमार्जित नौलो जनवादका पक्षमा १०२ र नौलो जनवादको पक्षमा ५५ मत मात्रै प्राप्त भयो। सामाजिक जनवादको पक्षमा भने शून्य मत रह्यो।

यसप्रकार जबज भारी मतले महाधिवेशनबाट पारित भयो। तत्पश्चात् नेकपा (एमाले) जबजकै वैचारिक मार्गनिर्देशमा अघि बढ्दै आएको छ। पाँचौं महाधिवेशनपछिको लामो अवधिमा नेकपा (एमाले)भित्र जबज निर्विवाद कार्यक्रम, कार्यदिशा र सिद्धान्तका रुपमा रह्यो। खासगरी छैटौं महाधिवेशनमै पार्टीभित्र जबजमा सर्वसम्मतिजस्तो स्थिति देखापरेको थियो। मुख्यतः सीपी मैनाली र रघुजी पन्तले छैटौं महाधिवेशनको पूर्वसन्ध्यामा आएर आफूहरू जबजको पक्षपाती भएको घोषणा गर्नुभयो। यससम्बन्धमा सीपी मैनालीको कथन थियो, 'पाँचौं महाधिवेशनले जबजलाई बहुमतले स्वीकार गऱ्यो र बहुमतको फैसलाका रूपमा हामी सबैले त्यही निर्णयलाई मानेर अहिलेसम्म काम गऱ्यौं। ... मार्क्सवादसम्मत एवम् आन्दोलनलाई अगाडि बढाउन मद्दत पुऱ्याउने खालका

कुराहरू लिएर नै जबजमा आधारित कार्यक्रमलाई अघि बढाउनुपर्छ। ..जबजलाई समृद्ध पार्न अरु दस्तावेजका राम्रा पक्षहरूलाई समेत लिएर जानुपर्छ।'

'महाधिवेशनपछि पाँच वर्षको अवधि हामीले गुजारिसक्यौं। बितेको पाँच वर्षका हाम्रा व्यवहारिक चिन्तन र मननहरू नै यति ठूला गुरुहरू बन्नसक्छन्, जसले हाम्रा विश्लेषण र मान्यताहरूमा नयाँ कुराहरू थपिदिन सक्छन्। मलाई लाग्छ– अनुभव र सच्चाइहरूमा थपिएका कुराहरूको गुरु भनेकै पाँच वर्षको समयावधि हो। त्यसकारण ती थपिएका कुराहरूमा हाम्रो साझा सहमति र मान्यता आउनु नै धेरै कुराहरूको समाधान भएर जाने अवसर हो।' (बुधबार साप्ताहिक, ११ मङ्सिर, २०५४)

त्यतिबेलै रघुजी पन्तले भन्नुभएको थियो, 'जुन दिन पाँचौं महाधिवेशनमा जबजको कार्यक्रम पारित भयो, त्यसको भोलिपल्टदेखि नै पारित भएको कार्यक्रमलाई जनतामा लिएर जाने, कार्यकर्तामा लिएर जाने र आफूले बुझेअनुसार व्याख्या एवं विश्लेषण गर्ने कुरामा मैले कुनै कञ्जुस्याईं गरेको छु भन्ने लाग्दैन।'

'हिजो मभन्दा धेरै बरिष्ठ नेताहरूले पनि कार्यक्रमका सम्बन्धमा फरक मत राखेर आउनुभएको थियो, त्यसलाई उहाँहरूले समेत छाडिसकेपछि हाम्रो पार्टीभित्र पूर्ण रुपमा कार्यक्रमको सवाललाई लिएर जबजको कार्यक्रमलाई मानेर जाने कुरामा सर्वसम्मति देखिएको छ।' (बुधबार साप्ताहिक, २३ पुस २०५४)

छैटौं महाधिवेशनमा नेकपा (एमाले) मा अभूतपूर्व वैचारिक एकता कायम हुनपुगेको थियो। तर, विडम्बना गुटबन्दी, सत्तास्वार्थ र अनेक दाउपेचपूर्ण क्रियाकलापको परिणामस्वरूप वैचारिक एकताका बाबजुद पार्टीको सङ्गठनात्मक एकता अक्षुण्य रहन सकेन। त्यसले गर्दा पार्टीले बहुमतको सरकार गठन गर्ने अवसर गुमाउन पुग्यो। पार्टीको सातौं राष्ट्रिय महाधिवेशन (२०५९) मा आइपुग्दा पार्टीको विभाजनलाई पुनः एकीकरणमा परिणत गरी एकताबद्ध भएर अघि बढ्न महत्वपूर्ण सफलता हासिल भयो। आठौं राष्ट्रिय महाधिवेशन (२०६५) सम्म आइपुग्दा पार्टीभित्र जबज प्रायः आम सहमतिको विचार बन्नपुग्यो। र, महाधिवेशनले जबजलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा आत्मसात गरेको छ।

उल्लिखित तथ्यबाट के स्पष्ट हुन्छ भने जबजको विकास र समृद्धिमा नेकपा (एमाले) को झन्डै तीन दशक लामो समय व्यतीत भइसकेको छ। तब मात्रै पार्टीभित्र वैचारिक सहमति र एकताको सहज स्थिति सिर्जना हुनपुगेको छ। यो निकै महत्वपूर्ण वैचारिक उपलब्धि हो।

**पार्टीबाहिरको आलोचना र विरोध**

पार्टीभित्र त उल्लिखित प्रकारको कठीन सङ्घर्षको प्रक्रियाबाट गुज्रिनुपऱ्यो भने पार्टीबाहिरबाट खासगरी नेपालको कम्युनिस्ट आन्दोलनका अरू घटक र पक्षहरूका बीचमा जबजको विकासको क्रमलाई बुझ्ने र त्यसको सच्चाइ आत्मसात् गर्ने प्रश्नमा निकै सङ्कीर्णताको स्थिति देखिन्छ। मदन भण्डारी जीवित रहुन्जेल उहाँको वैचारिक योगदानका सम्बन्धमा खासगरी जबजका बारेमा वामपन्थी वृत्तभित्र ज्यादै कम बहस–विवाद भएको देखिन्छ। किनभने उहाँको सिंह व्यक्तित्वका सामु असहमति, विरोध, आलोचना र खण्डनका अनुचित स्वरहरू टिक्न गाह्रो थियो। तर पनि, 'सशस्त्र सङ्घर्षको बाटो' र 'सर्वहारा अधिनायकत्व'को पक्षमा रहेका कतिपय समूह र तिनका नेताहरू जबजका आलोचक रहेका थिए। यससम्बन्धमा तत्कालीन नेकपा (एकताकेन्द्र) का महामन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को 'एमालेको बहुदलीय जनवाद, नयाँ जनवाद र 'नयाँ जनवाद' शीर्षकको लेखमा यस्तो धारणा उल्लेख गरिएको छ:

- 'निर्वाचनद्वारा बहुमत ल्याएर सरकार बनाउने एमाले नेतृत्व (गुट) को सोचाइले जनताको होइन, प्रतिक्रियावादी वर्गको सेवा गर्दछ। यसप्रकारको सोचाइ घोर दक्षिणपन्थी सोचाइबाहेक केही होइन।
- वर्गसङ्घर्षलाई कमजोर पारी त्यसलाई वर्गसमन्वयमा बदल्नका लागि एमाले नेतृत्व (गुट) ले अघि सार्ने गरेको बहुदलीय प्रतिस्पर्धाको सिद्धान्तको भण्डाफोर गरी नयाँ जनवादमा सर्वहारा वर्गको नेतृत्व, मजदुर–किसान एकतामा आधारित जनताको जनवादी

अधिनायकत्व रहने कुरामा स्पष्ट रहनु अनिवार्य छ।

• संसदीय चुनावमा बहुमत ल्याएर सरकार गठन गर्ने तथा सङ्घर्ष पनि गर्दै गर्ने इतिहासमै नभएको, मार्क्सदेखि माओसम्मका सम्पूर्ण प्रस्थापना र अनुभवका विरुद्ध एमाले नेतृत्व (गुट) ले साँच्चै नै नेपालका लागि नयाँ 'मार्क्सवाद'को आविस्कार गरेको छ। प्रतिक्रियावादी सत्ताअन्तर्गत संसदीय चुनावद्वारा सरकार गठन गर्नु भनेको सारमा वर्गसङ्घर्षलाई अस्वीकार गर्नु हो, राज्यसत्तालाई पूँजीपति वर्गले झैं वर्गभन्दा माथि राख्नु हो, मार्क्सवादप्रति ठाडो गद्दारी र जनताको सङ्घर्षप्रतिको ठाडो विश्वासघात हो।

• यतिबेला दक्षिणपन्थी संशोधनवादविरुद्ध चौतर्फी आक्रमण केन्द्रित गर्नु हाम्रो दायित्व हो।' (प्रचण्ड, 'नेपाली क्रान्तिका समस्याहरू', भाग–१)

एकता केन्द्रको विभाजनपश्चात् २०५१ सालमा नेकपा (माओवादी) गठन भई जनयुद्ध थालेपछि असोज, २०५४ मा आइपुग्दा प्रचण्डकै शब्दमा 'पार्टीको निर्णय अनुसार' किरण (मोहन वैद्य)द्वारा तयार पारिएको पुस्तिका 'एमाले (गुट) को प्रतिक्रियावादमा पतन: एक सामान्य शल्यक्रिया' मा जबजविरुद्ध भीषण हमला गरिएको छ।

किरण (मोहन वैद्य) को दाबी छ, 'मालेले वर्गसङ्घर्ष, सर्वहारा अधिनायकत्व र सशस्त्र क्रान्तिको सिद्धान्तका विरुद्ध संशोधनवादी, सुधारवादी एवम् प्रतिगामी सिद्धान्तका रूपमा जुन बहुदलीय जनवादको कथित नयाँ सिद्धान्त अङ्गीकार गर्न पुग्यो, त्यो वर्तमान संसदीय प्रजातन्त्रलाई अन्तिम उद्देश्य र रणनीतिका रूपमा स्वीकार गर्नु थियो। यो स्पष्टतः नयाँ जनवादको निषेध तथा पुरानो पूँजीवादी जनवाद तथा पूँजीवादी विचारधाराप्रतिको पूर्ण समर्थन थियो।' (पृष्ठ–१०–११)

हुनत, २०५१ को मध्यावधि चुनावपश्चात् जब नेकपा (एमाले) ले मुलुकको इतिहासमै पहिलोपटक मनमोहन अधिकारीको प्रधानमन्त्रीत्वमा एकल कम्युनिस्ट सरकार गठन गऱ्यो, त्यस घटनाप्रति वैद्यको धारणामात्रै बुझ्दा पनि दयनीय वैचारिक समझदारी र हावादारी विश्लेषणपद्धति अवगत हुन्छ। उनले लेखेका छन्, '२०५१ को मध्यावधि चुनावपश्चात् एमाले एकलौटी रूपमा प्रतिगामी सत्ता र सरकारमा आबद्ध भयो। यस घटनाले एमालेलाई पूरै प्रतिक्रियावादमा गिराइदियो र हाम्रो पार्टीले त्यसलाई प्रतिक्रियावादी बनेको ठहर गऱ्यो।' (पृष्ठ –११)

वैद्यले जबजलाई 'विचारधाराको जहरिलो घोल' को सङ्ज्ञा दिँदै लेखेका छन्, 'हाम्रो पार्टीको केन्द्रीय समितिको तेस्रो विस्तारित बैठकले एमालेलाई प्रतिक्रियावादी बताउने जुन निर्णय लियो, त्यो अत्यन्तै शानदार क्रान्तिकारी कदम थियो र त्यसको नेपाली क्रान्तिको इतिहासमा विशेष महत्व रहेको छ।'

किरण (मोहन वैद्य) को उक्त पुस्तिकामा एमालेप्रति अझ विषवमन गर्दै निम्न कुराहरू लेखिएको छ:

'..एमाले इतिहास विज्ञानविरोधी अधिनायकत्व एवम् अज्ञेयवादको भासमा फस्न पुगेको छ र त्यसको बहुदलीय जनवादी 'जनताको राज्यसत्ता' लासलवादी स्वतन्त्र राज्य, बर्नस्टाइन–काउत्स्कीको शुद्ध प्रजातन्त्र, 'युरो कम्युनिज्म'को बहुदलीय समाजवाद तथा संसदीय पूँजीवादी प्रजातन्त्रको सङ्कल्पवादी 'स्वतन्त्र इच्छा'को सिद्धान्तमा आधारित पूँजीवादी अधिनायकत्वकै कुरूप नेपाली संस्करणबाहेक अरू होइन र हुनै सक्दैन।' (पृष्ठ २१)

किरण (वैद्य) ले आफ्नो पुस्तक 'सङ्घर्षको दर्शन'मा 'एमालेको बहुलवादी दार्शनिक चिन्तन'मा यतिसम्म लेख्न पुगेका छन्, 'आज एमालेले मार्क्सवाद–लेनिनवाद, वर्गसङ्घर्ष, सर्वहारा अधिनायकत्वको सिद्धान्त, इतिहासमा बलप्रयोगको भूमिका, नयाँ जनवाद–समाजवाद–साम्यवाद सबै कुराको परित्याग गरिसकेको छ। आज एमाले बहुलवादबाहेक दुनियाँमा केही देख्दैन। ..आज एमाले पूँजीवादी विश्वदृष्टिकोण र संसदीय बहुलवादको भूत लागेर पूरै रतन्धो भएको छ र त्यसले अब दुनियाँमा बहुलवाद सिवाय अरू केही देख्न सक्दैन। (पृष्ठ १४८)

**द्वेष र कुण्ठाको अभिव्यक्ति**

वैद्यको उल्लिखित आलोचना कति सही र वस्तुगत थियो त ? समयक्रमसँगै त्यसको खण्डन स्वयम् माओवादीले आत्मसात गरेको सैद्धान्तिक मार्ग र प्रदर्शन गरेको व्यवहारले गरिरहेको छ। माओवादीले सञ्चालन गरेको जनयुद्ध, त्यसमा चुकाइएको चर्को तर निरर्थक बलिदान र अन्तिममा नेकपा (एमाले) लगायतकै दलहरूको सहारामा जनयुद्धको परित्याग एवम् प्रतिक्रियावादी भनिएको मन्त्रिमण्डल (अन्तरिम सरकार– २०६३) मा नेकपा (एमाले) कै समर्थनको बलमा माओवादीको संलग्नता यसको पहिलो र सार्वजनिक जवाफ मान्न सकिन्छ। २०६२/२०६३ को जनक्रान्तिका कतिपय हत्याराहरूसँग साँठगाँठ समेत गर्दै माओवादी अध्यक्ष प्रचण्डले सरकारको नेतृत्व गरेको घटनाक्रम फर्केर हेर्दा र विश्लेषण गर्दा थप स्पष्ट हुन्छ। त्यसपछिका श्रृंखलाहरू जगजाहेर छन्। राजनीतिमा गालीगलौजको प्रतिस्पर्धा गर्न जति सजिलो अरू केही हुँदैन भन्ने अध्यक्ष प्रचण्डसँगै किरणको पछिल्लो स्थितिले झल्काइरहेको छ।

किरण (मोहन वैद्य) को दर्शन र राजनीति मुख्य गरी पहिले मोहनविक्रम सिंह र पछि नेकपा (एमाले) को आलोचना गरेर निर्वाह भइरहेको तथ्य कसैबाट लुकेको छैन। आफू स्वयम्ले जनआन्दोलन र क्रान्तिको नेतृत्व गर्ने उहाँको कुनै हैसियत र नेतृत्व क्षमता थिएन र छैन भन्ने तथ्य २०४५ सालको 'सेक्टर–काण्ड'पछि असफलताको उठाउनै नसक्ने भारी बोकेर पार्टीको मूल नेतृत्वबाट अपदस्थ हुनुपरेको इतिहासले छर्लङ्ग गर्दछ। तसर्थ, वैद्यको आलोचनामा द्वन्द्ववादी र ऐतिहासिक भौतिकवादी दर्शनअन्तर्गतको वस्तुपरक र सही कुरा भन्दा गालीगलौज एवम् द्वेष र कुण्ठाको अभिव्यक्ति नै बढी पाइन्छ।

**दुई फोटोकपी आलोचना**

किरण वैद्यको पुस्तिका प्रकाशित भएको तीन महिनापछि अर्थात् २०५४ पुसमा कृष्णदास श्रेष्ठको 'बहुदलीय जनवाद'को क्रान्तिविरोधी सारतत्व' शीर्षकको पुस्तिका प्रकाशित भएको छ। उक्त पुस्तिकाको अन्तमा लेखिएको छ, 'एमालेका नेताहरू 'बहुदलीय जनवाद'का रूपमा संशोधनवादी बाटोको वकालत गर्दैछन्। साथै, जनतालाई छक्याउन उनीहरू त्यसमा 'नयाँ जनवाद'को बल्छी झुण्डाइरहेका छन्। ..नयाँ जनवादको क्रान्तिकारी लक्ष्यको सफल अग्रगतिका लागि उक्त संशोधनवादको पूर्ण पर्दाफास गर्नु र त्यसको प्रभावलाई खतम पार्नु अति जरुरी छ।' (पृष्ठ २६)

पहिले आफ्नो छुट्टै नाममात्रको समूहमा रहँदै अन्ततः एकीकृत नेकपा (माओवादी) मा प्रवेश गर्नुभएका उहाँको दावी छः

'प्रजातान्त्रिक पद्धति र शान्तिपूर्ण तरिकाद्वारा' आमूल परिवर्तन गर्ने दृष्टिकोण समाजको आमूल परिवर्तन अर्थात् सामाजिक क्रान्तिसम्बन्धी मार्क्सवादी–लेनिनवादी सिद्धान्तको पूरै विपरीत छ र त्यो पूरै दक्षिणपन्थी–अवसरवादी र क्रान्तिविरोधी धारणा हो।' (पृष्ठ ८)

मुख्यतः मदन भण्डारीद्वारा लिखित 'बहुदलीय जनवादबारे केही कुरा' पुस्तिकाको आधारमा मात्रै जबजलाई क्रान्तिविरोधी घोषणा गरिएको कृष्णदास श्रेष्ठको निष्कर्षमा माओवादीकै विश्लेषण र निष्कर्षको नक्कल बढी देखिन्छ। उहाँको पुस्तिकामा मदन भण्डारीका समग्र रचना त के 'जबज' नै सम्पूर्ण रूपमा पढेको अनुभूति हुँदैन। यसभन्दा पनि बढी माओवादी निष्कर्षको फोटोकपी नारायणकाजी श्रेष्ठ 'प्रकाश'को पुस्तक 'क्रान्तिकारी मार्क्सवाद र नेपाली क्रान्ति' (२०५९) मा सङ्कलित 'जनताको बहुदलीय जनवाद विसर्जनवाद हो' भन्ने लेख (२०५४ माघ) मा उल्लेख छ, 'क्रान्तिका लागि राज्यसत्ता कब्जा गर्न बल प्रयोग वा क्रान्तिकारी हिंसाको जरुरत पर्दछ। त्यसैले, यस कुरालाई स्पष्ट नगर्नु र अझ शान्तिपूर्ण उपायबाट नै परिवर्तनको सम्भावना छ भनेर भन्नुको अर्थ क्रान्ति नगर्ने भनेको हो।' (पृष्ठ ३२)

यस्तै, २०५५ सालमा 'वामपन्थ' पत्रिकामा प्रकाशित एवम् सोही पुस्तकमा 'जनताको बहुदलीय जनवाद किन मौलिक र नवीन चिन्तन होइन ?' शीर्षकमा

छापिएको लेख पनि सङ्ग्रहित छ। राष्ट्रिय राजनीतिमा प्रचण्डकै हुबहु (छायाँछवि) का रूपमा परिचित नारायणकाजी श्रेष्ठले जबजको आलोचनामा लेखेका छन्, 'एमालेले वर्तमान ऐतिहासिक चरणमा आमूल परिवर्तनका लागि शान्तिपूर्ण ढङ्गले अघि बढ्ने' बताएको छ। ..यसरी उनीहरूले शान्तिपूर्ण परिवर्तनको बाटो अङ्गीकार गरेका छन्। तर, ऐतिहासिक भौतिकवादले सिद्ध गरेको कुरा के हो भने अन्ततः क्रान्ति सम्पन्न गर्नका लागि आवश्यक निर्णायिक सङ्घर्ष भनेको सशस्त्र सङ्घर्ष नै हो, बल प्रयोग नै हो। यसरी एमाले र मालेले पनि क्रान्तिको बाटो परित्याग गरेका छन्।' (पृष्ठ ३५)

**आलोचनाको अन्तर्य**

यहाँनेर के स्पष्ट गर्नु उचित हुन्छ भने जब नेकपा (एमाले) को विभाजन हुने स्थिति सिर्जना भयो, तब किरण (मोहन वैद्य), कृष्णदास र प्रकाशले जबजविरुद्ध अभियानकै रूपमा यसप्रकारको जेहाद छेडेको देखिन्छ। तीनैजनाले एमालेलाई विभाजित, कमजोर र समाप्त पार्ने र सशस्त्र समूह (माओवादी) लाई बलियो बनाउने नियतका साथ नै जबजको आलोचना गरेको पाइन्छ। त्यसैले, उल्लिखित आलोचनाहरूमा सैद्धान्तिक र वैचारिक स्तर, पक्ष र उचाइभन्दा बढी एमाले र जबजलाई निषेध गर्ने प्रयत्न रहेको देख्न सकिन्छ।

मदन–आश्रितको हत्यापछि 'शोक, समवेदनाका कारणले सैद्धान्तिक सङ्घर्षको उपेक्षा यथार्थ वा भावकुता: मदन भण्डारीको मृत्युका परिप्रेक्ष्यमा' शीर्षकको लेखमा अभिव्यक्त मोहनविक्रम सिंहको आलोचनामा सैद्धान्तिक पक्ष र उचाइ थोरै तर इष्र्या, द्वेष र कुण्ठाको पक्ष बढी रहेको देख्न सकिन्छ। जस्तो कि उनले लेखेका छन्ः

'देशको कम्युनिस्ट आन्दोलनमा उनको (मदन भण्डारी) विशिष्ट स्थान छ। विशिष्ट यस अर्थमा कि कम्युनिस्टविरोधीहरूका लागि मार्क्सवाद–लेनिनवादमा उनले गरेको 'सिर्जनात्मक विकास र प्रयोग' विशिष्ट र महत्वपूर्ण रहेको छ। त्यसमा (कम्युनिस्ट आन्दोलनमा) उनको विशिष्ट योगदानका कारणले नै कम्युनिस्टका विरोधीहरूले उनको उच्च शब्दमा प्रशंसा गरेका छन्, ...उनको मृत्युपछि मात्र होइन, जीवनकालमा पनि। अमेरिकाबाट प्रकाशित हुने साप्ताहिक 'न्युजविक'ले उनलाई (२०४८ सालमै) 'नेपालमा कार्लमार्क्स जीवित छन्' भनेर उल्लेख गरेको थियो। उनले अगाडि ल्याएको बहुदलीय जनवादको विचारलाई देशभित्रका र विदेशी पूँजीवादी पत्रपत्रिकाहरूले पनि निकै महत्व दिएका छन्। उनको मृत्युपछि कम्युनिस्टविरोधी शक्ति वा पूँजीवादी पत्रपत्रिकाहरूमा आदर–सम्मान प्रकट गर्ने र प्रशंसा गर्ने एकप्रकारको प्रतियोगिता नै चल्यो। (चारदशक– दोस्रो खण्ड, पृष्ठ ३४४–३४५)

'मदन भण्डारीलाई खाली प्रतिक्रियावादीहरू बाटमात्र होइन, प्रगतिशील पक्षहरू र आम शोषित–उत्पीडित जनताबाट पनि व्यापक समर्थन प्राप्त भएको छ। त्यो केको परिचायक हो ? एमाले वा मदन भण्डारीलाई प्रगतिशील पक्ष वा अझ जनताबाट मिलेको समर्थन समाजवाद र कम्युनिस्ट आन्दोलनलाई मिलेको समर्थन हो। ...कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धारबाट फुटेर संसदीय राजनीतिक लाइन अपनाएका थुप्रै उदाहरणहरू छन् र बहुदलीय जनवाद त्यसैको एउटा नवीन र राष्ट्रिय रूप हो। तर, जनताहरूले पिछडिएको चेतना र वैचारिक अस्पष्टताका कारण कतिपय इमान्दार कम्युनिस्टहरू र कतिपय बुद्धिजीवीहरूले क्रान्तिकारी कम्युनिस्ट धारा अपनाउन उनीहरूमा भएको द्विविधा, भय, हिच्किचाहट वा ढुलमुलका कारणले एमालेको बहुदलीय जनवादको गैरक्रान्तिकारी रूपलाई ठीकसित बुझ्न सकेका छैनन् वा बुझेर पनि त्यसको पक्षमा उभिन्छन्।' (उही पृष्ठ ३४७)

'मदन भण्डारीको लोकप्रिय व्यक्तित्वको निर्माणमा उनको पहिलेको क्रान्तिकारी भूमिगत भूमिका तथा कोअर्डिनेसन कालपछि मालेले निर्माण गरेको राजनीति र सङ्गठनात्मक आधार निर्णयात्मक तत्व हो। उनले अकस्मात् नेपालको राजनीतिमा प्रवेश गरेर चमत्कारी प्रकारले राष्ट्रियस्तरमा लोकप्रियता प्राप्त गरेको जुन कुरा गरिन्छ, त्यो उपरी र बाह्यरूपमा मात्रै सत्य हो। (उही, पृष्ठ

३५०) ...'एमालेले शोकलाई शक्तिमा बदल्ने नारा दिएको छ र त्यो सही पनि हो।' (उही पृष्ठ ३५१)

यसरी, मोहनविक्रम सिंहको आलोचनामा मदन भण्डारीले नेपालको परिप्रेक्ष्यमा मार्क्सवादको सिर्जनात्मक प्रयोगको पक्षमा गर्नुभएको इमानदार प्रयत्नलाई जडसूत्रवादी कोणबाट हेर्न पुगेको स्पष्ट देखिन्छ। वास्तवमा, सिर्जनात्मकतालाई उपेक्षा गर्नु वा नदेख्नु नै जडसूत्रवाद हो। रुस र चीनको अनुभवका सूत्र घोक्ने र अन्धानुकरण गर्न जोड दिने मोहनविक्रम सिंह र आफ्नो देशको विशिष्ट अवस्थाअनुरूप मार्क्सवादको सिर्जनात्मक प्रयोगमा जोड दिने मदन भण्डारीका चिन्तनप्रवृत्तिमा रहेको वास्तविक भेद वा अन्तर पनि यहीँनेर स्पष्ट हुन्छ। के कुरा स्पष्ट हो भने जननेता मदन भण्डारीको मुख्य योगदान भनेको नेपालमा मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासको प्रयत्न नै हो। त्यसकै प्रतिफल जबज हो।

**बदलिएको स्वरः सच्चाइबोध**

नेपाली कम्युनिस्ट आन्दोलन र समग्र राष्ट्रिय राजनीतिमा मदन भण्डारीको सैद्धान्तिक, वैचारिक योगदानका सम्बन्धमा बुझ्नका लागि नेपाली काङ्ग्रेसका एक नेता प्रदीप गिरीको कथनले धेरै हदसम्म सहयोग पुऱ्याउन सक्छ। उनले समाजवादी आन्दोलनमा बहुदलीयताको अनिवार्यता रहेको तथ्यमा जोड दिंदै लेखेका छन्ः

'मदन भण्डारीले आफ्नो छोटो जीवनमा विलक्षण साहसिकता र प्रतिभाको परिचय दिनुभएको थियो। त्यसबेलाको परिवेशमा उहाँले बहुदलीयताको अनिवार्यतालाई रेखांकित गरेर एमालेलाई नेपाली राजनीतिको केन्द्रमा प्रतिष्ठित गराउनुभयो। आज विश्वको समाजवादी आन्दोलनको कुनै पनि उल्लेखनीय पक्षले बहुदलीयताको सिद्धान्तलाई अस्वीकार गर्न सक्दैन। स्वीकार गर्न लाज माने पनि माओवादी पनि सिद्धान्ततः यसै बाटोमा आएका हुन्।'

'एमालेले सर्वहारा वर्गको अधिनायकत्व र एकदलीय तानाशाही छोडिसकेको कुरा आज सर्वत्र मान्य भइसकेको छ।' (कान्तिपुर दैनिक, २६ माघ २०६५)

सशस्त्र सङ्घर्षको १० वर्ष लामो असफल प्रयोगका क्रममा नेकपा (माओवादी) ले जबजको जतिसुकै निन्दा, भर्त्सना र विरोध गरे तापनि शान्तिप्रक्रियाका क्रममा २०६३ जेठ ५ गते बुटवलको तिनाउ एफएमलाई नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले दिएको एक अन्तर्वार्तामा स्पष्ट भनिएको छ–

'उहाँहरू (एमालेका नेता) ले संसद्वादलाई स्वीकार्ने हिसाबले बहुदलीय जनवादको व्याख्या गर्नुभयो, मदन भण्डारी नै बाँचेको भए के हुन्थ्यो म भन्न सक्दिन'। एउटा नयाँ कुरा आज म तपाईंमार्फत् स्पष्ट गरौं, मदन भण्डारीहरूको जेठ ३ गते दासढुङ्गामा हत्या भयो, त्यसभन्दा केही दिनपछि (हाम्रो पार्टी त्यतिबेला एकताकेन्द्र थियो। हाम्रो त्यतिबेला विस्तारित बैठक चलेको थियो, चितवनमा विस्तारित बैठक थियो) हाम्रो के कुरा भएको थियो भने मदन भण्डारीसँग मेरो एकरात सँगै बसेर कुरा गर्ने भनेर 'टाइम फिक्स' भएको थियो। विस्तारित बैठक सकेर हामी काठमाडौं फर्केपछि उहाँसँग कुरा गर्ने भनेका थियौं, किनकि मदन भण्डारीको 'स्पिरिट' चाहिँ मलाई मनपर्थ्यो। त्यतिबेला मदन भण्डारीको उद्देश्य बहुदलीय जनवादलाई लगेर संसद्वादमा फसाउने र पूरैका पूरै पूँजीवादमा पुऱ्याउने थिएन। पछि जसरी व्याख्या भइरहेको छ, त्यो मदन भण्डारीको स्पिरिटअनुसार भएको छ भन्ने हामीलाई लाग्दैन। मेरो त्यतिबेला उहाँसँग बसेर ११ गते भेट्ने कुरा थियो। हाम्रो ११ गतेको दिन र रात न बसेर कुरा गर्ने र समग्र देशको स्थिति, वर्गशक्तिको स्थिति, अहिले गर्नुपर्ने रणनीतिक कार्यनीतिक कामको पक्षका बारे छलफल गर्ने कुरा थियो। तर, विडम्बना नै भनौं, दुर्भाग्यवश उहाँको हत्या भयो र हामीले चाहिँ राजनीतिक विषयमा एउटा राम्रो परामर्श गर्न पाएनौं। मलाई लाग्छ– उहाँको बहुदलीय जनवाद भनेको संसद्वाद चाहिँ थिएन। पछि जसरी व्याख्या भएको छ र अहिले एमालेका नेताहरूले जसरी लैजान कोसिस गर्नुभएको छ, त्यो मदन भण्डारीको स्पिरिटसँग मिलेको छ भन्ने मलाई लाग्दैन। ...हामीले त्यस (जबज)लाई निश्चित रूपमा (नयाँ ढङ्गले

अघि) बढाउँछौं ।'

यसरी प्रचण्डको अभिव्यक्तिमा जबजको सही र क्रान्तिकारी सारतत्वको आत्मसात र विगतमा आफू र आफ्नो समुहले गरेको सिद्धान्तहीन आलोचना र पूर्वाग्रहपूर्ण हमलाप्रति एक ढङ्गको पश्चाताप अवश्य पनि देखिन्छ। तर, प्रचण्डको बदलिएको यस स्वरमा झापा आन्दोलन ठीक, पिस्कर–छिन्ताङआदि बलिदानी सङ्घर्षका घटना ठीक तर सशस्त्र सङ्घर्षको बाटो/ माओत्सेतुङ विचारधारा आदि छाडेकाले एमाले बेठीक भन्दै सिङ्गो एमालेपङ्क्तिमा भ्रम र अफवाह फैलाउने र त्यसको विरासत अनुचित रूपमा हासिल गर्ने युद्धकालीन कूटीलता नै बढी देखिन्छ । जबज र मदन भण्डारीप्रतिको प्रचण्डको बदलिएको स्वरमा ठीक यस्तै चाल रहेको स्पष्ट छ। हिजो मदन भण्डारीको विचार र व्यक्तित्वबाट प्रभावित तर नेकपा (एमाले) को विभाजनपश्चात् नेकपा (माले) हुँदै नेकपा (माओवादी) मा सामेल भएको ठूलो सङ्ख्याका कार्यकर्ता तप्काको भूमिकाले समेत प्रचण्डको जबज र मदन भण्डारीप्रतिको धारणामा सकारात्मक परिवर्तन ल्याएको हो कि ?

साथै, संविधानसभाको निर्वाचनमा ठूलो दल बनेर पछि बहुरुपी गठबन्धन, समीकरण र पार्टी एकताकै आवरणमा जनमतका आधारमा सरकारको नेतृत्व गर्ने स्थितिसम्म आइपुग्दा स्वयम् माओवादी र प्रचण्डका निष्कर्षहरूमा घुमाउरो रूपमा जबजको सैद्धान्तिक मान्यता आत्मसात गरेको देख्न सकिन्छ। करिब नौ महिना सरकारको नेतृत्व गरेर बाहिरिने क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशवासीका नाममा गरेको सम्बोधन (२१ वैशाख २०६६) मा स्पष्ट भनिएको छ– 'यो सरकारले बहुदलीय प्रतिस्पर्धात्मक लोकतन्त्र, सङ्घीय शासन प्रणाली, विधिको शासन, मानवअधिकार, प्रेस स्वतन्त्रता आदि मूल्यमान्यताहरूलाई दह्रोसाथ आत्मसात गर्दै आइरहेको छ । र, ती मान्यताहरू प्रतिको प्रतिबद्धता हमेसा कायम राख्नेछ ।' यी मान्यताहरू जबजअन्तर्गत अघि सारिँदा संशोधनवादी वा गैरक्रान्तिकारी हुने तर प्रचण्डले आफ्नो मन्तव्यमा समेट्दा क्रान्तिकारी हुने त पक्कै पनि होइन होला। यहाँनेर के स्पष्ट हुन जरुरी छ भने चिनियाँ क्रान्ति (सन् १९४९) पछि त्यसको हुबहु नक्कल गर्न खोज्ने, अझ सांस्कृतिक क्रान्तिद्वारा प्रेरित भएर अघि बढेका कुनै देशका क्रान्ति सन् १९७५ पछि कहींकतै सफल हुनसकेका देखिँदैनन्। बर्मा, मलेसिया, इन्डोनेसिया, फिलिपिन्स, पेरु, भारतको नक्सलवाडी विद्रोह र नेपालको झापा विद्रोह तथा माओवादी जनयुद्ध पनि सफलतामा टुङ्गिन नसक्नुको अनुभवले स्पष्ट गर्दछ– त्यसप्रकारको हिंसात्मक क्रान्तिको मोडेल नै असान्दर्भिक भइसकेको छ। यस कुरालाई स्वयम् नेकपा (माओवादी) ले समेत एक ढङ्गले स्वीकार गरिसकेको छ। तर, सैद्धान्तिक रूपमा स्पष्ट र खुलस्त हुनसकेको छैन।

जबज जननेता मदन भण्डारीको नेतृत्वमा प्रतिपादित नेपाली क्रान्तिको मौलिक कार्यक्रम हो। नेकपा (एमाले) ले जबजलाई पहिले नेपाली क्रान्तिको मौलिक कार्यक्रम, त्यसपछि सिद्धान्त र आठौं महाधिवेशनपछि मार्गदर्शक सिद्धान्त मानेको छ। जबजले पूर्वी युरोप र सोभियत सङ्घमा समाजवादको पतन हुनुका कारणहरू खोज्दै कम्युनिस्ट आन्दोलन र राज्यसत्ताको लोकतान्त्रीकरणका पक्षमा जोड दिएको छ। र, प्रतिस्पर्धामा श्रेष्ठताको माध्यमबाट राज्यसत्ता सञ्चालनको मान्यता आत्मसात् गरेको छ। तर, जबजले निरपेक्ष शान्तिपूर्ण क्रान्तिको वकालत कहीँ कतै गरेको छैन। किनभने मार्क्सवादले बल प्रयोगलाई परिस्थितिसापेक्ष मान्दछ र जबजको सारतत्व पनि त्यही हो। तर, जबजले नेपालमा शान्तिपूर्ण रूपान्तरणको सम्भावनालाई जोड दिएको छ।

मुलुकमा २०६२/२०६३ को जनक्रान्ति र रक्तपातबिनै राजतन्त्रको अन्त्य एवम् सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाले त्यसकै सहीपनालाई पुष्टि गरेको छ। साथै, आजको दिनमा आइपुग्दा एमाले र जबजमाथिको हमला एवम् जबजको अनुचित आलोचना निरर्थक सावित मात्र भएको छैन, नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तको रुपमा जबजको स्वीकार्यता स्थापित समेत भएको छ।

संस्मरण

# मदन भण्डारीः विचार र व्यवहार





– शार्दूल भट्टराई

नेपाली राजनीतिमा विचार एउटा र व्यवहार अर्कै देखाउने नेता धेरै छन् । ढोँग गरेर हिँड्ने नेताको पनि कमी छैन । उनीहरूको विचार र व्यवहारमा मेल देखिँदैन । त्यसैले तिनको राजनीति पनि धरापमा पर्ने र असफल हुने गरेको छ । तर मदन भण्डारी राजनीतिमा 'विचारअनुसारको व्यवहार' लाई जोड दिने नेता हुनुहुन्थ्यो । उहाँले आफ्नो राजनीतिक जीवनमा त्यसलाई लागु नै गरेर देखाउनुभएको थियो । जुनबेला साइकल चढेरै पार्टी जिम्मेवारी पूरा गर्नसकिन्थ्यो, त्यो बेला उहाँले साइकल नै चढ्नुभयो । पार्टी खुल्ला भएर उहाँ आफैँ पनि पार्टी महासचिवका रूपमा सार्वजनिक भएपछि पनि उहाँले सकेसम्म गाडी चढ्ने चाहना राख्नुभएन । साइकलको सट्टा मोटरसाइकलको पछाडि बसेर उहाँले पार्टीको काम गर्नुभयो ।

मदन भण्डारीको लोकप्रियताको चर्चा गर्दा केही मानिसले उहाँको वाक–पटुताको मात्र चर्चा गर्ने गर्छन् । उहाँलाई 'राम्रो भाषण गर्ने नेता' मा मात्र सीमित राख्न चाहनेहरूबाट त्यस्तो चर्चा हुने गरेको छ । चर्चा हुनुपर्ने विषय त वाक–पटुताभन्दा पनि उहाँको विचार–पटुता र व्यवहार–पटुता हो । उहाँ विचारकमात्र हुनुहुन्नथ्यो, विचारका व्यवहारिक प्रयोगकर्ता पनि हुनुहुन्थ्यो, जसका कारण उहाँ लोकप्रियमात्र होइन अमर पनि बन्नुभएको छ ।

आफ्ना भाषणहरूमा सैद्धान्तिक, वैचारिक र राजनीतिक अभिव्यक्तिका साथ प्रस्तुत हुनुहुने मदन भण्डारीले भाषणका लागि भाषण, तालीका लागि भाषण र सस्तो लोकप्रियताका लागि भाषण गर्नुभएन । उहाँले छोटो समयमा धेरै भाषणहरू मार्फत अनगिन्ती अभिव्यक्तिहरू गर्नुभयो । तर उहाँका ती भाषण, मात्र भाषणका लागि थिएनन् । उहाँका अभिव्यक्तिहरू, मात्र अभिव्यक्तिका लागि थिएनन् । पार्टी वा आफ्ना केही कुराहरू भन्नुपर्‍यो भने उहाँ भाषण गर्नुहुन्थ्यो, आफ्ना अभिव्यक्तिहरू विभिन्न माध्यमबाट लिखित वा मौखिक रूपमा प्रस्तुत गर्नुहुन्थ्यो, जुन राजनीतिक र वैचारिक हुने गर्थे ।

कुराकानी, लेख, भाषण वा अन्तक्र्रिया, कुनैपनि विधिबाट आफ्ना विचारहरू राख्दा मदन भण्डारी अत्यन्तै सुव्यवस्थित, वैज्ञानिक र तर्कपूर्ण रूपमा प्रस्तुत हुनुहुन्थ्यो ।

उहाँ पुराना कुराहरूको समीक्षा, विश्लेषण र संश्लेषण गरेरमात्र हरेक अभिव्यक्तिमा केहीनकेही नयाँ कुरा व्यक्त गर्नुहुन्थ्यो। उहाँले व्यक्त गर्ने कुरा सिद्धान्त, राजनीति र विचारमा आधारित हुँदाहुँदै पनि नवीन हुन्थे। विगतको समीक्षामा आधारित रहेर वर्तमान र भविष्यका लागि नयाँ कुरा गरेकैले उहाँका अभिव्यक्तिहरू चासो–चर्चाका विषय बन्थे।

औपचारिक कार्यक्रमहरूमा प्रस्तुत हुँदा मदन भण्डारीले सिद्धान्त, विचार र राजनीतिको सीमाभन्दा बाहिर आफूलाई कहिल्यै राख्नुभएन। उहाँ व्यक्तिगत कुराकानीमा पनि पार्टीका नीति, सिद्धान्त, विचार र राजनीतिकै कुरा गर्नुहुन्थ्यो, मात्र उहाँको अभिव्यक्तिको शैली फरक हुन्थ्यो। ठाउँ, समय, परिस्थिति र परिवेशलाई बुझेर राजनीतिक विचारहरूलाई प्रभावशाली ढङ्गले प्रस्तुत गर्ने क्षमता उहाँमा थियो।

दर्शन, सिद्धान्त, विचार र राजनीतिका विषयमा बहस गर्नुपर्दा उहाँको प्रस्तुति सबैभन्दा प्रभावशाली रहने गर्थ्यो। अध्ययन, समयसापेक्ष बुझाइ र वस्तुनिष्ठ तर्कका दृष्टिले उहाँसँग बहस गर्न फरक विचारका कतिपय मानिसहरू डराउँथे। मदन भण्डारीको लोकप्रियताका अगाडि आफ्नो प्रस्तुति फितलो भएर अलोकप्रिय भइने डर ती नेताहरूमा थियो। तर मदन भण्डारीले त्यस्तो सोच कहिल्यै राख्नुभएन। आफ्नो लोकप्रियता घट्ने डरले आफूलाई प्रस्तुत गर्ने काम उहाँले कदापि गर्नुभएन। आफ्नो लोकप्रियताभन्दा पनि आफ्ना विचार र राजनीतिक अडानहरूमा उहाँ दृढ हुनुहुन्थ्यो। 'जनसमुदायले सोचेका कुरा सधैँभरि सही हुन्छन् भन्ने छैन, कहिलेकाहीँ गलत पनि हुनसक्छन्' भन्ने साहसका साथ उहाँ आफ्ना विचार राख्नुहुन्थ्यो। 'जनतालाई सही बाटो देखाउने काम नेताहरूले गर्नुपर्छ। जसले गलत बाटो देखाउँछ त्यो देशभक्त नेता हुनसक्दैन' उहाँको भनाइ थियो।

राजनेताको एउटा विशेषता 'एन्टी करेन्ट' मा जानसक्नु पनि हो। अरूले जे सोचेका छन् त्यो सही छैन, सही कुरा त यो हो भनेर आममानिसको नेतृत्व गर्ने क्षमता मदन भण्डारीमा थियो।

मानिसलाई प्रभावित गर्ने कुरामा उहाँको क्षमता अद्भुत थियो। विचार र व्यवहार दुवै कुराबाट मानिसलाई व्यक्तिगत रूपमा समेत प्रभावित गर्ने गुण उहाँको थियो। त्याग, योगदान र स्वच्छ छविलाई हेरेर उहाँ फरक विचारका नेताहरूलाई पनि त्यतिकै आदर–सम्मान गर्नुहुन्थ्यो। आफ्ना वा पार्टीका विचार र राजनीतिक दृष्टिकोणहरूमा अत्यन्तै कठोर मदन भण्डारी व्यवहारमा भने निकै नरम हुनुहुन्थ्यो। व्यक्तिगत सम्बन्धमा उहाँको शालीन, भद्र र विनम्र व्यवहारबाट प्रभावित नहुने कोही थिएनन्। त्यही गुणकै कारण गणेशमान सिंहजस्ता काङ्ग्रेसका शीर्षस्थ नेतासमेत उहाँका प्रशंसक बन्नपुग्नुभएको थियो।

०००

निरङ्कुश पञ्चायती कालको बर्बर समय। पार्टीहरू सबै प्रतिबन्धित। दसैँको वेला थियो। शम्भुप्रसाद बडालको काठमाडौँको जयवागीश्वरीस्थित घरमा तत्कालीन नेकपा (माले) का केही भूमिगत नेताहरूलाई गोप्य रूपमा आमन्त्रण गरिएको थियो। त्यसको संयोजन केशव बडालले मिलाउनुभएको थियो। औपचारिक कार्यक्रम केही थिएन। दसैँको बेला मासुभात खाने र एक–दुई घण्टा अनौपचारिक कुराकानी गर्ने उद्देश्य थियो। शम्भुप्रसाद बडाल, हरिबोल बडाल, भीमानन्द ढुङ्गाना, विनोदसिंह मिश्र र म भूमिगत नेताहरूको प्रतीक्षामा थियौँ।

झमक्क साँझ परेपछि नेताहरू आउन थाल्नुभयो। सात जना भूमिगत नेताको जमघट भयो। तिनमा केशव बडाल र युवराज कार्कीबाहेक अरूलाई हामीले चिनेका थिएनौँ। भूमिगत नेताहरूलाई हामीले आफ्नो परिचय दियौँ तर उहाँहरूको परिचय माग्न मिल्दैनथ्यो। तैपनि, 'पूर्व, पश्चिम र काठमाडौँका जिम्मेवार कमरेडहरू' भनेर बताउने काम भने गरिएको थियो। 'पार्टीका नेता कमरेडहरू' भनेपछि हामीमा विशेष श्रद्धाभाव जागेको थियो। नचिनेका पाँचैजना नेता उच्चतहका रहेको अनुमान हामीले गरेका थियौँ। त्यसमध्ये पनि पूर्वबाट आएका भनिएका एकजना नेताबाट हामी निकै प्रभावित भएका थियौँ।

कालोटोपी। साधारण पाइन्टसर्ट। हाफ स्विटर। घाँटीमा गलबन्दी। प्रखर वाणी। नवीन सोच। विचारशील अभिव्यक्ति। बौद्धिक व्यक्तित्व। स्तरीय र प्रभावशाली भाषा। यस्तैयस्तै ....।

अहिलेसम्म नदेखेको र नभेटेको यति प्रभावशाली नेता को होला ? एकैछिनमा हाम्रो जिज्ञासा बढ्यो। तर भूमिगत नेताका बारेमा खोजीनिती गर्ने कुरै हुँदैनथ्यो। आफूलाई सोध्न मन लागेका सीमित राजनीतिक र वैचारिक कुरा सोध्नु र चुपचाप सुन्नुबाहेकको विकल्प थिएन।

समय छोटो थियो तर ती नेताका कुरा धेरै थिए। अनौपचारिक त्यस भेटघाटमा उनले हाम्रो एउटा सामान्य जिज्ञासामै देश–विदेशका कम्युनिस्ट आन्दोलनका प्रसङ्गहरू उठाएका थिए। ढल्दै गरेको सोभियत कम्युनिस्ट सत्ता, त्यसबाट प्रभावित बन्दै गरेका पूर्वी युरोपका कम्युनिस्ट सत्ताहरू, युरोपको रोमानियाका निकोलाई चाउचेस्कु र कोरियाका किम इल सुङका प्रसङ्गहरू समेत सन्दर्भका रूपमा ती नेताले उठाएका थिए। तङ सियाओ पिङको नेतृत्वमा रहेको चीन र फिडेल क्यास्ट्रोको नेतृत्वमा रहेको क्युबाबाहेक अन्य विश्वलाई सोभियत सङ्घको घटनाले प्रभावित गरिरहेको र अझै गर्नसक्ने कुरा ती नेताले बताएका थिए। नभन्दै दुई–तीन वर्षमै पूर्वी युरोपका कम्युनिस्ट सत्ताहरू ढले। बर्लिन पर्खाल भत्कियो। त्यसको असर विश्वभर देखियो। बलपूर्वक लादिएका सत्ताहरू क्रमैसँग ढल्दै गए। चीन र क्युबाका कम्युनिस्ट सत्ता भने ती नेताले भनेजस्तै अटल रहे।

क्रान्तिका 'सशस्त्र र शान्तिपूर्ण' दुवै रूपको अवलम्बन गरिरहेको नेकपा (माले) को 'आगामी क्रान्तिको प्रमुख बाटो के हुने छ ?' भन्ने जिज्ञासालाई मेटाउन उनी अनेकथरी सन्दर्भहरूलाई जोडिरहेका थिए। सोभियत सङ्घमा कम्युनिस्ट सत्ता किन ढलिरहेको छ र त्यसैको प्रभावमा पूर्वी युरोपका कम्युनिस्ट सत्तामा किन हलचल मच्चिदैछ भन्ने सन्दर्भहरूको सटीक समीक्षासहित उनले 'नेपाली कम्युनिस्ट आन्दोलनलाई विश्वका घटनाबाट प्रभावित बन्न दिन नहुने र यसलाई नयाँ ढङ्गले अगाडि बढाउनुपर्ने हुनसक्छ' भन्ने विचार व्यक्त गरेका थिए। नेपालको कम्युनिस्ट आन्दोलन 'चीनका अध्यक्ष हाम्रा पनि अध्यक्ष', 'चिनियाँ क्रान्ति–हाम्रो पनि क्रान्ति,' 'चिनिया नौलो जनवाद–हाम्रो पनि जनवाद' भन्ने पुरानो मानसिकता र नक्कल–झक्कलका अवशेषहरूबाट अझै पनि मुक्त हुन नसकेको धारणाका साथ उनले नेपालमा मौलिक क्रान्तिको आवश्यकतातर्फ औँल्याएका थिए। मार्क्सवाद – लेनिनवाद – माओ विचारधारालाई मार्गदर्शक सिद्धान्त मान्दैआएको नेकपा (माले) ले मार्क्सवाद–लेनिनवादलाई मात्र मार्गदर्शक सिद्धान्त मान्नथालेको थियो। मार्क्सवाद–लेनिनवाद भनेपछि माओविचारधारा भनिरहनु आवश्यक नरहेको तर्क गर्दै उनले माओविचारधारालाई मालेले स्थगित गरेको सङ्केत गरेका थिए, जुन हाम्रा लागि नयाँ कुरा थियो। सारमा विगतको रुढता र कठमुल्लावादी चिन्तनबाट मुक्त गरेर कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउनुपर्ने आशय उनको देखिन्थ्यो।

हामीले उनका कुरा कति बुझ्यौँ, कति बुझेनौँ पनि। किनभने उनका कतिपय कुरा दार्शनिक थिए, कतिपय लाक्षणिक थिए। जेजति बुझ्यौँ त्यतिबाटै पनि हामी गद्गद् भयौँ।

'कति जानेको, कस्तो राम्रो विश्लेषण गर्न सकेको होला !' हाम्रो निष्कर्ष यति थियो। हामी ती नेताबाट वास्तवमै प्रभावित भएर हिँड्यौँ। 'ती नेताले जे भने त्यो कुरा ठीक हो र त्यही नै मात्र सत्य हो' भन्ने प्रभाव हामीमा परेको थियो।

ती नेताले बोलेका सबै कुराहरू ज्ञानबर्द्धक र चित्तबुझ्दा हुँदाहुँदै पनि उनले प्रयोग गरेका केही शब्द भने विगतको अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको अभ्यासका दृष्टिले नयाँ खालका थिए। हाम्रो कम्युनिस्ट आन्दोलनका सन्दर्भमा ती शब्द/शब्दावलीको प्रयोग अलि अमिल्दो हो कि जस्तो मलाई लागेको थियो। उनले उच्चारण गरेका ती केही शब्द/शब्दावलीहरू थिए – 'चुनाव उपयोग', 'प्रतिस्पर्धा', 'जनअनुमोदन' 'कम्युनिस्टहरूको

एकाधिकारपूर्ण नेतृत्व', आदि। 'चुनाव उपयोग' का सन्दर्भमा उनले रुसको डुमामा कम्युनिस्टहरूले भाग लिएको प्रसङ्गलाई उठाएका थिए। त्यस्तै, 'विगतको समीक्षा' र 'पार्टीभित्रको जनवाद' भन्ने शब्दावलिको प्रयोग पनि उनले बारम्बार, अलि जोड दिएरै गरेका थिए। आगामी दिनमा 'बहुदलीय प्रतिस्पर्धासहितको जनवाद' को अवधारणाका विषयमा समेत बहस हुनसक्ने अनेकौँ आधारयुक्त तर्कहरूसहितको लाक्षणिक अभिव्यक्ति ती नेताको थियो। यो कुरा त हामीलाई झनै अनौठो लागेको थियो।

मलाई ती नेताले त्यस्ता शब्दको प्रयोग किन गरेका होलान् भन्ने लागिरहेको थियो। त्यसको केही समयअघि मात्र नेकपा (माले) ले पञ्चायती चुनावको उपयोग गरेर पञ्चायती व्यवस्थाकै भण्डाफोर गर्ने नीति लिएको थियो। त्यही नीतिअनुसार नेकपा (माले) का तर्फबाट गाउँ पञ्चायत, जिल्ला पञ्चायत र राष्ट्रिय पञ्चायतमा जनपक्षीय उम्मेदवारहरू खडा गरिएका थिए। ती उम्मेदवारहरूमध्ये कतिपयले गाउँ पञ्चायत, जिल्ला पञ्चायत र राष्ट्रिय पञ्चायतमा लोकप्रिय मतका साथ विजय हासिल गरेका थिए। राष्ट्रिय पञ्चायतको सदस्यमा जितेका पद्मरत्न तुलाधर, सोमनाथ अधिकारी प्यासी, द्रोणाचार्य क्षेत्री, जागृतप्रसाद भेटवाललगायतले राष्ट्रिय पञ्चायतको बैठकमै निरङ्कुश व्यवस्थाको विरोध गरेर बहुदलीय प्रजातन्त्रको माग गरेका थिए। पञ्चायती चुनावको उपयोग गरेर पञ्चायती व्यवस्थालाई नै ध्वस्त गर्ने नीतिमा नेकपा (माले) सफल देखिएको थियो। यस सफलतामा उत्साहित भएर नै नेकपा (माले) ले विगतका नीति, विचार र मार्गदर्शक सिद्धान्तका सवालमा केही पुनर्विचार–पुनर्मूल्याङ्कन गर्न खोजेको वा गर्न लागेको आभास हामीलाई ती नेताका अवधारणाहरूबाट भएको थियो। ती नेता पार्टीभित्र विचारधारात्मक सङ्घर्ष चलाउँदै नयाँ ढङ्गले अगाडि बढ्ने प्रयासमा रहेको अनुमान भने हामीले त्यतिबेला गर्न सकेका थिएनौँ।

नेकपा (माले) भित्र प्रमुख कार्यनीतिक नाराका सन्दर्भमा २०३९ सालमा सुरु भएको 'पार्टी स्वतन्त्रता' र 'राजनीतिक स्वतन्त्रता' को विवादमा 'राजनीतिक स्वतन्त्रता' को कार्यनीतिक नारालाई अङ्गीकार गर्ने निर्णय पार्टीले गरेको थियो। त्यस नाराको अन्तर्यका बारेमा चर्चा गर्दै ती नेताले – पार्टी खोल्ने स्वतन्त्रता, पार्टीहरूबिच प्रतिस्पर्धाको स्वतन्त्रता र जनविश्वास जितेर शासन गर्ने स्वतन्त्रता 'राजनीतिक स्वतन्त्रता' का अभिन्न अङ्ग रहेको व्याख्या गरेका थिए। उनको यस व्याख्याको भित्री अर्थ क्रान्तिको न्यूनतम कार्यक्रमका रूपमा अङ्गीकार गरिने नयाँ जनवाद पनि प्रतिस्पर्धात्मक हुनुपर्छ भन्ने आशयको थियो। नभन्दै, संयुक्त जनआन्दोलनअगाडि २०४६ सालको भदौमा मालेले नयाँ जनवाद एकदलीय नभएर बहुदलीय प्रतिस्पर्धात्मक हुने नयाँ अवधारणालाई स्वीकार गरेको थियो।

धेरै पछिमात्र ती नेताका ती कुरा हामीले बुझ्यौँ। बहुदलीय व्यवस्थाको स्थापनापछि मात्र थाहा भयो ती नेताको नाम मदनकुमार भण्डारी रहेछ। उनले जनताको बहुदलीय जनवादको प्रारुप त त्यतिबेलैदेखि अनौपचारिक कुराकानीहरूमा राख्न थालिसकेका रहेछन्।

०००

मदन भण्डारी पार्टी प्रवक्ताका रूपमा २०४७ कार्तिक २३ गते संविधानको घोषणापश्चात काठमाडौँको सहिदमञ्चबाट सार्वजनिक हुनुभएको थियो। त्यस सभामा उहाँले बहुदलीय व्यवस्था, नयाँ संविधान र कम्युनिस्टहरूको आगामी भूमिकाबारे स्पष्ट विचारहरू राख्नुभएको थियो। नेकपा (माले) ले आलोचनात्मक समर्थन गरेको संविधानका बारेमा उहाँले असहमतिका २७ बुँदाहरू प्रस्तुत गर्नुभएको थियो।

आमूल परिवर्तनसहितको क्रान्तिको लागि हिँडेको एउटा भूमिगत कम्युनिस्ट पार्टी संवैधानिक राजतन्त्रसहितको पूँजीवादी संसदीय प्रणालीलाई स्वीकार गर्ने ठाउँमा आइपुगेको थियो। धेरैका लागि अनौठो र अस्वाभाविक लागिरहेको थियो यो कुरा। तर मदन भण्डारी भन्दै हुनुहुन्थ्यो – 'अहिलेको राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा हामी कम्युनिस्टहरू जसरी अगाडि बढ्नुपर्ने हो, त्यसरी नै अगाडि बढिरहेका छौँ। हामी विचलित

छैनौँ, ठीक ढङ्गले अगाडि बढेका छौँ। मार्क्सवादको पुनर्व्याख्याका साथ हामी सफलतामा अगाडि बढ्ने छौँ।'

कतिपयलाई अनौठो अनुभव भइरहेपनि मदन भण्डारी भने दृढ आत्मविश्वासका साथ निर्धक्क भन्दै हुनुहुन्थ्यो – 'अब कम्युनिस्टहरूले प्रतिस्पर्धा र जनअनुमोदनको माध्यमबाट आमूल परिवर्तनको कार्यभार सम्पन्न गर्नुपर्ने छ। त्यो कार्यभार हामी सम्पन्न गर्ने छौँ।' उहाँको आत्मविश्वासप्रति धेरैको विश्वास पनि बढ्दै थियो।

अन्तरिम सरकारले २०४८ वैशाखमा आमनिर्वाचन गर्ने घोषणा गर्‍यो। कम्युनिस्ट पार्टीहरू पनि अनेक नाममा चुनावमा सहभागी हुने भए।

अब के होला ? विश्वभर कम्युनिस्ट सत्ताहरू ढल्दै गएको अवस्थामा नेपालका कम्युनिस्टहरूको हालत के हुनेहोला ? कम्युनिस्टहरूका शुभचिन्तकहरूमा यस्तो चिन्ता र चासो व्याप्त रहेको बेला नेकपा (माले) का महासचिव मदन भण्डारी भने घोषणा गर्दै हुनुहुन्थ्यो – 'अब कम्युनिस्टहरूले प्रतिस्पर्धाबाटै, जनअनुमोदित भएर राज्यसत्ता हातमा लिनेछन् र आमूल परिवर्तन गर्नेछन्।'

त्यो घोषणासँगै मदन भण्डारी कम्युनिस्ट आन्दोलनलाई एकीकृत गरेर बलियो बनाउने र चुनावमा कम्युनिस्टहरूलाई विजयी बनाउने अभियानमा लाग्नुभयो। उहाँले माले–मार्क्सवादी एकता गराएर नेकपा (एमाले) को निर्माण गर्नुभयो।

चुनावी चहलपहल सुरु भयो। पार्टीहरू धमाधम उम्मेदवारहरू तय गर्न लागे। नेकपा (एमाले) ले पनि उम्मेदवारहरू छनोट गर्न थाल्यो। सबैजसो ठाउँमा उम्मेदवारको टुङ्गो लागिसके पनि काठमाडौँको तत्कालीन क्षेत्र नं. १ को उम्मेदवार तय हुन बाँकी थियो, जुन क्षेत्रमा नेपाली काङ्ग्रेसका त्यस समयका लोकप्रिय नेता र अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई उम्मेदवार हुनुहुन्थ्यो। मदन भण्डारी काठमाडौँको तत्कालीन क्षेत्र नं. ५ बाट उम्मेदवार बन्ने निर्णय भैसकेको थियो। एमालेभित्रकै केही बुद्धिजीवी विनासर्त कृष्णप्रसाद भट्टराईलाई ठाउँ छोडिदिए हुन्छ भनिरहेका थिए। तर मदन भण्डारी स्वयम् विनासर्त ठाउँ छोड्ने पक्षमा हुनुहुन्नथ्यो। उहाँले सुनसरीमा एमाले अध्यक्ष मनमोहन अधिकारीलाई काङ्ग्रेसले छोड्ने हो भने काठमाडौँमा भट्टराईलाई छोड्न तयार रहेको प्रस्ताव गरिसक्नुभएको थियो। उहाँको प्रस्तावलाई काङ्ग्रेसले बेवास्ता गरेपछि एमाले पनि भट्टराईका विरुद्ध उम्मेदवार उठाउने निर्णयमा पुगेको थियो।

काठमाडौँको क्षेत्र नं. १ मा काङ्गेसका कृष्णप्रसाद भट्टराईविरुद्ध एमालेले कसलाई उठाउने होला ? धेरैको चासोको कुरो थियो। चर्चामा विभिन्न नामहरू आए। तर क्षेत्रभरका कार्यकर्ताको एउटै माग थियो – 'यस क्षेत्रमा चुनाव जित्नका लागि कृष्णप्रसाद भट्टराई विरुद्ध मदन भण्डारी नै उम्मेदवार बन्नुपर्छ।'

पार्टीका केही नेतासमेत भट्टराईका विरुद्ध मदन भण्डारीले चुनाव लड्नुहुन्न, नराम्रोसँग हार बेहोर्नुपर्ने हुन्छ, भट्टराईलाई हराउनै सकिन्न भन्ने विचार राख्थे। तर मदन भण्डारीले भट्टराईविरुद्ध चुनाव लड्ने निर्णय गर्नुभयो। उहाँले आफ्नो निर्णय सुनाउँदै भन्नुभयो – 'म चुनाव हारेपनि हारौँला, हाम्रो पार्टीलाई माया गर्ने काठमाडौँ क्षेत्र नं. १ का जनता तथा आमकार्यकर्ताको भावनाको सम्मानकै लागि भएपनि चुनाव लड्छु।'

मदन भण्डारीको यस निर्णयबाट काठमाडौँ क्षेत्र नं. १ का कार्यकर्ता अत्यन्तै खुसी र उत्साहित भए। पार्टीका केही नेता र केही बुद्धिजीवीले मदन भण्डारीको निर्णयलाई खिसीटिउरीको विषय पनि बनाए। जमानत जफत हुनसक्ने हल्ला पनि चलाए। तर उहाँ अरू कसैका कुरा नसुनी चुनावमा होमिनुभयो।

काठमाडौँका दुईवटा क्षेत्रबाट चुनाव लड्नुभएको हुँदा मदन पूर्णरूपमा आफ्नो निर्वाचन क्षेत्रमा खट्ने स्थिति थिएन। त्यसबाहेक उहाँले पार्टीको महासचिवका रूपमा चुनाव प्रचारकै सिलसिलामा उपत्यकाबाहिर पनि जानुपर्ने हुन्थ्यो। तैपनि, क्षेत्र नं. १ मा उहाँले स्थानीय जनता र कार्यकर्ताको मागअनुसार आफूलाई उपस्थित गराउनुभयो।

उहाँ आफैँ आकर्षक व्यक्तित्व। उहाँको अभिव्यक्ति नै प्रभावशाली। विचार र व्यवहारमा सरल। स्पष्ट बोली,

प्रस्ट वक्ता। जे हुन्छ त्यही भन्ने। नहुने कुरो भन्दै नभन्ने। चुनाव प्रचारका क्रममा उहाँ जनतासमक्ष यसरी प्रकट हुनुभयो कि कसैले उहाँमाथि प्रश्न गर्ने ठाउँ नै रहेन। उहाँको भनाइ स्पष्ट हुन्थ्यो – 'हामी कुनै एउटा क्षेत्रमात्र बनाउन भनेर आएका होइनौँ, सिङ्गो देश बनाउन आएका हौँ, बनाएरै छाड्छौँ।'

उहाँ भोट माग्न घरघर पुग्नसक्ने स्थिति थिएन। त्यसवेला उम्मेदवारले घरघरमा गएर भोट माग्नेभन्दा पनि प्रचार ऱ्यालीसहित टोलटोलमा पुगेर सामूहिक रूपमा भोट माग्ने गरिन्थ्यो। मदन भण्डारी पनि क्षेत्र नं. १ का सबैजसो टोलमा पुग्नुभयो। स्थानीय जनतासमक्ष भेटघाट र कुराकानी गर्नुभयो। उहाँले एकपटक भेटेर कुराकानी गरेपछि प्रभावित नहुने कोही थिएन।

०००

चुनाव प्रचारका क्रममा मदन भण्डारीले गरेका भाषण र तिनमा व्यक्त विचारहरूले देशभर तरङ्ग ल्याएको थियो। उहाँको स्वर गणतन्त्रप्रति मुखरित थियो। भाषणका क्रममा उहाँले राजालाई संविधानभित्र बस्न र राजनीति गर्ने भए आफूसँग चुनाव लड्न आउन बारम्बार चुनौती दिँदै आउनुभएको थियो। आफूहरूले विद्यमान शक्तिसन्तुलनका दृष्टिले संवैधानिक राजतन्त्रलाई सम्झौताका रूपमा लिए पनि जनताले चाहे जुनसुकै बेला राजतन्त्र फाल्नसक्ने विचार उहाँले व्यक्त गर्दै आउनुभएको थियो। उहाँको त्यो अभिव्यक्ति निकै चर्चित बनेको थियो।

चुनाव प्रचारकै सिलसिलामा आमसभालाई सम्बोधन गर्न एकदिन उहाँ काठमाडौँ क्षेत्र नं. १ को नाङ्लेभारे पुग्नुभयो। त्यहाँ एक–दुई दिनअघि नेपाली काङ्ग्रेसका उम्मेदवार कृष्णप्रसाद भट्टराईले समेत भाषण गर्ने आमसभाको आयोजना भएको रहेछ। त्यस आमसभामा कुनै एउटा वक्ताले कम्युनिस्टले जिते साठी वर्ष पुगेपछि मार्छ, धर्म मान्दैन, समूहमा बस्ने खाने गर्नुपर्छ, परिवार भन्न पाइँदैन भन्ने जस्ता प्रचार गरेका रहेछन्। त्यतिमात्र होइन, ती वक्ताले 'हामीले विष्णु भगवान मान्ने गरेका राजाको विरोध गरेर मदन भण्डारीले भगवानकै अपमान गरेको' भाषणसमेत गरेछन्।

आमसभामा जनताको उपस्थिति ठुलो थियो। मदन भण्डारी सभास्थलमा पुग्नेबित्तिकै अधिकांशले ताली बजाएर स्वागत गरे। केहीले भने कालोझण्डा उठाएर उहाँको विरोध गरे। उहाँको ध्यान ताली बजाएर स्वागत गर्नेहरूतिर भन्दापनि कालोझण्डा बोकेर विरोध गर्नेहरूतिर गयो। कालोझण्डा देखाउनेहरूमध्ये एकजना पण्डितजस्ता व्यक्ति चिच्याइरहेका थिए – 'हामी राजालाई विष्णु भगवान मान्छौँ। मरेका राजालाई तर्पण दिन्छौँ। त्यस्ता राजाको विरोध गर्ने र राजतन्त्र समाप्त गर्छु भन्ने यो मदन भण्डारी को हो ? दुलोबाट निस्केको दश दिन भा छैन, राजालाई चुनौती दिने ?'

मदन भण्डारीले आफ्नो विरोध गर्नेहरूका कुरा सुन्नुभयो। उहाँको विरोध गर्नेहरू गरिरहेकै थिए। उहाँले आमसभा सुरु गर्न सङ्केत गर्नुभयो। आमसभा सुरु भयो। सुरुमा स्थानीय एकजना कार्यकर्ताले बोले। त्यो बेलासम्म विरोधीहरू कालोझण्डा उठाएर कराइरहेकै थिए। मदन भण्डारी बोल्न थालेपछि भने तिनीहरू चुप लागे। कालाझण्डाहरू भने देखाइरहेकै थिए।

आफ्ना भनाइहरू राख्ने क्रममा मदनले संवैधानिक राजतन्त्रका सीमाहरूका बारेमा पनि स्पष्ट पार्नुभयो। उहाँले त्यो सीमाबाट बाहिर आउन खोज्ने हो भने आफूहरूले पनि राजलाई स्वीकार गरेर नबस्ने दृढता त्यहाँ पनि व्यक्त गर्नुभयो। राजतन्त्रकै कुरा गर्ने सन्दर्भमा महाभारतको प्रसङ्ग ल्याउँदै उहाँले भन्नुभयो – 'मेरो विरोध गरिरहनुभएका आदरणीय महानुभावहरूलाई म महाभारतको एउटा श्लोक सुनाउन चाहन्छु।'

उहाँले संस्कृतको एउटा श्लोक सुनाउनुभयो। त्यो श्लोक सुन्ने बित्तिकै कालोझण्डा बोक्नेहरू शिथिल बने। त्यो संस्कृत श्लोकको व्याख्या गर्दै मदनले भन्नुभयो – "यस श्लोकको अर्थ यहाँहरू सबैले बुझ्नु भएन होला। म यसलाई नेपालीमा भन्न चाहन्छु। महाभारतको शान्तिपर्वको यस श्लोकमा भीष्मपितामह भन्नुहुन्छ – 'राजतन्त्रका पनि सीमा र मर्यादाहरू छन्। राजाले ती सीमा र मर्यादाहरूलाई नाघ्दै जाने हो भने प्रजाले राजालाई किन मान्ने ? प्रजाले चाहे भने राजतन्त्र नरहन पनि सक्छ।'

महाभारतमा भीष्मपितामहले भन्नुभएकै कुरो मैले आफ्ना भाषणहरूमा व्यक्त गर्दैआएको हुँ। के भीष्मपितामहले गलत कुरा गर्नुभएको हो ? अनि मैले उहाँकै भनाइलाई दोहोऱ्याएको त हुँ। म यहाँहरूलाई नै सोध्न चाहन्छु, यसमा मैले के गलत कुरो बोलेको छु ?"

उहाँले यो प्रश्न विरोधीहरूतिर राख्ने बित्तिकै केही व्यक्ति कालोझण्डा बोकेर चुपचाप त्यहाँबाट हिँडे। बाँकी केही कालोझण्डा फालेर मदन भण्डारीको भाषणमा ताली बजाउन थाले।

०००

चुनावी प्रचार–प्रसार बढ्दै जाँदा 'मदन भण्डारीलाई जिताउनैपर्छ' भनेर सहयोग गर्नेहरूको सङ्ख्या पनि बढ्दै गएको थियो। मदनले सोच्दै नसोचेका लेखक, बुद्धिजीवी र समाजसेवीहरूसमेत उहाँलाई जिताउने अभियानमा लागे। चर्चित साहित्यकार रमेश विकल त कति दिनसम्म उहाँको ऱ्यालीमै सहभागी हुनुभयो। पहिलो ऱ्यालीको दिन रमेश विकल मदन भण्डारीको पछाडि–पछाडि हिँड्नुभएको थियो। ऱ्यालीमा रमेश विकल पनि हुनुहुन्छ भन्ने कुरो मदनलाई थाहै थिएन। रमेश विकललाई देख्ने बित्तिकै मदन भण्डारीले आफू पछाडि बसेर रमेश विकललाई अगाडि लगाउनुभयो। चाबहिलबाट सुरु भएर गौरीघाट, कुमारीगाल, मैजुबहाल, टुसाल, बौद्ध हुँदै महाङ्कलमा गएर समापन भएको ऱ्यालीको अन्तमा मदनलाई सम्बोधन गर्न भनिएको थियो। तर मदनले आफू नबोलेर रमेश विकललाई बोल्न दिनुभएको थियो। रमेश विकलले समापन मन्तव्यमा भन्नुभएको थियो – 'यस क्षेत्रमा मदन भण्डारीले हार्नु भनेको देशले हार्नु हो, देशभक्त नेपाली सबैले हार्नु हो।'

चुनाव प्रचार चलिरहेकै थियो। मदन भण्डारीको पक्षमा अपारको चुनावी लहर देखिएको थियो। गाउँ, सहर सबैतिर उहाँको जित सुनिश्चित बन्दै गएको थियो। यस्तो स्थितिमा पनि कृष्णप्रसाद भट्टराईलाई निसर्त ठाउँ छोड्नुपर्छ भन्ने केही वामपन्थी बुद्धिजीवीहरू मदन भण्डारीका भाषण र अभिव्यक्तिहरूलाई 'चर्को', 'केटौले', 'अपरिपक्व', 'आलोकाँचो', 'अबौद्धिक' भन्दै आलोचना गरिरहेका थिए। मदनले आलोचनाका त्यस्ता केही स्वरहरू सुनेपछि एकदिन रत्नराज्य कलेजमा बुद्धिजीवीहरूको भेला नै राख्नुभयो। झण्डै दुई सयजति बुद्धिजीवीहरू उपस्थित रहेको त्यस भेलामा मदन भण्डारीले पृथक भाषण गर्नुभयो। 'हामी इन्द्रेणीमा खिर पकाउने कुरा गर्दैनौ', 'कुराले चिउरा भिज्दैन', 'हिमालमा चिमाल फुलेको हुन्छ, त्यहाँ खरी जुका पनि हुन्छन्' 'एक माघले जाडो जाँदैन' जस्ता अनेकौँ सङ्केत, प्रतीक र बिम्बहरूमा असाध्यै बौद्धिक भाषण मदन भण्डारीले गर्नुभयो। उहाँका अभिव्यक्तिहरूलाई 'अबौद्धिक' भनेर आलोचना गर्ने 'बुद्धिजीवीहरू' भाषण नै नबुझेर जिल्ल परेका थिए। मदनलाई 'अबौद्धिक' भनेर आलोचना गर्ने एकजना प्राध्यापक मसँगै थिए। ती 'बौद्धिक' प्राध्यापक मलाई सोध्दै थिए 'हामी इन्द्रेणीमा खिर पकाउने कुरा गर्दैनौ भनेको के हो ?'

त्यो भेलापछि उहाँलाई चुनावको बेला 'अबौद्धिक' भनेर आलोचना गर्नेहरूको मुखमा बिर्को लागेको थियो। मदनलाई 'अबौद्धिक' भन्दाभन्दै आफ्नै 'बौद्धिकता' छताछुल्ल भएकोमा ती बुद्धिजीवीहरू आफैँ लज्जित बनेका थिए।

०००

चुनाव प्रचारको समय सकिनै लागेको थियो। प्रचारका लागि मात्र तीन दिन बाँकी थियो। अन्तिम दिनभन्दा अघिल्लो दिन नेकपा (एमाले) को काठमाडौँ क्षेत्र नं. १, चुनाव प्रचार कमिटीले चाबहिलको पशुपति मित्र माध्यमिक विद्यालयअगाडि यस क्षेत्रको अन्तिम चुनावी सभाको आयोजना गरेको थियो। त्यसका प्रमुख वक्तामा मदन भण्डारी हुनुहुन्थ्यो।

त्यसको अघिल्लो दिन नेपाल टेलिभिजनबाट नेपाली काङ्ग्रेसका नेता हरिबोल भट्टराईको अन्तर्वार्ता प्रसारित भएको थियो। हरिबोल भट्टराई काठमाडौँ क्षेत्र नं. ५ मा मदन भण्डारीका प्रतिस्पर्धी पनि हुनुहुन्थ्यो। निर्वाचनको मुखमा मतदातालाई काङ्ग्रेसको पक्षमा प्रभावित गर्ने उद्देश्यका साथ प्रसारित त्यो अन्तर्वार्ता विशेषगरी मदन भण्डारी र एमालेका विरुद्धमा थियो।

काङ्ग्रेसका नेता हरिबोल भट्टराईले अन्तर्वार्तामा कम्युनिस्टहरूको चर्को विरोधमात्र गर्नुभएको थिएन, मदन भण्डारीको मानमर्दन गर्ने खालको अभिव्यक्तिसमेत दिनुभएको थियो। मदन भण्डारीलाई भर्खर दुलोबाट निस्किएका उरन्ठेउलो व्यक्तिको रूपमा चित्रित गर्दै त्यस्ता व्यक्तिले लामो इतिहास बोकेको नेपाली काङ्ग्रेस र कृष्णप्रसाद भट्टराईजस्ता नेतालाई चुनौती दिन नमिल्ने विचार हरिबोल भट्टराईले व्यक्त गर्नुभएको थियो। अन्तर्वार्ता लिने पत्रकारको एउटा प्रश्न थियो – 'काङ्ग्रेसले जिते नेपाल बेच्छ भन्ने मदन भण्डारीको भनाइ छ नि ?' त्यस प्रश्नमा हरिबोल भट्टराईको उत्तर थियो – 'देश पनि कसैलाई बेच्न मिल्छ ? कसलाई बेच्ने ? कसले किन्ने ? कुन मालअड्डामा पास गर्ने ? पैसा कसले दिने ? पैसा कसले लिने ? यस्तो हुँदै नहुने, केटाकेटी कुरा पनि गर्ने हो ?'

वास्तवमा यस तर्कले धेरैलाई प्रभावित गरेको थियो। कतिपयले त भन्न पनि थालेका थिए – 'हो त, देश कुन मालअड्डामा पास गर्ने ? पैसा कसले दिने र कसले लिने ?'

त्यसको भोलिपल्ट चाबहिलमा एमालेको सभा थियो। प्रमुख वक्ता नै मदन भण्डारी हुनुहुन्थ्यो। हरिबोल भट्टराईको तर्कले केही बुद्धिजीवीमा राम्रै प्रभाव पारेको चर्चा भइरहेको थियो। कुनै पार्टीमा नलागी, तटस्थ देखिएका र मदन भण्डारीलाई भोट दिन तयार रहेका देशभक्त बुद्धिजीवीहरूसमेत धरमराउने स्थिति बनेको थियो। त्यस्तो स्थितिमा मदन भण्डारीले आजको अन्तिम चुनावी सभामा के बोल्नुहोला ? हरिबोल भट्टराईको भनाइको जवाफ दिनुहोला कि नहोला ? जवाफ दिए कसरी दिनुहोला ? यस्तो कुतूहलता सबैमा थियो।

आमसभा सुरु भयो। मदन भण्डारीले के बोल्नुहोला भन्ने उत्सुकतासहित मानिसको विशाल भिड जम्मा भएको थियो। त्यस भिडमा सर्वसाधारण र स्थानीय बुद्धिजीवीहरूको उपस्थिति उल्लेख्य थियो। त्यो पनि क्षेत्र नं. १ का मात्रै। सुरुमा स्थानीय दुई जना कार्यकर्ताले बोलेपछि मदन भण्डारीले बोल्नथाल्नुभयो। उहाँले विभिन्न राजनीतिक विश्लेषणसहित संविधान निर्माण र त्यसयताका समयमा राजा र राजपरिवारका सदस्यहरूबाट भएका चलखेलको चर्चा गर्नुभयो। 'महाराज हात नलम्काइबक्स्योस्, आँखा नचम्काइबक्स्योस्, राजनीति नै गर्ने हो भने श्रीपेच फुकालेर चुनावी मैदानमा आए हुन्छ' भनेर राजालाई चुनौती दिने भाषण उहाँले गर्नुभएको थियो। त्यसपछि उहाँले नेपाली काङ्ग्रेसको विगत र वर्तमानको भूमिकाका बारेमा आलोचनात्मक विचारहरू राख्दै हरिबोल भट्टराईको त्यही अन्तर्वार्ताको प्रसङ्ग ल्याउनुभयो। उहाँले भन्नुभयो – 'मैले काठमाडौँ क्षेत्र नं. ५ का मेरा प्रतिस्पर्धी हरिबोल भट्टराईजीको भनाइ सुनेँ। विश्वका घटना, विश्वको इतिहास र हाम्रै छिमेक वरिपरिका घटनाहरूको ज्ञानसमेत उहाँलाई रहेनछ। उहाँले भन्नुभएछ – देश कुन मालअड्डामा पास गर्ने ? म उहाँलाई सोध्न चाहन्छु – सिक्किम कुन मालअड्डामा पास भएको थियो ?'

उहाँको यो जवाफ सुनेपछि सभामा झण्डै पाँच मिनेटसम्म ताली बजेको थियो। मानिसहरू साइसाइ र सुइसुइ गर्दै उफ्रिएका थिए। एउटै उदाहरणबाट मदन भण्डारीले मानिसको मनस्थिति परिवर्तन गराउनुभएको थियो।

आमसभा सकिएपछि उहाँ केहीबेर चाबहिलमा रहेको क्षेत्र नं. १ को निर्वाचन परिचालन कमिटीको कार्यालयमा बस्नुभयो। उहाँको भाषणबाट कार्यकर्ताहरू अत्यन्तै हौसिएका थिए। कार्यालयमा भिड पनि त्यतिकै थियो। निर्वाचन परिचालनमा संलग्न स्थानीय कार्यकर्ताहरूलाई केही निर्देशन दिएर उहाँ बाहिर निस्किनुभयो। त्यहाँ अग्नीशिखा र म पनि थियौं। निर्वाचन र त्यसको सम्भावित परिणामका विषयमा उहाँसँग केही अनौपचारिक कुराहरू पनि भए। हिँड्ने बेलामा उहाँले भन्नुभएको थियो – 'हामी देशभर काङ्ग्रेससँग कडा प्रतिस्पर्धामा छौँ। बहुमत त आउँदैन तर परिणाममा हामी काङ्ग्रेसलाई टक्कर दिने अवस्थामै हुनेछौँ। त्यससँगै कम्युनिस्ट पार्टीको विचार जनतामा पुगेको छ। हाम्रो पार्टी जनस्तरमा पुगेको छ। हामी विचार र व्यवहारमा

पनि फरक छौँ, हामी क्रान्तिकारी शक्ति हौँ भन्ने प्रभाव जनतामा रहेको छ। यस्तो प्रभावलाई हामीले सधैँ कायम राख्नुपर्छ। नेपालमा भविष्य कम्युनिस्टकै छ।'

मदन हिँड्नुभयो। कामका सिलसिलामा जहाँकहीँ हिँड्दा कहाँ के खाने होला, कसले खुवाउला भन्ने चासो उहाँमा पटक्कै थिएन। उहाँ कामलाई महत्व दिनुहुन्थ्यो, खाने कुरालाई होइन। उहाँ धेरैजसो कोट लाउनुहुन्थ्यो। तर हामीले धेरैपटक देखेका छौँ उहाँका कोटका सबै खल्तीहरू खाली हुन्थे। कोटको दायाँतिरको माथिल्लो खल्तीमा एउटा कलम सिउरिएको देखिन्थ्यो, अरू खल्ती खाली। खल्तीमा एक पैसा हुँदैनथ्यो। जनता वा कार्यकर्ताकहाँ जतिबेला जे खान पाइन्थ्यो, त्यही खानुहुन्थ्यो।

०००

आम चुनाव सकियो। परिणाम आयो। मदनले काठमाडौँका १ र ५ दुवै क्षेत्रबाट चुनाव जित्नुभयो। एमालेले ६९ स्थानमा जित्यो। नेपाली काङ्ग्रेस बहुमत ल्याएर सत्तारुढ भयो। एमाले संसदमा बलियो उपस्थितिसहित प्रमुख प्रतिपक्षको रूपमा रह्यो। विश्वभर कम्युनिस्ट शासन ढलिरहेका र कम्युनिस्ट पार्टीहरू कमजोर बन्दै गएका बेला नेपालमा मदन भण्डारीकै नेतृत्वमा कम्युनिस्ट पार्टी बलियो बन्यो। उहाँको लोकप्रियता अझै बढ्यो।

सांसदको रूपमा पनि मदन भण्डारीको भूमिका त्यतिकै प्रभावकारी रह्यो। उहाँले संसदमा मात्र प्रभावकारी भूमिका खेल्नुभएन, सडक आन्दोलनको नेतृत्व गर्ने कुरामा समेत उहाँको भूमिका महत्वपूर्ण रह्यो। नेपाली काङ्ग्रेसको सरकारले भारतसँग टनकपुर सन्धिमा गरेको राष्ट्रघात विरुद्धको आन्दोलनको नेता उहाँ नै हुनुहुन्थ्यो। उहाँ देशभक्त नेताका रूपमा समेत लोकप्रिय रहनुभयो। एउटा निर्भीक, देशभक्त र विचारशील नेताको छवि निर्माण गर्नुभएका मदन भण्डारीका कुरा सुन्न र भेट्न चाहनेहरू पनि धेरै भए। तत्कालीन राजा वीरेन्द्रले समेत उहाँलाई भेटेका थिए। उहाँको विशिष्ट क्षमताबाट अप्रभावित मानिस कमै थिए।

मदन भण्डारीको लोकप्रियता जति बढ्दो थियो, त्यति नै उहाँलाई विवादमा तान्ने प्रयत्न पनि धेरैले गरे। राजालाई भेटेर राजावादी भएको, ज्ञानेन्द्रको रातो कार चढेर हिँड्ने गरेको जस्ता प्रचारहरू नियोजित रूपमा गरिए। यतिसम्म कि 'मदन भण्डारीका पाँचवटी श्रीमती छन्' भनेर भाषण नै गर्नेहरू पनि देखिए। तर मदनले त्यस्ता झुटा प्रचारहरूमा रत्तिपनि चासो दिनुभएन। कतिले त्यस्ता प्रचारको खण्डन गर्नुपर्ने कुरा गर्दा पनि उहाँले वास्ता गर्नुभएन। 'सत्य डग्दैन, झुटो टिक्दैन' भन्ने मान्यतासहित उहाँ आफ्नो पार्टी कामका सिलसिलामा राजनीतिक एवम् वैचारिक राजमार्गमा अगाडि बढिरहनुभयो।

०००

पहिलो आमनिर्वाचनपछि नेकपा (एमाले) प्रतिको आकर्षण झनै बढ्यो। मदनको नेतृत्वमा एमालेका नीति, कार्यक्रम र विचारलाई मन पराएर त्यसमा आबद्ध हुनेहरू देशभर बढ्दैगए। यद्यपि, मदन गलत मानिस पार्टीमा छिर्न नपाओस् भन्ने कुरामा सचेत हुनुहुन्थ्यो। उहाँ असल र कम्युनिस्ट विचारबाट मनैदेखि प्रभावित मानिसमात्र पार्टी सङ्गठनमा आबद्ध होओस् भन्ने चाहनुहुन्थ्यो। जो कम्युनिस्ट विचारप्रति आस्थावान बनेर पार्टीको सङ्गठनमा आबद्ध हुन चाहन्छ, उसले मार्क्सवादका प्रारम्भिक र आधारभूत कुराहरू पढेको हुनैपर्ने मान्यता पनि उहाँमा थियो।

उहाँ सांसदमा निर्वाचित भएको केही समयपछि काठमाडौँ क्षेत्र नं. १ को चाबहिलमा एउटा भेलाको आयोजना भएको थियो। भेलामा स्थानीय कार्यकर्तासँगै केही बुद्धिजीवी पनि उपस्थित थिए। विभिन्न व्यक्तिले विभिन्न खालका जिज्ञासाहरू राखेका थिए। एकजना पुडासैनी थरका बुद्धिजीवीले 'तपाईँले चढेर हिँड्ने गरेको रातो कार ज्ञानेन्द्रको रे हो ?' भनेर सोधेका थिए। त्यसमा प्रतिप्रश्न गर्दै मदनले भन्नुभएको थियो – 'तपाईँलाई के लाग्छ ? जसले खुल्लेआम राजतन्त्रलाई चुनौती दिइरहेको छ, त्यसले राजाका भाइको गाडी चढेर हिँडेको होला ?' ती बुद्धिजीवी केही बोल्न सकेनन्। मदन भण्डारीले ती बुद्धिजीवीतिर हेर्दै भन्नुभयो 'कौवाले कान लग्यो भनेर कौवाकै पछिपछि दौडिने कुरा राम्रो होइन। असल

कम्युनिस्टहरू सत्यको पक्षमा लाग्छन्, झुटो प्रचारको लहैलहैमा होइन।'

त्रिपाठी थरका एकजना प्राध्यापक पनि भेलामा आइपुगेका थिए। उनले आफू त्रिभुवन विश्वविद्यालयको प्राध्यापक भएको परिचय दिँदै स्थानीय एमाले कार्यकर्ताले आफूलाई अपमानित गरेको बताए। उनले सविस्तार भने 'म देशको एउटा प्रतिष्ठित विश्वविद्यालयको प्राध्यापक। मैले एमालेसँग आबद्ध हुने विचारले यही कार्यालयमा आएर कुरो गरेँ। तर मदन भण्डारीज्यू, तपाईँको पार्टीका यहाँका कार्यकर्ताले मलाई टोल कमिटीमा सङ्गठित हुन भने। मजस्तो प्राध्यापकलाई त्यो भन्दा ठुलो अपमान के हुनसक्छ ? के ठेट्ना कार्यकर्ताकै भरमा मात्र तपाईँको पार्टी चल्छ भन्ठान्नुभएको छ ? के तपाईँको पार्टीलाई हामीजस्ता बुद्धिजीवी चाहिँदैनन् ?'

अनुहारको भाव, व्यक्त विचार र अभिव्यक्तिको शैलीकै आधारमा को मान्छे कस्तो हो, ऊ के चाहन्छ, उसको नियत र उद्देश्य के हो भन्ने कुरो सजिलै बुझ्ने क्षमता मदन भण्डारीमा थियो। ती प्राध्यापकको प्रश्नको उत्तर उहाँले कसरी दिनुहोला भन्ने चासो धेरैमा थियो। मदन भण्डारीले अत्यन्तै मिठो तरिकाले, शिष्ट शैलीमा प्राध्यापकलाई जवाफ दिनुभयो। उहाँले भन्नुभयो – 'पहिलो कुरो त हाम्रो पार्टीको विधान भनेको कम्युनिस्ट पार्टीको विधान हो। यो विधान नै यस्तो छ कि यस पार्टीमा पहिलोपटक आबद्ध हुन चाहने जोकोहीले सुरुमा स्थानीय कमिटीमा आबद्ध हुनैपर्छ। टोल कमिटीमै आबद्ध हुनुपर्छ। हाम्रो पार्टीका स्थानीय कमिटीका कमरेडहरूले जे भन्नुभयो त्यो विधानअनुसार नै भन्नुभएको हो। यहाँका कमरेडहरूले त के, मैले चाहेर पनि कुनै नयाँ मानिसलाई एकैपटक माथिल्ला कमिटीहरूमा लानै सक्दिन। यसलाई आरदणीय सरहरूले बुझिदिनुपर्‍यो। अर्को कुरा, हाम्रो पार्टीलाई बुद्धिजीवीहरू नचाहिने भन्ने कुरै हुँदैन। हामीलाई हरेक क्षेत्रका बुद्धिजीवीहरू चाहिन्छन्। म त चाहन्छु देशका सम्पूर्ण बुद्धिजीवीहरू हाम्रो पार्टीको पक्षमा उभिदिनुभए कति राम्रो हुन्थ्यो। यद्यपि, को कस्तो खालको बुद्धिजीवी भन्ने आधारको खोजीचाहिँ हुनसक्छ। हाम्रो पार्टीको पक्षमा रहने बुद्धिजीवीहरू मार्क्सवादी हुनैपर्छ। मार्क्सवाद पढ्दै नपढेको, यहाँसम्म कि कम्युनिस्ट घोषणापत्र र मार्क्सवादका आधारभूत कुराहरूसमेत थाहा नभएको बुद्धिजीवी कम्युनिस्ट पार्टीको बुद्धिजीवी हुनसक्छ कि सक्दैन ? कम्युनिस्ट घोषणापत्र खारेको, मार्क्सवादका आधारभूत कुराहरू बुझेको र मार्क्सवादी दर्शनमा आधारित रहेर एक–डेढ घन्टा बहस गर्नसक्ने काभ्रेका किसान शुकवीर लामा, सङ्ग्रामसिंह लामा कम्युनिस्ट पार्टीका बुद्धिजीवी हुन् कि कम्युनिस्ट घोषणापत्र पनि नपढेको, मार्क्सवादी दर्शनका कुनै कुरै थाहा नभएको कुनै शिक्षित व्यक्ति कम्युनिस्ट पार्टीका बुद्धिजीवी हुन् ? यसमा यहाँहरू के भन्नुहुन्छ ?'।

मदन भण्डारीको प्रश्नमा ती प्राध्यापक केही बोलेनन्। कम्युनिस्ट पार्टीको पक्षमा उभिन चाहने बुद्धिजीवीहरूले मार्क्सवादको अध्ययन पनि राम्रैसँग गर्नुपर्ने विचार राख्दै मदन भण्डारीले भन्नुभयो 'कम्युनिस्ट घोषणापत्रसम्म पनि नपढेका बुद्धिजीवी कम्युनिस्ट पार्टीका बुद्धिजीवी हुनसक्दैनन्।'

मदन सत्यका अगाडि कसैसँग नडग्ने र असत्यका अगाडि कसैसँग नझुक्ने स्वभावको हुनुहुन्थ्यो। त्यसैले उहाँले पार्टीका कुरा स्पष्ट राख्नुभएको थियो। मार्क्सवाद र पार्टीका नीति–विचारको अध्ययनसहित तिनमा सहमत भएर आउनेहरूलाई उहाँ पार्टीमा स्वागत गर्नुहुन्थ्यो, आदर–सम्मान गर्नुहुन्थ्यो। मार्क्सवाद र एमालेको नीति–विचारको राम्रो अध्ययन गरेका तर तिनमा असहमति राख्नेहरूसँग घण्टौँसम्म बहस गर्ने कुरालाई पनि उहाँ महत्वका साथ लिनुहुन्थ्यो। तर मार्क्सवादको अध्ययन रुचि पनि नराख्ने, आफ्नै अहम्मा गर्व गर्ने, विचारहीन र स्वार्थी अनुहारहरूप्रति उहाँ कहिल्यै पनि नरम हुनुभएन। त्यस्तालाई पार्टीमा स्वागत गर्ने काम उहाँले गर्नु पनि भएन। उहाँ पार्टीलाई कतिसम्म विचारवान बनाएर अगाडि बढाउन चाहनुहुन्थ्यो भन्ने कुराको उदाहरण माथि उल्लेखित घटना पनि एउटा थियो।

त्यसको केही दिनपछिको कुरा हो। नेपाली कम्युनिस्ट आन्दोलनलाई नयाँ शिराबाट उचाइमा

पुऱ्याउन आफ्नो विचारको प्रवाहमा सक्रिय रहनुभएका मदन भण्डारी विभिन्न ढङ्गले मार्क्सवादी दर्शन–प्रवाहमा संलग्न रहँदै आएका केही वाम–बुद्धिजीवीका बिच उपस्थित हुनुभएको थियो। त्यो भेला उहाँकै पहलमा भएको हो कि जस्तो पनि लाग्छ। भेलामा उहाँले राष्ट्रिय–अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको सटीक समीक्षासहित नेपालको कम्युनिस्ट आन्दोलनका सन्दर्भमा आफ्ना विचारहरू प्रस्तुत गर्नुभयो। उहाँले 'नेपाली कम्युनिस्ट आन्दोलनको विगतको समीक्षा र भविष्यको बाटो' का विषयमा सारभूत विश्लेषण गर्नुभएको थियो। उहाँले नेपालको सन्दर्भमा मार्क्सवादको सिर्जनात्मक प्रयोग अनिवार्य रहेको विचार प्रस्तुत गर्नुभएको थियो। उहाँले भन्नुभएको थियो – 'विभिन्न मुलुकमा गरिएको मार्क्सवादी सिद्धान्तको प्रयोगको अनुभवले मार्क्सवादको पुनर्व्याख्या र पुनर्परिभाषा गर्नु जरुरी छ। केही समाजवादी राष्ट्रहरूले गरेको मार्क्सवादको नयाँ प्रयोगले पनि के देखाएको छ भने समकालीन विश्वमा यसलाई सफलताका साथ उपयुक्त तरिकाले लागु गर्नका लागि नयाँ चिन्तनको आवश्यकता छ। मार्क्सवाद पूँजीवादी व्यवस्थासँग प्रतिस्पर्धा गर्नका लागि पर्याप्त रूपमा सक्षम हुनुपर्छ र जनताको बहुमतको समर्थन जित्न पनि सक्षम हुनुपर्छ।'

यही निष्कर्षका साथ मदन भण्डारीले उक्त भेलामा सम्भवतः पहिलोपटक 'बहुदलीय जनवाद' शब्दको प्रयोग गर्नुभएको थियो। त्यसपछि उहाँ 'बहुदलीय जनवाद' बारे आफ्नो विचारको प्रवाहमा सक्रियतापूर्वक लाग्नुभएको थियो। नेपाली कम्युनिस्ट आन्दोलनमात्र होइन, समग्र नेपाली राजनीतिमै उहाँको विचार चर्चा र बहसको विषय बन्यो। उहाँ त्यसबारेमा विभिन्न क्षेत्रका विद्वान–बुद्धिजीवीहरूसँग निरन्तर भेटघाट र छलफलमा पनि रहनुभयो। कतिपय मार्क्सवादी बुद्धिजीवीले दिएका सल्लाह–सुझावलाई उहाँले सहजरूपमा ग्रहण पनि गर्नुभएको थियो। एउटा भेलामा हामी केहीले 'बहुदलीय जनवाद' का अगाडि 'जनताको' भन्ने शब्द राख्दा उचित हुन्थ्यो कि भन्ने राय दिएका थियौँ। यस्तो राय उहाँलाई अरूले पनि दिइसकेका रहेछन्। आफ्ना विचारहरूलाई अन्तिम रूप दिने क्रममा उहाँले त्यस्ता रायलाई समेत समेटेर 'जनताको बहुदलीय जनवाद' नाम दिनुभएको थियो।

०००

मदन भण्डारी विचार र व्यवहारमा कस्तो देखिनुहुन्थ्यो भन्ने सवालमा यी केही घटना सन्दर्भवश उल्लेख गरिएका हुन्। कोही रिसाओस् कि खुसाओस्, सिद्धान्त र विचारका सवालमा मदन भण्डारी कठोर हुनुहुन्थ्यो। व्यवहारमा उहाँ नरम हुनुहुन्थ्यो तर विचारअनुसारको व्यवहारमा पनि उहाँ त्यतिकै कठोर हुनुहुन्थ्यो भन्ने कुराका यी केही दृष्टान्त हुन्।

मदन भण्डारी राजनेता हुनुहुन्थ्यो, विचारक हुनुहुन्थ्यो। उहाँ विचारकमा पनि कोरा विचारक होइन, व्यावहारिक विचारक हुनुहुन्थ्यो। राजनीतिक दर्शन, सिद्धान्त र विचारलाई मानव जीवनसँग जोड्ने विचारक। चालिसको दशकमै उहाँले मार्क्सवादको व्याख्याका सन्दर्भमा नेपाली मौलिकताको वकालत गर्नुभएको थियो। नेकपा (माले) ले २०३६ सालदेखि अङ्गीकार गरेको जनसङ्घर्षको नीति, २०४० सालपछिको राजनीतिक स्वतन्त्रताको माग, २०४३ सालमा पञ्चायती निर्वाचनको उपयोग, २०४६ सालको संयुक्त जनआन्दोलन, २०४७ सालको संविधान निर्माणजस्ता विभिन्न सन्दर्भहरूमा उहाँका ती विचारहरू विचारकै रूपमा मात्र होइन, कार्यान्वयनका दृष्टिले व्यवहारमै अभिव्यक्त हुनपुगेका थिए। २०४६ सालमा उहाँका ती मौलिक विचारहरूलाई मालेको चौथो महाधिवेशनले नै नयाँ अवधारणाका रूपमा स्वीकार गरेको थियो भने २०४९ सालमा 'जनताको बहुदलीय जनवाद' का नाममा त्यसलाई पार्टीले आफ्नो कार्यक्रमको रूपमा स्वीकृत गरेको थियो। अहिले उहाँको त्यो विचार एमालेको मार्गदर्शक सिद्धान्त बनेको छ भने नेपाली कम्युनिस्ट आन्दोलनको नवीन विचारका रूपमा स्थापित छ।

'सिद्धान्त जीवनका लागि हो, सिद्धान्तका लागि जीवन होइन।' मदन भण्डारीको यो भनाइ उहाँकै 'जनताको बहुदलीय जनवाद' को प्रस्तावनाका सन्दर्भमा

अभिव्यक्त भएको थियो। राष्ट्रिय–अन्तर्राष्ट्रिय परिस्थिति, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका सफलता–असफलता, नेकपाको स्थापनापछि नेपालको कम्युनिस्ट आन्दोलनमा देखिएका उतार–चढाव र नेपाली समाजको विशेषताको समेत विश्लेषण–संश्लेषणपछि मदन भण्डारी 'जीवनका लागि सिद्धान्त' को निष्कर्षमा पुग्नुभएको थियो। उहाँको त्यही निष्कर्ष 'जनताको बहुदलीय जनवाद' को नाममा अभिव्यक्त हुनपुगेको थियो।

'हामी कसरी अगाडि बढ्दैछौँ भन्ने कुरा जनतालाई भन्नैपर्छ। जनतालाई ढाँट्नु हुन्न।' मदनको यो अभिव्यक्ति उहाँको विचारसँगै जोडिएको व्यावहारिक पक्ष थियो। उहाँ भन्नुहुन्थ्यो 'हामी विचारमा जे हौँ, व्यवहारमा पनि त्यही हौँ भनेर जनताको अदालतमा आफूलाई प्रमाणित गर्नुपर्छ।'

नेपाली राजनीतिमा विचार एउटा र व्यवहार अर्कै देखाउने नेता धेरै छन्। ढोँग गरेर हिँड्ने नेताको पनि कमी छैन। उनीहरूको विचार र व्यवहारमा मेल देखिँदैन। त्यसैले तिनको राजनीति पनि धरापमा पर्ने र असफल हुने गरेको छ। तर मदन भण्डारी राजनीतिमा 'विचारअनुसारको व्यवहार' लाई जोड दिने नेता हुनुहुन्थ्यो। उहाँले आफ्नो राजनीतिक जीवनमा त्यसलाई लागु नै गरेर देखाउनुभएको थियो। जुनबेला साइकल चढेरै पार्टी जिम्मेवारी पूरा गर्नसकिन्थ्यो, त्यो बेला उहाँले साइकल नै चढ्नुभयो। पार्टी खुल्ला भएर उहाँ आफैँ पनि पार्टी महासचिवका रूपमा सार्वजनिक भएपछि पनि उहाँले सकेसम्म गाडी चढ्ने चाहना राख्नुभएन। साइकलको सट्टा मोटरसाइकलको पछाडि बसेर उहाँले पार्टीको काम गर्नुभयो। काठमाडौँ क्षेत्र नं. १ मा निर्वाचन प्रचारमा आउँदा उहाँ कहिलेकाहीँ कसैको गाडीमा आएपनि धेरैजसो मोटरसाइकलको पछाडि बसेर आउनुहुन्थ्यो। सांसदमा निर्वाचित भएपछि र उहाँको नेतृत्वको पार्टी एमाले प्रमुख प्रतिपक्षीको हैसियत रहेपछि पनि उहाँ गाडी प्रयोग गर्ने पक्षमा हुनुहुन्नथ्यो। तर, लोकप्रियता बढेसँगै उहाँमाथिको सुरक्षा चुनौती पनि बढ्दै गएका कारण उहाँ गाडी प्रयोग गर्न थाल्नुभएको थियो।

त्यति ठुलो पार्टीका नेता – मदन भण्डारी। त्यति सफल विचारका विचारक – मदन भण्डारी। तर, व्यवहारमा कतिधेरै सामान्य। व्यावहारिक जीवनशैलीमा सर्वसाधारण नागरिकजस्तै। सामान्य घरको अत्यन्तै सामान्य डेरा। साधारण खानपान। सामान्य लवाइ। भनिन्छ – सादा जीवन, उच्च विचारको मानिस आफू पनि समस्यामा परेर जीवनमा असफल हुँदैन, अरूलाई पनि समस्यामा पारेर असफल बनाउँदैन। विचार र राजनीतिमा अरू सबैलाई परास्त गर्ने क्षमताका मदन भण्डारी वास्तवमा 'सादा जीवन, उच्च विचारका' त्यस्तै नेता हुनुहुन्थ्यो। उहाँ वास्तवमै कम्युनिस्ट नेता हुनुहुन्थ्यो, जनताका नेता अर्थात् जननेता हुनुहुन्थ्यो। नेपालमा मार्क्सवादको सिर्जनात्मक प्रयोगको नेतृत्व गर्ने र त्यस दिशातर्फ व्यावहारिक पाइला अगाडि बढाउने पहिलो नेता हुनुहुन्थ्यो – मदन भण्डारी।

**संस्मरण**

# प्रश्न अंग्रेजीमा छ हो ?





– **अजयभद्र खनाल**

*उतिखेर मदन भण्डारीको भाषणको चर्चा परिचर्चा खुबै हुने गर्दथ्यो । उहाँले चुनावी भाषणको क्रममा राजा वीरेन्द्रलाई ललकारेको धेरैको स्मृतिमा ताजै छ । उहाँको बारेमा सम्झना गर्दा मलाई अझै पनि लाग्छ– २०५० मा मदन भण्डारीको देहावसान नभएको भए नेपालमा माओवाद यसरी अघि बढ्थेन कि !*

२०४६ साल फागुन ७ गते शुरू भएको जनआन्दोलन भर्खरै सिद्धिएको थियो। राजनीतिमा चहलपहल बढिरहेको थियो। केही महिना अघि मात्र नेपालमा पञ्चायतले प्रतिवन्धित गरेका राजनीतिक दलहरू खुला भएका थिए र राजा वीरेन्द्रले नै स्वयं नयाँ संविधान बनाउन स्वतन्त्र आयोग बनाएका थिए।

संयुक्त वाम मोर्चामा सहभागी दलहरू पनि खुला राजनीतिक अभ्यासको थालनी गर्दै थिए। यिनमध्ये प्रमुख दल थियो नेकपा (माले)। नेकपा (माले) बारे धेरैलाई थाहा थिएन। उतिखेर भूमिगत रूपमा पार्टी सञ्चालन गर्नुपर्ने हुनाले वामपन्थी दलहरूको पदाधिकारी को हुन् भनेर बाहिर त्यति थाहा हुन्थेन।

२०४६ को जनआन्दोलन शुरू हुन केही महिना अघिमात्र (भदौमा) मालेले चौथो राष्ट्रिय महाधिवेशन गरेको थियो। तर पार्टी भूमिगत नै रहेको हुँदा त्यो पार्टीको असली नेता को भनेर बाहिर सार्वजनिक भएको थिएन। धेरैको अनुमान थियो सीपी मैनाली मालेका महासचिव हुन्। त्यसैले सबै पत्रकारहरू प्रायः सीपीकै वरिपरि झुम्मिरेहेका हुन्थे र सीपीले नै अन्तर्राष्ट्रिय कभरेज पाइरहेका थिए।

म भर्खरको ठिटो त्यतिखेर द राइजिङ नेपालमा कार्यरत थिएँ। त्यतिनैखेर सम्पादक पी खरेलको नेतृत्वमा एउटा सानो टिमले द सन्डे डिस्प्याच भन्ने अंग्रेजी साप्ताहिक टेब्लोइड रूपमा प्रकाशन गरिरहेको थियो। म त्यसैमा सहभागी भएँ।

मेरो अग्रज सुशील शर्मा एक असल र तेज पत्रकार थिए। सबैजना सीपीको पछि दौडिरहेका भएतापनि सुशील दाइले एकदिन मलाई भन्नुभयो– मलाई लाग्छ मदन भण्डारी नै महासचिव हुन्। उनको अन्तर्वार्ता गरौं।

२०४७ सालको भदौ ७ गते विहीबार। गोरखापत्रका

एक फोटोग्राफर सहित म बागबजारमा मालेको कार्यालय पुगें। कमरेड संजय थापा (पछि थाहा पाएँ उनको नाम प्रदीप नेपाल रहेछ) ले मलाई भित्र लगे। म एउटा साधारण कोठामा पुगें। एउटा साधारण टेबलपछाडि कालो टोपी, ठूलो चश्मा र सेतो चेकचेक भएको शर्ट लगाएका एक युवा बसिरहेका थिए। उनी नै थिए– मालेका प्रवक्ता मदन भण्डारी।

म भर्खरै मात्र पत्रकारिता शुरू गरेको पत्रकार। सुशील दाइले अंग्रेजीमा बनाइदिएको प्रश्नावली र एउटा सानो टेप रेकर्डर लिएर म त्यहाँ पुगेको थिएँ।

सामान्य भलाकुसारीमा मैले आफ्नो परिचिय दिएँ र सण्डे डिस्प्याचबारे बताएँ। प्रश्न अँग्रेजीमा थियो र त्यो पढ्दै म नेपालीमा प्रश्न गर्न तम्सिएँ। शायद मदन मण्डारीले मेरो प्रश्नावलीको कागज देखे।

प्रश्न अँग्रेजीमा छ हो ?

हो। मैले भनें।

त्यसोभए अँग्रेजीमै अन्तर्वार्ता गरौं न त। उहाँले नै प्रस्ताव राख्नुभयो।

म अलि हच्किएँ। तर मैले प्रश्न अँग्रेजीमा नै सोधें।

अनि उनले पनि अँग्रेजीमा नै उत्तर दिन लागे। मलाई अचम्म लाग्यो। मैले कल्पना गरेभन्दा धेरै राम्रो शैलीमा उनले अँग्रेजी भाषामा उत्तर दिन लागे। उत्तर पनि सटिक थिए। छाप्नु अघि मैले खासै भाषा सम्पादन गर्नुपरेन।

२०४७ भदौ १० गते आइतवार द सण्डे डिस्प्याचको तेस्रो पेजमा मदन भण्डारीको अन्तर्वार्ता छापियो।

आज सम्झँदा मलाई अचम्म लाग्छ। नेपालका पुराना नेताहरू खासै अँग्रेजी बोल्न जान्दैनन्। मैले केही दिन अघि मात्र त्यो अन्तर्वार्ता फेरि पढें। तर त्यो जमानामा पनि मदन भण्डारीको भाषामा पकड धेरै राम्रो थियो। उनले अंग्रेजीमै अन्तर्वार्ता दिएको शायद त्यो पहिलो घटना थियो कि !

**मदनलाई मैले कसरी बुझें ?**

यो अन्तर्वार्ता लिनु अगाडि मलाई मदन भण्डारीको बारेमा खासै थाहा थिएन। त्यतिखेरै मैले थाहा पाएको हुँ उहाँ मालेको संस्थापक मध्येको हुनुहुँदो रहेछ र २०२९ सालदेखि नै भूमिगत रूपमा काम गरिरहनु भएको रहेछ।

अन्तर्वार्ता लिएपछि मैले उहाँको विचार बारे केही बुझ्ने मौका पाएँ। शायद २० वर्षको एउटा ठिटोसँग अंग्रेजीमा कुराकानी गर्न मदन भण्डारीलाई पनि रमाईलै भयो होला।

मैलै उहाँलाई सोधेको पहिलो प्रश्न थियोः अन्तरिम सरकारको काम गर्नै शैलीलाई तपाईं कसरी विश्लेषण गर्नुहुन्छ ? उहाँको विचारमा दलहरूसँग न्यूनतम समझदारी बनाउने, जनताको समस्यासँग जुध्ने र भ्रष्टाचार कम गर्ने कुरामा सरकार असफल भएतापनि पञ्चायती शक्तिलाई नियन्त्रण गर्ने कुरामा सरकार सफल थियो। तर उनको बुझाइ थियो–सरकारमा अझैपनि मरिचमानसिंहका मान्छेको प्रभाव बाँकी थियो।

उहाँको भारतप्रतिको धारणा पनि संयमित थियो। भारतसँगको सम्बन्ध नयाँ शिराबाट समानताको आधारमा शुरू गर्नुपर्छ भन्ने उहाँको विचार थियो।

उहाँको विचारमा नेपाली काङ्ग्रेस र संयुक्त वाम मोर्चाले केही निर्वाचन चक्रसम्म सँगै काम गर्नुपर्ने थियो। उहाँको विचार थियो– नेपाली काङ्ग्रेस सरकारमा हुने र कम्युनिष्ट विपक्षमा हुने हुँदा सरकारले प्रभावकारी काम गर्न सक्दैन। हुन पनि त्यस्तै भयो।

२०४६ सालको भदौ महिनामा नै संविधानको खाका तयार भयो र कार्तिक २०४७ मा कृष्णप्रसाद भट्टराईको अन्तरिम सरकारले नयाँ संविधान अनुमोदन गर्‍यो र राजा वीरेन्द्रले नयाँ संविधान घोषणा गरे।

वामपन्थी एकताको बारेमा उहाँ प्रष्ट हुनुहुन्थ्यो। सबै बामपन्थीलाई मिलाएर एउटा पार्टी बनाउन संभव थिएन। तर सबै बामपन्थीबीच न्यूनतम राजनीतिक प्रश्नमा समझदारी होस् भन्ने उहाँको चाहना थियो। त्यतिखेर बामपन्थीहरू भारतसँगको सम्बन्ध, श्रमिकहरूको अधिकार, लोकतान्त्रिक अधिकार र राष्ट्रिय हितका

प्रश्नमा विभाजित थिए। वाम आन्दोलनको पृष्ठभूमिमा हेर्दा उहाँको पोजिसन असाध्यै अग्रगामी र व्यावहारिक थियो। लोकतन्त्रवादीका लागि उहाँ भरपर्दो सहयात्री हुन सक्नुहुन्थ्यो। तर मलाई लाग्छ नेपाली काङ्ग्रेसले त्यतिखेर उहाँको पोजिसन र महत्व बुझ्न सकेन।

जनआन्दोलन पछिको केही समयसम्म मदन भण्डारी ओझेलमा नै हुनुहुन्थ्यो। त्यतिखेर मदन भण्डारी मालेका एक नेता भनेर चिनिन थाले पनि कुनै पनि सार्वजनिक कार्यक्रममा देखा पर्नुभएको थिएन। उहाँका भाषण चर्चित थिए तर त्यतिखेर सञ्चार माध्यममा उहाँको भन्दा सीपी मैनालीको कभरेज हुने गर्दथ्यो। मदन भण्डारी भित्र शक्तिशाली भएतापनि बाहिरको मान्छेसँग कुराकानीमा अति शान्त र सौम्य हुनुहुन्थ्यो।

पुस महिनामा माले र मार्क्सवादी मिलेर एमाले पार्टी बन्यो। त्यसपछि सबैलाई थाहा भयो मदन भण्डारी कति शक्तिशाली रहेछन्।

२०४६ सालमा प्रजातन्त्रको स्थापनापछि नेपालमा दुइखालका शक्तिको ठूलो दबाब थियो। एउटा शक्ति उग्रवामपन्थी थियो भने अर्को शक्ति उग्र दक्षिणपन्थी। मलाई लाग्छ त्यो समयमा उहाँ माले र पछि एमालेको महासचिव नभएको भए नेपालले उग्रवामपन्थ र उग्रदक्षिणपन्थ दुवैको सामना गर्न सक्थेन।

उतिखेर मदन भण्डारीको भाषणको चर्चा परिचर्चा खुवै हुने गर्दथ्यो। उहाँले चुनावी भाषणको क्रममा राजा वीरेन्द्रलाई ललकारेको धेरैको स्मृतिमा ताजै छ। उहाँको बारेमा सम्झना गर्दा मलाई अझै पनि लाग्छ– २०५० मा मदन भण्डारीको देहावसान नभएको भए नेपालमा माओवाद यसरी अघि बढ्थेन कि !

# सरकारबाट आचार संहिताको उल्लङ्घन भएको छ

**– मदन भण्डारी**

मदन भण्डारी बहुदलीय प्रजातन्त्र आउनु भन्दा अगाडि तुलनात्मक रुपले नेपाली राजनीतिमा आमनागरिकबीच अपरिचित नै हुनुहुन्थ्यो। बहुदलीय व्यवस्थाको आगमनसँगै अन्य राजनीतिक नेताहरूजस्तै नेकपा (माले) को अग्रपंक्तिमा उहाँ देखिनुभयो। वि.स. २००९ सालमा जन्मिनुभएका मदन भण्डारी वि.स. २०२४ देखि कम्युनिष्ट राजनीतिमा लाग्नुभएको हो। बनारसबाट एमए उत्तीर्ण गर्नुभएका मदन भण्डारी वि.सं. २०२९ देखि नै पूर्णकालीन भूमिगत राजनीतिमा लाग्नुभएको हो। नेकपा (माले) का एक संस्थापक सदस्य भण्डारी प्रायः सार्वजनिक सभाहरूमा खुलेर देखापर्नुभएको थिएन। ताप्लेजुङमा जन्मिनुभएका उहाँको परिवार अहिले मोरङमा छ। कुनै समय पुष्पलाल नेतृत्वको कम्युनिष्ट पार्टीको केन्द्रीय कमिटीका सदस्य रहनुभएका भण्डारीले हरेक आइतबार प्रकाशित हुने सन्डे डिस्प्याचसँग नेपालको समसामयिक राजनीतिक अवस्थाका विविध विषयमा कुराकानी गर्नुभएको छ।

***वर्तमान अन्तरिम सरकारको कार्यसम्पादन र कार्यशैलीलाई तपाई कसरी विश्लेषण गर्नु हुन्छ ?***

वर्तमान अन्तरिम सरकारले जनताको अपेक्षाअनुरुप काम गर्न सकिरहेको छैन। तर यस्तो अवस्थामा पनि पञ्चायती शक्तिहरूलाई परास्त गर्दै जुन काम गरिरहेको छ, त्यसलाई सकारात्मक रुपमा लिइनुपर्दछ। यो सरकारले भ्रष्टाचार र जनताका दैनिक समस्याहरू विरुद्ध गम्भीरतापूर्वका काम गर्न सकिरहेको छैन। हामी यो सरकारको कमजोरीहरूको आलोचना गर्ने र सकारात्मक पक्षहरूलाई सबल बनाउने अवस्थामा छौं र हामी आमजनताको तहबाट यस सरकारको काम कारवाही स्वतन्त्र ढंगले समीक्षा र समालोचना गर्न दिनुपर्छ भन्ने कुरामा प्रष्ट छौं।



DAY DESPATCH 26 AUGUST 1990
NATIONAL PAGE 3

# Code Of Conduct Violated

...e should be an
...to the practice
...ing any type
...overnment ma-
...ery or appara-
...r one party or
...e alone. Truly
...ng I don't feel
...e Nepali Con-
...e has sincerely
done this.

Madan Bhandari

As far as the ques-
tion of building one
united party is con-
cerned it is not pos-
sible now. For this
we have to move
ahead through the
Left Front on ques-
tions of minimum
agreements.

by Ajaya Khanal

वर्तमान सरकारको कामको सन्दर्भमा हेर्ने हो भने केही महत्वपूर्ण सवालहरू उठेका छन्। उदाहरणका लागि, यो सरकार दलहरूको प्रतिनिधित्व भएको सरकार भएकोले महत्वपूर्ण विषयमा मन्त्रिपरिषद्‌बाट कुनै पनि निर्णय लिनु अघि यसले सम्बन्धित राजनीतिक दलहरूसँग पनि परामर्श गर्न जरुरी हुन्छ। तर अहिले त्यस्तो भइरहेको छैन। हामीले स्थापना गरेको बहुदलीय लोकतन्त्रका केही न्यूनतम आचारसंहिताहरू छन्, जसले सरकारका संयन्त्रहरूको परिचालन र उपयोग कुनै एक निश्चित दलको फाइदाको लागि मात्र गर्ने अभ्यास गर्न निषेध गर्दछ। तर यसप्रकारको अभ्यास निरन्तर भइरह्यो भने अल्पमतमा रहेकाहरूलाई चोट पुऱ्याउने काम मात्र हुन्छ। आम जनताको दल वास्तविक अर्थमा नै जनताको हितका निम्ति हुनु जरुरी हुन्छ, तर मलाई नेपाली काँग्रेस यस कार्यमा इमान्दार भइरहेको छ भन्ने लागिरहेको छैन। मेरो विचारमा अहिले नै चुनावी रणनीति बनाउने बेला भइसकेको छैन र कम्तीमा पनि नयाँ संविधान जारी नभएसम्म प्रजातान्त्रिक शक्तिहरूबीच यस किसिमको प्रतिस्पर्धा गर्नु उचित हुदैन।

यदी हामीले राज्य संयन्त्रको पुनर्गठन नगर्ने हो भने बहुदलीय व्यवस्था राम्रोसँग चल्न सक्दैन। अहिले पनि, धेरै सन्दर्भमा कृष्णप्रसाद भट्टराईले भन्दा मरिचमानद्धारा सञ्चालित अदृश्य शक्तिहरूले सरकारका प्रशासनिक संयन्त्रहरू चलाइरहेको देखिन्छ।

***संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेसको सहकार्यलाई तपाईले कसरी लिनुभएको छ ? यो सहकार्य कति परसम्म जान्छ जस्तो लाग्छ ?***

पहिलो कुरा त के हो भने संयुक्त वाम मोर्चाको गठन नै विशेष रुपमा प्रजातान्त्रिक व्यवस्थाको स्थापनाका लागि भएको थियो। तर, संवैधानिक अधिकारहरू जनताको हातमा केन्द्रीकृत गर्ने विषय र संवैधानिक रुपमा नै प्रजातन्त्रको सुद्धढीकरण गर्ने कार्य नै अझै हुन बाँकी छ। यस अर्थमा क्रान्तिकारी शक्तिहरूको संयुक्त मोर्चा अझै जारी राख्नु पर्दछ, अझै अगाडि लैजान जरुरी छ। एक आपसमा समझदारी बढाउँदै निष्पक्ष र स्वतन्त्र रुपमा निर्वाचन गराउनका लागि संयुक्त रुपमा नै अगाडि बढ्नु जरुरी छ। यस्तो परिवेशमा यदी दलहरू विवेकशील हुने हो भने आगामी एक दुई निर्वाचनसम्म मिलेर नै चुनावमा जानु उपयुक्त हुन्छ। त्यति मात्रै होइन, नेपाली काँग्रेसले एकल सरकार बनाउने र कम्युनिष्टहरूलाई प्रतिपक्षमा राख्ने वा कम्युनिष्टहरूले मात्रै सरकार बनाउने र अर्कोलाई प्रतिपक्षमा राख्ने कुराले उपयुक्त ढंगले प्रजातन्त्र अगाडि बढ्न सक्दैन।

***यस अवधीमा नेपाल भारत सम्बन्धको विकासलाई कसरी हेर्नु भएको छ ?***

कुनै पनि राष्ट्रसँगको सम्बन्ध पञ्चशीलको सिद्धान्तमा आधारित भएर हुनुपर्छ भन्ने हाम्रो स्थापित मान्यता हो र हामीले संविधान आयोगलाई दिएको सुझावमा पनि त्यो कुरा उल्लेख गरेका छौँ। हामीले अर्को देशसँग हुने यस्ता खालका सन्धिहरू पनि संसदबाट अनुमोदन गर्नुपर्ने व्यवस्था पनि उल्लेख गरेका छौँ। यस परिवेशमा नेपाल भारतको सम्बन्धमा विगत लामो समयदेखि रहेका केही समस्याहरू छन्, जसको समाधान हुन बाँकी छ। हामीले भर्खरै भएको दुई देशका प्रधानमन्त्रीको भेटपछि जारी विज्ञप्तिलाई समालोचनात्मक रुपमा अध्ययन गरेका छौं। त्यहाँ हाम्रो देशको सार्वभौमसत्तासँग सम्बन्धित केही यस्ता कुराहरू समावेश भएका छन् जसको विषयमा हामीले आपत्ति जनाइसकेका छौँ। तर, यस बैठकबाट द्विपक्षमा देखिएका असमझदारीहरूको अन्त्य भएको विषयलाई हामीले प्रशंसा गरेका छौं। हाम्रा दुई देशबीचको समस्याहरूको अन्त्य र आपसी समझादारी, समानताका आधारमा परिवर्तनकारी नयाँ सम्बन्धको स्थापना हुन जरुरी छ।

***टंकप्रसाद आचार्यको पछिल्लो भनाइप्रति तपाईको प्रतिक्रिया के छ ?***

टंकप्रसाद आचार्यजीले आफ्नो पछिल्लो वक्तव्यमा जे भन्नुभएको छ, मलाई लाग्दैन कि त्यो उहाँको बौद्धिकताको उपज हो। यथार्थमा त्यो केवल उहाँले प्राप्त गरिरहनुभएको पेन्सन सुविधाका आधारमा बोल्नुभएको हो। उहाँको त्यो भनाइले उहाँको प्रतिष्ठित छविलाई कलंकित गर्ने काम भएको छ। उहाँजस्तो जिम्मेवार र ऐतिहासिक व्यक्तित्वले जनताको सोचाइ र अपेक्षाभन्दा विपरित यस्तो प्रतिक्रिया दिनु हुँदैनथ्यो।

***तपाईंको विचारमा अतिवादीहरू कसरी चलिरहेका छन् जस्तो लाग्छ ? तिनीहरूलाई कसरी पहिचान गर्न सकिन्छ र तिनीहरूको विस्तारलाई कसरी रोक्न सकिन्छ ?***

यो दुई वटा सन्दर्भसँग सम्बन्धित छन्। पहिलो यस्ता दक्षिणपन्थी, प्रगतिगामी शक्तिहरू छन्, जो परीवर्तनलाई अवरुद्ध गर्ने र पुरानो व्यवस्थामा फर्काउन हिंसात्मक गतिविधिमा संलग्न छन्। ती विघटित तत्वहरूले विभिन्न क्षेत्रमा जनतालाई उक्साउने काम गरिरहेका छन्। अर्कोतर्फ केही संकीर्ण विचारधारका वामपन्थीहरू छन्, जो परिवर्तनको यथार्थवादी दृष्टिकोण राख्न सकिरहेका छैनन्। यस सन्दर्भमा यी दुबैले, चरम दक्षिणपन्थी र उग्रवामपन्थीहरूले एउटै कार्यशैली अवलम्बन गरिरहेका छन् र यसले वर्तमान परिवर्तनलाई नकारात्मक असर परिरहेको छ।

***संविधान आयोगमा हालै भएको निर्मल लामा प्रकरणले तपाईंको पार्टीलाई कस्तो असर पारेको छ ?***

निर्मल लामाले संविधान आयोगको कार्यविधिको अवहेलना गर्ने र यसका कामकारबाहीहरूलाई अनावश्यक रुपमा चर्चा गर्नुहुँदैन। अब यस प्रकारका गतिविधिहरूले संविधान आयोगको कार्यसञ्चालनलाई असर त गरेको छ नै, साथै यसले गर्दा संयुक्त वाममोर्चाभित्रका गतिविधिहरूमा पनि प्रभाव परेको छ। आयोगभित्र केही त्यस प्रकारको प्रक्रियाहरू भएतापनि निर्मल लामाले तिनीहरूलाई यसरी बाहिर उजागर गर्नु हुँदैनथ्यो।

***तपाईंको विचारमा राजनीतिक दलहरू च्याउसरी स्थापना हुने क्रम भैरहेको कारण बहुदलीय प्रजातन्त्रलाई सुचारु ढंगले सञ्चालन गर्ने सन्दर्भमा अवरोध हुन्छ जस्तो लाग्छ कि लाग्दैन ?***

दलविहीन व्यवस्थाको पराजयपछि पार्टी निर्माण र निश्चित सिद्धान्तका आधारमा देशलाई निर्देशित गर्ने जिम्मेवारी सबै राजनीतिक नेताहरूको काँधमा आइपुगेको छ। जुन जनताहरूको माग पनि हो। तर, सांस्कृतिक, जातीय, क्षेत्रीय र अन्य किसिमका संकीर्ण मान्यताका आधारमा पार्टीहरू स्थापना गर्ने जुन अभ्यास देखिएको छ यसले बहुदलीय प्रजातन्त्रमा कस्तो असर गर्ने हो भन्ने कुरा छ, त्यसबारेमा अहिले नै भन्न सकिन्न, त्यो त भविष्यले नै बताउनेछ।

यदी प्रतिक्रियावादीहरूले नियोजित रुपमा यसरी राजनीतिक क्षेत्रमा धेरै संगठनहरू सक्रिय गर्न खोजेको हो भने यसले नकारात्मक परिणाम मात्र निम्त्याउनेछ र प्रतिगामी तत्वहरूले सबै भन्दा पहिले यसबाट दुःख पाउनेछन्।

***राजनीतिक प्रतिशोधका नाममा विभिन्न जिल्लाहरूमा भइरहेका हिंसात्मक घटनाहरूलाई तपाईले कसरी हेर्नुभएको छ ?***

आमरुपमा यस्ता खालका विध्वंसक गतिविधिहरू विघटित शक्तिका तत्वहरूले सञ्चालन गरिरहेका छन्। विघटित शक्तिका यस्ता तत्वहरू जो अहिले राजनीतिक दलको झण्डामुनी संगठित भएका छन्, तिनीहरूले नै देशका विभिन्न भूभागहरूमा राजनीतिक विषयहरूलाई विवादमा ल्याई दलहरूबीचको एकतालाई बिथोल्न खोजिरहेका छन्। यस्ता गतिविधिहरूले प्रजातन्त्रको विकासलाई सहयोग गर्दैनन्। तसर्थ प्रजातन्त्रप्रति इमान्दार शक्तिहरू मिलेर यसप्रकारका गतिविधिहरूको अन्त्य गर्न अघि बढनु पर्दछ।

***बाम एकताको सन्दर्भमा के भइरहेको छ ? नयाँ विवादहरू सिर्जना भएको देखिन्छ नि।***

वाम एकताको कुरा गर्दा दुईवटा कुरा भन्न सकिन्छ। पहिलो कुरा त फरक फरक कम्युनिष्ट समूहहरू छन् र ती समूहहरूलाई एकीकृत गरी एउटै कम्युनिष्ट पार्टीको निर्माणलाई वाम एकताको सन्दर्भमा हेर्न सकिन्छ। दोस्रो, न्यूनतम सहमतिका आधारमा सहकार्य गर्न वाममोर्चा गठनको अभ्यासलाई पनि वाम एकताको रुपमा लिन सकिन्छ।

जहाँसम्म एउटै कम्युनिष्ट पार्टीको निर्माणको सवाल छ, त्यो अहिले नै सम्भव छैन। त्यसका लागि न्यूनतम सहमतिका आधारमा कम्युनिष्ट पार्टीहरूबीचको सहकार्यका लागि वाममोर्चाबाट अगाडि बढनुपर्छ। हामीलाई के विश्वास छ भने यस प्रक्रियाबाट नै सबै बामपन्थीदलहरूबीचको एकता गर्न सक्षम हुनेछौं।

अहिले मोर्चामा केही विचारणीय विषयहरू आएका छन्। नेपाल भारत सम्बन्धका सन्दर्भमा दुई प्रधानमन्त्री बीच भएको कुराकानी र वक्तव्यमा जे आयो, केही वामपन्थी दलहरूले उक्त वक्तव्यको पुरै समर्थन गरेका छन् भने केहीले पुरै आपत्ती जनाएका छन्। हामीले यसलाई आलोचनात्मक ढंगले हेरेका छौं। त्यस्तै पेशाकर्मी, श्रमिकहरूको सवाललाई हेर्ने दृष्टिकोणमा पनि केही भिन्नताहरू रहेका छन्।

प्रजातान्त्रिक अधिकारको सवालमा पनि कस्ता अधिकारलाई प्राथमिकताका साथ संविधानमार्फत जनताको हातमा ल्याउनुपर्छ भन्ने विषयमा पनि केही मतभिन्नताहरू रहेका छन्।

खासगरी भारतसँगको सम्बन्धको सवालमा, प्रजातान्त्रिक अधिकार, राष्ट्रिय हितको प्रवर्द्धन जस्ता सवालहरूमा हामीबीच फरक मतहरू रहेका छन्। मलाई लाग्छ हामी आपसी संवाद र छलफलबाट यी सवालहरूलाई टुंगोमा पुऱ्याउन सक्छौं। र, हामी हाम्रा सहमतिका विषयहरूको पहिचान गर्दै हाम्रो बाममोर्चालाई उठाउँदै थप अघि बढ्न सक्छौं भन्नेमा म विश्वस्त छु।

***वर्तमान राजनीतिक अवस्थाकाबारेमा थप केही भन्न चाहनु हुन्छ ?***

वर्तमान अवस्थामा संविधान निर्माणको प्रश्न सबैभन्दा निर्णयक प्रश्न हो र हामी यसलाई समाधन गर्न प्रयासरत छौं। हाम्रो अनुभवमा प्रतिक्रियावादी शक्तिहरूले यस प्रक्रियालाई अवरुद्ध गर्नका लागि विभिन्न गतिविधिहरू गरिरहेका छन्। यिनै तत्वहरूले धर्म, भाषा र प्रजातान्त्रिक अधिकारका महत्वपूर्ण सवालहरूलाई गलत ढंगले प्रस्तुत गरिरहेका छन्। यस प्रकारका अवरोधहरूलाई निस्तेज पार्न आ–आफ्नो ठाउँबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नका लागि हामी प्रजातन्त्रप्रेमी आमजनतालाई आग्रह गर्दछौँ।

*(२०४७ भदौ १० गते गोरखापत्र संस्थानको अंग्रेजी प्रकाशन सन्डे डिस्प्याचमा प्रकाशित जननेता मदन भण्डारीको यो अन्तरवार्ता अजयभद्र खनालबाट लिइएको थियो। अंग्रेजी संस्करणको नेपाली अनुवाद शम्भु भट्टको सहयोगमा मिलन धरेलले गर्नुभएको हो।)*

परिसंवाद

# मदन भण्डारी, जबज र महिला सवाल



आर्थिक उत्पादनको गतिविधिमा समान सहभागिताले महिला मुक्ति दिन्छ भन्ने अवधारणाबाट नेपालमा कम्युनिष्ट आन्दोलनले महिलाका एजेण्डा अघि सार्‍यो। चालीसको दशकमा नेपाली कम्युनिष्ट आन्दोलनको मूल प्रवाह नेकपा (माले) को नेतृत्वमा मदन भण्डारीको उदय र उहाँबाट प्रतिपादित नेपाली क्रान्तिको मौलिक कार्यक्रम जनताको बहुदलीय जनवादले राष्ट्रिय जीवनमा महिला पनि समान रुपमा उपस्थित हुन पाउने गरी नयाँ नीति तथा कार्यक्रम ल्याएसँगै यो एजेण्डाले राजनीतिक एजेण्डाको रुपमा सार्वजनिक बहस र चर्चा पाउन थाल्यो। यसलाई नेपाली समाजमा समाजवादी–महिलावादी दृष्टिकोणको रुपमा व्याख्या गर्न थालियो। महिलामाथि भइरहेको सबै प्रकारको शोषण उत्पीडनको अन्त्य, सम्पत्तिमा छोरा र छोरीबीच समान अधिकार, महिलाहरूमा रहेको अज्ञानता हटाई उनीहरूलाई सामाजिक र राष्ट्रिय जीवनमा ल्याउने कार्यक्रम क्रान्तिकारी त थियो नै, न्यायिक पनि थियो।

आजको दिशाबोधले जनताको बहुदलीय जनवाद, महिलाका सवाल र राजनीतिक स्थायित्व विषयमा परिसंवाद कार्यक्रमको आयोजना गरेको थियो। नेपालको महिला आन्दोलनलाई आ–आफ्नो क्षेत्रबाट अगुवाइ गरिरहनुभएका विभिन्न क्षेत्रमा आवद्ध व्यक्तित्वहरूले सो कार्यक्रममा व्यक्त गर्नुभएको विचार उहाँहरूकै शब्दमाः



**टुकाभद्र हमाल**
**अध्यक्ष, अखिल नेपाल महिला संघ**

जतिवेला विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक बन्न पुगेको थियो, ठीक त्यतिनै बेला हाम्रो पार्टी नेकपा (एमाले) को पाँचौँ महाधिवेशन सम्पन्न भएको थियो। सबै कुरालाई ध्यानमा राखेर तत्कालीन अवस्थामा जननेता मदन भण्डारीले राष्ट्रिय–अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको सार संकलन गरी १४ वटा विशेषता सहितको नेपाली क्रान्तिको मौलिक कार्यक्रम जनताको बहुदलीय जनवाद ल्याउनुभयो। महाधिवेशनबाट पारित जनताको बहुदलीय जनवादी कार्यक्रममा पहिलो पटक महिला अधिकार संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले महिलाका मुद्धामा संवेदनशील भई पार्टीको दस्ताबेजमा महिला नीतिका रुपमा निम्नानुसारका मुद्धाहरू अगाडि सारिएको थियो:

- महिलाहरू माथि भइरहेका सबै प्रकारका शोषण, उत्पीडन, अपहरण, बेचविखन, देहव्यापार तथा सामाजिक कुप्रथाको अन्त्य गरिनेछ।
- पैतृक सम्पत्तिमा छोरा र छोरीको समान हक स्थापित गरिनेछ। महिला र पुरुषको समान कामको समान ज्यालालाई प्रभावकारी ढंगले लागू गरिनेछ।
- राष्ट्रिय र सामाजिक जीवनका सबै क्षेत्रहरूमा महिला पुरुषबीच पूर्ण समानताको ग्यारेन्टी गरिनेछ।
- तत्कालीन अवस्थामा महिलाहरूमा रहेका अज्ञानता र पछौटेपन हटाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- सामाजिक सुरक्षाको ग्यारेन्टी गरिनेछ।
- राजनीतिक, आर्थिक, सामाजिक जीवनका हरेक क्षेत्रमा महिलाहरूको सक्रिय सहभागिता बढाउँदै लगिनेछ।

जनताको बहुदलीय जनवादी कार्यक्रमको प्रकाशमा अखिल नेपाल महिला संघको चौथो राष्ट्रिय सम्मेलन २०५५ पौष ११ देखि १३ गतेसम्म विराटनगरमा सम्पन्न भयो। उक्त राष्ट्रिय सम्मेलनले नेपालको महिला आन्दोलनको सार संकलन गरी नेपालको महिला आन्दोलनको नीति कार्यक्रम तय गर्न जनताको बहुदलीय जनवादले दिशानिर्देश गरेको थियो। त्यसैगरी १४ बुँदामा सूत्रबद्धगरी तत्कालीन अनेमसंघको अध्यक्ष सम्माननीय पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सबल नेतृत्वमा उक्त नीति पारित भएको थियो। जसमा आमूल परिवर्तन हाम्रो आम कार्यक्रम, सबै क्षेत्रमा महिला सहभागिता, महिला अधिकारका लागि एक तिहाई सहभागिता, भेदभाव विरुद्ध बराबरी हक अधिकारको कार्यक्रम, घरेलु हिंसा विरुद्ध पारिवारिक अदालतको कार्यक्रम, महिला बालबालिका बेचविखन विरुद्धको कार्यक्रम जस्ता विषयहरू अनेमसंघले उठाएको थियो। २०६३ साल जेठ १६ मा संसदले पारित गरेको जरुरी सार्वजनिक महत्वको प्रस्तावमा ३३ प्रतिशत सहभागिता, आमाको नामबाट सन्तानको नागरिकता, विभेदकारी कानुनको खारेजी र घरेलु लगायत सबै तहमा हुने हिंसाको अन्त्य यसैको निरन्तरता थियो। जुन हाम्रो पार्टीको तत्कालीन उपाध्यक्ष सम्माननीय पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको अगुवाइमा भएको हो।

हामीले आन्दोलन मार्फत केही उपलब्धिहरू हासिल गरेका छौँ। प्राप्त उपलब्धिहरूमध्ये हरेक तहमा एक तिहाइ महिला सहभागिताको विषय क्रान्तिकारी कदम थियो। यद्यपि अखिल नेपाल महिला संघले आफ्नो भावी कार्यदिशामा समान सहभागिताको कुरा उठान गरिरहेको छ।

किनभने एक तिहाइ मात्रको सहभागिता अबको परिवेशमा महिला मुक्ति आन्दोलनको लागि बाधक बन्न सक्छ। जनताको बहुदलीय जनवादले समय परिवेश अनुसार प्राप्त उपलब्धीको रक्षा गर्दै अगाडि बढ्नका लागि प्रेरित गर्दछ। देशमा लोकतन्त्र, गणतन्त्र आएपनि संरचनाहरू पुरानै छन्। पूँजीवादी संरचनाको अवशेषहरू कायमै छन्। तिनलाई भत्काउन सजिलो छैन। महिला अगाडि बढ्को लागि दिमागबाट पुरुषवादी चिन्तन हटाएर देश, जनता र समाज अनि राष्ट्र निर्माण गर्ने बाटोमा लाग्दा महिला पुरुषको समविकासले मात्र देश बन्न सक्छ। देश बनेमा मात्र महिला मुक्तिको परिकल्पना गर्न सकिन्छ।

राजनीतिक स्थायित्वका लागि सरकारको स्थायित्व पनि गाँसिएको हुन्छ। यसका लागि हाम्रो देशको निर्वाचन प्रणाली परिर्वतन गर्न आवश्यक छ। निर्वाचन कानुन संशोधन गर्दा स्थानीय तह अन्तर्गत वडा अध्यक्ष र पालिका प्रमुखमा कम्तिमा पचास प्रतिशत महिला उम्मेदवार हुने व्यवस्था गरिनुपर्दछ। त्यस्तै प्रतिनिधि सभा र प्रदेश सभामा पनि पचास प्रतिशत प्रत्यक्ष उम्मेदवार अनिवार्य गरिनुपर्दछ। यो प्रगतिशील बाटोमा अगाडि बढ्न जबजले निरन्तर निर्देशित गरिरहन्छ। महिलाहरूको राजनीतिक स्थायित्वको कुरा गरिरहँदा राजनितिमा क्षमता देखाएर अगाडि आउनुहुने दिदिबहिनीहरूलाई निशर्त अवसर प्रदान गर्नुपर्दछ। नेतृत्व नपाउँदासम्म महिलाले काम देखाउने अवसर प्राप्त गर्न सक्दैनन्। समाजमा महिला माथि हुने गरेका विभेद, हिंसाका समस्या समाधान नभएसम्म महिलाले राजनीतिमा सक्रिय हुन र निरन्तरता प्राप्त गर्न सक्दैनन्। महिला आफैले पनि आफ्नो व्यक्तित्व विकासका साथै समाज विकासको लागि अगाडि बढ्न आवश्यक छ। आफ्नो इच्छा, आकांक्षा, आशा, भरोसा र सपना पुरा गर्न कोही युग पुरुष, महापुरुषहरू आउनेवाला छैनन्। त्यसैले ती युगपुरुष बन्न महिला आफै महामहिला बनी अगाडि बढ्ने हिम्मत गर्नुपर्दछ। नेपाल बनाउनका लागि महिला सक्षम छन् भनी समाजले प्रेरित गर्न जरुरी छ। साँच्चै महिला अगाडि बढ्नुपर्छ। महिला आय आर्जनमा जोडिन आवश्यक छ। देश बनाउन आर्थिक विकासको खाँचो छ। त्यसैले हरेक महिला समृद्धि र विकासमा लाग्यौ भने राजनीतिक स्थायित्व सम्भव छ। जननेता मदन भण्डारी र उहाँले प्रतिपादन गर्नुभएको जनताको बहुदलीय जनवादले यसमा निरन्तर प्रेरित र मार्गदर्शन गरिरहन्छ।



**विद्या भट्टराई**
**सांसद, प्रतिनिधि सभा**

जनताको बहुदलीय जनवाद सिद्धान्तको रुपमा स्थापित हुनु अघि नेकपा (एमाले) ले अधिकार भन्दा पनि मुक्तितिरै बढी कुरा गर्थ्यो। त्यसो हुँदा महिलाहरूलाई मुक्ति कसरी प्राप्त गर्ने भन्ने सन्दर्भमा छुट्टै भिजन जननेता मदन भण्डारीले तयार गर्नुभयो। हामीले त्यही विरासतमा टेकेर २०६३ मा एमालेका तत्कालीन उपाध्यक्ष तथा सांसद विद्यादेवी भण्डारीले संसदमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव ल्याउनुभयो। जसमा अरु सांसदहरूले पनि समर्थन गर्नुभयो। त्यसले महिलाहरूलाई राजनीतिक आन्दोलनमा नेतृत्वकर्ताको रुपमा स्थापित गर्ने महत्वाकांक्षा बोकेको छ। यसले आमालाई वंशको अधिकारको विषय समेटेको छ। महिला हिंसा अन्त्य गर्ने विषय छ। त्यो प्रस्तावले महिलाको मुद्दा पहिचान सहित समाधानको विकल्प पनि दियो। तर, अहिले त्यसलाई एकतिहाइ सहभागिताको

कुरामा ल्याएर सिमित गरिराखेका छौं। अरु तीनवटा एजेण्डा पनि उत्तिकै महत्वपूर्ण छन्। त्यसलाई एकीकृत गरेर लैजानुपर्छ भन्ने कुरामा अझै हामीले बहश गर्नुपर्छ।

हामीले संविधानमा महिलाको हक भनेर धारा ३८ मा लेख्यौं। त्यतिमात्र होइन, संविधानमा हेऱ्यौं भने महिला भनेर लेखिएका थुप्रै धाराहरू छन्। तर कार्यान्वयन फितलो भयो। व्यवस्थापिकाले कानुन बनाउँछ। न्यापालिकाले त्यो कानुन लागू भयो कि भएन भनेर त्यसको अनुगमन गर्छ। कुनै न्यायिक प्रश्न आएमा त्यसको निरुपण गर्दछ। कानुनको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी कार्यपालिकाको हो। तीनै तहको सरकारमा पुगेकाहरूले कार्यान्वयन गर्ने आफ्नो लक्ष बनाएनन्। अनुगमन गर्ने संसद पनि बलियो छैन। राज्यमा तीनवटा अंग हुन्छन् त्यो तीन वटै अंगबीचको अन्तरविरोध र समन्वय चाहिं अहिले छ। तर, अन्तरसम्बध भएन। जसले कार्यान्वयनमा कठिनाइ उत्पन्न भयो। महिलाको मुद्दा भनेको महिलाको मात्र मुद्दा होइन। यो राज्यको मुद्दा हो। यो समाजको मुद्दा हो। समुदायको मुद्दा हो। परिवारको मुद्दा हो। नागरिकको पनि मुद्दा हो। अहिले व्यक्तिगत वा महिलाको मात्र मुद्दाको रुपमा लिइराखेको छ। महिलाको मुद्दा राज्य र समाजको मुद्दा हो भन्ने आभाष हुने गरी राजनीतिले समेट्न अझै सकेन।

हामीले बारम्बार भन्ने गरेका छौं महिलाहरू निर्णायक तहमा भएनन्। तर मैले सरसर्ती उपमेयरको भूमिका हेरें। उपमेयरले काम गर्ने हो भने धेरै जिम्मेवारी छन्। उनीहरूको भूमिकालाई प्रभावकारी बनाउन सहजिकरण गर्ने, प्रेरणा दिने संयन्त्र कमजोर भयो। जसका कारण उपमेयरहरूले आफ्नो भूमिका प्रस्तुत गर्न सक्ने खालको आधर बनेन। जसले गर्दा अर्को पटक मेयर बन्नका लागि आफूलाई तयार गर्न सक्नुभएन। त्यो जिम्मेवारी निभाउन न्यायिक समितिको जिम्मेवारी बढाउनुपर्छ। समितिमा अधिवक्ताको नियुक्ति र आएका मुद्दालाई मेलमिलाप मात्र नगराई अदालतमा पठाउन सक्ने अधिकार दिइनुपर्छ। त्यसको लागि कानुन संशोधन हुन जरुरी छ।

अर्को मलाई के लाग्छ भने महिला महिला बीचमा पनि ऐक्यवद्धता छैन। त्यो नहुँदासम्म हामीले अर्कोलाई गाली गरेर मात्र प्राप्ति हुँदैन। जहिले पनि महिला मिल्दा उपलब्धि भएको छ। पार्टी भित्रै पनि जब महिलाहरू एक ठाउँमा उभिएर आफ्ना विषयहरूमा छलफल गर्छन्, त्यसले पार्टीलाई नीति बनाउन र कार्यान्वयन गर्न सहयोग पुग्छ। आज वर्गलाई हेर्ने पार्टी भित्रकै दृष्टिकोण समान छैन। नेताहरूकै दृष्टिकोण उस्तै छैन। त्यो विविधताले गर्दा एकीकृत सोचहरू निर्माण गर्न थुप्रै अवरोध आउँछन्। त्यो अवरोधलाई हामीले छिचोल्न सक्नुपर्छ। महिलाहरूले सबभन्दा पहिला आफ्नो गन्तव्य स्पष्ट गर्नुपर्छ। नत्र महिलाले पुरुषले दिएन भन्ने, पुरुषले महिला आफैं सक्दैनन् भन्ने कुरामा नै वहश अल्झिरन्छ। हामी संघर्षमै छौं। हाम्रो एकीकृत सोच, एकीकृत भावना, एकीकृत दृष्टिकोण सहितको एउटा संगठित स्वरुप, एउटा संरचना आवश्यक छ भन्ने कुरामा महिलाहरू भित्रपनि त्यो जागरुकता आवश्यक छ भन्ने मलाई लाग्छ।

हाम्रो मुल विषय राजनीतिक स्थायित्व भएकाले संविधानले निर्दिष्ट गरेको महिलाको हक अधिकारलाई कानुनी रुपमा मजवुत बनाउँदै कार्यान्वयन तहमा प्रभावकारी बनाउन पार्टीहरूले भूमिका खेल्नुपर्छ। सामाजिक विविधतामा रहेको महिला विविधतालाई पहिचान गरी विभेदका विरुद्ध अभियानहरू सञ्चालन गर्नुपर्छ। सामाजिक असमानताको अन्त्यका लागि महिलाहरू माथि हुने विभेद र शोषण अन्त्य गर्न प्रभावकारी राजनीतिक पहलकदमी आवश्यक पर्छ। यसका लागि जननेता मदन भण्डारीले प्रतिपादन गर्नुभएको जनताको बहुदलीय जनवादले स्पष्ट मार्गदर्शन गरेको छ।



**उषा झा**
**पूर्व सदस्य, राष्ट्रिय योजना आयोग**

नेकपा (एमाले) ले जनताको बहुदलीय जनवादको कार्यक्रम पास गरेपछि महिलाका मुद्दाहरू राजनीतिक दस्तावेजको रुपमा आए। यो विषय संविधानमा पनि लेखियो। पछिल्लो समयमा त राज्यका नीतिहरूमा महिलाका धेरै विषयहरू समेटिएका छन्। तर पनि महिलाको सहभागितामा प्रश्न उठाइ नै रहेका छौं। संविधानले यसमा बोल्यो। राजनीतिक दलहरूको प्रतिवद्धता आए। महिलाहरूको पनि प्रतिवद्धता छ। नीतिगत रुपमा हामी धनी छौं। नीति बन्ने र परिमार्जन गर्ने प्रकृया पनि सजिलो छ। कुनै विषयमा माग हुनेवित्तिकै त्यसलाई नीतिका रुपमा लेखिदिन गह्रो छैन। तर नीतिको कार्यान्वयन पक्ष फितलो छ। किनभने नीति बनाउँदा गृहकार्य गरेका हुँदैनौं। यो नीति कार्यान्वयन गर्न कस्तो संरचना चाहिन्छ ? कस्तो संस्था आवश्यक छ ? यसमा कस्ता मान्छेहरू आवश्यक पर्छन् ? त्यसमा केही सोचिएकै हुँदैन। कागजमा लेखिसकेका हुन्छौं।

त्यही भएर महिलालाई निर्णय प्रकृयामा सहभागी गराउने नीति त आयो। तर त्यसले महिलालाई दोस्रो दर्जाको नागरिक बनाइराखेको छ। कसरी भने, नीतिले ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्‍यो। तर त्यो नीति राजनीतिकरण भयो। कहींपनि महिला पहिलो पदमा पुग्न सकेनन्। त्यसको मतलव महिलाहरू फेरि पनि आश्रित वर्गमा परे। निर्णायक हुन सकेनन्। स्थानीय तहकै कुरा गरौं, महिलाहरूले न्यायिक समितिको जिम्मेवारी पाए तर उनीहरूको लागि सुविधा, सुरक्षा र स्रोतको अभाव भयो। सबै विषय प्रमुखमा निर्भर हुनुपर्ने अवस्था बन्यो। यसले उनीहरूलाई प्रमुख बनाउन सकेन। जहिले पनि खुम्चिने अवस्था बन्यो। गृहकार्य नगरी ल्याएको नीतिको परिणाम हो यो।

अहिले हामीले ३३ प्रतिशत सहभागिता भनिरहँदा आरक्षण कोटाबाट पदमा पुगेका महिलाले गरेको कामले सबै महिलालाई त्यहाँ पुग्न प्रेरित गर्नुपर्ने हो। त्यसो पनि हुन सकिरहेको छैन। समावेशी सहभागिताको पनि गलत प्रयोग गरिराको जस्तो लाग्छ मलाई। बैठकहरूमा हेर्दा महिलाको उत्सहजनक सहभागिता देखिएपनि गुणात्मक सहभागिता हुन सकेको छैन। कुनै कार्यक्रम वा बैठकमा बराबरी संख्या नै महिला पुरुषको होला। तर धेरै ठाउँमा महिला संख्या पुर्‍याउने कोटा मात्र भएको देखिन्छ। अर्थपूर्ण सहभागिता हुन सकेन। उपस्थितिकै आधारमा नेपालमा महिलाको सहभागिता निकै राम्रो छ भनेर रिपोर्ट पनि लेखिए। तर अर्थपूर्ण सहभागिता नभएपछि त्यसले परिणाम दिन सकेन। हामीले यहाँनिर विचार पुर्‍याएर काम गर्नुपर्ने हुन्छ। सामाजिक समावेशीकरणलाई हेर्ने हो भने कसरी अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ? त्यसलाई मापन गर्ने सूचकहरू के के हुन् ? गुणस्तरमा के परिवर्तन ल्याउने ? भन्ने जस्ता प्रश्नको जवाफ खोजिनुपर्छ। आरक्षणको बारेमा नकारात्मक विचारहरू अहिले नै आइरहेका छन्। महिला राष्ट्रपति भइसक्नुभयो अब के चाहियो भनेर प्रश्न गरिन्छ। अब पुग्यो भन्ने खालका विषय ल्याएर अलमल्याउन खोजिएको देखिन्छ। महिला, पुरुष, राजनीतिक दलहरू, राज्यको संरचना कसले के गर्नुपर्छ सबैको भूमिका सहित किटान गरी नीतिहरू बन्नुपर्छ।

महिलाको सहभागिता बढाउनलाई अहिलेसम्म जुन सकारात्मक विभेदको नीति लिइएको छ। त्यसले महिला सहभागी हुने क्रम बढेको छ नै। सँगसँगै महिलाको आत्मविश्वास पनि बढाएको छ। आजभन्दा दश वर्ष अघि र आजको दिनमा महिलाको बुझाइ, प्रस्तुती सबैमा धेरै सकारात्मक परिवर्तन भएको छ। यो उपलब्धि हो।

विभिन्न कारणले गर्दा काममा प्रश्न आउने अवस्था बनेको छ। त्यसको मुख्य कारण समाजमा व्याप्त रहेको पुरुषवादी सोच हो। पार्टीको नेता त्यहाँ बस्नुभएको छ, के बोल्नु ? फेरि मलाई केही भनिहाल्नुहुन्छ कि ? भन्ने आश्रित मानसिकता देखिन्छ पदमा पुगेका महिलाहरूमा पनि। यस्तो डरले गर्नुपर्ने जति काम भइराखेको छैन। यसलाई हटाउन पार्टीहरूले पनि काम गर्नुपर्छ। महिला आन्दोलनले पनि यसमा ध्यान दिनुपर्दछ। अहिलेको लैंगिक तथा सामाजिक समावेशीकरणको प्रकृयालाई सुधार गर्न अहिले भएका राम्रा उपलब्धिहरूलाई कायम राख्दै कमजोरीहरूमा सुधार गरेर अघि बढ्नुपर्छ। प्रतिस्पर्धा र क्षमताको आधारमा पद पाउने प्रणालीको विकास गरिनुपर्दछ। जनताको बहुदलीय जनवादले सही मार्गदर्शन गरेको छ, व्यवहारमा त्यसलाई सही सावित गर्न साझा संकल्प र पहलकदमी आवश्यक छ।



## बबिता बस्नेत
**बरिष्ठ पत्रकार**

कम्युनिष्ट भन्नेवित्तिकै एक दलीय अधिनायकवाद हो भन्ने एक किसिमको बुझाइ विश्वभरी नै थियो। नेकपा (एमाले) का तत्कालीन महासचिव मदन भण्डारीले त्यो बुझाइलाई बदल्दै कम्युनिष्ट सिद्धान्तलाई पुनर्व्याख्या गर्नुभयो। यसलाई प्रजातान्त्रिकरण गर्नुभयो। कम्युनिष्टसँग जोडिएर आउने हिंसा, आन्दोलन, वर्गशत्रु, प्रतिरोध, कब्जा जस्ता शब्दावलीमा उहाँले जनादेश, जनताको मत, बहुदलीय प्रतिष्पर्धा, बहुमतको शासन, अल्पमतको प्रतिपक्ष, संवैधानिक सर्वोच्चता, विधिको शासन जस्ता शब्दावली थप्नुभयो। उहाँको सबैभन्दा ठूलो योगदान यही हो भन्ने मलाई लाग्छ। जनताको बहुदलीय जनवादमा जुन बहुदलीय शब्द पर्‍यो, यसले कम्युनिष्टहरूले भन्ने गरेको जनवादको पनि नयाँ परिभाषा गर्‍यो। जनवाद एकदलीय होइन, बहुदलीय हुनुपर्दछ भन्ने स्थापित गर्‍यो। विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेको बेला उहाँले प्रतिपादन गर्नुभएको यो सिद्धान्त आफैमा मौलिक थियो, नेपालका लागि मात्र होइन, विश्व कम्युनिष्ट आन्दोलनका लागि पनि। कम्युनिष्टहरूको लागि मात्र होइन गैरकम्युनिष्ट वा लोकतान्त्रिक भन्नेहरूको लागि पनि यो नयाँ विषय थियो। वास्तवमा मदन भण्डारीले आफैंमा एउटा प्रजातान्त्रिक अभ्यास सुरु गर्नुभयो। जसले म कम्युनिष्ट होइन भन्छ आफूलाई प्रजातान्त्रिक धारको मान्छे हो भन्छ, उसले पनि उहाँको विचारमा सोच्न बाध्य हुने बनाउँछ।

मदन भण्डारीले वर्गीय दृष्टिकोण राख्दा पनि शत्रुतापूर्ण सम्बन्ध होइन, सबै वर्गको हितको कुरा गर्नुभएको छ। महिला पनि एउटा वर्ग हो। त्यतिवेला ३३ प्रतिशतको अवधारणा आएको थिएन। उहाँले यसरी प्रतिशतमा राख्ने कुरा भएन। तर, महिला मुक्तिको नारालाई समाज र राष्ट्रका हरेक क्षेत्रमा महिला सहभागिताको विषय समेटेर राजनीतिक र सामाजिक जीवनमा महिला सहभागिताको जग वसालिदिनुभएको छ। महिलाको सम्पत्तिमा अधिकारको कुरा गर्नुभएको छ। समानता भन्ने शब्द नपरेपनि समानताको अर्थ दिने शब्दहरू त्यतिवेला परेको देखें मैले जबजमा। हामीकहाँ मौखिक रुपमा मात्र समानताको विषयमा छलफल भैराखेका वेला महिलाको विषय पार्टीको दस्तावेजको रुपमा आउनु महत्वपूर्ण कुरा हो। २०६३ सालको जेठ १५ गते पुनर्स्थापित व्यवस्थापिका संसदको तात्कालीन सांसद विद्यादेवी भण्डारीले महिलाका विषयमा जरुरी सार्जजनिक महत्वको प्रस्ताव राख्नुभयो। त्यो सोच नै जबजको लिगेसी हो भन्ने मलाई लाग्छ।

यद्यपि उहाँले गरेको प्रस्तावमा जबज पक्षधर वा कम्युनिष्ट पार्टीहरूले मात्र नभई अरुले पनि समर्थन गर्नुभयो । त्यसलाई कार्यान्वयन गराउन नेपालको महिला आन्दोलनको पनि धेरै ठूलो भूमिका छ ।

राज्यका हरेक क्षेत्रमा महिलाको कम्तीमा ३३ प्रतिशत सहभागितदेखि पैतृक सम्पत्ति, नागरिकताजस्ता विषयमा महिलाको अधिकार स्थापित गरिनु हाम्रो जस्तो राजनीतिक–सामाजिक संरचनामा सामान्य उपलब्धी होइन । यो विषय संसदको घोषणामा मात्र होइन, संविधानसभाबाट जारी संविधानमा नै समेटिएको छ। त्यहाँसम्मा पुग्न श्रृङ्खलाबद्ध अन्तरक्रयाहरू भए । कार्यक्रमहरू भए । सडक जुलुसहरू भए । सडक, सदन सबैतिरको आन्दोलनबाट ३३ प्रतिशत महिला सहभागिताको विषय संविधानमा आयो तर राजनीतिक रुपमा मात्र। प्रदेश र संघीय संसदमा त ३३ प्रतिशत सहभागिता भयो। वा र र मा ख्याल नगर्दा राष्ट्रपति र उपराष्ट्रपति जस्तो पद महिलाको हातबाट गुम्यो । त्यो संविधानमा त्रुटि भयो । अरु क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता हुने कुरा हुँदैछ। अहिले नै लेखाजोखा गरिहाल्नुपर्ने ठाउँमा हामी पुगिसकेका छैनौं। केही समय पछि त गर्नुपर्छ। हाम्रो संविधानले पनि आरक्षण नीतिलाई दश वर्षमा समिक्षा गर्न सक्ने भनेको छ। त्यसले गर्दाखेरी हामीले हाम्रो ३३ प्रतिशत सहभागिताको नीति कसरी प्रयोग भइराखेको छ ? कसले प्रयोग गरिराखेको छ ? भन्ने एउटा विषय छ । अहिले सामाजिक तथा लैंगिक समावेशीकरणको कुरा गर्दा एकजना महिला सहभागी भए त भैहाल्यो नि अरु किन चाहियो पनि भन्न थालिएको छ। महिला भित्रका विविधताका कुराहरू त्यति धेरै अभ्यास हुन सकेको छैन ।

सन्तानलाई नागरिकता दिने आमाको अधिकारको विषय आएको छ तर अझै पनि कानुनी र व्यवहारिक अवरोधहरू कायमै छन्। यो बाहेक महिला सम्वन्धित हाम्रा अरु नीतिहरू राम्रो छन् । तर, कार्यान्वयन हुने व्यवस्था हुनुपर्छ। र, हामी सबैले त्यसको अभ्यास गर्नुपर्छ। पार्टी भित्र महिला सहभागिता नेतृत्व विकासको विषय अझ महत्वपूर्ण छ । तर महिलाप्रति हाम्रा दृष्टिकोणहरू सही बन्न सकिरहेको छैन । दृष्टिकोण परिवर्तन भनेको ठूलो कुरा हो । त्यसका लागि अभियान नै चलाउन जरुरी देख्छु । महिला र पुरुषलाई हेर्ने दृष्टिकोणहरू, बोली, बचन र भाषाहरू विभेदपूर्ण छन्। यस्ता अभ्यासहरू बदल्नु पर्छ। भर्खरै सकिएको इन्भेष्टमेण्ट समिटलाई नै उदाहरणको रुपमा हेरौं न ! त्यत्रो ठूलो समिटको उद्धाटन समारोहमा विचार दिने सबै पुरुष थिए। महिलाको विचारलाई स्थान नदिने यस्ता दृश्यहरूले हाम्रा आँखा विझाउनुपर्छ। यस्ता फोरमहरूमा हुने उपस्थितिमा महिला र पुरुष राखिनेछ भनेर संविधान वा कानुनमा लेख्ने कुरा त भएन। यो व्यवहारमा परिवर्तन ल्याउन आवश्यक छ। जननेता मदन भण्डारीको आशय र जनताको बहुदलीय जनवादको मार्गदर्शन पनि यही हो भन्न सकिन्छ।



## निर्मला शर्मा
**बरिष्ठ पत्रकार**

जननेता मदन भण्डारीले प्रतिपादन गर्नुभएको जनताको बहुदलीय जनवाद नेकपा (एमाले) को पाँचौं महाधिवेशनबाट पारित भएसँगै यो एउटा राजनीतिक र संगठनात्मक दस्तावेज बन्यो। त्यस वेला नै राजनीतिक, आर्थिक, सामाजिक अधिकार र महिलालाई पैत्रिक सम्पत्तिमा अधिकार लगायतका बिषय समेट्ने पहल हुनु

भनेको क्रान्तिकारी सोच हो। समान कामका लागि समान ज्याला जस्ता बिषय जबजमा समटिएका बिषय हुन्। अहिले पनि हामी समान कामका लागि समान ज्यालाको माग गरिरहेका छौं। भर्खरै कानुन पनि आयो। तर कार्यान्वयन भाएको छैन। जबजलाई अनुसरण गर्दै एमालेले आफ्ना हरेक महाधिवेशनमा हरेक क्षेत्रमा महिलाको सहभागिता, विकास, नेतृत्व र क्षमता अभिवृद्धि, राजनितिमा महिला सहभागिता र महिला हिंसा विरुद्ध काम गर्ने नीतिलाई महत्वका साथ आफनो एजेण्डा भित्र पार्दै आएको छ। २०६२/६३ सालको आन्दोलनबाट पुनर्स्थापित संसदमा निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले तत्कालीन व्यवस्थापिका संसदको सदस्यको हैसियतमा राज्यका हरेक तहमा ३३ प्रतिशत महिला सहभागिता, सन्तानलाई नागरिकता दिने आमाको अधिकार, सम्पत्तिमा अधिकार र महिला हिंसा अन्त्य गर्ने चार विषय समेटेर जरुरी सार्वजनिक महत्वको प्रस्ताव ल्याउनुभयो। पार्टी वा जनवर्गिय संगठनहरूले अवलम्वन गर्ने नीति कानुनमा नआई कार्यान्वयनमा आउन सक्दैन। त्यसैका आधारमा संसदमा प्रस्ताव आएको हो। जस अनुसार राज्यका हरेक क्षेत्रमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता, आमाको नाममा नागरिकता जस्ता विषय अन्तरिम संविधान लेखियो। अहिले आएर नेपालको संविधानलाई हेर्‍यौं भने फेरि कहिं न कहिं झुक्याइएको, लेख्नमा कमी भएको देखिन्छ। कानुनहरू संविधान अनुसार परिमार्जन हुन सकेका छैनन्। ३३ प्रतिशत सहभागिता दल दर्तामा अनिवार्य भयो। तर निर्णायक तहमा महिलालाई पुर्‍याउने नीति छैन। सहभागिता संसदमा बढ्यो। स्थानीय तहमा बढ्यो। प्रदेशमा बढ्यो। त्यसैलाई अनुसरण गर्दै अरु पेशागत संगठनहरू नेपाल बार एसोसिएसन, नेपाल पत्रकार महासंघ, निजामती कर्मचारीमा पनि नीतिगत परिवर्तन गरेर महिलाको संख्या बढेको छ। तर सबै क्षेत्रमा महिला निर्णयक तहमा पुग्न सकेको छैन। त्यो सहभागिताले गुणात्मक फड्को मार्न सकेन।

अहिले जुन समानुपातिक निर्वाचन प्रणालीबाट महिलाहरूको प्रतिनिधित्व संसदमा सुनिश्चित भयो, त्यसले सहभागिता बढायो तर प्रतिस्पर्धा बढाउन सकेन। मदन भण्डारीले व्यक्तिले आफूलाई सक्षम बनाउने र त्यसैबाट शक्ति हासिल गर्ने कुरा गर्नुभएको थियो। दुई कार्यकाल संविधानसभा र त्यसपछि नयाँ संविधान अनुसार दोस्रो कार्यकालका लागि जनप्रतिनिधि चुनिएर काम गरिरहेको वर्तमान अवस्थामा अब निर्वाचन प्रणालीमा पुनर्विचार गर्न जरुरी छ। प्रत्यक्ष निर्वाचनमा नै ३३ प्रतिशत महिला आउने सुनिश्चित गरिनुपर्दछ। समानुपातिक निर्वाचन प्रणालीले जनताका लागि काम गर्ने भन्दापनि नेतृत्वसँग नजिक भएर पद पाउने जस्तो भयो। यसले प्रतिस्पर्धाको भावना दिन सकेन।

संविधानमा आरक्षण मार्फत महिलाको सहभागिता सुनिश्चित गरियो। महिला ठाउँमा पुगेपनि उनीहरूप्रतिको सोचमा परिवर्तन आउन सकेन। महिला भनेका आरक्षणबाट ल्याइएका हुन्। कार्यक्षमता छैन भन्ने पितृसत्तात्मक सोच हावी भइरहेको देखिन्छ। त्यसले निर्णायक तहमा महिलालाई पुर्‍याउन सकेन। महिला अधीनस्थ भए। दोस्रो दर्जामा राखियो। स्थानीय तहमै हेरौं न, महिलालाई उपप्रमुखमा सिमित गराइयो। उपप्रमुख दिएकै छ प्रमुख किन चाहियो भन्ने जस्तो देखियो। अब यस्तो सोचाइमा परिवर्तन ल्याउन जरुरी छ। फेरि ३३ प्रतिशत सहभागिता संसद र स्थानीयमा मात्र होइन, पार्टी भित्र पनि हुनुपर्‍यो। अर्को कुरा संविधान बन्ने वेलामा हामीले के देखिराथ्यौं भन्दा महिलाहरूले अन्तरपार्टी सञ्जाल, ककस बनाएर मुद्दमा एकजुट भएका थिए। अहिले त्यस्तो फोरम पनि छैन। त्यतातिर पनि हामीले पहल गर्न पर्छ। र, पार्टी भित्रपनि मुख्य पदहरूमा महिला पुग्ने वातावरण बनाउनुपर्छ।



**बिष्णुमाया भुसाल**
**अधिवक्ता/उपप्राध्यापक, नेपाल ल क्याम्पस**

विश्वमा कम्युनिष्ट आन्दोलनमा देखिएका कमीकमजोरीको समिक्षा गर्दै नेपालमा नेकपा (एमाले) का तत्कालीन महासचिव मदन भण्डारीले प्रतिस्पर्धाबाट नै श्रेष्ठता हासिल गर्नुपर्छ भनेर जनताको बहुदलीय जनवादको अवधारणा ल्याउनुभयो। त्यो अवधारणा भित्र महिलाको आर्थिक क्षेत्रमा सहभागितालाई नै महिला मुक्तिसँग जोड दिनुभएको थियो। महिलाको सशक्तिकरण, समानता र सहभागिताको कुरालाई उहाँले जोड दिदै त्यसैको निरन्तरता स्वरुप नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशनदेखि दशौं राष्ट्रिय महाधिवेशनसम्म आइपुग्दा पार्टीमा महिलाको सहभागिता २४ प्रतिशत पुगेको छ। तर जति हुनुपर्थ्यो, त्यति चाहिँ हुन सकिरहेको छैन। व्यक्तिगत रुपमा भन्दा यो निराश हुनुपर्ने अवस्था पनि होइन भन्ने मलाई लाग्छ। जबजको जगमा पार्टीको नीति अनुसार महिलाको पैतृक सम्पतिमा समान अधिकार, राज्यका हरेक निकायमा समान सहभागिता, आमाको नाउँबाट नागरिकता लिन पाउने र महिला हिंसा अन्त्य गर्ने चार वटा विषयलाई समेट्दै जरुरी सार्वजनिक महत्वको प्रस्ताव संसदमा दर्ता भई सर्वसम्मत तरिकाले पास भयो। यसलाई नेपाली महिला आन्दोलनको महत्वपूर्ण उपलब्धीको रुपमा लिनु पर्दछ।

संसदले पारित गरेका ती विषयहरू अहिले राज्यका नीति र कानुनहरूमा समावेश भएको छ। पहिलो पटक अन्तरिम संविधान २०६३ मै महिलाको छुट्टै मौलिक हकको व्यवस्था भयो। धैरै पुराना विभेदपूर्ण कानुनहरू पनि क्रमशः परिमार्जन हुदै गएका छन। तर कार्यान्वयनमा थुप्रै कमजोरीहरू रहेका छन्। राज्यको हरेक निकायमा ३३ प्रतिशत सहभागिता एकातिर भन्यौं। कानुनहरू आउँदा समग्रमा ४५ प्रतिशत आरक्षणको ३३ प्रतिशत मात्रै महिला हुनेगरी आयो। यसले अहिले भइराखेको प्रतिनिधित्व एक सयमा जम्मा १४ प्रतिशत मात्र हो। अझैपनि कार्यान्वयनमा झुक्याइएको छ। यो सबैभन्दा ठूलो चुनौती हो। पैत्रिक सम्पत्तिमा समान अधिकारको हकमा व्यवहारमा छुट्टाएर दिने अवस्था नभएपनि कानुनमा प्रष्टता छ। छोरीले मेरो पैत्रिक सम्पत्तिमा समान अधिकार छ, मैले पनि अंश पाउन पर्छ भनेर अधिकारको प्रचलनको लागि गयो भने अंश पाउँछिन्। तर आमाको नाउँको नागरिकताको विषय केही हदसम्म सम्बोधन भएपनि व्यवहारमा कार्यान्वयन भएको छैन। आमाको नामबाट नागरिकता पाउने संविधानको व्यवस्था कानुन नबन्दा कार्यान्वयन हुन सकेको छैन।

राज्यको निकायहरूमा ३३ प्रतिशत भनेपनि आरक्षणको यो व्यवस्था संसदमा मात्र कार्यान्वयन भइरहेको छ। राज्यका अन्य निकायमा न्युनतम ३३ प्रतिशत भनिएको छ। तर २०७८ सालमा भएको जनगणना अनुसार ५१ प्रतिशत महिलाको जनसंख्या छ भने हामीले खोजेको त बराबरी हो। महिला भित्रपनि प्रतिस्पर्धाबाट आउने कुरालाई जबजले दिशाबोध गरेको छ भन्ने मलाई लाग्छ। त्यो कुरालाई हामीले कति अनुसरण गरेका छौं त भन्ने छलफल गर्नुपर्छ। अहिले स्थानीय तहकै उदाहरण लिउँ न मेयर पुरुष हुने उपमेयर महिला हुने भन्ने खालको भाष्य निर्माण भएको छ। अर्को मेयर उपमेयरले आफ्नो अधिकार कसरी कार्यान्यिन गर्ने भन्ने प्रशिक्षण छैन। यहाँ समस्या र चुनौती दुबै छन्।

राजनीतिमा अभ्यस्त हुँदै गरेका महिलाहरूलाई आफ्नो अधिकारको प्रयोग कसरी गर्ने भन्ने कुरा सिकाइएको छैन। पार्टी भित्रपनि महिलाहरूलाई आवश्यक प्रशिक्षण त दिइन्छ, तर त्यो पर्याप्त छैन। यी विषयहरू समाधानसँगै राजनीतिक स्थायित्व कायम हुनसक्छ। मदन भण्डारीले प्रतिपादन गर्नुभएको जनताको बहुदलीय जनवाद राजनीतिक दस्तावेज मात्र होइन, सामाजिक–सांस्कृतिक नीति पनि हो। यसले महिला सहभागितासँगै उनीहरूको सशक्तिकरण र निर्णायकत्वलाई पनि प्रवर्द्धन गर्दछ। यसको मार्गदर्शनमा थुप्रै नीतिगत, कानुनी र संरचनागत सुधार आवश्यक छ।

युवा दृष्टि

# मदन भण्डारी, जबज र जनप्रतिनिधि

मदन भण्डारी र जनताको बहुदलीय जनवादका बारे बिभिन्न खालका बुझाई पाइन्छ। राजनीतिक, वैचारिक, साहित्यिक पाटामा पनि भण्डारीको चर्चा हुने गरेको छ। राजनीतिक आदर्श मान्नेहरू छन्। आलोचनात्मक धारणा राख्नेहरू पनि छन्। नयाँ पुस्ताका जनप्रतिनिधि मदन भण्डारी र जबजका बारेमा के बुझ्छन् भन्ने बिषयमा पनि धेरैको चासो र चिन्ता भएको भएको पाइन्छ। त्यसकारण यो अंकमा बिभिन्न क्षेत्रका युवा जनप्रतिनिधिले मदन र उहाँका बिचारलाई आत्मसात् गर्ने सन्दर्भमा जिज्ञासा राखिएको थियो। सो अनुरुप बिभिन्न स्थानीय तहका जनप्रतिनिधिले बुझेको मदन र उहाँले प्रतिपादन गरेको सिद्धान्तका बारे उहाँहरूकै शब्दमा प्रस्तुत गरिएको छ।

## सवैका साझा नेता मदन भण्डारी



– **मोहनमाया ढकाल**
प्रमुख, वीरेन्द्रनगर नगरपालिका सुर्खेत

जननेता मदन भण्डारी नेपाली कम्युनिष्ट आन्दोलनको युग पुरुष हुनुहुन्छ। उहाँ कम्युनिष्टहरूले प्रजातान्त्रिक प्रकृयामा सामेल हुदै जनताको मतले समाजवाद स्थापित गरी आर्थिक, सामाजिक र राजनैतिक रुपान्तरण सहित नागरिकलाई सार्वभौमसत्ता सम्पन्न बनाउन सक्छन् भन्ने कुरालाई व्यवहारिक रुपमै स्थापित गर्न सफल नेतृत्व हुनुहुन्छ। अध्ययनशील, मृदुभाषी, निडर र समयलाई बुझेर परिस्थिति अनुसार नेतृत्व गर्न सक्ने क्षमता भएकै कारण उहाँ धेरै अग्रज नेतृत्वहरूको पनि नेता बन्नु भयो। विश्वमै कम्युनिष्ट पार्टीले धक्का खादै गरेको बेला नेपालमा मदन भण्डारीले "जनताको बहुदलीय जनवाद" सिद्धान्तको प्रतिपादन गर्नुभयो।

मदनले लोकतन्त्र र निर्वाचन प्रणाली स्वीकार गरी जनताको अभिमतले निर्वाचनमा श्रेष्ठता हाँसिल गरी समाजवादमा पुग्न सकिने कुरा जबज मार्फत स्थापित गर्नु भयो। उहाँले प्रतिपादन गरेको जबजको सिद्धान्त नेकपा (एमाले) ले आफ्नो मार्गदर्शन सिद्धान्त बनायो र आज नेकपा (एमाले) यही वैचारिक मार्गदर्शनमा देशको पहिलो शक्ति, पहिलो पार्टी बन्न सफल भएको छ।

मदन भण्डारी छोटो समयमा नेपालको कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउन, जनता माँझ गएर पार्टीलाई लोकप्रिय वनाउन र पार्टीले लिएका नीति विचार र सिद्धान्तलाई व्यवहारमा उतारी सवैलाई सँगै लिएर अघि बढ्न सफल नेता हुनुहुन्थ्यो। "भनिन्छ नि कर्म गर्नेहरूको लागि जतिसुकै चुनौतिका पहाडहरू पनि अवसरका रुपमा बदलिन्छन।" यो उहाँको छोटो जीवनकालमा अकाट्य बनेर स्थापित भएको छ।

उहाँको वौद्धिकता, कर्म र सफलतालाई नत गरिवीले छेक्यो नत कठिन भूगोलले नै। उहाँलाई एउटा अठोट, स्पष्टता, दृढ विश्वास र स्वाभिमानले हर चुनौतिलाई पन्छाउदै एक सफल दार्शनिक र सफल राजनितिज्ञ बनायो। एउटा युवाको त्यो सफलताले कर्ममा विश्वास गर्ने जसलाई पनि उत्साह, हिम्मत र अदम्य साहस प्रदान गर्दछ। उहाँको जीवन आजपनि हरेक युवाको लागि मार्गदर्शक बनेको छ। म त भन्छु चाहे राजनीतिक होस् वा सामाजिक जुनसुकै क्षेत्रमा नेतृत्व गर्न चाहने जो कोहीले

पनि एकपटक मदन भण्डारीको जीवनी पढ्नै पर्दछ। त्यसबाट जीवनको उज्यालो खोज्नै पर्दछ।

मदन भण्डारी कुनै पनि कुराको अध्ययन गर्दा त्यसको गहिराइमा पुग्नु हुन्थ्यो। अध्ययनले समाज चिनाउँछ, समाजको अवस्था विश्लेषण गर्न सिकाउँछ, समसामयिक परिस्थितिको सामना गर्दै भविष्यको योजना बनाउन सहज हुन्छ तसर्थ विना अध्ययन एउटा राजनीतिज्ञले नत समाज चिन्न सक्छ, नत समाजको नेतृत्व गर्न नै सक्छ भन्ने सन्देश उहाँको जीवनीबाट पाउन सकिन्छ। त्यति मात्र हैन समाजमा विविधखाले स्वरुपका मानिस बस्छन्। कुनै पनि क्रान्ति वा समाजको नेतृत्व गर्न सबैलाई साथै लिएर अघि वढ्न जरुरी छ, तसर्थ समाजका सवै संरचनासँग पनि नेतृत्व रमाउनु पर्छ। उनीहरूको कुरा पनि अध्ययन गर्नुपर्छ भन्दै मदन भण्डारीले खेलकुद, साहित्य, गीत संगीत लगायत थुप्रै विधाहरूमा पनि उत्तिकै चासो दिएर थुप्रै विषयहरूमा रुची राख्नु हुन्थ्यो। यसवाट हामी राजनीतिक नेतृत्वमा आउन चाहाने वा अघि बढिरहेका युवा पुस्तालाई महत्वपूर्ण मार्गदर्शन मिलेको छ।

भनिन्छ नि, नेतृत्व उमेरले हैन विचारले हुन्छ। कमरेड मदन भण्डारीको विश्व कम्युनिष्ट पार्टीको घट्दो लोकप्रियताको अवस्थामा नेपालको कम्युनिष्ट आन्दोलनलाई सफलताको उचाइमा पुऱ्याउन "जनताको बहुदलीय जनवाद" प्रतिपादन गर्नु भयो, जतिवेला उहाँ युवा अवस्थाको हुनुहुन्थ्यो।

मलाई अहिले पनि त्यो दिनको याद आउँछ जुन दिन जननेता मदन भण्डारी र कमरेड जीवराज आस्रितको गाडी त्रिशुलिमा खसेको थियो। त्यस दिन हामी स्कुलमा पढ्दै थियौ। कक्षा कोठामा सरले यो खवर दिँदा हामी अत्तालिएका थियौं। उहाँलाई केही नहोस् भनेर हामी सबैले कामना गऱ्यौं। तर, विधातालाई त्यो स्वीकार भएन, हाम्रो कलिलो मनसँगै सिंगो देश शोकमा डुब्यो। भौतिकरुपमा मदन हामीबीच हुनुहुन्न तर हामीलाई अहिले पनि मार्गदर्शन र प्रेरणा दिइरहनु भएको छ।

# युवा पुस्तका आदर्श मदन भण्डारी



**– किरण राई**
अध्यक्ष पौवादुङमा गाउँपालिका, भोजपुर

नेपाली राजनीतिमा फरक र विलक्षण प्रतिभाका धनी जननेता मदन भण्डारी युवा पुस्ताले रुचाएका नेता भित्र पर्नुहुन्छ। हरेक विषयमा द्वन्द्वात्मक ढंगले हेर्ने र बुझ्ने स्वभावका मदन भण्डारीले नेपाली राजनीतिमा अतुलनीय योगदान पुऱ्याउनु भएको छ। उहाँ युवा पुस्ताको मार्गदर्शक हुनुहन्छ। स्पष्ट, निडर र शालीन ब्यक्तित्वको छवि बनाउनु भएका नेता भण्डारी युवा पुस्ताको पथ प्रदर्शक पनि हो। जनताको बहुदलीय जनवाद(जबज) को प्रतिपादक नेता भण्डारीलाई राष्ट्रिय राजनीतिको मियोको रुपमा लिन सकिन्छ।

बनारसमा अध्ययन गर्दै गर्दादेखि नै सामन्ती राज्यसत्ताको विरोधमा सक्रिय बन्नु भएका भण्डारी कम्युनिष्ट पार्टीमा संगठित हुनुभयो र छोटो समयमै नेतृत्वमा स्थापित हुनुभयो। २००६ सालमा नेपाल कम्युनिष्ट पार्टी गठन भएको थियो भने समयक्रमसँगै यसमा अनेक उतार चढाव देखिन थालेका थिए। क्रान्तिकारी युवाहरूले विद्रोह गरी तत्कालीन कोओर्डिनेशन केन्द्र गठन गरे भने अन्य विद्रोही समूहसमेत एकीकृत भई २०३५ सालमा नेकपा (माले) गठन भयो। त्यही बेला मदन भण्डारी तत्कालीन मालेको राजनीतिमा सक्रिय हुनुभयो। पार्टी भूमिगत थियो र शीर्ष नेताहरू सबै जेलमा थिए। त्यसबेलाको चुनौतिपूर्ण परिस्थितिमा भण्डारीले मालेको संगठनात्मक जिम्मेवारी लिने र आन्दोलनको नेतृत्व गर्ने काम गर्नु भयो। त्यसपछि भण्डारीले लगातार पञ्चायतविरोधी आन्दोलनको नेतृत्व गरिरहनु भयो। अन्ततः सफल वैचारिक र संगठनात्मक नेतृत्वका कारण उहाँले कम्युनिष्ट आन्दोलनमा राजनीतिक

प्रतिस्पर्धाको नयाँ सिद्धान्त जनताको बहुदलीय जनवादको प्रतिपादन गर्नु भयो, जुन अहिले पार्टीको मार्गदर्शक सिद्धान्तको रुपमा छ ।

नवीन चिन्तक तथा विचारक मदन भण्डारीले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कम्युनिष्टले खाएको धक्कालाई चिर्नुपर्ने र परम्परागत शास्त्रीय ढंगबाट कम्युनिष्ट पार्टीलाई मुक्त गरी प्रतिस्पर्धाबाट योग्य प्रमाणित नगरी कम्युनिष्ट पार्टी चल्न नसक्ने निष्कर्ष निकाली जनताको बहुदलीय जनवादको विचार प्रतिपादन गर्ने कामको अगुवाई गर्नुभयो। अत्याधिक मतबाट उहाँको विचार पार्टीको पाँचौ महाधिवेशनबाट पारित भएको थियो ।

काङ्ग्रेस र कम्युनिष्टलाई फुटाएर शासन गरिरहेको निरंकुश राजतन्त्र र निर्दलीय पञ्चायती शासन विरुद्ध संयुक्त जनआन्दोलनको अवस्था सिर्जना गर्न मदन भण्डारीकै कारण संभव भएको थियो, जसले गर्दा ३० वर्ष लामो निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भई मुलुकमा प्रजातन्त्रको स्थापना हुन सक्यो। तर उहाँले आफूले खेलेको भूमिकालाई कहिल्यै चर्चामा ल्याउनु भएन। उहाँ चर्चा बटुल्नु भन्दापनि राजनीतिक मिसनलाई सफल बनाउन अहोरात्र लाग्ने व्यक्तित्व हुनुहुन्थ्यो। उहाँ त्यसपछि खुला जीवनमा आउनुभएको छोटो समयमै अधिक लोकप्रिय हुनुभयो। २०४८ सालको निर्वाचनमा बहालवाला प्रधानमन्त्रीलाई पराजीत गरी संसदीय राजनीतिमा उदाउनुभयो। जनताको अत्याधिक विश्वासिलो र भरोसायोग्य नेता भण्डारी राष्ट्रभित्र मात्र होइन, विश्वमा नै चर्चित हुनुभयो ।

नेता भण्डारीले एमाले पार्टी भित्र खेलेको भूमिकाले अहिले पनि पार्टीले उचाई हासिल गरिरहेको छ। उहाँको मार्गदर्शनमा नेता तथा कार्यकर्ताको कुशल र सक्षम कर्तव्यपालनले एमाले देशमा सर्वाधिक लोकप्रिय र शक्तिशाली पार्टीको रुपमा स्थापित छ। मदनले देखाएको बाटोलाई पछयाएर उहाँले देखेका सपनालाई पुरा गर्ने कर्तव्य हामी जस्ता युवाको काँधमा आएको छ। यसलाई हामीले राजनीतिक, सामाजिक जीवनमा पुरा गर्नु छ ।

छोटो समयमा लोकप्रिय बन्नु भएका नेता भण्डारीले नेपाली राजनीतिमा पुऱ्याएको योगदानलाई कसैले चाहेर पनि भुल्न सक्दैन। नेपाली राजनीतिमा नेता भण्डारीले अवलम्बन गरेको बाटोलाई आत्मासात गरेर मात्र समृद्ध नेपालको परिकल्पना गर्न सकिन्छ। हामी जस्ता राजनीतिमा होमिएका पछिल्लो पुस्ताका राजनीतिक कार्यकर्ताले मदनको सोचलाई मनन गर्दै उहाँका सपनाहरू पुरा गर्नु पर्ने छ। समयले यो अभिभारा हाम्रो काँधमा आएको छ। जननेता भण्डारीको अवसानले नेपाली राजनीतिमा अपूरणीय क्षति पुगेको छ। त्यो क्षतिको पूर्ति त हुन सक्तैन, तर उहाँले देखाएको बाटोमा इमान्दारीका साथ हिड्ने हो भने उहाँले देखेको सपना भने अवश्य पूरा हुनेछ।

# युवाका लागि प्रेरणादायी व्यक्तित्व मदन भण्डारी



**– सुनिता डंगोल**
उपप्रमुख, काठमाडौं महानगरपालिका

मदन भण्डारीको निधन र मेरो उमेर सँगसँगै जस्तै हो। नेकपा (एमाले) का तत्कालीन महासचिव मदन भण्डारी कस्तो हुनुहुन्थ्यो ? भनेर मैले उहाँ जिवित हुँदाको बखत देख्न त पाइन तर, उहाँको देहान्तपछि र म हुर्किदैं गएपछि भने उहाँका बारेमा धेरै कुरा सुन्ने र पढ्ने अवसर पाएको छु। भण्डारी २०४६ सालमै तत्कालिन नेकपा मालेको चौथो महाधिवेशनबाट महासचिव बन्नु भएको थियो। उहाँ नेकपा (एमाले) को पाँचौ महाधिवेशनबाट अर्थात २०४९ सालमा पुनः महासचिव बन्नुभएको थियो।

मदन भण्डारीले युवा उमेरमै बौद्धिक रुपमा पनि दिशानिर्देश दिन सकिन्छ भन्ने उदाहरण त्यतिबेला नै दिनुभएको थियो। उमेर भनेको एउटा अङ्क मात्रै हो,

सोचमा, सिद्धान्तमा, काम गर्ने शैलीमा युवा हुनुपर्छ भन्ने सन्देश मदन भण्डारीले त्यतिबेला नै दिनुभएको थियो। युवाले म काँधमा जिम्मेवारी लिनसक्छु भन्ने आँट बोकेर अघि बढ्नुपर्छ भन्दै युवालाई उज्यालो बाटो देखाउने प्रेरणादायी व्यक्ति मदन भण्डारी हुनुहुन्थ्यो भन्ने आफू युवा उमेरमा प्रवेश गर्दै गएपछि र उहाँबारे अध्ययन गर्दै गएपछि अझ बढी थाहा पाउँदै गएँ। त्यसैले मलाई मदन भण्डारी युवाहरूलाई अघि बढ्नुपर्छ भनेर प्रेरणा दिने एउटा अभिभावक हो भन्ने लाग्छ।

मदन भण्डारीका स्मृतिका पानाहरू पल्टाएर हेर्ने हो भने उहाँ नेपालको कम्युनिष्ट आन्दोलनका नवीन विचारक मात्रै होइन, वर्गीय चेतनाका उद्बोधक् र स्वप्नद्रष्टा पनि हो। त्यतिबेला दि टेलिग्रामले मदन भण्डारीबारे उल्लेख गर्दै लेखेको थियो– 'मदन भण्डारी, न त महाराजा हुनुहुन्थ्यो, न त प्रधानमन्त्री नै, तर पनि बहुदलीय व्यवस्थाको स्थापनापछि तीन वर्षदेखि उहाँले जिउँदो या मृतावस्थामै पनि नेपालको राजनीतिक शिक्षितमा एक्लो आधिपत्य जमाउनुभयो।'

मदन भण्डारीको अद्भूत क्षमताको स्वदेशमा मात्रै होइन विदेशमा पनि उत्तिकै चर्चा हुन्थ्यो भन्ने त्यसको एउटा तथ्य आज भन्दा ३० वर्षअघि अमेरिकी म्यागाजिन न्युजविकले मदनसँग लिएको अन्तर्वार्ता र बनाएको हेडलाइनले पनि खुलाउँछ। त्यतिबेला न्युजविकले आफ्नो म्यागाजिनमा 'इन नेपाल, कार्ल मार्क्स लिभ्ज' अर्थात 'नेपालमा कार्ल मार्क्स जिवित छन्।' भनेर हेडलाइन नै बनाएको थियो। जननेता मदनकुमार भण्डारी राज्यको कुनै कार्यकारी भूमिकामा पुग्नु भएन तर नेपालका नेताहरूमा सर्वाधिक नाम लिइने लोकप्रिय कम्युनिस्ट नेताको स्थान बनाएकै अवस्थामा कहिले नफर्किने गरी अस्ताउनुभयो।

उहाँले संविधान निर्माणका क्रममा प्रस्तुत गर्नुभएका आलोचनात्मक २७ बुँदा हुन् अथवा जनताको बहुदलीय जनबादको मार्गदर्शक सिद्धान्तका वैचारिक आधारहरू नै किन नहुन् अहिले पनि उत्तिकै सान्दर्भिक छन्। उहाँ चढ्ने साइकलसहितको श्यामस्वेत तस्बिर देख्दा मलाई अहिले पनि मदनको सौम्यता, शालीनता र सादगीपनको विम्ब मानसपटलमा गुन्जिरहन्छ। मदन भण्डारी अध्ययनकै कारण जनताको बहुदलीय जनवादको सिद्धान्तकार बन्नुभयो। अध्ययनकै कारण उहाँ मार्क्सवाद र लेनिनवादको सिर्जनात्मक व्याख्याता बन्नसक्नुभयो र अध्ययनकै कारण उहाँले कहिल्यै नमर्ने विचारको दियो बालेर जानुभयो। त्यसैले हामी युवाले मदनबाट सिक्नुपर्ने धेरै कुराहरू छन्।

जबसम्म हामी 'अपडेटेट' हुन सक्दैनौँ तबसम्म युवा भनिरहँदा विचारले कतै पनि पुग्न सक्दैनौँ। त्यसैले अध्ययन र स्वअध्ययन कहिल्यै पनि सकियो भन्नु हुँदैन। त्योसँगै कुर्सी पाउने वितिक्कै म सर्वज्ञाता भएँ भन्ने भावना पनि हामी जस्ता युवामा कहिल्यै हुनुहुँदैन। सिक्ने, सिकाउने भनेको निरन्तर प्रक्रिया हो। त्यो प्रक्रियामा अघि बढाउन पढाईलाई अघि बढाउनुपर्छ। कार्यकर्ता कस्ता छन् भनेर देखाउनका लागि सबै भन्दा बलियो जग भनेको शिक्षा नै हो। युवा हुलसहित सडकमा जान मात्रै होइन, चाहिएको बेलामा र देशलाई आवश्यक पर्दा बौद्धिक रुपमा पनि दिशानिर्देश दिनसक्छ भन्ने उदाहरण पनि हामी युवाले दिनसक्नुपर्छ। अझ मदन भण्डारीको 'स्कुलिङ' को पार्टीका युवाहरूले के ठीक के बेठीक भन्ने कुरामा विवेक प्रयोग गर्ने क्षमता राख्नसक्नुपर्छ।

# सम्मानको वास्तविक हकदार मदन भण्डारी



– नन्दा थापा
उपप्रमुख, बडिमालिका नगरपालिका, बाजुरा

मदन भण्डारीको वाल्यकालको तिखोपन, सुझबुझपूर्ण योग्यता, क्षमता र आत्मविश्वास सवैले सिक्न लायक थियो। उहाँमा धाराप्रवाह वोल्न सक्ने क्षमता थियो। त्यसका लागि बिषयबस्तुको धैरै ज्ञान चाहिन्छ, त्यसमा उहाँ निपूर्ण हुनुहुन्थ्यो। उहाँमा अध्ययनको गहिराइ थियो। यसले पनि उहाँमा वाक्कलासँगै बोलीमा मिठास र भावमा गहिराइ थियो। उहाँ वालकमा जे हुनुहुन्थो, जस्तो तीक्ष्ण हुनुहुन्थ्यो, पछि त्यही गुण अझ विकसित भयो। समकालीन राजनीतिमा उहाँ सवैले सम्मान र भरोसा गर्ने अनुकरणीय व्यक्तित्वका रुपमा स्थापित हुनुभयो। राजनीतिक रुपमा परास्त गर्न नसकेपछि भौतिक रुपमा सकाउने योजना हुन्छ भन्ने पहिल्यै आशंका थियो। आखिर त्यही भयो। अल्पायुमै उहाँको हत्या गरियो।

सावा अक्षर नचिन्दै चार अध्याय चण्डि वाचन गर्न सक्ने उहाँ सानैदेखि तिक्ष्ण र कुशाग्र बुद्धीको हुनुहुन्थ्यो। मदन भण्डारीका समकालीन नेताहरूको बुझाइमा पनि उहाँ खुला स्वभावको हुनुहुन्थ्यो। बुझेर मात्र बोल्ने, अरुले भनेको कुरामा झट्टै सहमत नहुने तर आफू स्पष्ट भएपछि सहमत हुन पनि पछि नपर्ने स्वभाव उहाँमा थियो। तर चित्त नबुझेपछि साना ठूला जसले भनेपनि आफूले स्वीकार नगर्ने स्वभाव उहाँमा थियो। उहाँ हरेक कुरालाई गम्भीरतापूर्वक लिनुहुन्थ्यो। विषयलाई फरक फरक कोणबाट हेर्नुहुन्थ्यो अर्थात उहाँ हरेक विषयलाई द्वन्द्ववादी दृष्टिकोणले विश्लेषण गर्नुहुन्थ्यो। हो, मदन भण्डारीलाई म यसरी नै बुझ्छु।

मदन भण्डारी नेपाली क्रान्तिको मौलिक कार्यक्रम जनताको बहुदलीय जनवादको प्रणेता हुनुहुन्छ। नेकपा (एमाले) को पाँचौ महाधिवेशनबाट पारित यो कार्यक्रम अहिले पार्टीको मार्गदर्शक सिद्धान्तको रुपमा छ। यसले पार्टीलाई मात्र नभई नेपाली कम्युनिष्ट आन्दोलनलाई नै नयाँ दिशा प्रदान गरेको छ। कम्युनिष्ट पार्टीहरू पूर्वी युरोपलगायत विश्वका विभिन्न मुलुकमा रक्षात्मक अवस्थामा पुगेको बेला उहाँको यही विचारका कारण नेपालमा भने कम्युनिष्ट आन्दोलन अझ फैलिँदै जान सकेको हो। यसले प्रजातन्त्रका आधारभूत मान्यतालाई आत्मसात गर्दै दलीय प्रतिष्पर्धा, जनताको अनुमोदनबाट राजकीय सत्ताको प्राप्ति, बहुमतको शासन, अल्पमतको प्रतिपक्ष, मानव अधिकार, प्रेस स्वतन्त्रता, संवैधानिक सर्वोच्चता, विधिको शासनजस्ता विषयलाई स्पष्टता अंगीकार गर्दै प्रगतिशील नीति र कार्यक्रमलाई प्राथमिकतामा राखेको छ।

हिंसामा उत्रिएको माओवादी पनि चुनावी धारमा आउनु मदनको सिद्धान्तको उपज हो। कमिन्युष्टको वाटो फरक धारमा लगाउन मदनको बिचार चीरस्थायी हुन्छ। मदनलाई राम्रो भन्ने मात्र होइन, देशका लागि मदनको वाटो सही छ भन्ने स्थापित गराउनु पर्दछ। यो फरक शक्तिको प्रेरणा भनेको आध्यात्मिक शक्ति पनि हो। जसको शक्तिले बेदका ऋचा र राजनीतिक सिद्धान्तलाई घुलित गरेको थियो।

उहाँलाई साँचो लागेपछि सम्झौता गर्ने चरित्र थियो। झुटो लागेमा सम्झौता नगर्ने दृढता थियो। मदनमा लोभ थिएन। पद र पैसाको लागि मरिहत्ते गर्ने बानी थिएन। उहाँको मुख्य तागत त्याग हो। मदनको त्यही तागतलाई हामीले आदर्श मानेका छौं। हामीले मात्र होइन, विश्वले उहाँलाई फरक धारमा बुझ्छ। दुःखद, देशी अनि बिदेशी शक्ति लागेर मदन भण्डारी सकाए। देशले एउटा स्वप्नद्रष्टा गुमायो। नेकपा (एमाले) ले एउटा सच्चा मियो गुमायो। देशको लागि घाटा भयो। तर, उहाँको आदर्श हामीसँग छ। त्यसालाई अघि बढाउनु हामी युवाको दायित्व हो।




साहित्य समीक्षा

# मदन भण्डारीका कवितामा अनुभूतिको संरचना



– सोमप्रसाद गर्तौला

मदन भण्डारीका कविता समाजसापेक्ष रहेका कारण समाजमा रहेका वर्गगत पिँढीलाई नजिकबाट अभिव्यक्त गरिएको देखिन्छ । तत्कालीन समाजमा देखिएको तीन पिँढीलाई उहाँका कवितामा भेट्न सकिन्छ । रेमन्ड विलियम्सले भनेजस्तै प्रभुत्वशाली पिँढी, अधीनस्थ पिँढी र वैकल्पिक उदीयमान पिँढी उहाँका साहित्यिक रचनामा प्राप्त भएको छ । नेपाली समाजमा शोषक र सामन्ती राज्यव्यवस्थाको पक्षपोषक भएर बसेको प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीमाथि सधैँ दबाबको संस्कृति सिर्जना गर्ने गरेको दृश्य उहाँका कवितामा पाइन्छ ।

**विषय परिचय**

मदन भण्डारी राजनीतिक नेतृत्वसँगै साहित्य सिर्जनाका क्षेत्रमा पनि उत्तिकै परिचित व्यक्तित्व हुनुहुन्छ। समाजको यथार्थ घटनालाई विषयवस्तु बनाएर साहित्य रचना गर्ने उहाँका सिर्जनामा सामाजिक यथार्थवादी विचार प्रस्तुत भएको पाइन्छ। ताप्लेजुङ जिल्लाको साविक ढुङ्गेसाँघु गा.वि.स.मा वि.सं. २००९ असार १४ गते जन्मनुभएका मदनकुमार भण्डारी नै पछि राजनीतिक तथा साहित्यिक क्षेत्रमा मदन भण्डारीका नामले परिचित हुनुभएको हो। २०५० जेठ ३ गते रहस्यमय जिप दुर्घटनामा निधन हुनु अघि उहाँले राजनीतिसँगै सशक्त साहित्यिक जीवन विताउनुभएको पाइन्छ। सर्वप्रथम २०२५ सालमा 'खै के ?' शीर्षकको कविता प्रकाशित गराएपछि साहित्य जगत्मा प्रवेश गर्नुभएको भनिए पनि उहाँको उक्त रचना हालसम्म प्राप्त हुन सकेको छैन। उहाँका हालसम्म उपलब्ध रचनाहरूलाई आधार मान्ने हो भने २०३० सालमा बनारसबाट प्रकाशित पत्रिका छात्रप्रभामा छापिएको 'मित्र पो चिन्नुपर्छ' शीर्षकको कविता उहाँको पहिलो रचना हो। जीवनकालमा नौओटा कविता, छओटा गीत, एउटा निबन्ध, दुइटा कथा, तीनओटा लघुकथा, तीनओटा संस्मरण, एउटा नाटक तथा पाँचओटा समालोचना गरी जम्मा ३० ओटा फुटकर रचना गर्नुभएका भण्डारीका रचनामा समाजका निम्नवर्गको उच्च वर्गमाथि विद्रोहको आवाज, जातीय, लैङ्गिक तथा वर्गीय विभेदविरुद्धको

विचार र मानवीय अनुभूति साथै समाजका कमजोर पक्षका सशक्त विद्रोही स्वर अभिव्यक्त गरिएका पाइन्छ। उहाँका कवितामा अनुभूतिको संरचनाको अध्ययन यस लेखमा गरिएको छ।

समाजशास्त्रीय दृष्टिबाट हेर्दा मदन भण्डारीका रचनाहरू आजको सन्दर्भभन्दा झन्डै चारदशक अघिका भए पनि ती रचना समाजशास्त्रीय अध्ययनका दृष्टिले महत्वपूर्ण छन्। उहाँका रचनामा तत्कालीन समयको समाजको समानधर्मी गुण आजको समाजमा पनि केही न केही रूपमा रहेको पाइन्छ। कवितामा रहेका अनुभूतिको संरचनाको अध्ययनले भण्डारीका रचनामा तत्कालीन समाजका विभिन्न पक्षबारे जानकारी पाउन सकिन्छ। साहित्यले समाजको इतिहासलाई पनि सङ्केत गर्ने हुँदा उहाँका कविताले नेपाली समाजको तत्कालीन परिवेश, साहित्य र संस्कृतिबिचको सम्बन्ध, तत्कालीन समाजको आर्थिक अवस्थासँगै समाजका समग्र पक्षको जीवनपद्धतिको अध्ययन गर्न समेत सहयोग गर्दछ।

साहित्यको समाजशास्त्रीय अध्ययनका क्षेत्रमा मीमांसावादी धाराका समाजशास्त्रीय चिन्तक रेमन्ड विलियम्स महत्वपूर्ण व्यक्तित्व हुन्। अध्ययनको प्रारम्भिक कालमा मार्क्सवादी विचार अँगालेका उनले पछि नवमार्क्सवादी मान्यता अँगालेको पाइन्छ। अनुभूतिको संरचना विलियम्सको समाजसँग संस्कृतिको सम्बन्धको व्याख्या गर्ने क्रममा आएको एउटा केन्द्रीय अवधारणा हो। यस लेखमा विलियम्सको अनुभूतिको संरचनाको मान्यतालाई आधार मानी मदन भण्डारीका केही कविताको अध्ययन गरिएको छ।

## अनुभूतिको संरचनाको सैद्धान्तिक परिचय

समाजशास्त्रीय चिन्तक रेमन्ड विलियम्सको समाजशास्त्रीय मान्यता अनुभूतिको संरचना हो। उनले संरचना शब्दलाई सामाजिक आवेग, संवेग, संयमता र तिनसँग सम्बन्धित स्वरका विशेषता र तत्वहरू साथै तिनका चेतना र सम्बन्धहरूको विशिष्ट संयोजन भनेका छन् (विलियम्स, सन् १९७७, पृ.१३२)। उनका विचारमा अनुभूतिलाई जोड दिनुको आशय विश्वदृष्टि वा विचारधाराबाट अलग्याउनु हो। उनले अनुभूतिको संरचनालाई अर्को कुनै नाम दिन सकिने हो भने त्यो अनुभवको संरचना हो भन्ने तर्क गर्दै यसले अनुभूति शब्दले जसरी वर्तमानलाई व्याख्या गर्न नसक्ने विचार व्यक्त गरेका छन्। विलियम्स अनुभूतिको संरचनालाई समाधानतर्फ उन्मुख सामाजिक अनुभव समेत मान्दछन् (विलियम्स, सन् १९७७, पृ.१३२–१३३)। यसरी विलियम्सले अनुभूतिको संरचना शब्दको अन्य कुनै शब्दसँग तुलना नहुने विचार व्यक्त गरेका छन्।

विलियम्सले मार्क्सवादी आलोचनामा रचनाको आत्मपरक र वैयक्तिक पक्षका उपेक्षात्मक प्रवृत्तिको आलोचना गरेका छन्। जब विश्वदृष्टि, विचारधारा अथवा वर्गदृष्टिको कुरा गरिन्छ तब रचनामा सचेत विचारधारा र नयाँ अनुभवका बिच तनाव हुन्छ भन्ने विचार उनले प्रस्तुत गरेका छन्। अनुभूतिको संरचनाको मदतबाट यस्तो तनावको व्याख्या गर्न सकिने विचार उनको छ। अनुभूतिको संरचनाको व्याख्या गर्ने क्रममा विलियम्सले विचारभन्दा अनुभूतिलाई, वर्गभन्दा समुदायलाई र सामाजिक संरचनाभन्दा पिँढीलाई महत्व दिएका छन् र यसको आलोचना पनि भएको छ (पाण्डेय, २०७३, पृ. २८)। त्यस्तै अनुभूतिको संरचनालाई विलियम्स सामाजिक व्यवस्थाको वास्तविक रूप पहिचान गर्ने विशिष्ट अवधारणा मान्दछन्। उनी आफ्नो यो अवधारणा व्यक्तिगत र सार्वजनिकलाई छुट्याएर हेर्ने अवधारणा नभई दुवैलाई जोडेर हेर्ने हो भन्दछन्। उनको विचारमा यसलाई छुट्याउँदा वास्तविक समाज हेर्न सकिन्न। त्यसैले यो सामाजिक अनुभव र व्यक्तिगत अनुभव दुवैलाई हेर्ने अवधारणा हो। उनी अनुभूति भनेको लेखिएको पाठलाई मात्र हेर्ने होइन लेख्य सामग्रीभन्दा बाहिरको संसारसँग पनि त्यसको सम्बन्ध हुन्छ र त्यसलाई पनि हेर्नुपर्छ भन्ने मान्यता राख्दछन्।

रेमन्ड विलियम्सले परम्परा निरन्तर सक्रिय चयन र पुनर्चयनका रूपमा आउने कुरा गरेका छन्। उनको विचारमा परम्पराको बोधमा प्रायः चयन, सङ्ग्रह र त्यागको दृष्टि

सक्रिय हुन्छ। जुन मूलतः सामाजिक दृष्टिसँग जोडिएको हुन्छ (पाण्डेय, २०१६, पृ. १९४)। उनले ग्राम्सीको प्रभुत्वसम्बन्धी अवधारणालाई आधार मान्दै संस्कृति र साहित्यमा परम्पराका विभिन्न भूमिकाको विवेचना समेत गरेका छन्। जसमा उनले समाजमा विद्यमान तीन पिँढीलाई सङ्केत गरेका छन्। उनी समाजमा एउटा काल विशेषमा व्यवहारहरू, मूल्यहरू र अभिप्रायहरूको एउटा केन्द्रीय पद्धति हुन्छ जसलाई प्रभुत्वशाली भन्न सकिने कुरा गर्दछन्। उनको मान्यताका अनुसार यससँगै एउटा वैकल्पिक व्यवस्था पनि हुन्छ। जसले अर्को परम्पराका लागि स्थान बनाउँछ। उनले प्रभुत्वशाली र वैकल्पिक परम्पराहरूका साथै परम्पराका पुरै प्रक्रियामा अवशिष्ट र उदीयमान परम्पराहरूको पनि चर्चा गरेका छन्। विलियम्सले उदीयमान पिँढीलाई समाजमा नयाँ अर्थ र मूल्य, नयाँ व्यवहार, नयाँ अनुभव र नयाँ सार्थकताको निरन्तर निर्माणमा लागिरहने पिँढी भनेका छन्। यस पिँढीलाई आफूमा समाहित गर्ने प्रयत्नमा प्रभुत्वशाली पिँढी लागिरहेकै हुन्छ भने विरोधको वैकल्पिक पिँढी अर्थात् अवशिष्ट पिँढीले पनि आफूतर्फ तानिरहेको हुन्छ (पाण्डेय, सन् २०१६, पृ. १९४) भन्ने मान्यता राखेका छन्। यसले समाजमा निरन्तर द्वन्द्व निम्त्याउने र यस्तै द्वन्द्वका कारण दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण हुने देखिन्छ।

प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीलाई नजानिँदो तरिकाबाट आफ्नो प्रभावमा पार्न खोजिरहेको हुन्छ। त्यस्तै उदीयमान पिँढीले पनि अधीनस्थ पिँढीलाई आफ्नो प्रभावमा समाहित गर्ने प्रयत्न गरिरहन्छ। उदीयमान पिँढीकै कारण पुरानो संस्कृतिका विरुद्ध नयाँ संस्कृतिको जन्म हुन्छ र परम्परागत मान्यता भत्किन गई नयाँ मान्यताको स्थापना हुन पुग्छ। प्रभुत्व अधीनस्थतासँग सम्बन्धित भएकाले यसले अनुभूतिको संरचनालाई प्रभाव पार्न सक्छ। विलियम्सले यी एउटै नभए पनि अनुभूतिको संरचनालाई पिँढीको सापेक्षतामा हेर्न सकिने कुरा गरेका छन्। त्यस क्रममा प्रभुत्वशाली, अधीनस्थ वा उदीयमान पिँढीका आआफ्नै अनुभूतिको संरचना हुने कुरा व्यक्त गरेका छन्। उनका यिनै मान्यताका आधारमा यस लेखमा मदन भण्डारीका कविताको अध्ययन गरिएको छ।

## मदन भण्डारीका कवितामा पिँढी र प्रभुत्व

भण्डारीका कविताहरू समाजसापेक्ष छन्। ती समाजसापेक्ष कवितामा पिँढीगत प्रभुत्वका कारण अनुभूतिको संरचनाको निर्माण भएको छ। उहाँका कवितामा परम्परागत प्रभुत्वशाली पिँढीको विरोध गर्दै नवउदीयमान पिँढीले चाहेको नयाँ संस्कृतिको खोज गरिएको छ। उहाँका कवितामा अधीनस्थ पिँढीका रूपमा रहेका यथास्थितिवादी राजनीतिक तथा गैरराजनीतिक संस्थाप्रति रोषसमेत प्रकट भएको पाइन्छ। जसले अनुभूतिको संरचना निर्माण भएको छ। प्रभुत्वशाली पिँढीको विचारधारालाई मान्ने वा स्वीकार गर्ने त्यस्ता यथास्थितिवादी राजनीतिक तथा गैरराजनीतिक शक्तिको विरोध गर्दै उदीयमान पिँढीले पुरानो संस्कृतिको सट्टा नयाँ संस्कृतिको स्थापना भएको हेर्न चाहेको देखिन्छ। दिइएको कवितांशले यसलाई पुष्टि गर्न सहयोग पुऱ्याउँछ:

गर्जन्छन् जो महलहरूमा क्रान्तिनेता सिकारी
बज्रन्छन् ती गरिबतिर नै भिन्न सङ्घर्ष पारी।
तिन्कै लागे अघिपछि उता, बज्रिने बज्रमुक्का
बज्रेला त्यो अबुझ नभए मित्र पो चिन्नुपर्छ॥
('मित्र पो चिन्नुपर्छ')

उपर्युक्त कवितांशमा प्रभुत्वशाली पिँढीका रूपमा महलहरू तथा महलमा बस्ने शासकहरूलाई सङ्केत गरिएको छ। अधीनस्थ पिँढीका रूपमा बाहिर क्रान्तिको कुरा गर्ने, जनहितको कुरा गर्ने र गर्जिने तर महलमा लुकेर छिर्ने सिकारीरूपी नेताहरूलाई देखाइएको छ। जुन नेताहरू महलकै आडमा गरिबहरूकै शोषण गर्न र उनीहरूमाथि दुःखको प्रहार गर्न उद्यत रहन्छन्। उनीहरूको सङ्घर्ष भिन्न खालको छ जुन आफ्नो तथा आफ्नो वर्गको हितमा उपयोग गर्दछन्। यदि उदीयमान पिँढी ती अधीनस्थ पिँढीको आड वा भरोसामा हिँड्ने हो भने आफ्नै शिरमा

शोषक सामन्तीको बज्रमुक्का पर्न गई जीवन नै नचल्ने अवस्थामा पुग्न सक्ने हुन्छ। त्यसैले कवितांशले उदीयमान पिँढीले अनुभूतिको संरचनामार्फत् प्रभुत्वशाली पिँढीको दबाब सहन गर्ने नभई सङ्घर्ष गर्दै नयाँ संस्कृतिको निर्माण गर्न अग्रसर हुनुपर्ने विचारधारा बोकेको छ। प्रभुत्वशाली पिँढी वा वर्गकै वरिपरि घुमेर आफ्नो विचार र सोचलाई उसैको अधीनमा राख्दै उदीयमान पिँढीको विद्रोह स्वीकार गर्न नसक्ने त्यस्ता वर्गबाट सचेत हुनुपर्ने विचार कवितामा अभिव्यक्त भएको छ:

> जाऊ 'छात्रप्रभा' लिएर बम यो टङ्कारिई पड्किद्यौ
> निर्धा झोपडिका किसान जनका उत्साहका साथ
> हौ।
> यो पञ्चायति राजको कपटको घुम्टो उदाङ्ग्याइद्यौ
> नेपाली दिलभित्रको मुलुकमा यै चेतना ल्याइद्यौ ॥
> ('छात्रप्रभाप्रति')

कविले यस कवितांशमा 'छात्रप्रभा' पत्रिकालाई उदीयमान विचारको संवाहक मान्नुभएको छ। छात्रप्रभाले अब पुरानो संस्कृतिको विरोध गर्दै नयाँ संस्कृतिको सुरुवाती चेतना छर्नुपर्छ भन्ने विचार यहाँ व्यक्त भएको पाइन्छ। साथै अधीनस्थ पिँढीको साथ लागेर प्रभुत्वशाली पिँढीका विरुद्ध वैचारिक बम पड्काउनुपर्ने विचार कवितांशमा व्यक्त भएको छ। यसरी पड्काउने बमले पञ्चायती शासनको आँखा छोपिरहेको निर्दलीय संस्कृतिको आँखा खोल्नुपर्छ र बहुदलीय प्रजातन्त्रको संस्कृतिको निर्माण हुनुपर्छ भन्ने उदीयमान पिँढीको विचार प्रस्तुत भएको छ।

भण्डारीका रचनाहरूमा प्रभुत्वशाली पिँढीले राजनीतिक शक्तिको आडमा अधीनस्थ पिँढीलाई गरेका ज्यादतीका कारण अधीनस्थ पिँढीमा तनावजन्य अनुभूति भएको देखिन्छ। यसरी तनावजन्य अवस्थामा पुगेका अधीनस्थ पिँढीको पक्षमा लेखकीय दृष्टि परेको छ। लेखकीय दृष्टि उदीयमान पिँढीको प्रतिनिधित्व गर्ने दृष्टि हो। तल दिइएको कविताको प्रसङ्गमा प्रभुत्वशाली पिँढीको संस्कृतिलाई चुनौती दिँदै उदीयमान संस्कृति स्थापनाका लागि आह्वान गरिएको छ, जस्तै:

> ए राजा ! ल तँलाई बल्ल मजले जानेँ दलाहा र'छस्
> छाती फोरि गरीबका रगतले बाँच्ने चुसाहा रछस्।
> पैसे मित्र लँगौटियार तँसँगै तेरा भरौटे सब
> के बाँच्लान् र ! किसान हौँ, बल भए लौ उत्र
> सङ्घर्षमा ॥
> ('लौ उत्र सङ्घर्षमा')

उल्लिखित कवितांशमा प्रभुत्वशाली पिँढीका रूपमा राजाले गरिब जनतालाई दलाहाको व्यवहार गरेर तनावजन्य अनुभूति हुन गएको देखिन्छ। राजाले जनतामाथि गरेको अत्याचार र शोषणले अधीनस्थ पिँढीमाथि प्रभुत्वशाली पिँढीले गर्ने व्यवहारको संस्कृतिलाई देखाएको छ। त्यही पिँढीको दबाब र तनावजन्य संस्कृतिका कारण लेखकमा विद्रोह जन्मेको छ। जसले उदीयमान पिँढीको नयाँ संस्कृति निर्माण हुने मार्ग प्रशस्त भएको छ। उदीयमान पिँढीले प्रभुत्वशाली पिँढीको प्रभुत्व स्वीकार गर्ने अधीनस्थ पिँढीलाई पैसामा बिक्ने र भरौटेको संज्ञा दिँदै त्यस्ताका विरुद्ध आवाज उठाउनुपर्ने विचार यस कवितांशमा अभिव्यक्त भएको छ। तत्कालीन समयमा राजालाई साथ दिने यस्तो पिँढी जनताका लागि खतरनाक थिए। यसले जनतामा सहज जीवन बाँच्न अप्ठ्यारो पारेको देखिन्छ। २०१८ सालमा तत्कालीन राजाले बुद्धिजीवीहरूको सम्मेलन गरेर उनीहरूकै सहमतिद्वारा त्यस समयमा सुरु गरिएको शासन व्यवस्थालाई पारित गराई एक किसिमको राजनीतिबाट निरङ्कुशता स्थापित गराएका थिए, जसले राजनीतिक दल प्रतिबन्धमा परेको थियो (अधिकारी, २०७३, पृ. २७२)। यस्तो प्रभुत्वशाली पिँढीले जनतालाई बाँच्न गाह्रो बनाएको विचार भण्डारीका कवितामा व्यक्त छ। त्यसैले त्यस्ता प्रभुत्वशाली पिँढीका विरुद्ध यदि किसानहरू एकताबद्ध भएर सङ्घर्षमा उत्रिने हो भने

यिनीहरू मैदानबाट भाग्नुपर्ने उदीयमान विचार यहाँ प्रस्तुत भएको छ।

कवि मदन भण्डारीको 'घाम छेल्दैन कुइरोले' शीर्षकको कवितामा तत्कालीन समयका प्रभुत्वशाली पिँढीकै अधीनमा किसानहरू अधीनस्थ भएर बस्न नहुने विचार व्यक्त भएको छ। अधीनस्थ पिँढीको शरीरमा लाग्ने घाम प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिले छेकेको मात्र हो भन्ने विचार यस कवितामा व्यक्त भएको छ। यदि अधीनस्थ पिँढीले उदीयमान पिँढीको विचार स्वीकार गरी विद्रोह गर्ने हो भने प्रभुत्वशाली संस्कृतिको अन्त्य हुनेछ र उदीयमान वैकल्पिक संस्कृतिको विकास हुनेछ भन्ने विचारसमेत कवितामा व्यक्त भएको छ। त्यसैले अधीनस्थ पिँढीले उदीयमान संस्कृति निर्माणका लागि सङ्घर्ष गर्न तत्पर भएर अघि बढ्नुपर्छ भन्ने भाव कविले प्रस्तुत कवितामा अभिव्यक्त गर्नुभएको छ, जस्तैः

> रात, साँझ, हिलो, बर्खा, घाम, पानी सधैँ सही
> जोत्दथ्यौँ जसरी पर्ती उसरी अब जोतिद्यौ
> सामन्तीहरूका चाम्रा चाम्रा जर्जर खप्पर
> घाम छेल्दैन कुइरोले निर्धाको आङमा अनि।
> ('घाम छेल्दैन कुइरोले')

मदन भण्डारी परम्परागत प्रभुत्वशाली संस्कृतिबाट मुक्ति चाहनुहुन्छ। यो उहाँको मात्र अनुभूति नभएर तत्कालीन समाजको अनुभूतिको संरचना हो। तत्कालीन समाजमा प्रभुत्वशाली पिँढीका रूपमा राजा र राजाको शासनको प्रत्यक्ष फाइदा लुट्ने सामन्ती संरचना रहेको देखिन्छ। उक्त पिँढीले सर्वहारा किसान जनतामाथि शोषण र दमनको शृङ्खला नै चलाएको पाइन्छ। अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढीलाई स्वीकार गरेर आफ्नो भाग्यलाई दोष दिने गरेको देखिन्छ। उनीहरू आफ्नो कर्ममा विश्वास नगरी प्रभुत्वशाली पिँढीको दयामा विश्वास गर्न बाध्य बनाइएका छन्। तब त राजालाई भगवानका रूपमा स्वीकार गरी आस्थाको केन्द्र बनाउनेसम्मको धार्मिक परम्परागत संस्कृति समाजमा विद्यमान देखिन्छ। तत्कालीन समाजमा भातभान्सामा समेत राजालाई स्थान दिने प्रचलन नै चलाएर जनतामा प्रभुत्वशाली पिँढीप्रति नतमस्तक भाव सिर्जना गराएको देखिन्छ। राजाको विरोध गर्नु भनेको देवताको विरोध गर्नु हो भन्ने मनोभाव जनतामा जागृत गराएर प्रभुत्वशाली संस्कृतिले जनतामाथि प्रभुत्व कायम गरेको पाइन्छ। खाना खाँदासमेत 'भूपतये स्वाहा' भन्न बाध्य बनाइएका अधीनस्थ पिँढीले आफ्ना पितृउद्धारका लागि तर्पण दिने क्रममा समेत राजाका पुर्खालाई तर्पण दिनुपर्ने संस्कृतिको विकास भएको देखिन्छ। यसरी प्रभुत्वशाली पिँढीको चङ्गुलमा फसेका सोझा किसान जनतालाई कविले आह्वान गर्दै भन्नुभएको छः

> धैर्यता समुद्रझैँ अडिगता हिमालझैँ
> चर्ति–फूर्तिला बनी जुरुक्क जुर्मुराउँदै
> लु लाग जाग ए ! प्रचण्ड शक्तिका समूह हो !
> नयाँ बिहान सिर्जने सशक्त ज्योतिपुञ्ज हो !
> ए देशका गरिब हो ! ए धर्तीका सपूत हो !
> यो देशको परम्परा बदल्न एकजुट हो !
> ('यो देशको परम्परा बदल्न एकजुट होऊ !')

उल्लिखित कवितांशमा प्रभुत्वशाली पिँढीको संस्कृतिको चङ्गुलमा फसेका जनताले उदीयमान वैकल्पिक संस्कृतिको खोजी गरेको देखिन्छ। जनता नै शक्तिशाली हुन्छन्। नेपालमा शासनसत्ताको केन्द्रीय प्रभुत्वशाली शक्ति भनेको तत्कालीन समयका राजा हुन्। उनका आसपासमा हिँड्नेहरूले कमजोर किसान जनतामाथि प्रभुत्वशाली संस्कृतिको दबाबजन्य अनुभूति सिर्जना गराएको देखिन्छ। जसका कारण पुरानो व्यवस्था अर्थात् प्रभुत्वशाली परम्परागत संस्कृतिको विरोध र उदीयमान वैकल्पिक संस्कृतिको स्थापनाका लागि आवाज उठाउनुपर्ने आवश्यकता माथिको कवितांशमा प्रस्तुत भएको छ।

**मदन भण्डारीका कवितामा दबाब र तनावजन्य अनुभूतिको संरचना**

मदन भण्डारीका रचनाहरूमध्ये कविता विधामा अनुभूतिको संरचना विशिष्ट रूपमा निर्माण भएको पाइन्छ। प्रभुत्वशाली पिँढीले निर्माण गरेको सामन्ती संस्कृतिका कारण नेपाली समाज, त्यहाँ बसोबास गर्ने जनता तथा सर्वसाधारणमा आर्थिक, सामाजिक तथा राजनीतिक रूपमा दबाब सिर्जना भएको देखिन्छ। पञ्चायती व्यवस्थाका सञ्चालकहरूले आफ्नो व्यक्तिगत स्वार्थका लागि राजनीति गरिरहेका थिए (अधिकारी, २०७३, पृ. २७५)। जसले गर्दा जनतामाथि शोषण र दमनको शृङ्खला चलिरहेको थियो। प्रभुत्वशाली पिँढी अर्थात् राजसंस्था, त्यसको आसपास रहेर नेपाली जनतामाथि दबाबजन्य अवस्था सिर्जना गर्न निर्माण भएको सामन्ती संस्कृतिको विचारधारालाई मान्ने वा स्वीकार गर्ने त्यस्ता यथास्थितिवादी राजनीतिक तथा गैरराजनीतिक शक्तिको कारण उत्पन्न दबाब र त्यसबाट जनतामा सिर्जित तनावले गर्दा प्रभुत्वशाली पिँढीको विरोध गर्दै उदीयमान पिँढीले पुरानो संस्कृतिको सट्टा नयाँ संस्कृतिको स्थापना भएको हेर्न चाहेको देखिन्छ। 'मित्र पो चिन्नुपर्छ' कवितामा दबाबजन्य अवस्थालाई देखाउँदै तनावजन्य अनुभूतिको संरचना निर्माण भएको पाइन्छ।

'मित्र पो चिन्नुपर्छ' कविताभित्रका श्लोकहरूमा प्रभुत्वशाली पिँढीका रूपमा महलहरू तथा महलमा बस्ने र जनतामाथि शोषक र सामन्ती संस्कृतिको डन्डा बर्साउने शासकहरूलाई सङ्केत गरिएको छ। उनीहरूको त्यही शोषक र सामन्ती संस्कृतिका कारण दबाबजन्य अवस्था महसुस गरी तनावजन्य अनुभूतिको संरचना निर्माण भएको देखिन्छ। महलहरूमा बसेर गर्जिने शोषक नेताहरूले निर्माण गरेको सामन्ती संस्कृतिको मुक्का सोझा जनतामा परेर दबाब हुन पुगेको देखिन्छ। जसले गर्दा जनतामा तनावजन्य अनुभूतिको संरचना बन्न पुगेको र उनीहरूले देशको शत्रु र मित्र पहिचान गर्नुपर्छ भन्ने भाव प्रस्तुत श्लोकले व्यक्त गरेको छ। उपर्युक्त कवितांशमा उदीयमान पिँढीले अनुभूतिको संरचनामार्फत् प्रभुत्वशाली पिँढीको दबाब सहन गर्ने र तनावजन्य अनुभूति गर्ने नभई सङ्घर्ष गर्दै नयाँ संस्कृतिको निर्माण गर्न अग्रसर हुनुपर्ने विचार व्यक्त गरेको छ।

यस्तै भण्डारीको 'छात्रप्रभाप्रति' कवितामा पनि तत्कालीन प्रभुत्वशाली पिँढीले गर्दा नेपाली जनतामा उत्पन्न दबाबका कारण सिर्जित तनावजन्य अनुभूतिको संरचनालाई प्रस्तुत गर्दै उदीयमान वैकल्पिक पिँढीले त्यस्तो तनावजन्य अनुभूतिको संरचनाबाट मुक्तिका लागि विरोध जनाउँदै नयाँ संस्कृतिको निर्माणको चाहना राखेको देखिन्छ:

> जाऊ 'छात्रप्रभा' लिएर बम यो टङ्कारिई पड्किद्यौ
> निर्धा झोपडिका किसान जनका उत्साहका साथ
> हौ।
> यो पञ्चायति राजको कपटको घुम्टो उदाङ्ग्याइद्यौ
> नेपाली दिलभित्रको मुलुकमा यै चेतना ल्याइद्यौ ॥
> ('छात्रप्रभाप्रति')

तत्कालीन समयमा नेपालमा रहेको पञ्चायती शासन व्यवस्थाले गर्दा शोषण र दमनका कारण जनताको स्वतन्त्रता हरण भएको, जनतामा गरिबी र बेरोजगारीका कारण नैराश्यता उत्पन्न भएको, जीवन धान्न धौधौ भएको जस्ता अवस्था प्रस्तुत कवितामा देखाउँदै यसले जनतामा दबाब महसुस हुन पुगेको बताइएको छ। उक्त दबाबजन्य अनुभूतिकै कारण तनावजन्य संरचना निर्माण भएको कवितामा देखाइएको छ। त्यस्तो दबाब र तनावको अनुभूतिको संरचनालाई पछ्याउँदै छात्रप्रभाले अब पुरानो संस्कृतिको विरोध र नयाँ संस्कृतिको सुरुवाती चेतना छर्नुपर्छ भन्ने विचार प्रस्तुत कवितांशमा व्यक्त भएको छ।

भण्डारीका रचनाहरूमा प्रभुत्वशाली पिँढीले राजनीतिक शक्तिको आडमा अधीनस्थ पिँढीलाई गरेका ज्यादतीका कारण अधीनस्थ पिँढीमा दबाबको अवस्था बनेको देखाइएको छ। जसले तनावजन्य अनुभूतिको संरचनाको निर्माण भएको देखिन्छ। प्रभुत्वशाली पिँढीका सामन्ती संस्कृतिले अधीनस्थ पिँढी र जनसमुदायमा

सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचनाको विरोध गर्दै कविले सङ्घर्षमा उत्रनका लागि जनतालाई आह्वान गर्नुभएको छ:

ए राजा ! ल तँलाइ बल्ल मजले जानेँ दलाहा र'छस्
छाती फोरि गरीबका रगतले बाँच्ने चुसाहा रछस् ।
पैसे मित्र लँगौटियार तँसँगै तेरा भरौटे सब
के बाँच्लान् र ! किसान हौँ, बल भए लौ उत्र सङ्घर्षमा ।।
('लौ उत्र सङ्घर्षमा')

उल्लिखित कवितांशमा प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिका कारण जनतामा दबाब सिर्जना भएको देखिन्छ। परिणामतः प्रतिरोधी चेतनाको खोजी हुन सुरु गरेको पनि पाइन्छ। दबाबजन्य परिस्थितिका कारण जनतामा तनावजन्य अनुभूतिको संरचना निर्माण भएको समेत देखिन्छ। तत्कालीन समयमा गाउँफर्क राष्ट्रिय अभियान जस्ता कार्यक्रमका नाममा गाउँका ठालू, शोषक र सामन्तलाई अग्रसर गराएर सर्वसाधारण कृषक मजदुरहरूको निर्मम शोषण गर्नतर्फ राज्य अग्रसर भएकोले जनतामाथि दबाब सिर्जना भएको देखिन्छ (अधिकारी, २०७३, पृ. २७४)। जसले गर्दा तत्कालीन समयमा शासक तथा प्रभुत्वशाली पिँढीका रूपमा राजाले गरिब जनतालाई दलाहाको व्यवहार गरेर दबाब सिर्जना गर्ने संस्कृतिको निर्माण गरेको पाइन्छ। त्यही संस्कृतिको दबाब र तनावजन्य संस्कृतिका कारण कविमा विद्रोही भावनाको विकास भएको देखिन्छ। जुन दबाबका कारण उत्पन्न तनावजन्य अनुभूतिको संरचनालाई व्यक्त गर्दै कवितामा त्यस्ता सामन्ती प्रभुत्वशाली पिँढीका विरूद्ध सङ्घर्ष गर्नुपर्ने विचार व्यक्त भएको छ।

देशको शासन व्यवस्थाका कारण दबाबजन्य अवस्था सिर्जना भई विदेसिन बाध्य आफ्ना श्रीमान्लाई सम्झेर श्रीमतीले आफ्नो समाजमा प्रभुत्वशाली पिँढीबाट अधीनस्थ पिँढीले सहन परेको थिचोमिचो र भोग्न परेको शोषणले सिर्जना गरेको तनावजन्य अनुभूतिको संरचनालाई 'मेरी बाटुलीको बुबा' कवितामा अभिव्यक्त गरिएको छ। यस कवितामा समाजमा प्रभुत्वशाली पिँढीका रूपमा रहेका राजा र उनका आसेपासेले निर्माण गरेको शोषण र थिचोमिचोको संस्कृतिका कारण गरिब जनतामा दबाब सिर्जना भएको कुरा बताइएको छ, जस्तैः

सबै भन्छन् हिजोआज यहाँ औधी गाह्रो छ
ठूलाठालू मजा गर्छन् मसिना ज्यूनै गाह्रो छ ।
पिठो–आँटो नपाएर मुटुमा वेदना बोकी
हिमाली सन्तति रुन्छन् सधैँ खोजी ढिँडो–रोटी ।।
('मेरी बाटुलीको बुबा')

तत्कालीन समयमा प्रभुत्वशाली पिँढीकै छेउछाउमा रहने अधीनस्थ पिँढीले सामन्ती र शोषणयुक्त संस्कृतिलाई आफ्नै संस्कृति मानी गरिब र सोझा जनतालाई दुःख दिइरहेको देखिन्छ। यसले समाजमा दबाब सिर्जना भएको देखिन्छ। यही दबाबका कारण उत्पन्न तनावजन्य अनुभूतिको संरचनालाई बाटुलीका बुबालाई बाटुलीकी आमाले चिठीमा बताएकी छ। समाजमा व्याप्त सामन्ती संस्कृतिले निर्माण गरेको दबाब र तनावजन्य अनुभूतिको संरचनाकै कारण विदेसिएको उसले घरमा चिठी समेत नपठाउँदा कतै उतै फौजको लडाइँमा पऱ्यो कि भनेर समेत घरकी श्रीमतीले दबाब र तनाव महसुस गरेकी छ। यसले दबाब र तनावको अनुभूतिको संरचना निर्माण भएको छ। नेपाली समाजको यस्तो अवस्थाले बाटुलीकी आमालाई भएको दबाब र तनावले ऊ गरिबको पालो आउने हो कि होइन ? भनेर सोच्न विवश छे। गरिबको झुप्रामा दियालो बाल्ने अवस्था नभएर अन्धकारले सधैँ राज गर्छ भन्दै दबाब र तनावजन्य अनुभूति गर्न बाध्य छे। गरिबले कहिल्यै सुखको सास फेर्न नपाएर गरिबीको दबाब र तनावजन्य अनुभूतिमा जीवन धान्न बाध्य भएको कुरा कविताले व्यक्त गरेको छ।

**निष्कर्ष**

मदन भण्डारीका कविता समाजसापेक्ष रहेका कारण समाजमा रहेका वर्गगत पिँढीलाई नजिकबाट अभिव्यक्त गरिएको देखिन्छ। तत्कालीन समाजमा देखिएको तीन पिँढीलाई उहाँका कवितामा भेट्न सकिन्छ। रेमन्ड विलियम्सले भनेजस्तै प्रभुत्वशाली पिँढी, अधीनस्थ पिँढी र वैकल्पिक उदीयमान पिँढी उहाँका साहित्यिक रचनामा प्राप्त भएको छ। नेपाली समाजमा शोषक र सामन्ती राज्यव्यवस्थाको पक्षपोषक भएर बसेको प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीमाथि सधैँ दबाबको संस्कृति सिर्जना गर्ने गरेको दृश्य उहाँका कवितामा पाइन्छ। त्यही दबाबको अनुभूति गर्ने पिँढीमा वैकल्पिक संस्कृतिको चेतना निर्माण हुँदै गर्दा वैकल्पिक उदीयमान पिँढीको निर्माण भएको पनि उहाँका साहित्यिक रचनामा देखिन्छ। जसले नयाँ संस्कृतिका लागि सङ्घर्ष गर्न खोज्दा तनावजन्य अनुभूतिको संरचना हुन पुगेको समेत पाइन्छ। यसैक्रममा तत्कालीन नेपाली समाजमा पिँढीगत प्रभुत्वका कारण परम्परागत संस्कृतिको विरोध र उदीयमान वैकल्पिक संस्कृतिको निर्माण हुने क्रममा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण भएको कुरा उहाँका कवितामा स्पष्ट देखिन्छ। उहाँका कवितामा भएको यही पिँढी र प्रभुत्वको संस्कृति, प्रभुत्वशाली पिँढीको परम्परागत संस्कृतिको विरोध र वैकल्पिक उदीयमान संस्कृतिको खोजीकै क्रममा समाजमा देखिएको दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण भएको पाइन्छ।

**सन्दर्भ सामग्रीः**


अधिकारी, बमबहादुर (२०७३), आधुनिक नेपालको इतिहास, काठमाडौँ: निखिल पुस्तक भण्डार।

पाण्डेय, ताराकान्त (२०७३), मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र, ललितपुर: साझा प्रकाशन।

पाण्डेय, मैनेजर (सन् २०१६), साहित्य और समाजशास्त्रीय दृष्टि, हरियाणा: आधार प्रकाशन प्राइवेट लिमिटेड।

Williams, Raymond (1977), *Marxism and literature*, New York: Oxford University Press.

(लेखक मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना र विश्वदृष्टि शीर्षकमा एमफिल/पीएचडी तहको शोधकार्यका लागि मदन भण्डारी फाउन्डेसनबाट विद्वत्वृत्ति प्राप्त गरी त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागबाट एमफिल तह उत्तीर्ण गरेर विद्यावारिधि उपाधिका लागि अनुसन्धानरत हुनुहुन्छ। यो लेख सोही अनुसन्धानमा आधारित छ।)



७८

ए ए किसान हो हेर लालो आकाशमा चढ्या
नेपाली हरुको भाग्य अवश्यै झुल्कने भयो।
भोको पेट दुखाएर लाख वर्ष बिते पनि।
लाख: भवत केजाला यो वर्ष अधिकै सरी।
हिमाल पारीको डाँडा काँडामा छ्याङ्ग भो अरे
रातो घाम उदाएर देशै पो सुकिलो छ रे
हामी जस्तै हलो जोत्ने भुत्रे झाक्रे हरु पनि
राम्रा सिपालु भै जम्मै डो हेन्दार बन्ने अरे।
हामी मात्रै सधैं कुत्ता कालामा कुँजिई रह्यौं
सामन्तीहरुको थोरै ज्यालामा जोतिई रह्यौं
घाम लाग्नेछ भोलि त निधीको भाग्यमा पनि
उज्यालो भरी जोतौंला खनौंला खाउँला बसौं।
रात साँझ छिलो बर्खा घाम पानी सधैं सह्यौं।
जोतदथ्यौं जसरी पहिले उसरी अब जोतिद्यौं
सामन्तीहरु बासा बाझा जर्जर खप्पर
घाम देख्दैन कुइलो निधीको आँगना अब्ली

Hali Dai
030-9-5

*जननेता मदन भण्डारीले २०३० पुस ५ गते लेख्नुभएको कविता - हली दाइ*